INEE | Inter Agency Network for Education in Emergencies

# शिक्षाका लागि न्यूनतम मापदण्ड :

## पूर्वतयारी, प्रतिकार्य, सुधार



KAT/2014/PI/H/2

**अभियान**

आपत्कालमा दिइने शिक्षाको अन्तरनिकाय सञ्जाल आपत्काल र त्यसपछि पनि सबैलाई गुणस्तरीय शिक्षाको अधिकार र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितताका लागि कार्यान्वयनकर्ता तथा नीति निर्माताहरूले सहकार्य गर्ने खुला र विश्वव्यापी सञ्जाल हो ।
www.ineesite.org

आपत्कालमा दिइने शिक्षाको अन्तरनिकाय सञ्जाल (INEE) न्यूनतम मापदण्ड संयोजक
युनिसेफ - शिक्षा शाखा
३ युनाइटेड नेसन्स प्लाजा
न्युयोर्क, NY १००१७
संयुक्त राज्य अमेरिका
minimumstandards@ineesite.org
www.ineesite.org

# शिक्षाका लागि न्यूनतम मापदण्ड :

## पूर्वतयारी, प्रतिकार्य, सुधार

आपत्कालमा दिइने शिक्षाको अन्तरनिकाय सञ्जाल (INEE) एउटा खुला र विश्वव्यापी सञ्जाल हो । यसमा विश्वभरका शिक्षाकर्मी तथा नीति निर्माता आपत्कालको प्रारम्भदेखि सुधारात्मक अवस्थासम्म सबैका लागि सिकाइको सुरक्षित वातावरण तथा गुणस्तरीय शिक्षाको अधिकारको प्रत्याभूतिका लागि एकजुट भएर सहकार्यमा जुटिरहेका छन् । सञ्जालको नेतृत्व तथा निर्देशन INEE को निर्देशक समूहले (Steering Group) गर्दछ । हाल यस समूहका सदस्यमा CARE, Children's Fund, the International Rescue Committee (IRC), Refugee Education Trust (RET), Save the Children, Open Society Institute (OSI), UNESCO, UNHCR, UNICEF / World Bank छन् ।

INEE को न्यूनतम मापदण्ड कार्यसमूहले विश्वव्यापी रूपमा शिक्षाका न्यूनतम मापदण्ड : पूर्वतयारी, प्रतिकार्य र सुधारका कार्यमा सहजीकरणको भूमिका निर्वाह गरिरहेको छ । सन् २००९-२००११ को INEE कार्यसमूहमा द्वन्द्व तथा विपत्जन्य परिस्थितिका शिक्षाका विज्ञहरू रहेका १९ संस्थाहरूको संलग्नता छ । तिनमा Academy for Education Development (AED), ActionAid, American Institute of Research (AIR), Basic Education of Afgan Refugee (BEFARe), the Forum of African Women Education (FAWE), Deutsche Gesellschaft fur Technische Zusammenenarbeit (GTZ), the International Resource Committee (IRC), Mavikelm Social Assistance and Charity Association, Norwegian Agency for Development (NORAD), Norwegian Refugee Council (NRC) Oxfam Novib, Plan International, Save the Children, UNESCO, UNHCR, UNICEF, War Child Holland, World Educatio / ZOA Refugee Care पर्दछन् ।

स्थापनाकालदेखि नै लगातार सहयोग पुर्‍याउँदै आएका ४१ निकाय, संस्था तथा सङ्गठनहरू प्रति INEE आभार व्यक्त गर्दछ । आभार प्रकट गरिएका सङ्घ-संस्थाहरूको पूर्ण सूचीका लागि कृपया INEE को वेबसाइट **www.ineesite.org** हेर्नुहोस् ।

INEE सबै इच्छुक व्यक्ति तथा आपत्कालमा दिइने  शिक्षाको कार्यान्वयन,  सहयोग तथा पक्षपोषणमा संलग्न सस्थाहरूका लागि खुला छ । इच्छुक व्यक्तिहरूले यस सञ्जालको सदस्यताका लागि INEE को वेबसाइट **www.ineesite.org** मार्फत सम्पर्क राख्न सक्नेछन् ।

बढी सूचनाका लागि कृपया **www.ineesite.org** वा INEE न्यूनतम मापदण्डका संयोजकलाई **minimumstandards@ineesite.org** मा सम्पर्क राख्नुहोस् ।

प्रथम संस्करण INEE ©२००४
पुनर्मुद्रणः INEE © २००६
पुनर्मुद्रणः INEE © २००९
दोस्रो संस्करण : INEE © २०१०

सर्वाधिकार सुरक्षित छ तर पनि शैक्षिक प्रयोजनका लागि निर्धारित विधिको अवलम्बन गरेर यसको पुनरुत्पादन गर्न सकिनेछ । यसका लागि औपचारिक स्वीकृति चाहिने भए तापनि सामान्यतया तुरुन्तै स्वीकृति प्राप्त हुनेछ । अन्य परिस्थितिमा अन्य प्रकाशनमा पुनः प्रयोग वा अनुवाद वा अनुकूलनका लागि यसको प्रतिलिपि चाहिएमा लिखित रूपमा पूर्वस्वीकृति लिनुपर्नेछ ।

# विषयसूची

**शिक्षाका न्यूनतम मापदण्डको परिचय : पूर्वतयारी, प्रतिकार्य, सुधार ................................ १**

**परिच्छेद १ : आधारभूत मापदण्ड ................................................................................ १७**

सामुदायिक सहभागिता

मापदण्ड १ : सहभागिता ................................................................ २१

मापदण्ड २ : स्रोत ................................................................ २६

समन्वय

मापदण्ड १ : समन्वय ................................................................ २८

विश्लेषण

मापदण्ड १ : लोखाजोखा ................................................................ ३१

मापदण्ड २ : प्रतिकार्यका रणनीति ................................................................ ३६

मापदण्ड ३ : अनुगमन ................................................................ ४०

मापदण्ड ४ : मूल्याङ्कन ................................................................ ४३

**परिच्छेद २ : पहुँच र सिकाइ वातावरण ................................................................ ४५**

मापदण्ड १ : समान पहुँच ................................................................ ४८

मापदण्ड २ : संरक्षण र कल्याण ................................................................ ५३

मापदण्ड ३ : सुविधा र सेवा ................................................................ ५९

**परिच्छेद ३ : शिक्षण र सिकाइ ................................................................ ६३**

मापदण्ड १ : पाठ्यक्रम ................................................................ ६६

मापदण्ड २ : तालिम, व्यावसायिक विकास र सहयोग ........................................ ७१

मापदण्ड ३ : शिक्षण र सिकाइ प्रक्रिया ................................................................ ७४

मापदण्ड ४ : सिकाइ उपलब्धिको मूल्याङ्कन ................................................ ७६

**परिच्छेद ४ : शिक्षक तथा शिक्षाकर्मी ................................................................ ७९**

मापदण्ड १ : छनोट र भना ................................................................ ८२

मापदण्ड २ : कार्य विवरण ................................................................ ८४

मापदण्ड ३ : सहयोग र सुपरिवेक्षण ................................................................ ८६

**परिच्छेद ५: शिक्षा नीति ................................................................ ८९**

मापदण्ड १ : कानुन तथा नीति निर्माण ................................................................ ९२

मापदण्ड २ : योजना निर्माण र कार्यान्वयन ................................................ ९६

**परिशिष्ठ ................................................................ ९८**

शब्दावली ................................................................ ९८

पृष्ठपोषण फाराम ................................................................ १०८

# शिक्षाका लागि न्यूनतम मापदण्डको परिचय : तयारी, प्रतिकार्य तथा सुधार

## आपत्कालमा दिइने शिक्षा भनेको के हो ?

शिक्षा मानिसको मौलिक अधिकार हो । द्वन्द्व र विपत्बाट पीडित करोडौं बालबालिका तथा युवाहरूका लागि त शिक्षा अझ विशेष महत्वपूर्ण छ । आपत्कालीन अवस्थामा समग्र शिक्षाका गतिविधि खलबलिन गई शिक्षाले गर्ने रूपान्तरणमा बाधा उत्पन्न हुन्छ ।

आपत्कालमा उपलब्ध गराइने शिक्षामा सबै उमेरका मानिसहरूका लागि सिकाइ अवसरहरू समेटिएको हुन्छ । यसको क्षेत्रभित्र प्रारम्भिक बाल विकास, प्राथमिक, माध्यमिक अनौपचारिक, प्राविधिक, व्यावसायिक, उच्च र प्रौढ शिक्षा आदि पर्छन् । आपत्कालीन अवस्थामा दिइने गुणस्तरीय शिक्षाले शारीरिक, मनोवैज्ञानिक र बौद्धिक संरक्षण प्रदान गर्छ, जसले जीवन कायम राख्न र बचाउन मद्दत गर्छ ।

आपत्कालमा दिइने शिक्षाले बालबालिका तथा युवाहरूको आवश्यकता पहिचान गरी सहयोग गर्नका साथै सिकाइका लागि सुरक्षित स्थानको व्यवस्था गरेर सम्मान र दिगो जीवन सुनिश्चित गर्दछ । गुणस्तरीय शिक्षाले आपत् परेका बेला आइपर्ने जोखिम र शोषणबाट भौतिक संरक्षण प्रदान गरेर जीवनलाई बचाउँछ । सिकारुहरूका लागि सुरक्षित सिकाइ वातावरण भएमा यौन अथवा आर्थिक शोषण हुने वा चाँडो विवाह, सशस्त्र दल, सशस्त्र समूह अथवा सङ्गठित अपराधहरूमा जबर्जस्ती लगाउने जस्ता अन्य खतराहरू भोग्नुपर्ने सम्भावना कम रहन्छ, । यसका साथै शिक्षाले जीवनोपयोगी सीपहरू र समस्या समाधान गर्ने क्षमता प्रदान गर्नुका साथै जीवनको सुरक्षासम्बन्धी जानकारी प्रदान गर्छ । उदाहरणका लागि बारुदी सुरुङहरूबाट कसरी बच्ने, यौन शोषणबाट आफूलाई कसरी बचाउने, एचआईभी सङ्क्रमणबाट कसरी बच्ने र स्वास्थ्य सेवा  तथा भोजन कसरी प्राप्त गर्ने आदि ।

शिक्षाका अवसरहरूले नियमितता, स्थायित्व, संरचनाको सुदृढीकरण गर्दै भविष्यप्रति आशावादी बनाई द्वन्द्व र विपत्बाट सिर्जित मनोसामाजिक असरहरूलाई कम पार्ने गर्दछन् । समस्या समाधान गर्ने र समस्याको सामना गर्ने सीपहरूको सबलीकरण गरेर शिक्षाले सिकारुहरूलाई जोखिमपूर्ण वातावरणमा आफू कसरी बाँच्ने र अरुको हेरचाह कसरी गर्ने भन्नेबारे समुचित निर्णय गर्न सक्षम तुल्याउँदछ । यसले मानिसहरूलाई राजनीतिक सन्देश अथवा विरोधाभाषपूर्ण सूचनाका स्रोतबारे समालोचनात्मक किसिमले सोच्न पनि मद्दत पुऱ्याउँछ ।

विद्यालय र सिक्ने अन्य स्थानहरूले शिक्षा क्षेत्रभन्दा बाहिरका अत्यावश्यक सेवाहरू, जस्तै : सुरक्षा, पोषण, पानी, सरसफाइ र स्वास्थ्य सेवाहरूका लागि प्रवेश विन्दुका रूपमा काम गर्न सक्छन् । सहभागी-मैत्री र सुरक्षित वातावरणका लागि शिक्षा, सुरक्षा, आवास, पानी तथा सरसफाइ, स्वास्थ्य र मनोसामाजिक क्षेत्रका कार्यकर्ताहरूबीचको समन्वय अत्यन्त जरुरी हुन्छ । गुणस्तरीय शिक्षाले समाजको सामाजिक, आर्थिक तथा राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष योगदान गर्दछ । यसले सामाजिक एकतामा वृद्धि र शान्ति स्थापनामा सहयोग गरेर हिंसाजन्य द्वन्द्वको जोखिम कम गर्दछ । द्वन्द्वबाट पीडित समुदाय शिक्षित भएमा दीर्घकालीन शान्ति स्थापनाको सम्भावनामा वृद्धि हुने भए तापनि यदि असमानता र सामाजिक अन्यायलाई बल पुग्ने खालको शिक्षा भयो र पाठ्यक्रम पनि पूर्वाग्रही भयो भने यसले शान्ति र स्थायित्वमा नकारात्मक प्रभाव पनि पार्न सक्दछ र यसले झन् द्वन्द्व बढाउनमा योगदान गर्न सक्दछ । आपत्कालपछि तुरन्त प्रारम्भ हुने राम्ररी विकास गरिएका शैक्षिक कार्यक्रमहरूले शिक्षा प्रणालीहरूको संरक्षण सुनिश्चित गर्न र द्वन्द्वपीडित समुदायहरूलाई दिगो शान्ति र विकासको बाटोमा अग्रसर गराउन मद्दत गर्छन् ।

आपत्कालले सामाजिक रूपान्तरणका लागि बढी न्यायपूर्ण शिक्षा पद्धति तथा संरचनाहरूको सिर्जना गरेर सँगसँगै काम गर्न सरकारी अधिकारी, समुदाय तथा अन्तर्राष्ट्रिय सरोकारावालाहरूलाई एउटा अवसर प्रदान गर्न सक्दछ । वहिस्करणमा परेका समूह, जस्तै : बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका बालबालिका, शरणार्थी, आन्तरिक विस्थापितहरूले शिक्षाका अवसरहरूबाट फाइदा लिन सक्दछन् ।

आपत्कालले समुदायमा सबै सदस्यहरूलाई नयाँ सीप र मूल्यहरू सिकाउने अवसर प्रदान गर्दछः उदाहरणका लागि, समावेशी शिक्षाको महत्व, सहभागिता र सहनशीलता, द्वन्द्व समाधान, मानव अधिकार, वातावरणीय संरक्षण र विपत्को न्यूनीकरण । ध्यान दिनुपर्ने कुरा के छ भने आपत् कालदेखि सुधारको अवस्थासम्ममा शिक्षा समुचित र सान्दर्भिक हुनुपर्दछ । यसले आधारभूत शिक्षा र गणितीय सीपहरू पढाउनुपर्दछ, सहभागीहरूको आवश्यकताहरूसँग सान्दर्भिक पाठ्यक्रम प्रदान गर्नुपर्दछ र समालोचनात्मक सोचाइलाई प्रश्रय दिनुपर्दछ । शिक्षाले जोखिमहरूका बारेमा अध्यापन गरेर, विद्यालयहरूलाई समुदायका देवीविपत्हरूको खतरा कम गर्ने केन्द्रका रूपमा विकास गरेर तथा बालबालिका र युवाहरूलाई विपत् रोकथाममा नेतृत्व दिएर सुरक्षा र लचकताको संस्कृति निर्माण गर्न सक्दछ ।

## शिक्षा मानवीय प्रतिकार्यसँग कसरी मेल खान्छ ?

समुदायहरूले आपत्कालका बेला शिक्षालाई प्राथमिकता दिन्छन् । विद्यालय र अन्य सिकाइ स्थलहरू अक्सर समुदायको केन्द्रमा हुन्छन् र ती भावी पिँढीका लागि अवसर तथा असल जीवनको आशाका रूपमा रहन्छन् । सिकारु र तिनका परिवारका अपेक्षा हुन्छन् । शिक्षाले व्यक्तिलाई आर्थिक, सामाजिक तथा राजनीतिक रूपले सामाजिक जीवनमा सहभागी हुन योग्यता वृद्धि गराउन महत्वपूर्ण भूमिका खेल्छ ।

विगतमा मानवीय सहायताअन्तर्गत भोजन, आवास, पानी र सरसफाइ तथा स्वास्थ्यको हेरचाह पर्थ्यो । शिक्षालाई अपेक्षाकृत दीर्घकालीन विकास कार्यको अङ्गका रूपमा हेरिन्थ्यो । हाल शिक्षालाई जीवन जिउने र जीवन बचाउने भूमिका भएको विषयका रूपमा स्वीकार गरिएको छ । मानवीय प्रतिकार्यभित्र शिक्षा समावेश गर्न महत्वपूर्ण मानिएको छ ।

शिक्षा योजना तथा व्यवस्थापनको एउटा अभिन्न अङ्ग भएको छ । शिक्षा तत्कालको सहायता पुऱ्याउनुभन्दा पनि अगाडि जान्छ र विविध सङ्कटका क्षेत्रबीचको समन्वय र सहयोगमा प्रभावकारी भूमिकाका लागि यो अत्यावश्यक छ । यसले सबै सिकारुका अधिकार र आवश्यकतालाई प्रतिकार्य गर्दछ । यो कुरा **INEE Campanionship Agreement** र शिक्षा समूह **(Education Cluster)** को अन्तरनिकाय स्थायी समिति **(Inter-Agency Standing Committee - IASC)** को काममा झल्किन्छ (रणनीतिक सम्बन्धहरूको खण्ड, पाना १४-१५ हेर्नुहोस्) ।

मानवीय प्रतिकार्यलाई सङ्कटपूर्वदेखि सुधारसम्मको अवस्थापर्यन्तको अटुट क्रमका रूपमा परिभाषित गरिएको छ । अति अस्थिर अवस्थामा भने यो क्रम वास्तविकता हुँदैन । तथापि, यसले विश्लेषण र योजना निर्माणका लागि उपयोगी खाका प्रदान गर्न सक्दछ ।

## आपत्कालमा शिक्षाका लागि अन्तरनिकाय सञ्जाल (INEE) का न्यूनतम मापदण्डहरू के के हुन् ?

आइ.एन.ई.ई. (INEE) न्यूनतम मापदण्ड हातेपुस्तिकामा १९ ओटा मापदण्डहरू छन् र प्रत्येकमा मुख्य मुख्य काम तथा निर्देशन दिइएका छन् । हाते पुस्तिकाले शैक्षिक तयारी, उचित प्रतिकार्य

तथा सुधारको गुणस्तर उकास्ने, सुरक्षित र सान्दर्भिक सिकाइ अवसरमा पहुँच वृद्धि गर्ने तथा यी सेवाहरू प्रदान गर्नमा जवाफदेहिता सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

आपत्कालमा शिक्षाका लागि अन्तरनिकाय सञ्जालले सन् २००४ मा यस हाते पुस्तिकाको विकास गर्न र यसलाई परिमार्जन गर्न सन् २०१० मा एउटा छलफलको आयोजना गर्‍यो, जसमा संसारभरिका सरकारी अधिकारीहरू, कार्यान्वयनकर्ता, नीति निर्माता, विद्वान्हरू र अन्य शिक्षाविद्हरूले भाग लिएका थिए । 'आइएनईई' न्यूनतम मापदण्ड हाते पुस्तिका आपत्कालमा गरिने प्रतिकार्यका लागि निर्माण गरिएको हो, जसमा विपत् र द्वन्द्वबाट उत्पन्न विपत्ति, मन्द र तीव्र आक्रमण अवस्था तथा ग्रामीण र शहरी वातावरणमा आउने सङ्कटावस्थाहरू समावेश गरिएका छन् ।

गुणस्तर, समन्वयकारी मानवीय प्रतिकार्य सुनिश्चित गर्नमा यस पुस्तिका केन्द्रित रहेको छ, जस्तै : विपत्तिबाट पीडित मानिसहरूको शैक्षिक अधिकारहरू र आवश्यकताहरू सम्मानजनक रूपमा परिपूर्ति गर्ने । शिक्षा क्षेत्रको मानवीय र विकास सहयोगलाई समन्वय गर्न पनि महत्वपूर्ण छ । यी अवस्थाहरूमा मानवीय तथा विकास सङ्गठनहरू शिक्षालाई सहयोग गर्नमा अक्सर एक साथ काम गरिरहेका हुन्छन् ।

शिक्षालाई प्रभावकारी किसिमले सघाउनका लागि यी सरोकारवालाहरूबीच समन्वय र घनिष्ट सहयोग आवश्यक छ, जसमा मानवीय सहयोगदेखि विकास सहायताबीचको सङ्क्रमणकाल अवधि पनि पर्दछ । यस हातेपुस्तिकाले चरम सङ्कटावस्थाहरूका लागि कसरी तयार रहने, कसरी प्रतिक्रिया दिने भन्ने बारे निर्देशन दिन्छ, जसबाट जोखिम कम होस्, भविष्यका लागि तयारी अवस्थामा सुधार आओस् तथा गुणस्तरीय शिक्षाका लागि ठोस आधारशिला खडो गरियोस् । यसले सुधार र विकासका चरणहरूमा अझ बलियो शिक्षा पद्धतिको निर्माणमा थप योगदान गर्दछ ।

## INEE का न्यूनतम मापदण्डहरू कसरी विकास गरिएका छन् ?

सन् २००३ र २००४ मा 'आइएनईई' न्यूनतम मापदण्डहरू स्थानीय, राष्ट्रिय र क्षेत्रीय गोष्ठीहरूको सहभागितामूलक प्रक्रियाद्वारा अनलाइनमार्फत समेत समकक्षीहरूद्वारा समीक्षा गराई विकास गरिए, छलफल गरिए र स्वीकृत गरिए । उच्चस्तरको सरसल्लाह प्रक्रियामा 'आइएनईई' का मार्गदर्शक सिद्धान्तहरू - आपसी सहयोग, पारदर्शिता, मितव्ययिता र छलफलबाट निर्णय लिने विधिहरू झल्किन्छन् । 'आइएनईई' का न्यूनतम मापदण्डहरूको पहिलो संस्करणको विकासमा ५० देशहरूका २,२५० भन्दा बढी व्यक्तिहरूले योगदान गरेका छन् । सन् २००९–२०१० मा, मापदण्डहरूका प्रयोगकर्ताहरूबाट प्राप्त मूल्याङ्कन निचोडहरू र सिफारिसहरूका आधारमा, सञ्जालले निम्नलिखित कुराहरू सुनिश्चित गर्नका लागि यसलाई अद्यावधिक गर्ने प्रक्रिया प्रारम्भ गर्‍यो :

- सङ्कटावस्थामा शिक्षा क्षेत्रमा भएका नयाँ विकासहरूलाई प्रतिविम्बित गर्ने,
- हाते पुस्तिका प्रयोगकर्ताहरूका अनुभव तथा राम्रा अभ्यासहरूलाई समावेश गर्ने तथा मापदण्डहरूलाई उनीहरूको सन्दर्भअनुसार अनुकूल बनाउने,
- यसलाई सन् २००४ को हातेपुस्तिकाको प्रथम संस्करणभन्दा बढी प्रयोगकर्ता-मैत्री बनाउने ।

सन् २०१० को 'आइएनईई' न्यूनतम मापदण्डहरूलाई अद्यावधिक बनाउने कार्य मौलिक सरसल्लाह प्रक्रिया तथा 'INEE' को शिक्षा, मानवीय र विकास अभ्यासकर्ता तथा नीति निर्माताहरूसँगको बलियो सम्बन्धको जगमा उभिएको थियो । १००० भन्दा बढी मानिसहरू

संलग्न भई विभिन्न कार्यहरू गरिएका थिए, जस्तै : हातेपुस्तिकाको पृष्ठपोषणको विश्लेषण, अनलाइनमा सरसल्लाह, विशेषज्ञहरूको समूह छलफलद्वारा एक अर्को क्षेत्रसँग सम्बन्धित मुद्दाहरूको सबलीकरण, मापदण्डहरूको प्रत्येक भागको एकीकरण, समकक्षीहरूद्वारा समीक्षा तथा सञ्जालका माध्यमले 'आइएनईई' सदस्यहरूद्वारा 'अनलाइन' समीक्षा आदि ।

**सम्मानजनक जीवनको अधिकार सुनिश्चित गर्न मानव अधिकार ढाँचा**
मानवीय तथा शरणार्थीसम्बन्धी कानुन अन्तर्राष्ट्रिय वैधानिक सन्धि तथा तिनका नियमनकारी मापदण्डहरूको सँगालो हो । यसले शान्ति तथा द्वन्द्व एवम् विपत् सिर्जित विपत्तिका अवस्थामा मानव अधिकारको नियमन र प्रत्याभूति गर्दछ । मानव अधिकारको मूल दस्तावेजले INEE का न्यूनतम मापदण्डहरू, खास गरी शिक्षासम्बन्धी मानव अधिकारबाट लिइएका हुन् । कानुनी रूपमा बन्धनकारी नभए पनि सन् १९९० को जोमटिन घोषणापत्र, सन् २००० का सबैका लागि शिक्षा विश्व शिक्षा मञ्च कार्य ढाँचा तथा सन् २००० सहस्राब्दी विकास लक्ष्य आदिले मानिसका शिक्षा पाउने अधिकारको पुनर्व्याख्या गरेका र कतिपय अवस्थामा थप विकास समेत गरेका छन् । यी घोषणापत्रले मानिसको आन्तरिक विस्थापन तथा शरणार्थी हुने अवस्था सिर्जना गर्न सक्ने आपत्कालीन अवस्थामा शिक्षाको भूमिकालाई विशेष जोड दिएका छन् । तिनीहरूले प्रारम्भिक बाल्यावस्था शिक्षा, सबै युवा र प्रौढहरूका लागि सिकाइमा पहुँच, र विद्यमान शिक्षा कार्यक्रमका गुणस्तरको सुधारमा विशेष जोड दिएका छन् ।

INEE का न्यूनतम मापदण्ड स्फेयर प्रोजेक्टस ह्युमेनिटेरियन चार्टर (Sphere Project's Humanitarian Charter) बाट पनि लिइएका छन् । यो अन्तर्राष्ट्रिय मानवीय कानुन, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, शरणार्थी कानुन तथा विपत्ति मोचनका लागि अन्तर्राष्ट्रिय रेडक्रस, रेडक्रेसेन्ट आन्दोलन तथा गैरसरकारी संस्थाका सिद्धान्त र व्यवस्थाहरूमा आधारित छ । विपत्ति वा सशस्त्र द्वन्द्वबाट पीडित सबै मानिसहरूको सम्मानपूर्ण र सुरक्षित जीवनका लागि चाहिने आधारभूत सहायता र संरक्षण पाउने अधिकार रहेको कुरा मानवीय बडोपत्रमा उल्लेख गरिएको छ । बडोपत्रले संरक्षण र सहायताका अधिकारको प्रत्याभूतिका लागि राज्य र लडाकु दलहरूका कानुनी दायित्व निर्धारित गरेको छ । सम्बन्धित सरकारी अधिकारीहरू आफ्ना दायित्व पूरा गर्न असमर्थ वा अनिच्छुक रहेको अवस्थामा तिनले यो कार्य गर्न मानवीय सङ्गठनहरूलाई सघाउनुपर्ने हुन्छ । (www.sphereproject.org हेर्नुहोस्) ।

## INEE का न्यूनतम मापदण्ड सम्बन्धित अन्तर्राष्ट्रिय कानुन

मानव अधिकार विश्व घोषणा १९४८, (धारा २, २६)
चौथो जेनेभा महासन्धि (१९४९) (धारा ३, २४, ५०) र अतिरिक्त सन्धि II (१९७७) (धारा ४ ३(ख) )
शरणार्थीहरूको अवस्थासम्बन्धी महासन्धि (१९५१) (धारा ३, २२)
नागरिक र राजनीतिक अधिकारबारे अन्तर्राष्ट्रिय सम्झौता (१९६६) (धारा २)
आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबारे अन्तर्राष्ट्रिय सम्झौता (१९६६) (धारा २, १३, १४)
महिलाका विरुद्ध सबै किसिमका विभेद निराकरणबारे महासन्धि (१९७७) (धारा १०)
बालअधिकार सन्धि (१९८०) (धारा २, २२, २८, २९, ३०, ३८, ३९)
अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम कानुन (१९९८) धारा ८ (२) (बी) (९) र ८ (२) (इ) (४) )
आन्तरिक विस्थापनबारे मार्गदर्शक सिद्धान्तहरू (बाध्यकारी नभएका) (१९९८) (अनुच्छेद २३)
अपाङ्गतायुक्त मानिसका अधिकारबारे सन्धि (२००६) (धारा २४)

### के आपत्कालीन अवस्थामा शिक्षा पाउने अधिकार रहन्छ ?

अवश्य । मानव अधिकार विश्वव्यापी छ र आपत्कालीन अवस्थामा पनि लागू हुन्छ । शिक्षा पाउने अधिकार मानव अधिकार पनि हो र समर्थ बढाउने अधिकार पनि हो । शिक्षाले मानवीय क्षमताको पूर्ण विकासका साथै शिक्षा तथा स्वास्थ्य जस्ता बाँच्न पाउने अन्य अधिकारको प्रयोग गर्ने सीप प्रदान गर्दछ । उदाहरणका लागि, कुनै मानिसले बारुदी सुरुङबारे सुरक्षा चेतावनीहरू पन सक्यो भने ऊ सुरुङहरू राखिएका क्षेत्रबाट बचेर हिँड्न थाल्दछ । आधारभूत शिक्षाले स्वास्थ्यप्रतिको अधिकारलाई पनि सघाउ पुऱ्याउँदछ । यसले मानिसहरूलाई चिकित्सकीय निर्देशनहरू पढ्न र औषधीका बोतलहरूमा लेखिएका खुराकसम्बन्धी निर्देशनहरू ठीक ठीकसँग पालन गर्न समर्थ तुल्याउँछ ।

सबैलाई गुणस्तरीय शिक्षा दिनु मुख्यतया सरकारी निकायहरूको दायित्व हो, जुन शिक्षा मन्त्रालय वा स्थानीय अधिकारीहरूलाई प्रत्यायोजित गरिएको हुन्छ । आपत्कालीन अवस्थामा अन्य सरोकारवालाहरू, जस्तै संयुक्त राष्ट्र सङ्घ, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्गठनहरू र समुदायमा आधारित सङ्गठनहरू जस्ता बहुपक्षीय सङ्गठनले पनि शिक्षा कार्यक्रम सञ्चालन गर्दछन् । सम्बन्धित स्थानीय अथवा सरकारी निकायहरू यी दायित्व निर्वाह गर्न असमर्थ वा अनिच्छुक रहेका अवस्थामा माथि उल्लेख गरिएका जस्ता सरोकारवालाहरूले शिक्षा व्यवस्थाको दायित्व वहन गर्दछन् । INEE का न्यूनतम मापदण्डको हाते पुस्तिकाले सबै सरोकारवालाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न मद्दत गर्ने राम्रा अभ्यासहरूको ढाँचा प्रस्तुत गरेको छ ।

'गुणस्तरीय शिक्षा' भनेको सर्वसुलभ, सबैको पहुँचभित्र, स्वीकार्य र परिवेश सापेक्ष परिमार्जनका लागि अनुकूल हुनुपर्दछ । INEE का न्यूनतम मापदण्डहरूले शिक्षा योजना तर्जुमाका आधारका रूपमा मानव अधिकार कानुनको भाषा र भावनालाई आत्मसात गरेका छन् । तिनले सहभागिता, उत्तरदायित्व, कानुनी संरक्षणलाई प्रोत्साहन र विभेदलाई निषेध गर्ने सिद्धान्त अपनाएर गुणस्तरीय शिक्षा प्राप्त गर्न मद्दत पुऱ्याउँछन् ।

## INEE का न्यूनतम मापदण्ड निर्देशिकाको प्रयोग


### INEE का न्यूनतम मापदण्डभित्र के छ ?

INEE का न्यूनतम मापदण्डहरू पाँच क्षेत्रमा बाँडिएका छन्:

*'आधारभूत मापदण्डहरू'* : समन्वय, सामुदायिक सहभागिता तथा विश्लेषणका मापदण्ड समावेश गरी यिनको परिमार्जन एवम् विस्तार गरिएको छ । यी मापदण्ड गुणस्तरीयता प्रवर्द्धनका दृष्टिले सबै क्षेत्रहरूमा लागू गरिनुपर्दछ । यी मापदण्डहरूले परिवेशको राम्रो ज्ञान होस् र निर्धारित क्षेत्रमा अझ उपयुक्त ढङ्गले यिनलाई लागू गर्न सकियोस भन्ने उद्देश्यले परियोजना चक्रका सबै चरणहरूको राम्रो निरूपण गर्नुपर्ने आवश्यकतामा विशेष ध्यान दिन्छन् ।

*'पहुँच र सिकाइ वातावरण'* : यस क्षेत्रका मापदण्डहरूले सुरक्षित र सान्दर्भिक सिकाइ अवसरका पहुँचमा जोड दिन्छन् । यी मापदण्डहरू स्वास्थ्य, पानी र सरसफाइ, पोषण र आवासजस्ता सुरक्षा, निर्भयता, तथा शारीरिक, संज्ञानात्मक र मनोवैज्ञानिक कल्याणको अभिवृद्धि गर्न मद्दत पुऱ्याउने खालका क्षेत्रहरूसँग संवेदनशील छन् ।

*शिक्षण सिकाइ* : यी मापदण्डले पाठ्यक्रम, तालिम, व्यावसायिक विकास र सहयोग सेवा, शिक्षण तथा सिकाइ प्रक्रिया एवम् सिकाइ उपलब्धिको मापन जस्ता शिक्षण सिकाइ प्रक्रियामा मद्दत पुऱ्याउने संवेदनशील पक्षहरूमा ध्यान केन्द्रित गरेका छन् ।




*शिक्षण र सिकाइ* : यी मापदण्डहरू ती महत्वपूर्ण तत्वहरूलाई जोड दिन्छन्, जसले प्रभावकारी शिक्षण र सिकाइलाई बढावा दिन्छन् । जसमा पाठ्यक्रम, तालिम, व्यावसायिक विकास र सहयोग, शिक्षण र सिकाइ प्रक्रियाहरू तथा सिकाइ प्रतिफलहरूको मूल्याङ्कन पर्दछन् ।
'शिक्षक तथा अन्य शिक्षाकर्मीहरू' : यस कार्यक्षेत्रका मापदण्डहरूमा शिक्षा क्षेत्रका मानवीय स्रोतहरूको प्रशासन तथा व्यवस्थापन पर्दछन् । यस अन्तर्गत छनोट र भर्ना सेवा सर्तहरू र सुपरिवेक्षण तथा सहयोग पर्छन् ।

*'शिक्षा नीति'* : यस कार्यक्षेत्रका मापदण्डहरूले नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा जोड दिन्छन् ।

हाते पुस्तिकाको प्रत्येक खण्डले शैक्षिक कार्यको एउटा विशिष्ट कार्यक्षेत्रलाई बयान गर्दछ । तथापि, प्रत्येक मापदण्ड हाते पुस्तिकाको अर्कोसँग मिल्न जान्छ । जहाँ उचित हुन्छ, गुणस्तरीय शिक्षाको बृहत् चित्र प्रस्तुत गर्न निर्देशन टिपोटहरूले अन्य सान्दर्भिक मापदण्ड अथवा अन्य कार्यक्षेत्रका निर्देशन टिपोटहरूसँगको आवश्यक सम्बन्धलाई पहिचान गर्दछन् ।

## न्यूनतम मापदण्ड हाते पुस्तिकाको सन् २०१० को संस्करणमा नयाँ के छ ?

सन् २००४ को हाते पुस्तिकाको संस्करणसँग परिचित भएकाहरूले यस संस्करणका अधिकांश विषयवस्तुलाई चिन्नेछन् ।

- सुधारहरूमा सन्दर्भको विश्लेषण तथा प्रमुख मुद्दाहरूको सबलीकरण, संरक्षण, मनोसामाजिक सहयोग, द्वन्द्व न्यूनीकरण, विपत् जोखिम न्यूनीकरण, प्रारम्भिक बाल्यावस्था विकास, लैङ्गिकता, एचआईभी र एड्स, मानव अधिकारहरू, समावेशी शिक्षा, अन्तरक्षेत्रीय सम्बन्धहरू (स्वास्थ्य, पानी, सफाइ र स्वास्थ्य विज्ञानको प्रवर्द्धन, आवास, खाना, पोषण) तथा युवाहरू । यी मुद्दाहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने साधनहरूका लागि अथवा अन्य कार्यक्षेत्रका निर्देशन टिपोटहरूका लागि **www.Ineesite.org/toolkit** मा हेर्नुहोस् ।
- मापदण्ड पूरा गर्न मुख्य सूचकहरूको साटो मुख्य क्रियाकलाप तलको बाकस हेर्नुहोस् ।
- शैक्षिक कार्यको आधार भएकाले 'सबै क्षेत्रका साझा मापदण्ड' को सट्टा आधारभूत मापदण्ड राखिएको । यसका अतिरिक्त, सबै शैक्षिक कार्यहरूमा समन्वयको आवश्यकता महसुस गरी 'समन्वय' को मापदण्डलाई 'शिक्षा नीति कार्यक्षेत्र' बाट हटाएर यस कार्यक्षेत्रमा सारिएको छ ।

## सन्दर्भ विश्लेषण

प्रभावित जनसङ्ख्या मानवीय प्रतिकार्यको केन्द्र विन्दुमा हुनुपर्दछ र यो परिमार्जित 'आइएनईई' न्यूनतम मापदण्डको केन्द्रविन्दुमा छ । विपत् र द्वन्द्वले स्रोत साधन तथा सत्तामा नियन्त्रणको असमानताका कारणले मानिसहरूमा फरक फरक प्रभाव पार्दछन् । सङ्कटग्रस्त अवस्था एउटा विशेषता अथवा परिस्थिति हो, जसले मानिसहरूलाई विपत्ति अथवा द्वन्द्वका असरहरूप्रति बढी ग्रहणशील बनाउँछ । सङ्कटासन्न अवस्थाको सिर्जनाका लागि सामाजिक, आनुवंशिक, शारीरिक, पर्यावरणीय, सांस्कृतिक, भौगोलिक, आर्थिक तथा राजनीतिक सन्दर्भहरूले भूमिका खेल्दछन् । सन्दर्भका आधारमा सङ्कटासन्न अवस्था भएका समूहहरूमा महिला, अपाङ्गता भएका मानिस, बालबालिका, पहिले सशस्त्र दलहरूसँग जोडिएका बालबालिका र सशस्त्र समूहहरू तथा एचआईभी पीडित मानिसहरू पर्दछन् । क्षमता भन्नाले एउटा व्यक्ति, समुदाय अथवा संस्थाभित्रका सबल पक्षहरू, गुणहरू तथा स्रोतसाधनहरूको संयुक्त रूपलाई लिइन्छ, जुन एउटा निर्धारित लक्ष्य प्राप्तिका लागि प्रयोग गरिन्छ ।

कसरी एउटा सन्दर्भले सङ्कटासन्न अवस्था र क्षमतालाई प्रभावित गर्दछ भन्ने कुरा बुझ्नका लागि, शिक्षा सरोकारवालाहरूले उनीहरूले गर्ने स्थानीय सन्दर्भको विश्लेषणमा परिवर्तन भैरहेका र एकअर्कामा खप्टिएका सङ्कटासन्न अवस्थाहरू र क्षमताहरूमा ध्यान दिनु आवश्यक छ । केही सन्दर्भहरूमा मानिसहरू जातीयता, वर्ग वा थर, विस्थापन अथवा धार्मिक वा राजनीतिक आस्थाका कारणले बढी सङ्कटासन्न हुन सक्दछन् । यी तत्वहरूले गुणस्तरीय शिक्षाका सेवाहरूको पहुँचमा असर पार्न सक्दछन् । यस कारणले प्रभावकारी मानवीय प्रतिक्रियाका लागि प्रत्येक सन्दर्भमा मानिसहरूका आवश्यकताहरू सङ्कटासन्न अवस्थाहरू तथा क्षमताहरूको विस्तृत विश्लेषण अत्यावश्यक छ । मौलिक मापदण्डहरूमा सन्दर्भ विश्लेषणका लागि मार्गदर्शनहरू समावेश छन्, जुन हाते पुस्तिकाभरि नै मूलधारमा ल्याइएका छन् ।

एउटा आपत्कालमा मानिसहरूको सङ्कटासन्न अवस्थालाई कम गर्न उनीहरूको लचकता र क्षमताको पहिचान गर्न र यिनीहरूमा नै कार्यक्रम बनाउन जरुरी छ । स्थानीय प्रतिकार्यहरूलाई बुझ्नु र सहयोग गर्नु तथा स्थानीय व्यक्ति/संस्थाहरूको क्षमता अभिवृद्धि गर्नु प्राथमिकतामा पर्ने कुरा हुन् । मौलिक मापदण्डहरूमा सन्दर्भ विश्लेषणको प्रवर्द्धन गरेर तथा प्रमुख मुद्दाहरूलाई पूरै मापदण्डहरूमा मूलधारमा ल्याएर सन् २०१० को हाते पुस्तिकाले शिक्षाको तयारी अवस्था, प्रतिकार्य र सुधारको सन्दर्भ, सङ्कटासन्न अवस्था र क्षमतालाई व्यापक ढङ्गले अझ राम्ररी प्रतिकार्य गर्न ढाँचा प्रदान गरेको छ ।

## मापदण्ड, मुख्य काम तथा मार्गदर्शनको टिपोटमा के फरक छ ?

प्रत्येक मापदण्डको एउटै ढाँचा छ, पहिलो न्यूनतम मापदण्ड तय गरिएको छ । मापदण्डहरू यस सिद्धान्तबाट प्रतिपादित गरिएका छन् । विपत् अथवा द्वन्द्वबाट पीडित जनसङ्ख्याहरूको सम्मानजनक जीवन जिउने र सुरक्षित, गुणस्तरीय तथा सान्दर्भिक शिक्षा पाउने अधिकार छ । त्यसैले यिनीहरूको प्रकृति गुणात्मक छ र यिनीहरू सर्वव्यापी छन् र यिनीहरूलाई कुनै पनि सन्दर्भमा उपयोग गर्न सकिन्छ ।

मापदण्डहरू पछि थुप्रै प्रमुख काम राखिएका छन्, जुन मापदण्ड प्राप्तिका लागि सुझाइएका उपायहरू हुन् । केही कामक कुनै सन्दर्भमा उपयोगमा नआउन सक्दछन्, उनीहरूलाई सन्दर्भ विशेषसँग अनुकूल हुने गरी मिलाउनुपर्दछ । अभ्यासकर्ताहरूले अन्य वैकल्पिक काम निकाल्न सक्दछन्, जसले गर्दा मापदण्ड प्राप्त गर्न सकियोस् ।

अन्तमा मार्गदर्शक टिपोटहरूले राम्रा अभ्यासहरूका विशिष्ट विन्दुहरूलाई समेटेका छन् । विभिन्न परिस्थितिहरूमा न्यूनतम मापदण्डहरू लागू गर्दा तथा कामलाई अनुकूल बनाउँदा ध्यान दिनुपर्ने तिनीहरूले पृष्ठभूमि सूचना तथा परिभाषाहरू प्रदान गर्नुका साथै प्राथमिकता प्राप्त मुद्दाहरू र व्यावहारिक कठिनाइहरूको सामना गर्नेबारे सरसल्लाह दिन्छन् ।

## आइएनईई न्यूनतम मापदण्डहरूलाई कसले प्रयोग गर्नुपर्छ ?

सङ्टकालीन अवस्थामा विपत् न्यूनीकरण र द्वन्द्व समाधान लगायतका तयारी, प्रतिकार्य तथा सुमा संलग्न सबै सरोकारवालाहरूले न्यूनतम मापदण्डहरू, प्रमुख काम तथा मार्गदर्शक टिपोटहरूलाई प्रयोग गर्नुपर्दछ । तिनीहरूले प्राविधिक ज्ञान र राम्रो अभ्यासको ढाँचा प्रस्तुत गर्दछन्, जसले सुरक्षित गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्दछ र सरोकारवालाहरूलाई राज्य र स्थानीयस्तरहरूमा सँगसँगै ल्याउँछन् । सरोकारवालाहरूमा निम्नलिखित पर्दछन् :

- राज्य तथा स्थानीयस्तरका शिक्षा अधिकारीहरू,
- संयुक्त राष्ट्र सङ्घ निकायहरू,
- द्विपक्षीय र बहुपक्षीय दातृ निकायहरू,
- शिक्षक-अभिभावक सङ्घहरू लगायत गैससहरू तथा सामुदायिक सङ्गठनहरू,
- शिक्षकहरू, अन्य शिक्षा कर्मचारीहरू तथा शिक्षक सङ्गठनहरू,
- शिक्षा क्षेत्रका समन्वय समितिहरू र शिक्षा समूहहरू,
- अनुसन्धानकर्ता र अन्य बौद्धिकवर्ग
- मानव अधिकार तथा मानवीय बहसकर्ता

## मैले आइएनईई  न्यूनतम मापदण्डहरूलाई स्थानीय सन्दर्भसँग मेल खाने गरी कसरी मिलाउने ?

मानव अधिकारमा आधारित विश्वव्यापी मापदण्डहरू र तिनीहरूलाई व्यवहारमा लागू गर्ने क्षमताका बीच वास्तवमा तनाव रहन्छ । मापदण्डहरूले गुणस्तरीय शिक्षाको पहुँचका लक्ष्यहरूलाई विश्वव्यापी शब्दावलीमा परिभाषित गर्दछन् जब कि मुख्य कामकारवाहीहरूले विशिष्ट कदमहरूलाई प्रतिनिधित्व गर्दछन्, जुन प्रत्येक मापदण्ड प्राप्तिका लागि आवश्यक हुन्छन् । किनभने प्रत्येक सन्दर्भ फरक फरक हुन्छ, हाते पुस्तिकामा दिइएका मुख्य कामकार वाहीहरू प्रत्येक विशिष्ट स्थानीय अवस्थाअनुसार अनुकूल हुने गरी मिलाउनुपर्दछ । उदाहरणका लागि, शिक्षक-विद्यार्थी अनुपातबारे के भनिन्छ भने समुचित शिक्षक–विद्यार्थी अनुपात

मिलाउनका लागि पर्याप्त शिक्षकहरू भर्ना गर्नुपर्दछ (शिक्षकहरू र अन्य शिक्षक कर्मचारीहरू, सम्बन्धी मापदण्ड, मार्ग निर्देशन टिपोटहरू ५, पाना ८३ ) यसलाई सम्बन्धित सरोकारवालाहरूसँग सरसल्लाह गरी स्थानीय तहमा स्वीकार गरिएको शिक्षक विद्यार्थी अनुपातसँग अनुकूल हुने गरी सन्दर्भअनुसार मिलाउनुपर्दछ ।

चरम सङ्कटावस्थाको अवस्थामा प्रति शिक्षक ६० जना विद्यार्थीहरू स्वीकृत अनुपात हुन सक्छ भने दीर्घकालीन सङ्कट अथवा सुधारको अवस्थामा यो संरचनालाई ३० अथवा २० विद्यार्थीहरू प्रति शिक्षकमा झारेर सुधार गरिनुपर्ने आशा गर्न सकिन्छ । स्थानीय तहमा स्वीकार्य सन्दर्भअनुसारका काम निर्धारण गर्दा उपलव्ध स्रोतहरू र आपत्कालको अवस्था लगायत सन्दर्भलाई ध्यान दिइनुपर्दछ ।

आदर्श रूपमा, भईपरी आउने शैक्षिक योजना तथा तयारी अवस्थाको अङ्गका रूपमा सन्दर्भअनुसार मिलाउने कुरा कुनै पनि आपत्काल आउनुपूर्व थालिनुपर्दछ । आइएनईई न्यूनतम मापदण्डहरूका प्रयोगकर्ताहरूको अनुभवले के देखाएको छ भने सन्दर्भअनुसार मिलाउने कुरा त्यस बेला बढी प्रभावकारी हुन्छ, जब यसलाई सहभागितामूलक तथा संयुक्त रूपमा गरिने अभ्यासका रूपमा लगिन्छ । मापदण्डहरूको पूर्तिका लागि शिक्षा क्षेत्रको समन्वय समिति अथवा शिक्षा समूह एउटा आदर्श मञ्च हो, जहाँ स्थानीय सन्दर्भअनुसारका ठोस र लागू गर्न सकिने कामको विकास गरिनुपर्दछ (आइएनईई न्यूनतम मापदण्डहरूको सन्दर्भ अनुसार मिलाउनेसम्बन्धी मार्ग दर्शक टिपोटहरूका लागि आइएनईई टुलकिटः **www.ineesite.org/toolkit** हेर्नुहोस् ।

केही अवस्थाहरूमा स्थानीय कारणहरूले न्यूनतम मापदण्ड र मुख्य कामलाई छोटो समयमा प्राप्त गर्न नसकिने देखिएको छ । जब यस्तो हुन्छ, हाते पुस्तिकामा दिइएका न्यूनतम मापदण्डहरू र मुख्य काम तथा स्थानीय सन्दर्भको वास्तविकता बीचको अन्तरमा विचार गर्न र बुझ्न अति जरुरी हुन्छ । मापदण्डहरूको प्राप्तिका लागि चुनौतीहरूको छानबिन हुनुपर्दछ र परिवर्तनका लागि रणनीतिहरूको पहिचान हुनुपर्दछ । अनि कार्यक्रम र नीतिगत रणनीतिहरू विकास गर्न सकिन्छ र अन्तर कम गर्नका लागि सल्लाह सुझावहरू दिन सकिन्छ ।

विपत्हरूबाट पीडित मानिसहरूका शिक्षा अधिकारहरू र आवश्यकताहरूप्रति उत्तरदायी हुने उपायहरूमा सुधार गर्न र सङ्कटबाट पीडित मानिसहरूको जीवनमा उल्लेखनीय परिवर्तन ल्याउनु यसको उद्देश्य हो । कुनै एउटा हाते पुस्तिकाले मात्रै यो उपलब्धि प्राप्त गर्न सकिँदैन तपाईले मात्रै यो सक्नुहुन्छ । Ineeले न्यूनतम मापदण्डहरूको सन् २०१० को संस्करणमा तपाईको पृष्ठपोषणका लागि स्वागत गर्दछ जसले भविष्यको परिमार्जनलाई सघाउनेछ । कृपया हाते पुस्तिकाको अन्तमा अथवा **www.ineesite.org/feedback** मा दिइएको पृष्ठपोषण फार मलाई प्रयोग गर्नुहोस् ।

## Inee न्यूनतम मापदण्डहरूलाई कार्यान्वयन र संस्थागत गर्नका लागि साधनहरू

संशिअंस न्यूनतम मापदण्डहरूको उपयोग र संस्थागत गर्ने काममा सहयोग पुऱ्याउने सामग्रीहरू Inee को वेबसाइट **www.ineesite.org/standards** मा उपलब्ध छन् ।

**संशिअंस न्यूनतम मापदण्डहरूका अनुवादहरू:**
**www/ineesite/org/tanslations**

सन् २००४ को संशिअंस न्यूनतम मापदण्डहरूको संस्करण अहिले २३ ओटा भाषाहरूमा उपलब्ध छ । यस संस्करणको अनुवाद अरबी, फ्रान्सेली, स्पेनी, पोर्तुगाली र अन्य भाषाहरूमा गरिनेछ ।

**संशिअंस टुलकिट:**
**www.ineesite.org/toolkit**

संशिअंसको टुलकिटमा संशिअंसका न्यूनतम मापदण्डहरू, तालिम र प्रवर्द्धनात्मक सामग्रीहरू (सबै अनुवादसमेत) का साथै मापदण्डहरूको प्राप्तिका लागि सूचकहरूलाई स्थानीय परिस्थितिसँग अनुकूल हुने गरी मिलाउनका लागि व्यावहारिक साधनहरू राखिएका छन् । साधनहरू हातेपुस्तिकामा मूलधारमा राखिएका प्रमुख मुद्दाहरूका साथै हाते पुस्तिकाका प्रत्येक कार्य क्षेत्रसँग गाँसिएका छन् । टुलकिटमा थुप्रै संशिअंस साधनहरू पनि छन्, जुन संशिअंसका न्यूनतम मापदण्डहरूको हाते पुस्तिकाको परिपूर्ति तथा सहयोगका लागि विकास गरिएका छन् । उदाहरणका लागि, सुरक्षित विद्यालय निर्माणका लागि मार्गदर्शक टिपोटहरू, शिक्षक क्षतिपूर्तिका लागि मार्गदर्शक टिपोटहरू, शिक्षण र सिकाइका लागि मार्गदर्शक टिपोटहरू, समावेशी शिक्षाका लागि गोजी पुस्तिका र लैङ्गिकताबारे गोजी पुस्तिका ।

**संशिअंस न्यूनतम मापदण्डहरूका सन्दर्भ साधन :**
**www.ineesite.org/msreference tool**
यो साधन एउटा नमासिने पाम्पलेटका रूपमा द्रुत सन्दर्भ पुस्तिका हो जसमा सबै मापदण्डहरू, मुख्य काम तथा मार्गदर्शक टिपोटहरू पढ्न सजिलो हुने ढाँचामा प्रस्तुत गरिएका छन् ।

**संशिअंस न्यूनतम मापदण्डहरूको संस्थागत कामका लागि चेकलिस्टहरू:**
**www.ineesite.org/ संस्थागत गर्ने काम**

विभिन्न किसिमका सङ्गठनहरूका विशिष्ट आवश्यकताहरूलाई लक्षित गरी विकास गरिएको हो (संयुक्त राष्ट्र सङ्घ निकायहरू, गैससहरू, सरकारहरू, दातृ निकायहरू र शिक्षा समन्वय समितिहरू तथा शिक्षा समूहहरू), यी चेकलिस्टहरूमा विविध किसिमका कामको उल्लेख गरिएको छ जुन सङ्गठनहरूले न्यूनतम मापदण्डहरूलाई आन्तरिक रूपमा अथवा द्विपक्षीय र बहुपक्षीय कामहरूमा एकीकृत गर्नका लागि गर्न सक्दछन् ।

**म संशिअंस न्यूनतम मापदण्डहरूलाई कसरी प्रयोग गर्न सक्छु ?**
अन्य कार्य क्षेत्रका मापदण्डहरूलाई उपयोगमा ल्याउँदा मौलिक मापदण्डहरू प्रयोग गर्नुहोस् : पहुँच र सिकाइ वातावरण, शिक्षण र सिकाइ, शिक्षक र अन्य शिक्षा कर्मीहरू र शिक्षा नीति । यसका साथै प्रत्येक कार्यक्षेत्रको सङ्क्षिप्त परिचय पढ्नुहोस्, जसले त्यस कार्यक्षेत्रसित सान्दर्भिक मुख्य मुद्दाहरू प्रस्तुत गर्दछ । मापदण्डलाई कार्यान्वयन गर्न सघाउने राम्रा अभ्यासहरूका प्राविधिक साधनहरू संशिअंस टुलकिट : **www.ineesite.org/toolkit** मा पाउन सकिन्छ । यो हाते पुस्तिका मानवीय प्रतिकार्यका अवधिमा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि प्रयोग गर्न निर्माण गरिएको हो । (तल, उदाहरण १ हेर्नुहोस्) ।

यसको प्रयोग सबैभन्दा बढी प्रभावकारी ढङ्गले तब हुन सक्दछ, जब शिक्षा सरोकारवालाहरू यस हाते पुस्तिकासँग पहिले नै परिचित हुन्छन् र यसलाई चरम आपत्कालको अवधिमा प्रतिकार्य गर्न प्रयोग गर्नुपूर्व यसबारे तालिम प्राप्त गर्छन् । (तल, उदाहरण २ हेर्नुहोस्) । क्षमता निर्माणबारे तालिम सामग्रीका रूपमा यो हाते पुस्तिका महत्वपूर्ण छ । स्रोतसाधनको व्यवस्थाका लागि सम्झौता गर्ने बेलामा यसलाई साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ । (तल, उदाहरण ३ हेर्नुहोस्) । हाते पुस्तिका विपत्को तयारी, भईपरी आउने योजना निर्माण तथा क्षेत्रीय समन्वयका लागि उपयोगी छ ।

**हामी INEE का न्यूनतम मापदण्ड पूरा गर्न सक्छौं**
सन् २००४ मा यसको लोकार्पण भएदेखि संशिअंस न्यूनतम मापदण्डहरूको हाते पुस्तिका आपत्कालको प्रारम्भदेखि सुधारको अवधिसम्म गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि ८० भन्दा बढी देशहरूमा एउटा प्रभावकारी साधन भैसकेको छ । यी मापदण्डहरूले एउटा साझा ढाँचा प्रस्तुत गर्दछन् र विभिन्न सरोकारवालाहरूका बीच आपसी उद्देश्यहरूको विकासमा सहयोग पुऱ्याउँछन्, जसमा सरकार, समुदाय र अन्तर्राष्ट्रिय निकायहरू पर्दछन् । संशिअंस न्यूनतम मापदण्डहरूको हाते पुस्तिकाका प्रयोगकर्ताहरूले हाते पुस्तिकाले निम्नलिखित कुराहरू सहयोग पुऱ्याउने कुरा बताएका छन् :

- समुदायहरू शैक्षिक कार्यक्रमको निर्माण र कार्यान्वयनमा आपत्कालदेखि सुधारसम्म सार्थकरूपमा संलग्न भएका छन् भनी सुनिश्चित गर्न,
- शैक्षिक मूल्याङ्कन र प्रतिक्रियालाई अझ राम्ररी समन्वय गर्न,
- राष्ट्रिय शिक्षा प्रणालीलाई सुदृढ गर्न,
- सेवा कार्यमा सुधारका लागि योगदान पुऱ्याउन,
- आपत्कालीन अवस्थादेखि सुधारसम्म र विकाससम्म शिक्षाका कामकारबाहीहरूको अनुगमन तथा मूल्याङ्कन गर्न,
- उच्चस्तरका गुणस्तरीय शिक्षा कार्यक्रमहरूको कार्यान्वयन गर्ने ज्ञान र सीप वृद्धि गर्न क्षमता निर्माण गर्न,
- शिक्षा क्षेत्रमा दातृ समुदायको लगानीका लागि मार्गदर्शन गर्न । संशिअंस न्यूनतम मापदण्डहरूले शिक्षा प्रदायकहरूका लागि प्रमुख साधनका रूपमा पनि सहयोग पुऱ्याउँछन् । दातृ निकायहरूले शिक्षाको गुणस्तर र उत्तरदायित्वको ढाँचाका रूपमा अत्याधिक प्रयोग गरिरहेका छन् ।

मापदण्डहरू विशेष सन्दर्भहरूमा कसरी प्रयोग भएका छन् भन्ने कुराका केही उदाहरणहरू निम्नलिखित छन् :

१. *इराकमा विद्यालय पुनर्स्थापनाः* युद्ध प्रारम्भ भएपश्चात् जब उनीहरू आफ्नो घरबाट भाग्नुपऱ्यो, संशिअंस न्यूनतम मापदण्डहरू फलूजा शहरका पाँच ओटा सार्वजनिक विद्यालयहरूको पुनर्स्थापना कार्यमा प्रयोग गरिए । सन् २००७ मा विद्यालय पुनर्स्थापना

कार्यक्रमहरूमा प्राथमिकता क्षेत्रको पहिचान गर्न विद्यार्थीहरू, अभिभावकहरू र शिक्षकहरू समूह केन्द्रित छलफलहरूमा भाग लिए । सामुदायिक सहभागिता मापदण्ड तथा पहुँच र सिकाइ वातावरणअन्तर्गतका मार्गदर्शक बूँदाहरूका आधारमा पानी र सरसफाइ तथा कक्षाकोठाको व्यवस्थापनलाई प्राथमिकता दिइयो र सामुदायिक शिक्षा समिति (साशिस) को गठन गरियो । साशिसमा महिलाहरूको सहभागिता सुनिश्चित गर्न परियोजनाका महिला कर्मचारीहरूले विद्यालयमा न्यून छात्रा भर्नाका कारणहरू पहिचान गर्न आमाहरू र छात्राहरूलाई उनीहरूकै घरमा गएर भेट गरे । विद्यालय जाने बालिकाहरूको सुरक्षाका चिन्ताहरूको प्रतिकार्य बालिकाहरू विद्यालय जाँदा सँगसँगै जाने वा व्यक्तिको संरक्षणमा जाने व्यवस्था मिलाएर गरियो । विद्यालयमा एक्ला पुरुष शिक्षकहरूले काम गरिरहेको अवस्थामा साशिस विद्यालय प्रशासनसँग नियुक्ति प्रक्रियाहरूमा पारदर्शिता बढाउने कार्यमा अग्रसर भयो । यसले परिवारहरूलाई शिक्षकहरूमा विश्वास गर्न सकिन्छ भन्ने कुराको विश्वास दिलायो र भर्ना सङ्ख्यामा वृद्धि गर्न मद्दत पुग्यो ।

२. *हिन्दमहासागरमा आएको सुनामीपछिको अवस्था अन्तर-निकायको समन्वय:* डिसेम्बर, सन् २००४ को भुईचालो र सुनामीमा इन्डोनेसियाले सबैभन्दा ठूलो मानवीय क्षति तथा भौतिक विनाश बेहोर्नुपऱ्यो । आचेह प्रान्तमा ४४,००० भन्दा बढी विद्यार्थीहरू र २५०० भन्दा बढी शिक्षकहरू र कर्मचारीहरू मारिए र बाँचेका १,५०,००० विद्यार्थीहरू समुचित शिक्षा सुविधाहरूबाट वञ्चित भए । यसको प्रतिक्रियामा Inee न्यूनतम मापदण्डहरूलाई निर्माण र कार्यान्वयन साधनका रूपमा व्यापक रूपमा स्वीकार गरियो, जसले गर्दा आपत्कालीन अवस्थाको अवधिमा माथिल्लो स्तरको समन्वय र कामकारबाहीमा सुधार सम्भव भयो । समन्वयसम्बन्धी न्यूनतम मापदण्डहरूको प्रयोग गरी स्थानीय अधिकारी र अन्तर्राष्ट्रिय निकायहरूले एउटा शिक्षा समन्वय समितिको निर्माण गरे र नियमित रूपमा बान्डो आचेहमा बैठक हुन थाल्यो । अन्तर निकाय न्यूनतम मापदण्ड कार्यसमूहले न्यूनतम मापदण्डहरूको प्रयोगबारे अनुभव र राम्रा अभ्यासको अनुभव आदान प्रदान गर्दै निकायका कर्मचारीहरूलाई तालिम दियो, हाते पुस्तिकालाई शीघ्रताका साथ भाषा इन्डोनेसियामा अनुवाद गरियो र आचेह प्रान्तको शिक्षा मन्त्रालयले प्रयोगमा ल्यायो । आपत्कालको अवस्थामा समन्वय र कार्यान्वयनको गतिलाई कायम राख्नका लागि कर्मचारीहरूको निरन्तरता जरुरी भन्ने कुरा सिकियो । Inee न्यूनतम मापदण्डको तालिमले यस प्रकारका आपत्कालीन सन्दर्भहरूमा समन्वयमा सुधार ल्याउन महत्वपूर्ण प्रभाव रहन्छ ।

३. *दातृ निकायहरूका नीतिहरूको सबलीकरण:* नर्वे पाँच ओटा दातृ निकायहरू मध्ये एउटा हो, जसले शिक्षालाई मानवतावादी नीतिको अङ्गका रूपमा प्रत्यक्ष रूपमा इङ्गित गर्दछ । सन् २००७ मा नर्वेको परराष्ट्र मन्त्रालयले एउटा आपत्कालमा दिइने शिक्षा समूहको निर्माण गऱ्यो । Inee न्यूनतम मापदण्डहरूबारे नर्वेको विकास संस्था (नोराड), परराष्ट्र मन्त्रालय तथा उनीहरूका साझेदारहरूद्वारा पर्याप्त चेतना तथा तिनीहरूको व्यावहारिक उपयोग र व्यवस्थित प्रयोग सुनिश्चित गर्न कटिबद्ध छन् । आपत्कालमा दिइने शिक्षा समूहले परराष्ट्र मन्त्रालय र नोराडलाई शिक्षामा सहयोगबारे सल्लाह दिन्छ र Inee बुलेटिनका सान्दर्भिक सूचनाहरूलाई सम्बन्धितहरूसँग अनुभवको आदान प्रदान गर्दछन् । आर्थिक सहयोगका लागि नोराडसँग निवेदन दिने सङ्गठनहरूले Inee न्यूनतम मापदण्डहरूको प्रयोगबारे वर्णन गर्न सिफारिस गर्दछन् । सन् २००८ मा दक्षिण सुडोनमा दाताहरूको वार्षिक साझा बैठकमा Inee न्यूनतम मापदण्ड सेवासम्बन्धी सर्तहरूमा प्रस्तुत गरिएका थिए । जसमा युनिसेफ, विश्वबैङ्क र युरोपियन संलग्न थिए । नोराडले यसरी सहयोगी दातृ संस्थाहरू र दक्षिणी सुडानको शिक्षा मन्त्रालयद्वारा Inee को प्रयोग र संस्थागत गर्ने कार्यलाई बढावा दियो । न्यूनतम मापदण्डहरूलाई संस्थागत गर्ने कार्यमा नोराडलाई नर्वेका प्रमुख गैससहरूको

सहयोग प्राप्त छ । यसका साथै आपत्कालमा दिइने शिक्षा समूहले नर्वेका अन्य गैससहरूलाई र अनुसन्धान संस्थाहरूलाई मापदण्डहरूलाई आफ्नाकार्यक्रमहरूको विकासमा उपयोग गर्न र सन्दर्भ सामग्रीमा राख्न प्रोत्साहित गर्दछ । Ineeका लागि नर्वे सरकारको समर्थन र Inee न्यूनतम मापदण्डहरूको उपयोगले शिक्षामा विश्वव्यापी छलफल र विशेष गरी शिक्षक, लैङ्गिकता र आपत्कालीन अवस्थाहरूमा बहसमा यसको नेतृत्व प्रतिविम्बित गर्दछ ।

Inee न्यूनतम मापदण्डहरूको विश्वव्यापी उपयोग र प्रभावबारेका थप उदाहरणहरूका लागि **www.ineesite.org/mscasestudies** मा हेर्नुहोस् ।

## रणनीतिक सम्बन्धहरू

### Inee न्यूनतम मापदण्ड र मानवीय कार्यका लागि स्फेयर (Sphere) न्यूनतम मापदण्डबीच के सम्बन्ध छ ?

विपत्को प्रतिकार्यका लागि सन् १९९७ मा गैससहरूको एउटा समूह र रेडक्रस तथा रेड क्रेसेन्ट आन्दोलनले स्फेयर परियोजनाको मानवतावादी घोषणा र न्यूनतम मापदण्डहरू सञ्चालन गरेका थिए । विपत्बाट पीडित मानिसहरूले मानवहितबादी सहायताबाट के आशा गर्दछन् भन्ने कुरा यिनीहरूले बताएका छन् । स्फेयर हाते पुस्तिकाले मानवतावादी घोषणा र पानीको वितरण, सरसफाइ र स्वास्थ्य प्रवर्द्धन, खाद्य सुरक्षा र पोषण, आश्रय, आवास, गैर खाद्य सामग्रीहरू तथा स्वास्थ्य कार्यका क्षेत्रहरूबारे न्यूनतम मापदण्डहरू प्रस्तुत गर्दछ । Inee न्यूनतम मापदण्डहरूले स्फेयर परियोजनाका मुख्य विश्वास को प्रतिध्वनि निकाल्छन्: दैवी विपत् र द्वन्द्वबाट उत्पन्न मानवीय पीडो हटाउनका लागि यथासम्भव सबै कदमहरू चाल्नुपर्दछ र विपत्बाट पीडित मानिसहरूले आत्मसम्मानका साथ जिउन पाउने अधिकार छ । सन् २००८ को अक्टोवरमा स्फेयर परियोजना र Inee ले एउटा साझेदारी सम्झौतामा हस्ताक्षर गरे । त्यसो भएको हुनाले स्फेयर परियोजनाले के सिफारिस गर्दछ भने Inee न्यूनतम मापदण्डहरूलाई विपत्को प्रतिकार्यका लागि स्फेयर परियोजनाका मानवतावादी घोषणा र न्यूनतम मापदण्डहरूको पूरकका रूपमा प्रयोग गरिनुपर्दछ । साझेदारी सम्झौताले शिक्षा स्फेयर मा प्रतिनिधित्व गरेका क्षेत्रबीचको अन्तर्राष्ट्रिय सम्बन्धहरू आपत्कालको प्रारम्भमा स्थापित होऊन् भन्ने सुनिश्चितामा जोड दिन्छ । यसले सङ्कटबाट पीडित मानिसहरूलाई दिइने सहयोगको गुणस्तरमा सुधार ल्याउने र विपत्को तयारी अवस्था तथा प्रतिक्रियामा मानवीय जवाफदेहिता वृद्धि गर्ने लक्ष्य लिन्छ ।

Inee न्यूनतम मापदण्डहरूको हाते पुस्तिकाको यस संस्करणभरि नै स्फेयर हाते पुस्तिकाबाट सान्दर्भिक मार्गदर्शन लिइएको छ । त्यसै गरी शिक्षाबारको मार्गदर्शन स्फेयर हाते पुस्तिकाको सन् २०११ को संस्करणमा एकीकृत गरिएको छ । स्फेयर हाते पुस्तिकाको साथीका रूपमा Inee न्यूनतम मापदण्डहरूको प्रयोगले बहुक्षेत्रीय आवश्यकता मूल्याङ्कन अनि संयुक्त योजना निर्माण ा र समष्टिगत प्रतिक्रियाका माध्यमले अन्तर क्षेत्रीय सम्बन्धहरू स्थापित गरिएका छन् भन्ने सुनिश्चित गर्न सघाउ पुऱ्याउने छ ।

विपत्को प्रतिकार्यसम्बन्धी स्फेयर  मानवतावादी घोषणा र न्यूनतम मापदण्डहरूबारे थप जानकारीका लागि www.sphereproject.org हेर्नुहोस् ।

**Inee न्यूनतम मापदण्डहरू र आईएएससी शिक्षा समूहबीच के सम्बन्ध छ ?**
संयुक्त रूपमा युनिसेफ र सेभ द चिल्ड्रेनद्वारा विश्वव्यापी रूपमा नेतृत्व गरिएको शिक्षा समूहले आपत्कालीन अवस्थामा शिक्षा क्षेत्रभित्रका विश्वसनीयता, तयारी अवस्था तथा प्रतिकार्यप्रतिको प्रतिबद्धताको प्रतिनिधित्व गर्दछ । शिक्षा समूह आपत्कालीन अवस्थामा राज्यहरूलाई शैक्षिक आवश्यकताहरू निर्धारण र तिनीहरूको समन्वयात्मक ढङ्गले संयुक्त रूपमा प्रतिक्रिया दिनका लागि प्रमुख समन्वय गर्ने माध्यम हो । Inee न्यूनतम मापदण्डहरू गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि ढाँचा प्रदान गर्न आधारभूत साधन हुन् । विश्वव्यापी शिक्षा समूह तथा राज्यस्तरीय शिक्षा समूहले मापदण्डहरूलाई निम्नलिखित कार्यका लागि प्रयोग गर्दछन्ः

- समूह समन्वयको गुणस्तरमा सुधार ल्याउन, अन्तरनिकाय वार्तालापमा सहयोग पुऱ्याउन र साझा उद्देश्यहरूको विकास गर्न,
- संयुक्त आवश्यकता पहिचान र सम्बन्धित अनुगमन तथा मूल्याङ्कन लगायत तयारी अवस्था, जोखिम न्यूनीकरण र प्रतिक्रियाको योजना निर्माण र कार्यान्वयनमा सुधार गर्न,
- कर्मचारीहरू र साझेदारहरूलाई तालिम प्रदान गर्न तथा क्षमता निर्माणका प्रयासहरूमा सहयोग पुऱ्याउन,
- आर्थिक सहयोगका निवेदनहरूको ढाँचा बनाउने,
- समूह सदस्यहरू, दातृ निकायहरू र अन्य क्षेत्रहरूबीच अन्तरनिकाय संवादलाई प्रोत्साहन गर्ने,

थप जानकारीका लागि **http://oneresponn.info/global cluster/educaiton** हेर्नुहोस्

## Inee न्यूनतम मापदण्डहरूबारे बारम्बार सोधिने प्रश्नहरू

### Inee न्यूनतम मापदण्डहरूले सरकारका विद्यमान शैक्षिक मापदण्डहरूलाई टेवा दिन्छन् भनी हामी कसरी सुनिश्चित गर्दछौं ?

धेरै शिक्षा मन्त्रालयहरूले राष्ट्रिय शैक्षिक मापदण्डहरू विकास गरेका छन् । Inee ले शिक्षा कानुन र नीतिको परिभाषा गर्न र सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको व्यवस्था सुनिश्चित गर्न सरकारी कर्मचारीहरूको प्रमुख भूमिकाको सम्मान गर्दछन् र समर्थन गर्दछ । जसमा शरणार्थीहरू, आन्तरिक विस्थापितहरू र अल्पसङ्ख्यक समूहका सदस्यहरू पनि पर्दछन् । जहाँ राष्ट्रिय मापदण्डहरू छन्, ती मापदण्ड र Ineeका न्यूनतम मापदण्डबीचको कार्यक्षेत्र, मनसाय र विषयवस्तुबीचका अन्तरलाई विश्लेषण गरिनुपर्दछ । अनुभवले के देखाएको छ भने, Inee न्यूनतम मापदण्डहरू साधारणतया राष्ट्रिय मापदण्डहरूसँग मेल खान्छन् । तिनीहरू राष्ट्रिय मापदण्डहरूमा पुग्न तिनीहरूलाई परिपूर्ति गर्न र सघाउ पुऱ्याउन उपयोगी साधनहरू हुन् । तिनीहरूले आपत्कालीन अवस्थाहरूको विशेष परिस्थितिमा तिनीहरूको कार्यान्वयन र मार्गदर्शनका लागि रणनीतिहरू प्रदान गर्दछन्, जुन राष्ट्रिय नीति अथवा रणनीतिहरूमा पूर्णतया प्रतिकार्य नगरिएका हुन सक्दछन् ।

### Inee न्यूनतम मापदण्डहरूले उच्च मापदण्डहरू निर्धारण गर्दछन् -तिनीहरूलाई न्यूनतम किन भनिएको हो ?

किनभने Inee न्यूनतम मापदण्डहरू शिक्षा पाउने अधिकारमा आधारित छन् । थुप्रै कानुनी औपचारिक दस्तावेज र अन्तर्राष्ट्रिय मार्गदर्शन ती अधिकारभन्दा तल निर्धारण गर्न सकिँदैन । मापदण्डहरू उच्च देखिन सक्छन् किनभने तिनीहरूले अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका मानव अधिकारहरूका साथै राम्रा अभ्यासको बयान गर्दछन्, तर तिनीहरूले गुणस्तरीय शिक्षा तथा मानवीय सम्मानका लागि न्यूनतम आवश्यकताहरूलाई परिभाषित पनि गर्छन् ।

### आर्थिक र शैक्षिक स्रोतसाधनहरू सीमित भएको अवस्थामा के Inee न्यूनतम मापदण्डहरू प्रयोग गर्ने उपायहरू छन् ?

सीमित स्रोतसाधनहरू भएको अवस्थामा Inee न्यूनतम मापदण्डहरू तीन किसिमले उपयोगी हुन्छन् : पहिलो, मापदण्डका धेरै पक्षले बढी खर्च बिना नै राम्रा अभ्यासको बयान गर्दछन् । उदाहरणका लागि, सामुदायिक सहभागिता मापदण्डहरूमा बढी थप खर्चको कुनै आवश्यकता हुँदैन, तर तिनीहरूलाई लागू गर्दा मानवतावादी तथा शैक्षिक गुणस्तरमा सुधार आउन सक्दछ । यसले गर्दा दीर्घकालमा समय र स्रोतको बचत गर्न सहयोग हुन जान्छ र बढी स्थायी सकारात्मक प्रभावहरूमा योगदान पुग्न सक्दछ । दोस्रो, Inee न्यूनतम मापदण्डहरूलाई आपत्कालमा र सुधारको अवस्थामा शिक्षाका लागि थप र बढी प्रभावकारी सहयोगमा प्रयोग गर्न सकिन्छ । तेस्रो, Inee न्यूनतम मापदण्डहरूको प्रयोगले शिक्षा अधिकारीहरू र अन्य सङ्गठनहरूले कुनै प्रतिक्रियाको प्रारम्भमा राम्रा निर्णयहरू गर्दछन् र कमजोर किसिमले निर्माण गरिएको कार्यक्रम वा प्रणालीलाई सुधार गर्नुपर्ने खर्चबाट तिनीहरू जोगिन्छन् भन्ने कुरा सुनिश्चित गर्दछ ।

# १ आधारभूत मापदण्डहरू

# आधारभूत मापदण्डहरू

## सामुदायिक सहभागिता

### मापदण्ड १ सहभागिता
समुदायका सदस्यहरूले भेदभाव नगरी शैक्षिक प्रतिकार्यका कार्यक्रमको विश्लेषण, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सक्रिय र पारदर्शी सहभागिता जनाउँछन् ।

### मापदण्ड २ स्रोतहरू
उमेर सुहाँउदा सिकाइका अवसर सुनिश्चित गर्न सामुदायिक स्रोतहरूको पहिचान्, परिचालन र उपयोग गरिन्छन् ।

## समन्वय

### मापदण्ड १ समन्वय
गुणस्तरीय शिक्षाको पहुँच र निरन्तरताका लागि सरोकार-वालाहरूलाई सहयोग गर्न उपयुक्त समन्वय संयन्त्रको व्यवस्था

## विश्लेषण

### मापदण्ड १ लेखाजोखा
उचित समयभित्रै सङ्कटकालीन अवस्थाको साङ्गोपाङ्ग, पारदर्शी तथा सहभागितामूलक ढङ्गले लोखाजोखा गरिएको छ ।

### मापदण्ड २ प्रतिकार्यका रणनीति
शैक्षिक अधिकार हासिल गर्ने परिवेश तथा बाधा अड्चन र तिनको निराकरणका रणनीतिको स्पष्ट व्याख्यासहितको समावेशी रणनीति

### मापदण्ड ३ सहभागिता
शैक्षिक प्रतिकार्य कार्यकलाप तथा प्रभावित जनसमुदायको बढ्दो सिकाइ आवश्यकताको नियमित अनुगमन

### मापदण्ड ४ अनुगमन
पद्धतिगत र निष्पक्ष मूल्याङ्कनले शैक्षिक प्रतिकार्य क्रियाकलाप तथा उत्तर दायित्व वहनमा सुधार ल्याउँछन् ।

यस परिच्छेदमा मापदण्डको विस्तृतीकरण गरिएको छ, जुन देहायअनुसार छन्:

- सामुदायिक सहभागिता : सहभागिता र स्रोत,
- समन्वय
- विश्लेषण: परीक्षण, प्रतिकार्यका रणनीति, अनुगमन र मूल्याङ्कन

आपत्कालका शैक्षिक आवश्यकताको प्रभावकारी प्रतिकार्य गर्ने सम्बन्धमा माथि उल्लेख गरिएका मापदण्डहरूको ठूलो महत्व छ । यिनीहरू शिक्षाको पहुँच र सिकाइ वातावरण, शिक्षण र सिकाइ, शिक्षक तथा शिक्षाकर्मी एवं शिक्षा नीतिमा मापदण्ड प्रयोगका आधार हुन् ।

आपत्कालीन शैक्षिक प्रतिकार्यको प्रभावकारिता समुदायका सदस्यहरूको निर्णय प्रक्रियामा हुने सहभागितामा निर्भर गर्दछ । सामुदायिक सहभागिताले मानिसलाई निर्णय प्रक्रियामा भाग लिन तथा शैक्षिक मुद्दाहरूका सम्बन्धमा आवश्यक कार्य गर्न सशक्तीकरण गराउँछ । सामुदायिक सहभागिता र स्वामित्वले जवाफदेहिताको प्रवर्द्धन, स्थानीय स्रोत-साधनको पारदर्शी परिचालन तथा शैक्षिक सेवाहरूको दीर्घकालीन व्यवस्थापनमा मद्दत गर्दछन् । सामुदायिक सहभागिताले शिक्षाका स्थानीय मुद्दाहरूको पहिचान गर्न र तिनको प्रतिकार्यका उपायहरू पत्ता लगाउन सघाउ पुग्छ । यसबाट स्थितिको लेखाजोखा, योजना निर्माण, कार्यान्वयन, व्यवस्थापन तथा अनुगमन जस्ता क्रियाकलापमा हुने सामुदायिक सहभागिताले शैक्षिक प्रतिकार्यका प्रावधानको उपादेयता तथा प्रभावकारिता सुनिश्चित गर्नमा ठूलो मद्दत पुग्दछ ।

सामुदायिक सहभागिताअन्तर्गत समुदायका सदस्यहरूको क्षमता विकास गर्ने र सञ्चालित अवस्थालाई नै सुधार गर्दै अगाडि बढ्ने कुराहरू पर्दछन् । यस कार्यमा समुदायको क्षमता तथा सक्षम बालबालिका तथा युवाहरूको सहभागिताको ठूलो महत्व रहन्छ । सहभागिताको मात्रा तथा स्वरूप धेरै प्रकारका हुन सक्छन् । साङ्केतिक सहभागिताअन्तर्गत उपलब्ध सेवाको उपयोग गर्ने कुरादेखि अरुले जे निर्णय गऱ्यो त्यसैलाई शिरोधार्य गर्नेसम्म पर्दछन् । पूर्ण सहभागिता भन्नाले पूरा समय दिएर निर्णय प्रक्रिया, योजना निर्माण, एवम् शैक्षिक कार्यकलापहरूको कार्यान्वयनमा प्रत्यक्ष संलग्नता जाहेर गर्ने कुराहरू पर्दछन् । शैक्षिक प्रतिकार्यको गुणस्तरीयता र दिगोपनका लागि साङ्केतिक सहभागिता मात्रै पर्याप्त नहुने कुरा अनुभवसिद्ध छ । अक्सर आपत्कालीन परिस्थितिमा पूर्ण एवं समावेशी सहभागिता हासिल गर्न कठिन हुने भए पनि यो अपरिहार्य छ ।

सबैका लागि शिक्षाका अधिकार सुनिश्चित गर्ने जिम्मेवार शिक्षाका निकायहरूले आपत्कालीन शैक्षिक प्रतिकार्यका गतिविधिहरूको समन्वयकारी नेतृत्व गर्नुपर्दछ । शिक्षाका निकाय, नागरिक समाज तथा स्थानीय निकायहरूका भूमिका निर्वाहमा सहयोग जुटाउने एवम् तिनको क्षमता अभिवृद्धिगर्ने कार्यको नेतृत्व अन्तर्राष्ट्रिय मानवतावादी सरोकारवालाहरूले लिनुपर्दछ । शिक्षाका निकायहरूमा क्षमताको अभाव देखिएमा शिक्षा समूह (Education Cluster Group) वा क्षेत्रीय समन्वयकारी समूह जस्ता अन्तर निकाय समन्वय समितिसँग सम्झौता गरेर तिनलाई नेतृत्वदायी भूमिका प्रदान गर्न सकिन्छ । शैक्षिक प्रतिकार्यका गतिविधि समयोचित, पारदर्शी, परिणाममुखी र पीडित समुदायप्रति जवावदेहितापूर्ण हुनुपर्दछ ।

शैक्षिक प्रतिकार्यको प्रभावकारिता बढाउन र तिनले कसैलाई हानि गर्दैनन् भन्ने कुरा सुनिश्चित गर्न स्थानीय परिवेश तथा आपत्कालजन्य परिस्थितिको समुचित विश्लेषण र अध्ययन हुनु आवश्यक छ । शिक्षा क्षेत्रको विश्लेषण गर्दा अन्य मानवतावादी क्षेत्रहरूसँग सहकार्य गरिनु जरुरी हुन्छ । विश्लेषणको उद्देश्य सङ्कटको प्रकृति, तिनका कारण र समुदायलाई पार्ने प्रभाव तथा राज्यका निकायहरूमा तिनका वैधानिक एवम् मानवीय दायित्व पूरा गर्न सक्ने क्षमताको

छानबिन गर्नु हो । विश्लेषण गर्दा विद्यमान आर्थिक अवस्था, धार्मिक एवं स्थानीय मान्यता, सामाजिक रीतिरिवाज एवं लैङ्गिक सम्बन्ध, राजनीतिक एवं सुरक्षासम्बन्धी पक्ष, प्रतिकार्यका संयन्त्र तथा अपेक्षित भविष्यको विकासलाई समेत दृष्टिगत गर्नु आवश्यक छ । विश्लेषणले प्रभावित जनता एवं संस्थाहरूका अवस्था, आवश्यकता, अधिकार तथा क्षमताका साथै सबै सिकारुका सिकाइ आवश्यकताको प्रतिकार्य गर्न चाहिने स्रोतसाधनको उपलब्धता तथा मौजुदा सेवा सुविधामा कमी-कमजोरीको पूर्ण छानबिन हुनु जरुरी छ । साथै यस्ता विश्लेषणले समुदायमा विद्यमान समस्याको पहिचान र निराकरणका लागि चाहिने सीपका किसिम, मात्रा र थप क्षमता विकासका आवश्यकताको समेत पहिचान गर्नुपर्दछ ।

आपत्कालको प्रारम्भदेखि अन्त्यसम्म सबै चरणका सूचनाको सङ्कलन तथा विश्लेषण आवश्यक रहन्छ । सूचना पारदर्शी, सबैका लागि उपलब्ध र विषयगत रूपले छुट्याइएको हुनुपर्दछ । सूचनाको सङ्कलन र विश्लेषणले कहिलेकाहीँ अनाहकमा द्वन्द्व र अस्थिरता चर्काउने सम्भावना रहने हुँदा त्यस्ता पक्षमा विशेष सावधानी अपनाउनु जरुरी हुन्छ । शैक्षिक प्रतिकार्य कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन हुनुका साथै गतिशील शैक्षिक आवश्यकताको समावेशी एवं पारदर्शी पहिचान हुनु जरुरी छ । भावी कार्यक्रमका उपादेयता अभिवृद्धिको उद्देश्यले सञ्चालित कार्यक्रमबाट उपलब्ध अनुभवलगायत अनुगमन एवं मूल्याङ्कनका प्रतिवेदनहरूको व्यापक आदान प्रदान हुनु आवश्यक छ ।

## सामुदायिक सहभागिता मापदण्ड १: सहभागिता

समुदायका सदस्यहरूले भेदभाव नगरी शैक्षिक प्रतिकार्यका कार्यक्रमको विश्लेषण, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सक्रिय र पारदर्शी सहभागिता जनाउँछन् ।

**मुख्य कार्य** (यी बुँदाहरूलाई मार्गदर्शक टिपोटसँगै राखेर पढ्नुपर्ने छ)

- सबैका लागि शिक्षाका सुरक्षित, प्रभावकारी तथा समन्यायिक अवसर सुनिश्चित गर्ने क्रममा शैक्षिक कार्यक्रमहरूको तर्जुमा तथा प्राथमिकता निर्धारण कार्यमा समुदायका सदस्यहरूको व्यापक तथा सक्रिय सहभागिता रहन्छ (मार्गदर्शक टिपोट १-४ हेरौँ)
- सामुदायिक शिक्षा समितिमा प्रभावित जनसमुदायको व्यापक प्रतिनिधित्व छ । (मार्गदर्शक टिपोट १-४ हेरौं)
- शैक्षिक क्रियाकलापको विकास, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा बालबालिका तथा युवाहरू सक्रियताका साथ भाग लिन्छन् (मार्गदर्शक टिपोटहरू ५ हेरौं)
- शैक्षिक क्रियाकलापको सामाजिक परीक्षण, संयुक्त बजेटको समीक्षा, स्थिति विश्लेषण, विपत्जन्य जोखिम तथा द्वन्द्व न्यूनीकरणमा समुदायको व्यापक सहभागिता रहन्छ । (मार्गदर्शक टिपोट ६ हेरौं)
- समुदायका सबै सदस्यहरूका लगि तालिम तथा क्षमता विकासका अवसरहरू उपलब्ध छन् । (मार्गदर्शक टिपोट ७ हेरौं)

**मार्गदर्शक टिपोट:**

१. **समुदायको समावेशी सहभागिता:** शिक्षाका सम्बद्ध निकाय तथा अन्य सरोकारवालाहरूले शैक्षिक प्रतिकार्यका कार्यक्रमहरूको लेखाजोखा, विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सामुदायिक सहभागिता सुनिश्चित गर्नुपर्दछ । सहभागितामा प्रभावित समुदायका कुनै पनि सदस्यलाई उमेर, लिङ्ग, जाति, धर्म, यौनिकता, अपाङ्गता, एचआईभी सङ्क्रमणका अवस्था आदि कारणले निषेध गर्न हुँदैन ।

शिक्षाका निकाय तथा सम्बद्ध सरोकारवालाहरूले समुदायलाई निम्नलिखित कुराको पहिचानमा सहभागी गराउनुपर्दछ :

- सबै सिकारुका शैक्षिक आवश्यकता,
- स्थानीय रूपमा उपलब्ध आर्थिक, भौतिक तथा मानवीय स्रोत,
- बालबालिका, युवा तथा प्रौढहरूबीच विद्यमान र बदलिँदो सम्बन्ध,
- समुदायभित्रको शक्ति सन्तुलन, तथा विभिन्न भाषिक समूहबीचका सम्बन्ध र बहिष्करणको जोखिममा पर्न सक्ने समुदायको पहिचान ।
- सुरक्षासम्बन्धी मुद्दा, सरोकार र चुनौती,
- शिक्षण संस्था, कर्मचारीवर्ग तथा सिकारुहरूलाई यौनजन्य हिंसालगायत सम्भावित आक्रमणबाट जोगाउने उपायहरू,
- स्थानीय जोखिम, विद्यालय तथा सिकाइका अन्य सुरक्षित स्थान तथा विपत् न्यूनीकरणका स्थानीय उपायहरू,
- शैक्षिक प्रतिकार्यका सबै पक्षमा समुदायका स्वास्थ्यसम्बन्धी मुख्य चुनौती लगायत जीवन रक्षा तथा तथा द्वन्द्वसम्बन्धी सन्देशहरूलाई एकीकृत गर्ने उपायको खोजी ।

परिवार, समुदाय तथा विद्यालय एवं अन्य सिकाइ स्थलहरूबीच सम्बन्ध सुदृढीकरण

समावेशी, सहभागितामूलक तथा सरसल्लाह गरी गरिनुपर्दछ ।
(निम्नलिखित मार्गदर्शक टिपोटहरू २-३ पनि हेर्नुहोस् विश्लेषण मापदण्ड-१, मार्गदर्शक टिपोटहरू ३ पाना ३२-३३, विश्लेषण मापदण्ड-२, मार्गदर्शक टिपोटहरू ५ पाना ३८, विश्लेषण मापदण्ड-३, , मार्गदर्शक टिपोटहरू १-३ पाना ४०-४२, तथा विश्लेषण मापदण्ड-४, मार्गदर्शक टिपोटहरू ३-४ पाना ४४, पनि हेर्नुहोस्, विश्लेषण मापदण्ड-२, )

२. **सामुदायिक शिक्षा समिति:** समुदायका सबै सिकारुहरूका अधिकार, तिनका शैक्षिक आवश्यकताको पहिचान र प्रतिकार्य गर्न समुदायले बनाएको समिति हो सामुदायिक शिक्षा समिति । शिक्षक अभिभावक सङ्घ अथवा विद्यालय व्यवस्थापन समिति आदि सामुदायिक शिक्षा समितिका वैकल्पिक नाम हुन् । यसले समुदायलाई तालिम तथा क्षमता विकासका कार्यक्रममार्फत वा शिक्षाका सम्बद्ध निकाय एवं सरोकारवालाहरूसँग सम्पर्क स्थापित गरी शैक्षिक कार्यक्रमको सफल सञ्चालनमा समुदायलाई सहयोग गर्दछ । अतः सामुदायिक शिक्षा समिति नरहेको परिस्थितिमा त्यसको गठनका लागि प्रोत्साहित गरिनु आवश्यक हुन्छ (मार्गदर्शक टिपोट ३ र ७ हेर्नुहोस्) ।
सामुदायिक शिक्षा समितिमा देहायका पक्षहरूको प्रतिनिधित्व हुनुपर्दछ :

- विद्यालय प्रशासक, शिक्षक र कर्मचारीहरू,
- अभिभावक एवं स्याहारकर्ताहरू,
- बालबालिका तथा युवाहरू,
- नागरिक समाजका सदस्यहरू,
- स्थानीय गैर सरकारी संस्था एवं धार्मिक संस्थाका प्रतिनिधिहरू,
- स्थानीय नेताहरू,
- स्वास्थ्य कार्यकर्ताहरू ।

यस्ता समितिमा सङ्कटग्रस्त समूहको प्रतिनिधित्व अनिवार्य हुन्छ । सामुदायिक शिक्षा समितिका सदस्यहरूको चयन गर्दा महिला, पुरुष तथा बालबालिका सबैको समान सहभागिता सुनिश्चित गरिनुपर्दछ ।

जटिल आपत्कालीन अवस्थामा, संस्कृति, धर्म तथा जातजातिका आधारमा विभेदको सम्भावना रहने हुँदा सामुदायिक शिक्षा समितिले सबै पक्षसँग मिलेर काम गर्नुपर्दछ । प्रमुख लक्ष्य समावेशीकरण भए पनि व्यक्ति तथा समूहको सुरक्षालाई पहिलो प्राथमिकता प्रदान गर्दै सबैलाई सुरक्षित, निष्पक्ष तथा उपयुक्त रूपले शिक्षा प्रदान गर्ने लक्ष्य लिनुपर्दछ । समितिसँग बदलिँदो सामाजिक-आर्थिक तथा राजनीतिक सन्दर्भको प्रत्यक्ष ज्ञान हुनुपर्दछ र तिनले सबै तहका निर्णयकर्ताहरूसँग सञ्चार कायम राख्न पाउनुपर्दछ । (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट ३ पाना ३२-३३ हेर्नुहोस्)

३. **सामुदायिक शिक्षा समितिका सदस्यहरूको काम कर्तव्य र अधिकार:** सामुदयिक शिक्षा समितिका काम कर्तव्य र अधिकारहरू स्पष्ट रूपमा परिभाषित हुनुपर्दछ । यसमा देहायका कुराहरू रहन सक्छन् :

- समसामयिक मुद्दा तथा सरोकारका विषयमा छलफल गर्न नियमित बैठक,
- बैठकले गरेका निर्णयहरूको आभिलेखन,
- समुदायका नगदी तथा जिन्सी योगदानको परिचालन,
- मैजुदा शैक्षिक कार्यक्रमहरूबाट सहभागीहरूका आवश्यकता एवं अधिकारको सम्मान हुने कुरा सुनिश्चित गर्न उमेर एवम् सांस्कृतिक रूपले स्वीकार्य उपायहरू निर्धारण गर्ने, जस्तै स्थानीय परिवेश प्रतिविम्बित गर्ने लचिला तथा सिकारुका उमेर एवं

आवश्यकता अनुरूप पाठ्यक्रम तथा शैक्षिक कार्यक्रम ।
- सामुदायिक, स्थानीय तथा राष्ट्रिय स्तरका निकाय एवं समुदाय बाहिरका निर्णयकर्ताबीच सम्बन्ध सुदृढीकरणका लागि आपसी सञ्चारलाई सक्रिय राख्ने,
- शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्ने जिम्मेवार पक्षको जवाफदेहिता सुनिश्चित गर्ने,
- शिक्षण र सिकाइका गुणस्तर सुनिश्चित गर्न शैक्षिक प्रावधानहरूको अनुगमन गर्ने,
- सिकाइका अवसर पाएका र नपाएकाको छुट्टाछुट्टै सूचना सङ्कलन र अनुगमन गर्ने,
- विद्यालय आउजाउ गर्ने क्रममा विद्यार्थी, शिक्षक एवं कर्मचारीहरूलाई सम्भावित आक्रमणबाट बचाउन सुरक्षा प्रबन्धको सुदृढीकरण गर्ने,
- शैक्षिक प्रावधानहरूमा विपत्जन्य जोखिम न्यूनीकरणका उपायहरूको समावेश गर्ने,
- समुचित मनोवैज्ञानिक सल्लाह सेवाको प्रावधान गर्ने,
  (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोटहरू ३ पाना ३२-३३ पनि हेर्नुहोस्)

४. **स्थानीय शिक्षा कार्ययोजना:** शिक्षाका स्थानीय निकाय, समुदाय र सामुदायिक शिक्षा समितिका सदस्यहरूले सहभागितामूलक योजना प्रणालीको अवलम्बन गरी समुदायमा आधारित शिक्षा योजनाको निर्माण गर्नुपर्दछ र त्यसले सङ्कट प्रभावित समुदायका आवश्यता, अधिकार, सरोकार तथा मूल्य-मान्यताहरूलाई प्रतिविम्बित गर्नुपर्छ । समुदायमा आधारित शिक्षा योजना राष्ट्रिय योजनामा आधारित हुनुपर्दछ र औपचारिक तथा अनौपचारिक शिक्षाका गुणस्तर वृद्धिका सम्बन्धमा यसले राष्ट्रिय योजनाका निर्देशन पालना गर्नुपर्छ । शैक्षिक कार्य योजनाको उद्देश्य शिक्षाको निरन्तरता हुनुपर्दछ । कार्य योजनामा देहाएका कुराहरू पर्दछन्:
- शिक्षण र सिकाइ वातावरणको साझा अवधारणा निर्माण, सम्पादन गरिने कार्यकलाप, सूचक, लक्ष्य तथा कार्यसम्पादनका समय सीमाको किटान,
- द्वन्द्व तथा विपत्जन्य जोखिम न्यूनीकरणका उपायहरू समावेश गरिएको परिवेशसापेक्ष पाठ्यक्रमको कार्यान्वयन,
- शिक्षक तथा कर्मचारीहरूको छनोट, नियुक्ति, सुपरिवेक्षण तथा तालिमसम्बन्धी कार्यविधिको निर्धारण,
- शिक्षा विभेदरहित, सर्वसुलभ, पहुँचयोग्य, लिन सकिने र स्वीकार्य हुनुपर्दछ भन्ने मानव अधिकारका मान्यता अनुरूप साझा अवधारणाको निर्माण,
- सुरक्षित र सहयोगात्मक सिकाइ वातावरणको निर्माणलाई प्राथमिकता प्रदान गर्न साझा प्रतिबद्धता निर्माण गर्ने,
- शिक्षाका अधिकार संरक्षण गर्ने जिम्मेवार निकाय तथा अन्य सम्बद्ध सरोकारवालाहरूका काम, कर्तव्यहरू र उत्तरदायित्वहरू सुस्पष्ट परिभाषित गर्ने । यस भित्र स्रोत-साधनको परिचालन, भौतिक पूर्वाधारहरूको मर्मत सम्भार तथा विकास र खाद्य सुरक्षा, स्वास्थ्य, पोषण, पानीको वितरण तथा सरसफाइलगायत अन्य निकायहरूसँग समन्वय कायम गर्ने जस्ता कुराहरू पर्दछन् ।

बृहत् सामुदायिक सहभागिता सुनिश्चित गर्न कार्ययोजनामा सामुदायिक अनुगमन तथा मूल्याङ्कनका प्रावधानहरू समावेश गरिनुपर्दछ (समन्वय मापदण्ड १, पाना २८-३०, विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट ३, पाना ३२-३३ , शिक्षक र शिक्षाकर्मी मापदण्ड २ पाना ८४-८५, शिक्षा नीति मापदण्ड २ मार्गदर्शक टिपोट ३ पाना ९६-९७ , तथा स्फेयर का मापदण्डहरू पानी वितरण, सरसफाइ र स्वास्थ्य प्रवर्द्धन, खाद्य सुरक्षा तथा पोषण र स्वास्थ्य कार्यका अध्यायहरू पनि हेर्नुहोस्) ।

५. **शैक्षिक कार्यकलापहरूमा बालबालिका तथा युवाहरूको सहभागिता:** शिक्षाको विकास, व्यवस्थापन तथा जीवनलाई प्रभावित पार्ने विषयमा बालबालिका तथा युवाहरूका आवजको उचित सुनुवाइ उनीहरूको नैसर्गिक अधिकार हो । बालबालिका तथा युवाहरूका रचनात्मक संवादलाई सम्मान प्रदान गर्नका लागि उनीहरूसँग सुरक्षित र सौहार्द्रपूर्ण वातावरणमा छलफलका लागि आमन्त्रण गरिनुपर्दछ । बालबालिका तथा युवाहरूका सांस्कृतिक अभिव्यक्तिको प्रोत्साहनका लागि कला, सङ्गीत र नाटक जस्ता माध्यमहरूको प्रावधान राखिनुपर्दछ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १ र ६ पाना ९२-९३ र ९५ पनि हेर्नुहोस्) ।

बालबालिका, युवा एवं तिनका परिवारजनहरूलाई तिनका संवेगात्मक तथा सामाजिक हितको संरक्षण गर्न तथा आत्मरक्षा गर्ने सीप सिकाइनुपर्दछ । सङ्कटकालपछि विद्यालय छोडेकालाई पहिचान गरी तिनलाई पुनः विद्यालयमा फर्काएर ल्याउनमा बालबालिका तथा युवाहरू ज्यादै उपयोगी हुन सक्छन् । तिनले घाईते तथा अपाङ्गता भएका साथीहरूलाई शैक्षिक अवसरमा पहुँच दिलाउनमा पनि मद्दत गर्न सक्छन् । क्षमता विकासका कार्यक्रमहरूले शान्ति स्थापना गर्ने एवं द्वन्द्व र विपत्हरूका कारणको प्रतिकार्य गर्न विपत् पीडीतका व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनमा जोड दिनु पर्दछ । उदाहरणका लागि तालिममार्फत् बालबालिका तथा युवाहरूलाई सिकाइवातावरणमा हुने दुराचारबारे खवर संप्रेक्षण गर्न, त्यस्ता कुरा रोक्ने तथा साथीहरूबीच मध्यस्थता गरेर द्वन्द्व समाधानमा भाग लिने जस्ता क्षमताको विकास गर्न सकिन्छ (निम्न मार्गदर्शक टिपोट ७, पहुँच र सिकाइ वातावरण मापदण्ड २, पाना ५३-५८, शिक्षकहरू तथा कर्मचारीहरू मापदण्ड ३, मार्गदर्शक टिपोट ५-६, पाना ८७ पनि हेर्नुहोस्) ।

सामग्रीहरूको वितरण तथा आश्रय स्थल निर्माण गर्ने जस्ता काममा बालबालिका तथा युवाहरूलाई सरिक गराउनाले तिनलाई सामुदायिक योजना निर्माण र कार्यान्वयनमा सहभागि हुने अवसर मिल्दछ । यस्ता अवसरले युवा तथा बालबालिकालाई आपराधिक अथवा सशस्त्र समूहमा संलग्न हुनुको सकारात्मक विकल्प मिल्दछ । यस्ता कुराको पर्याप्त मनोबैज्ञानिक फाइदा हुनुका साथै बृहत् समुदायलाई युवाहरूका योगदानको कदर गर्न सिकाउँछ । युवा तथा बालबालिकाहरूलाई सीप तथा जीविकोपार्जन सम्बन्धी तालिमका योजना निर्माण तथा अनुगमन एवम् मूल्याङ्कनमा सहभागी गराउँनाले तिनमा त्यस्ता कार्यक्रमहरू तिनका बर्तमान एवम् भावि आवश्यकता अनुरूप भए नभएको निरूपण गर्ने क्षमता वृद्धि हुन्छ । बालिका तथा युवतिहरूका आवाजको सुन्वाई सुनिश्चित गर्न उनीहको सहभागितामा बिशेष प्रोत्साहन गरिनु पर्दछ किनकि तिनका शैक्षिक पहुच तथा आवश्यकता पुरुषहरूका भन्दा भिन्न हुन सक्छन् (सीप संजाल (SEEP Network) को सङ्कटावस्था पछि आर्थिक सुधारका लागि न्यूनतम मापदण्डहरू (Minimum Standards for Economic Recovery after Crisis), रोजगार सृजना तथा व्यवसाय विकासका मापदण्डहरू पनि हेर्नुहोस्) ।

६. **सामाजिक परीक्षण:** सामाजिक परीक्षण भनेको शैक्षिक कार्यक्रमको सामुदायिक मूल्याङ्कन हो । यसको प्रयोजन देहायका कुरामा हुनसक्छ :

- कार्यक्रमका लागि उपलव्ध मानवीय संसाधन, रकम र भौतिक सामग्रीहरूको लेखाजोखा गर्न,
- कार्यक्रममा देखा परेका कमी कमजोरीको पहिचान गर्न,
- कार्यक्रमका प्रभावकारिता अनुगमन गर्न ।

आपत्कालको प्रारम्भमा अथवा मध्यमा सामाजिक परीक्षण सम्भव नहुन सक्दछ । तथापि, दीर्घकालीन अथवा सुधारका प्रारम्भिक सन्दर्भमा सामाजिक परीक्षणले समुदायलाई शैक्षिक कार्यक्रमहरूको प्रभावकारी ढंगले अनुगमन गर्न तथा उल्लंघन गरिएका अधिकारको अभिलेखन गर्ने क्षमता विकास गर्ने अवसर प्रदान गर्दछ । खासगरी औपचारिक वा अनौपचारिक शिक्षामा नरहेका युवाहरूलाई सामाजिक परीक्षणमा सहभागी गराउनु वाञ्छनी हुन्छ । तर सामाजिक परीक्षणका प्रतिवेदन समुदायका सदस्य तथा सम्बन्धित निकायहरूबीच आदान प्रदान गरिनु अनिवार्य हुन्छ (विश्लेषण मापदण्ड ४ पाना ४३-४४ मा पनि हेर्नुहोस्) ।

७. **क्षमता विकास:** क्षमता विकासका कार्यक्रमले मानिस र तिनका संगठनका उद्देश्य प्राप्तिका लागि आवश्यक ज्ञान, क्षमता, सीप तथा व्यवहारलाई सुदृढ गराउँछ । कार्यक्रमका योजना तर्जुमा तथा कार्यान्वयनका लागि आवश्यक शिक्षक, कर्मचारी तथा पाठ्यक्रम विज्ञहरूको छनौट सकेसम्म प्रभावित क्षेत्रबाटै गर्ने प्रयास गरिनु राम्रो । स्थानीय तहमा आवश्कता अनुसारका विज्ञहरू नपाइएका खण्डमा वा शिक्षा प्रणालीको पुनस्थापनामा सहयोग गर्न असक्षम भए वा त्यसो गर्न नचाहेका खण्डमा समुदायका सदस्यहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । यसका लागि समुदायका पुरुष, महिला, बालबालिका, युवा, प्रौढ तथा सङ्कटापन्न समूहका क्षमता तथा आवश्यकताको छानबीन गर्नु जरुरी छ । कस्ता किसिमका क्षमता विकासको आवश्यकता छ भन्ने सवालको निरूपणका लागि तालिम तथा क्षमता विकास कार्यक्रमहरूले समुदायमा विद्यमान क्षमताको छानविन गर्नपर्ने हुन्छ । यस्ता क्रियाकलापले समुदायमा कार्यक्रम प्रति स्वमित्वबोध हुन्छ र तिनको शैक्षिक कार्यक्रम सञ्चालन गर्न तथा अन्य क्षेत्रसँग समन्वय कायम गर्ने क्षमता बढ्छ ।

## सामुदायिक सहभागिता मापदण्ड २:
## स्रोतहरू

उमेर सुहाँउदा सिकाइका अवसर सुनिश्चित गर्न सामुदायिक स्रोतहरूको पहिचान्, परिचालन र उपयोग गरिन्छन् ।

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटहरूसंगै पढिनु पर्ने)

- गुणस्तरीय शिक्षामा पहुँच वृद्धिका लागि समुदाय, शिक्षा कर्मचारीहरू तथा सिकारुहरूले स्थानीय स्रोतहरू पहिचान र परिचालन गर्दछन् (मार्गदर्शक टिपोट १-३ हेर्नुहोस्) ।
- शिक्षाका निकाय, स्थानीय समुदाय र मानवीय सरोकारवालाहरूले समुदायका ज्ञान र सीपको पहिचान गरी विद्यमान क्षमताको अधिकतम प्रयोग गर्न शैक्षिक कार्यबक्रमहरूको तर्जुमा गर्दछन् (मार्गदर्शक टिपोट ४.५ हेर्नुहोस्) ।
- राष्ट्रिय अधिकारीहरू, स्थानीय समुदाय र मानवताबादी सरोकारवालाहरूले विपत्जन्य जोखिम र द्वन्द्वको न्युनीकरणसम्बन्धी विषयवस्तु समाविष्ट शिक्षाको विकास र कार्यान्वयनका लागि उपलब्ध स्थानीय स्रोतको उपयोग गर्दछन् (मार्गदर्शक टिप्पण ५ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोटहरू**

१. **सामुदायिक स्रोत** अनतर्गत समुदायमा उपलब्ध मानवीय, बौद्धिक, भाषिक, मौद्रिक तथा भौतिक स्रोतहरू पर्दछन् । शैक्षिक प्रतिकार्यका कार्ययोजनाको निर्माण र विकास गर्दा स्थानीय तहमा उपलव्ध स्रोतहरूको पहिचान गरी तिनले शिक्षामा दिनसक्ने योगदानका प्रकार र हदको विश्लेषण हुनु जरुरी छ ।

    सामुदायिक स्रोतको मतलव सरकारी दायित्वको समाप्ति भने होइन, यसलेत शिक्षण सिकाइको सुरक्षा, पहुच र गुणस्तरको अभिवृद्धिमा मद्दत गर्ने हो । प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय तथा अन्य सिकाइस्थलको निर्माण तथा मर्मत सम्भारका लागि समुदायबाट निर्माण सामग्री तथा श्रम सहयोग आदिको योगदान प्राप्त हुन सक्छ । विद्यार्थी, शिक्षकहरू तथा सहजकर्ताहरू एवं स्याहारकर्ताहरूको शारीरिक, संवेगात्मक तथा सामाजिक सुरक्षाका लागि सामाजिक-मनोवैज्ञानिक सहयोग प्रदान गर्न सकिन्छ । सामुदायिक स्रोतको उपयोगबाट तलब तथा अन्य सुविधा प्रदान गरी शिक्षक उत्प्रेरणामा योगदान दिन सकिन्छ । पारदर्शिता तथा जबाफदेहिता सुनिश्चित गर्नका लागि सामुदायिक स्रोत परिचालनको अभिलेख राखिनु जरुरी छ । तर योगदानका नाममा कतै बालबालिकाहरूलाई क्षमताभन्दा बढी शारीरिक श्रम गराएको त छैन भन्ने कुरा सुनिश्चित गर्न नियमित अनुगमन गरिनुपर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड २ पाना ५३-५८ मा, पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोटहरू १-४ पाना ५९-६१ , तथा शिक्षानीति मापदण्ड २ मार्गदर्शक टिपोट ४ पाना ९७ मा पनि हेर्नुहोस्) ।

२. **पहुँच र सुरक्षाको प्रवर्द्धन गर्ने** : शिक्षा अधिकारीहरू, स्थानीय समुदाय तथा मानवतावादी सरोकारवालाहरूले सङ्कटग्रस्त बालबालिका तथा युवाहरूहको पहिचान गरी तिनलाई विद्यालयमा भर्ना गराउन तथा अन्य सिकाइ कार्यकलापमा नियमित पहुँच कायम गर्न सहयोग गर्नुपर्दछ । उदाहरणका लागि, महिला तथा युवा समूहहरूले गरिब परिवारहरूका बालबालिकाहरूलाई लुगा तथा बालबालिका स्वयम् घरमूली भएका परिवारहरूलाई खाद्य सामग्री वितरण गर्न सक्छन् । समुदायका सदस्यहरूले शिक्षाका अधिकारीहरूसँग मिलेर

विद्यालय, प्रारम्भिक बाल विकास केन्द्र तथा अन्य सिकाइस्थलहरू बालबालिका तथा युवाहरूका लागि सुरक्षित र भयमुक्त भए नभएको निरूपण गर्न सक्छन्, टाढा तथा एकान्त स्थलसम्म पुग्नका लागि सुरक्षित यातायातको व्यवस्था गर्न सक्दछन् । समुदायले अपाङ्गता भएका विद्यार्थीको विद्यालय पहुँचमा पाइएका अवरोध हटाउन सक्छन् । बालिका तथा अपाङ्गतायुक्त सिकारुको विद्यालयमा उपस्थिति बढाउन तथा अन्य विद्यार्थीबाट हुनसक्ने दुर्व्यवहारबाट सुरक्षा प्रदान गर्न समुदायका महिलाहरूले कक्षा सहयोगीको भूमिका निर्वाह गर्न सक्छन् । सांस्कृतिक वा सुरक्षा कारणले युवाहरू कम उमेरका बालबालिकासँग कक्षामा बस्न नसक्ने अवस्थामा समुदायले अनौपचारिक शिक्षा कार्यक्रमहरू, जस्तै : साथीभाइबाट सिक्ने व्यवस्था, प्राविधिक-व्यावसायिक शिक्षा र तालिम तथा साना उद्यम-व्यवसाय विकाससम्बन्धी तालिम सञ्चालनमा जोड दिन सक्दछन् । विपत् न्यूनीकरण शिक्षा, तयारी र सोको उपयुक्तताबारेका सूचना सङ्कलन, अध्ययन तथा तिनको आदान प्रदानका लागि पनि सामुदायिक स्रोतको उपयोग गर्न सकिन्छ । (मार्गदर्शक टिपोट ५, पहुँच र सिकाइ वातावरण मापदण्डहरू २-३ पाना ५३-६२, र 'सीप' संजाल 'आपत्काल पश्चात् आर्थिक पुनरुत्थानका लागि न्यूनतम मापदण्डहरू' उद्योग विकास मापदण्डहरू पनि हेर्नुहोस्) ।

३. **दीर्घकालका लागि :** शिक्षा कर्मचारी तथा समुदायका सदस्यहरूलाई स्रोत परिचालन तथा व्यवस्थापन, सरसुविधाको मर्मत-सम्भार, अपाङ्गताबारे चेतना तथा युवा र बाल- बालिकाहरूको सहभागिता सुनिश्चित गर्ने विशेष उपाय आदिका बारेमा दीर्घकालीन सोच राखेर तालिम प्रदान गरिनु पर्दछ ।

४. **सामुदायिक योगदानको मान्यता:** योजना तर्जुमा, कार्यक्रम निर्माण तथा प्रतिवेदनको तयारी आदि सबैमा सामुदायिक योगदानलाई ध्यानमा राखिनुपर्दछ । शैक्षिक पुनर्निर्माणमा समुदायका योगदानअन्तर्गत निर्माण सामग्री जस्ता कुराहरू पर्न सक्छन् स्थानीय सीप जस्ता नाप्न नसकिने गुणात्मक कुराहरू हुन सक्दछन् । सुदृढ सामुदायिक योगदानले स्वमित्वभावको विकास लगायत दीर्घकालीन प्रभाव पार्न सक्ने भए पनि यसबाट सरकारी अधिकारी वर्गको वैधानिक दायित्व समाप्त हुँदैन । बाह्य सहयोगले निरन्तरता पाइरहनुपर्दछ, केबल सामुदायिक योगदान मात्र पर्याप्त हुँदैन । दौंतरी तथा परिजनमार्फत उपलब्ध गराइने शिक्षा, सामुदायिक परिचालन तथा सामुदायिक विकासका प्रयत्नमा युवाहरूको सहभागितालाई प्रोत्साहित गरिनु जरुरी छ । खास गरी कार्यक्रमको तर्जुमा तथा आवश्यकताको पहिचानमा युवा समुदायको योगदान महत्वपूर्ण हुने गर्दछ ।

५. **स्थानीय क्षमता:** विपत् न्यूनीकरणका लागि शैक्षिक कार्यक्रमको विकास, द्वन्द्व समाधान अनुकूल परिमार्जन र समुचित सेवा प्रवाह व्यवस्थाका लागि स्थनीय क्षमता तथा सहयोगको सकारात्मक सुदृढीकरणका रणनीतिहरू अवलम्बन गरिनु आवश्यक छ ।

प्रतिकार्य कार्यक्रम स्रोत-साधनमा समुदायका विभिन्न समूहहरूको पहुँचमा असमानताको अवस्थाले विभाजन तथा वहिष्करणलाई बढावा दिन सक्छ । शिक्षा योजनाहरू अथवा कार्यक्रमहरूमा योगदान दिन असमर्थ पक्षको उपेक्षा हुने गरी व्यक्तिगत अथवा सामूहिक योगदानलाई प्रोत्साहन गरिनु र योगदान गर्न नचाहनेहरूप्रति भेदभाव गरिनु पनि हुँदैन (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट ३ पाना ३२-३३ र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ६ पाना ९५ मा पनि हेर्नुहोस्) ।

## समन्वय मापदण्ड: १
## समन्वय

गुणस्तरीय शिक्षाको पहुँच र निरन्तरताका लागि सरोकारवालाहरूलाई सहयोग गर्न उपयुक्त समन्वय संयन्त्रको व्यवस्था

**मुख्य कार्यहरू** (मार्गदर्शक टिपोटहरूसँगै पढिनुपर्ने)

- शिक्षाका अधिकार प्रत्याभूत गर्ने जिम्मेवार शिक्षा अधिकारीहरूले शिक्षाका अन्य सरोकारवालाहरूसँग समन्वय कायम राख्ने लगायत समग्र कार्यक्रमहरूको नेतृत्व लिनुपर्दछ (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- मूल्याङ्कन, योजना निर्माण, सूचना व्यवस्थापन, स्रोत परिचालन, क्षमता विकास तथा सचेतनाकरण जस्ता कार्यक्रमको नेतृत्व अन्तरनिकाय समन्वय समितिले गर्नुपर्दछ (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- समन्वय कार्यकलापहरूमा धेरै प्रकारका शैक्षिक कार्यक्रमहरू पर्दछन् (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- शैक्षिक क्रियाकलापको सहयोगार्थ शिक्षा अधिकारी, दाता, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैसस, स्थनीय समुदाय तथा अन्य सरोकारवालाहरूले आर्थिक सहयोगका संरचनाहरूको समयोचित, पारदर्शी, निष्पक्ष र समन्वयात्मक प्रयोग गर्दछन् (मार्गदर्शक टिपोटहरू २ हेर्नुहोस्) ।
- योजना तर्जुमा तथा प्रतिकार्य कार्यक्रमको समन्वयका लागि आवश्यक सूचनाको आदान-प्रदानका पारदर्शी संयन्त्र विद्यमान हुन्छन् (मार्गदर्शक टिपोटहरू ३-४ हेर्नुहोस्) ।
- शैक्षिक प्रतिकार्य कार्यक्रमका क्षमता तथा कमी-कमजोरी पहिचान गर्न संयुक्त मूल्याङ्कन सञ्चालन गरिन्छ (मार्गदर्शक टिपोट ४ हेर्नुहोस्) ।
- सबै सरोकारवालाहरू समन्याय, पारदर्शिता, जवाफदेहिता, र उत्तरदायित्वका सिद्धान्तप्रति सहमत छन् (मार्गदर्शक टिपोट ५-६ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोटहरू**

१. **अन्तरनिकाय समन्वय समिति** (Inter-agency coordination committee) शैक्षिक प्रतिकार्य कार्यक्रमको समग्र समन्वयकारी भूमिका निर्वाह गर्ने अन्तरनिकाय समन्वय समितिमा व्यापक प्रतिनिधित्वको आवश्यकता पर्दछ । यसको नेतृत्व शिक्षाका राष्ट्रिय निकायले गर्ने भए पनि स्थानीय अधिकारी तथा समूहहरूको समुचित प्रतिनिधित्वको आवश्यकता पर्दछ । तर शिक्षाका अधिकारीहरूमा क्षमता वा वैधानिकताको अभाव भएका अवस्थामा समझदारीका आधारमा नेतृत्व अन्य निकायहरूलाई पनि प्रदान गर्न सकिन्छ । विद्यमान शिक्षा समन्वय समूहले यसको नेतृत्व लिन सक्दछ वा IASC को समूह पद्धति सक्रिय भएका अवस्थामा शिक्षा समूह (Education Cluster Group) को गठन गरिनुपर्दछ । तथापि निर्णय प्रक्रियामा सम्बन्धित शिक्षा अधिकारीको प्रतिनिधित्व अनिवार्य रहन्छ । सङ्कटको प्रकृति हेरी राष्ट्रिय वा स्थानीय तहमा समन्वय समूहको आवश्यकता पर्न सक्छ । समन्वय समूहका सदस्यहरूको काम, कर्तव्य र दायित्व तिनका सेवा सर्तको कार्यविधिमा उल्लेख गरिनुपर्दछ (शिक्षा नीति मापदण्ड २, मार्गदर्शक टिपोट ३-४ पाना ९६-९७ हेर्नुहोस्) ।

प्रारम्भिक बाल विकास कार्यक्रम, प्राथमिक, माध्यमिक, अनौपचारिक, प्राविधिक, व्यावसायिक, उच्च तथा प्रौढ शिक्षा लगायत सबै तहका शैक्षिक कार्यक्रमहरू समन्वय समूहको कार्य क्षेत्रमा पर्दछन् ।

२. **स्रोत परिचालन:** आपत्कालमा दिइने शिक्षाको समयोचित र सफल कार्यन्वयनका लागि आपत्कालको प्रारम्भदेखि अन्त्यसम्म उल्लेख्य रकमको आवश्यकता पर्दछ । त्यसकारण स्रोत व्यवस्थापनका लागि UN Flash Appeals and Candidated Appeals Processes लगायत हरसम्भव समावेशी, पारदर्शी र समन्वयात्मक उपायहरूको अवलम्बन गरिनुपर्दछ । आपत्कालको उत्कर्षमा UN Central Emergency Repose Fund लगायत र अन्य यस्तै कोषहरूले शिक्षाका लागि सहयोग प्रदान गर्न सक्दछन् । स्रोतको पहुँचमा स्थानीय साझेदारहरूलाई सहजीकरण गरिनुपर्दछ ।

आपत्कालीन लगानी बन्दोबस्त गर्दा धान्न नसकिने नजिर कायम गर्नुभन्दा राष्ट्रिय तथा क्षेत्रीय श्रम बजारका अवस्था र परम्परालाई दृष्टिगत गरिनुपर्दछ । द्वन्द्वको अवस्थामा विभाजनलाई निरुत्साहित गर्ने उद्देश्यले राजनीतिक विश्लेषणका आधारमा स्रोतको विनियोजन गरिनु आवश्यक छ । शुल्क निर्धारण, शिक्षक तथा कर्मचारीहरूका सेवासुविधा लगायत अन्य खर्चहरूको निर्धारणमा समन्वयात्मक नीति अख्तियार गरिनु आवश्यक हुन्छ । दिगोपनाका दृष्टिले आपत्कालीन लगानीको व्यवस्थालाई बहु दातृ कोष (Multi donor trust fund), अथवा संयुक्त कोष (Pooled Funding) वा राष्ट्रिय कोष जस्ता विकास लगानीका ढाँचासँग आबद्ध गराएर लैजानु जरुरी छ । खास गरी प्राविधिक- व्यावसायिक शिक्षा तथा तालिमका लागि निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनुपर्दछ । (पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिपोट ८ पाना ५७, शिक्षक र अन्य शिक्षा कर्मचारी मापदण्ड २, मार्गदर्शक टिपोट २ पाना ८४-८५ शिक्षा नीति मापदण्ड २, मार्गदर्शक टिपोट ४ पाना ९७ , आइएईई टुलकिटः **www.ineesite.org/tool kit** मा उपलब्ध शिक्षक पारिश्रमिकबारे INEE का शिक्षकका सेवासुविधा तथा शिक्षामा बाह्य लगानी बारे INEE को निर्देशिका र SEEP सञ्जालका आपत्काल उप्रान्तका आर्थिक सुधार का न्यूनतम मापदण्ड, आर्थिक सेवाका मापदण्डहरू छः समन्वय र पारदर्शिता पनि हेर्नुहोस्)

३. **सूचना तथा जानकारीको व्यवस्थापन:** सूचना तथा जानकारीको व्यवस्थापनअन्तर्गत देहायका कुराहरू पर्दछन्:

- आवश्यकता, क्षमता तथा विस्तारको लेखाजोखा,
- सूचनाको सङ्कलन, भण्डोरण, विश्लेषण तथा आदान-प्रदान,
- अनुगमन र मूल्याङ्कन,
- भविष्यका मार्गदर्शनका लागि सङ्कलित अनुभव ।

सूचना तथा जानकारी व्यवस्थापन प्रणालीको नयाँ निर्माण गर्दा भन्दा विद्यमान राष्ट्रिय प्रणालीलाई नै परिष्कार गरेर अगाडि बढ्नु बढी प्रभावकारी हुन्छ । यसमा बालबालिका संरक्षण, मनोवैज्ञानिक सहयोग, आश्रय, पानी एवं सरसफाइ, स्वास्थ्य र सुधार कार्यमा सम्बद्ध साझेदारहरूलाई अनिवार्य रूपले सरिक गराइनुपर्दछ । सूचना र जानकारी व्यवस्थापन प्रणालीको विकास गर्ने र सोको स्वामित्व राष्ट्रिय र स्थानीय अधिकारीहरूलाई दिइनुपर्दछ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट ६ पाना ३४-३५, विश्लेषण मापदण्ड २, मार्गदर्शक टिपोट ६ पाना ३८, विश्लेषण मापदण्ड ३, मार्गदर्शक टिपोट ३ पाना र Seep Network Minimum Standard for Economic Recovery after Crisis, Common Standards 6, Coordinate Efforts for Greater Impact पनि हेर्नुहोस् ।

४. **संयुक्त मूल्याङ्कन:** शैक्षिक प्रतिकार्य कार्यक्रमका क्षमता तथा कमी-कमजोरीको पहिचानका लागि विश्वव्यापी शिक्षा समूहका संयुक्त शैक्षिक आवश्यकता मूल्याङ्कन साधन (Global Education Cluster's Joint Education Needs Assessment Toolkit) अथवा आवश्यकता मूल्याङ्कनका अन्य स्थापित साधनको प्रयोग गर्न सकिन्छ । यस्ता साधनको प्रयोगसम्बन्धी तालिम योजनाको तयारीसँगै गरिनुपर्दछ । मूल्याङ्कन कार्य कुनै व्यक्तिगत सरोकारवालाले गरेका खण्डमा मूल्याङ्कनका निचोडहरू र प्राप्त सूचना शिक्षा अधिकारीहरू लगायत प्रतिकार्य कार्यक्रमको समन्वय समितिका सदस्यहरूसँग व्यापक छलफलमा ल्याउनुपर्दछ । कतिपय मुलुकहरूमा आपत्कालीन अवस्था सिर्जना भएको ४८ घण्टाभित्र बहुपक्षीय द्रुत मूल्याङ्कन गरिन्छ, जसमा शिक्षासम्बन्धी सवालहरू सामेल हुन्छन् । यस्ता अवस्थामा स्वास्थ्य, पानी र सरसफाइ र आश्रयसम्बन्धी अन्य क्षेत्रहरूसँग समन्वय आवश्यक हुन्छ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोटहरू १-८, पाना ३१-३५ पनि हेर्नुहोस्) ।

५. **जवाफदेहिता:** व्यक्तिगत सरोकारवालाहरूका आफ्नै कार्यादेश हुने भए पनि समन्वय र सूचनाको आदान-प्रदानका सन्दर्भमा जवाफदेहितालाई सबैले स्वीकार गर्नुपर्दछ । अर्थात् सूचनाको सङ्कलन र कार्ययोजनामा ती सूचनाको प्रयोग पारदर्शी हुनुपर्दछ । शैक्षिक प्रतिकार्यका कार्यक्रममा गम्भीर कमी-कमजोरी देखिएका खण्डमा प्राथमिकतामा रहेका आवश्यकताको प्रतिकार्यका लागि IASC शिक्षा समूह वा अन्य समन्वय समयन्त्रले सम्बन्धित निकायबाट सोको निराकरण सुनिश्चित गराउनुपर्दछ । समन्वयात्मक अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यका प्राप्त नतिजाबारेका सूचनाको खुला आदान प्रदान गरेर पीडित पक्षप्रतिको जवाफदेहिता प्रदर्शित गर्न सक्दछ । यसले बढी ध्यान केन्द्रित गर्नुपर्ने क्षेत्रको पहिचान गरी INEE का न्यूनतम मापदण्डहरू र अन्य मानवतावादी सिद्धान्तहरूको परिपालनामा सघाउ पुऱ्याउँछ । राष्ट्रिय मानव अधिकार संस्थाहरूले पीडित पक्षका शैक्षिक अधिकार सुनिश्चित गर्नमा राष्ट्रिय निकायहरूलाई सहयोग गर्नुपर्दछ (शिक्षा नीति मापदण्ड २, मार्गदर्शक टिपोट ५ पाना ९७ पनि हेर्नुहोस्) ।

६. **नतिजामुखी विधि:** शैक्षिक प्रतिकार्यका क्रियाकलाप राम्ररी संयोजित छन् र तिनबाट अपेक्षित नतिजा प्राप्त भइरहेको छ भन्ने कुराको सुनिश्चितताका लागि सबै सरोकारवालाहरू लागिपर्नुपर्दछ । शैक्षिक प्रतिकार्य कार्यक्रमको समन्वयात्मक गतिविधिको निरन्तर अनुगमन तथा मूल्याङ्कनले कार्यक्रममा विद्यमान त्रुटि तथा कमी-कमजोरीको शीघ्र समाधानमा सहयोग पुग्दछ (विश्लेषण मापदण्डहरू ३-४ पाना ४०-४४ पनि हेर्नुहोस्) ।

## विश्लेषण मापदण्ड १:
## लेखाजोखा

उचित समयभित्रै सङ्कटकालीन अवस्थाको साङ्गोपाङ्ग, पारदर्शी तथा सहभागितामूलक ढङ्गले लोखाजोखा गरिएको छ ।

**मुख्य कार्यहरु** (मार्गदर्शक टिपोटहरू सँगसँगै पढिनुपर्ने):

- सुरक्षा स्थितिलाई दृष्टिगत गर्दै यथाशीघ्र परिस्थितिको आँकलन गर्ने
- शिक्षाका उद्देश्य, सान्दर्भिकता, पहुँचका बाधा तथा तुरुन्तै प्रतिकार्य गर्नुपर्ने कार्यबारे स्थानीय दृष्टिकोणसमेत प्रस्ट पार्ने सूचनाको सङ्कलन
- सङ्कटकाल पूर्व वा सोही दौरानमा स्थानीय क्षमता, स्रोत तथा शिक्षण-सिकाइका रणनीतिको पहिचान
- सम्भावित जोखिम तथा द्वन्द्वका सापेक्ष प्रस्तावित शैक्षिक प्रतिकार्यका क्रियाकलापका सान्दर्भिकता, उपयुक्तता र पर्याप्तता सुनिश्चित गर्न स्थितिको विश्लेषण
- तथ्याङ्क सङ्कलन टोलीमा सङ्कट प्रभावित जनसमुदायको प्रतिनिधि समावेश गर्ने
- प्रमुख सरोकारवालाहरूको संलग्नतामा विभिन्न प्रकार र तहका शिक्षाका लागि आवश्यक स्रोत र क्षमताको आँकलन
- अन्तर निकाय समन्वय समितिद्वारा अन्य क्षेत्रका सरोकारवालाहरूसँग सहकार्यमा दोहोरोपना हटाउने लेखाजोखा कार्यको संयोजन (मार्गर्दक टिप्पणीहरू ६ र ८ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोटहरू**

१. **प्रारम्भिक लेखाजोखाको उपयुक्त समय:** प्रारम्भिक लेखाजोखा गर्दा लोखजोखा टोलीका सदस्य तथा प्रभावित जनसमुदायको सुरक्षा प्रबन्धमा विशेष ध्यान पुऱ्याउनुपर्छ । आपत् कालको परिस्थिति सिर्जना हुनासाथ लेखाजोखाको काम पनि थालिहाल्नुपर्दछ । यसो गर्दा सम्भव भएसम्म प्रभावित क्षेत्रका सबै खालका शिक्षालाई समेटिनुपर्दछ । प्रारम्भिक लेखाजोखा गरेपश्चात् निरन्तर अनुगमन र मूल्याङ्कनका माध्यमबाट सङ्कलित सूचनालाई अद्यावधिक बनाइनुपर्दछ । यसो गर्दा कार्यक्रमका उपलब्धिको पुनरावलोकन, आइपरेका बाधा-व्यवधान प्रतिकार्य हुन नसकेका आवश्यकता आदिमा ध्यान पुऱ्याइनुपर्दछ । तत्काल लेखाजोखा समग्र रूपमा गर्न नसकिने अवस्था भए तुरुन्त गर्नुपर्ने कार्यसम्बन्धी सूचना सङ्कलन गर्न आंशिक लेखाजोखा गरिनु पर्दछ ।

२. **लेखाजोखा:** लेखाजोखा गर्दा विपत् तथा द्वन्द्वको जोखिम आँकलन गरी प्रतिकार्य कार्यक्रमलाई लिङ्ग, उमेर आदि सम्बद्ध सबै अवयवबारे छुट्याइएको सूचना उपलब्ध गराउनु पर्दछ । यस्ता सूचनाका माध्यमबाट प्रभावित समुदायका शैक्षिक अधिकारको संरक्षणका चुनौती, शैक्षिक क्षमता, उपलब्ध स्रोत, पीडित पक्षको अवस्था, तथा प्रतिकार्य कार्यक्रमका कमी-कमजोरी उजागर भएर देखापर्दछन् । प्रभावित क्षेत्र विशेषबाट अतिरञ्जित सूचनाको सम्प्रेषणको खतरा तथा दोहोरोपनका कारण स्रोतको दुरुपयोगलाई समेत दृष्टिगत गर्दा लेखाजोखाको टोली, शिक्षाका अधिकारी एवं सङ्कट न्यूनीकरणमा सहयोग गर्ने टोलीहरूको प्रभावित क्षेत्र भ्रमणलाई प्रभावकारी संयोजन गरिनुपर्दछ (समुदाय सहभागिता मापदण्ड २ पाना २६-२७ र समन्वय मापदण्ड १ पाना २८-३० पनि हेर्नुहोस्) ।

लेखाजोखा कार्यमा विद्यमान सूचनाका स्रोतहरूको अधिकतम प्रयोग गर्नुपर्दछ । प्राथमिक तथ्याङ्क सङ्कलन शिक्षाका सरोकारवालाहरूलाई संवेदनशील निर्णय गर्न आवश्यक

सूचनाको सङ्कलन गर्ने कुराहरूसम्म मात्र सीमित गर्नुपर्दछ । सूचना सङ्कलन निषेधित क्षेत्रमा द्वितीय स्रोत, स्थानीय नेताहरू, सामुदायिक सञ्जाल तथा सङ्कटपूर्वका तथ्याङ्कै प्रयोग गर्ने जस्ता वैकल्पिक रणनीति अवलम्बन गर्न सकिन्छ । सङ्कटपूर्वका तथ्याङ्कलाई आपत्कालीन अवस्थासँग तुलना गरेर सङ्कटका उत्कर्षको मापन गर्न सकिन्छ ।

सूचना प्रदायकमा दबाव घटाउन र परियोजनाको सहजीकरणका लागि सूचना सङ्कलनका साधनहरूको स्तरीकरण गरिनुपर्दछ । सकेसम्म तथ्याङ्क सङ्कलनका साधनको विकास सम्बन्धित सरोकारवालाहरूको सहकार्यमा सङ्कटकालपूर्व नै गरिनुपर्दछ । लेखाजोखा गर्ने टोलीमा प्रभावित जनसमुदायको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । महिला-पुरुष दुवैखाले सिकारु, शिक्षक तथा अन्य शिक्षाकर्मी, अभिभावक एवं संरक्षक सबैका अनुभव, आवश्यकताहरू, सरोकार र क्षमताहरू समेत समेट्ने हिसाबले लेखाजोखा टोलीको गठन गर्दा लैङ्गिक सन्तुलन कायम गरिनु आवश्यक छ । यस्ता कार्यमा सम्बन्धित अधिकारीहरूसँग परामर्श गरिनुपर्दछ ।

लेखाजोखा गर्दा नैतिक मान्यताहरू, जस्तै : सम्मान गर्ने र भेदभाव नगर्ने जस्ता आधारभूत सिद्धान्तको अवलम्बन गरिनुपर्दछ । सूचनाको संवेदनशीलता तथा कतिपय अवस्थामा त्यस कार्यमा संलग्न भएकै कारण पनि सङ्कलकहरू जोखिममा पर्न सक्छन् । (तल मार्गदर्शक टिपोट छ पनि हेर्नुहोस्) । टोलीका सदस्यहरूको संरक्षणले प्राथमिकता पाउनुपर्दछ । यसका लागि सदस्यहरूलाई देहायअनुसारका कुराको जानकारी गराइनुपर्दछ :

- तथ्याङ्क सङ्कलनका उद्देश्य
- तथ्याङ्क सङ्कलन प्रक्रियामा सहभागी हुने वा नहुने अधिकार सदस्यमा निहित रहने अथवा नकारात्मक परिस्थिति देखापरे प्रक्रियाबाट तत्काल बाहिरिने,
- गोपनीयताको अधिकार ।

(विश्लेषण मापदण्ड ४, मार्गदर्शक टिपोट २ पाना ४३-४४ पनि हेर्नुहोस्)

३. **परिस्थितिको विश्लेषण:** विपत् तथा द्वन्द्वका जोखिमलगायत परिस्थितिको विश्लेषणले शैक्षिक प्रतिकार्यका कार्यक्रमको उपयुक्तता, सान्दर्भिकता र द्वन्द्व संवेदनशीलता निरूपण गर्न मद्दत गर्दछ ।

जोखिम विश्लेषणले स्वास्थ्य, सुरक्षा लगायत सिकारुहरूलाई प्रभावित पार्ने सन्दर्भका सबै पक्षहरूलाई समेट्नुपर्दछ । यसो गर्नाले शिक्षा आफैमा जोखिम नभएर सुरक्षाको उपाय हो भन्ने कुरा सुनिश्चित गर्दछ । यसले शिक्षाका जोखिमहरूको लेखाजोखा राख्छ, जसअन्तर्गत निम्न विषयहरू पर्दछन् :

- असुरक्षा, कमजोर शासन व्यवस्था र भ्रष्टाचार,
- सार्वजनिक स्वास्थ्यका मुद्दाहरू, जस्तै सरुवा रोगहरूको प्रचुरता,
- विषाक्त वायुको उत्सर्जन, रासायनिक पदार्थको चुहावटजस्ता उद्योगजन्य समस्या लगायत अन्य सामाजिक, आर्थिक, भौतिक र पर्यावरणीय विषयहरू
- लिङ्ग उमेर, अपाङ्गता, सांस्कृतिक पृष्ठभूमि अथवा सन्दर्भअनुसार अन्य आधारविशेषका जोखिमहरू ।

द्वन्द्वजन्य विभेदीकरणले विद्यमान शैक्षिक गतिविधिमा पर्न सक्ने नकारात्मक प्रभावबाट जोगाउन हिंसात्मक द्वन्द्वका जोखिमको विश्लेषण गरिन्छ । यस्ता विश्लेषले द्वन्द्व र विपत् दुवै अवस्थामा आवश्यक छ । द्वन्द्व विश्लेषणले देहायका सबालको जबाफ खोज्दछ :

- द्वन्द्वमा प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा संलग्न पक्ष, द्वन्द्वका पीडित वा पीडित हुने जोखिम भएका सङ्घसंस्था तथा व्यक्तिहरू,
- द्वन्द्वका वास्तविक अथवा सम्भावित कारणहरू र असन्तोष बढाउने विषयहरू,
- शिक्षाका सरोकारवालाहरू लगायत सङ्घ, संस्था र व्यक्तिबीचमा अन्तरक्रिया गराई द्वन्द्वका कारणको खोजी ।

प्रायः अनुसन्धान सङ्गठनहरूमा विशिष्ट क्षेत्र वा मुलुकहरूका द्वन्द्व विश्लेषण प्रतिवेदन उपलब्ध हुन्छन् । शिक्षाको परिप्रेक्ष्यमा तिनको पुनरावलोकन गरिनु आवश्यक हुन्छ । त्यस्ता विश्लेषण प्रतिवेदन उपलब्ध वा सान्दर्भिक नभएका अवस्थामा पीडित क्षेत्रमा कार्यशालाको आयोजना गरेर पनि द्वन्द्व विश्लेषण गर्न सकिन्छ । शिक्षा सरोकारवालाहरूले उपयुक्त निकायबाट शिक्षासम्बन्धी सूचतनमा केन्द्रित भई द्वन्द्वको साङ्गोपाङ्ग विश्लेषण गर्न र सोको नतिजा सार्वजनिक बहसमा ल्याउन दबावमूलक वकालत गर्नुपर्दछ ।

जोखिम विश्लेषण प्रतिवेदनले प्राकृतिक तथा मानव सिर्जित द्वन्द्वको जोखिम व्यवस्थापनका लागि रणनीति प्रस्ताव गर्दछ । यस्ता रणनीतिमा रोकथाम, न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्यका कार्यक्रम, पुनर्निमाण तथा पुनर्स्थापना जस्ता कुराहरू पर्दछन् । उदाहरणका लागि, सङ्कटको रोकथाम, न्यूनीकरण वा प्रतिकार्यका लागि सिकाइस्थलमा आपत्कालीन सुरक्षाका योजना आवश्यक पर्न सक्छ । जोखिम विश्लेषणले विद्यार्थीको सुरक्षा तथा शान्तिमा खलल पुऱ्याउन सक्ने कारण र सम्भावित चुनौती भएका क्षेत्रहरू दर्शाउने द्वन्द्वसम्बन्धी नक्सा पनि तयार पार्दछन् ।

समुदायको क्षमता, स्थानीय तहमा गरिने सामञ्जस्यका प्रयास, उपलब्ध स्रोत तथा क्षमता विषयक सूचना जोखिम विश्लेषणका पूरक हुन् । सम्भव भए सङ्कटका सिर्जना हुनुपूर्वै पूर्वतयारीका रूपमा वा पछि पनि न्यूनीकरणका लागि आवश्यक ज्ञान, सीप र क्षमताहरूको मूल्याङ्कन तथा सबलीकरण गरिन्छ (समुदाय सहभागिता मापदण्ड १, मार्गदर्शक टिपोट १-४ पाना २१-२३ समुदाय सहभागिता मापदण्ड २, मार्गदर्शक टिपोट ११ पाना ५७-५८ , शिक्षण र सिकाइ मापदण्ड १, मार्गदर्शक टिपोट २ र ४ पाना ९३-९४ शिक्षा नीति मापदण्ड २, मार्ग दर्शक टिप्पणी ३ र ५ पाना ९६-९७ पनि हेर्नुहोस्) ।

४. **तथ्याङ्क प्रमाणीकरण र तथ्याङ्क विश्लेषणका विधिहरू:** तथ्याङ्क विश्लेषणहरूले देहायका कुराहरूलाई स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ :
   - सूचकहरू,
   - तथ्याङ्कका स्रोतहरू,
   - सङ्कलन विधिहरू,
   - तथ्याङ्क सङ्कलकहरू,
   - तथ्याङ्क विश्लेषण विधिहरू ।

तथ्याङ्क सङ्कलनका लागि सुरक्षाका जोखिम रहेका स्थानमा सङ्कलन कार्यमा खटिएका व्यक्तिको नाम नभई सम्बद्ध संस्थाका किसिम उल्लेख गरिनुपर्दछ । विश्वसनीयता वा अन्य परिस्थितिमा तिनको उपयोगको सान्दर्भिकतामा प्रभाव पार्न सक्ने तथ्याङ्क सङ्कलन तथा विश्लेषणका सीमाहरूको उल्लेख गरिनुपर्दछ । उदाहरणका लागि, बढी स्रोत हासिल गर्ने वा दोष ढाक्छोप गर्ने नियतले उत्तरदाताले विद्यार्थी सङ्ख्या तथा तिनको उपस्थितिदर बढाइचढाई पेस गरेका खण्डमा तथ्याङ्कको विश्वसनीयता घट्न जान्छ । सङ्कलनका

दौरानमा यदि कुनै समूह वा मुद्दालाई समेटिएको छैन भने त्यसको पनि उल्लेख गरिनुपर्दछ । पूर्वाग्रह कम गर्न तथ्याङ्कहरू विभिन्न स्रोतहरूबाट लिइनु र तुलना गरिनुपर्दछ । यसो गर्नाले तथ्याङ्कको प्रामाणिकता प्रवर्द्धन हुन्छ । विश्लेषणको निचोड निकाल्नुपूर्व प्रभावित समूहका पुरुष, महिला, बालबालिका तथा युवाहरूसँग छलफल र परामर्श गरिनुपर्दछ । बाहिरियाहरूको निजी दृष्टिकोण वा पूर्वाग्रह कम गर्न स्थानीय ज्ञान तथा दृष्टिकोणलाई विश्लेषणको केन्द्रविन्दुमा राखिनुपर्दछ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ४, पाना ९४ मा पनि हेर्नुहोस्) ।

५. **लेखाजोखाका सहभागी:** शिक्षाका अधिकारीहरू तथा प्रभावित समुदायका प्रतिनिधिलाई लेखाजोखा कार्यमा सहभागी गराइनुपर्दछ । प्रारम्भिक लेखाजोखामा परिस्थितिजन्य कठिनाइका कारण तथ्याङ्क वा सूचना सङ्कलन, विश्लेषण, व्यवस्थापन, तथा प्रसारणमा यिनको संलग्नता सीमित हुन सक्छ । तर परिस्थितिमा स्थिरता आउन थालेपछि तिनको सहभागिता बढाउनुपर्दछ । लेखाजोखा कार्यका सन्दर्भमा सम्भव भएसम्म साङ्केतिक भाषा तथा ब्रेल लिपिलगायत समुदायमा बोलिने सबै भाषाहरूमा सञ्चार र संवादलाई प्राथमिकता प्रदान गरिनुपर्दछ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ४ पाना ९४ मा पनि हेर्नुहोस्) ।

६. **शिक्षा क्षेत्र र अन्य क्षेत्रहरूबीच सहकार्य:** लेखाजोखाको गुणस्तर, समग्रता तथा उपयोगिताको अधिकतम वृद्धिका लागि शिक्षा र अन्य क्षेत्रहरूबीच सहकार्य निर्णायक हुन्छ । शिक्षाका सरोकारवालाहरूले लेखाजोखाका क्रममा अन्य निकायद्वारा प्रकाशित नतिजासँग तालमेल मिलाएर वा अन्य निकायहरूसँग सहकार्य गरेर दोहोरोपना हटाउन प्रयास गर्नुपर्दछ । समन्वित लेखाजोखाले सङ्कटावस्थाहरूका प्रभावको मजबुत साक्ष्य प्रस्तुत गर्नुका साथै प्रतिकार्य कार्यको सान्दर्भिकता बढाउँछ । यसबाट सूचनाको आदान प्रदानलाई प्रोत्साहन भएर मानवतावादी सरोकारवालाहरूको जवाफदेहितामा अभिवृद्धि हुन जान्छ (समन्वय मापदण्ड १, मार्गदर्शक टिपोट ४ पाना २७ पनि हेर्नुहोस्) ।

शिक्षा क्षेत्रले शैक्षिक प्रतिकार्यका सम्बन्धमा अन्य क्षेत्रसँग सहकार्य गरेर सम्भावित वा विद्यमान चुनौती, जोखिमहरू र उपलब्ध सेवाहरूबारे जानकारी प्रसारित गर्नुपर्दछ । सहकार्यका सम्भावित क्षेत्रहरू देहाय अनुसार छन् :

- महामारी तथा सोको खतराबारे सूचना सङ्कलन गर्न र यौन तथा प्रजनन स्वास्थ्य, एचआईभी रोकथाम, उपचार तथा हेरचाह र सहयोग सेवा लगायत आधारभूत स्वास्थ्य सेवाको स्थितिबारे जानकारी हासिल गर्न स्वास्थ्य क्षेत्रसँग,
- समुदायभित्रका लैङ्गिकतामा आधारित एवं यौनजन्य हिंसा, समुदायमा विद्यमान अनाथ बाबालिका एवं अन्य सङ्कटापन्न समुदाय, शैक्षिक पहुँचका व्यवधान तथा उपलव्ध सामाजिक एवं मनो-सामाजिक सहयोग सेवाहरूबारे थाहा पाउन सुरक्षा क्षेत्रसँग ;
- विद्यालयमा आधारित, समुदायमा आधारित र अन्य पोषण सेवाहरूबारे थाहा पाउन पोषण क्षेत्रसँग ।
- सुरक्षित एवं उपयुक्त स्थानको पहिचान, सिकाइ एवं मनोरञ्जन सुविधाहरूको निर्माण/पुनर्निमाण र विद्यालयमा आवश्यक गैर-भोजन सामग्रीहरूको व्यवस्थाका लागि छहारी व्यवस्थापन क्षेत्रसँग ;
- सिकाइ स्थलहरूमा विश्वसनीय पानी वितरण र समुचित सरसफाइ उपलव्ध भएनभएको निर्क्योल गर्न पानी र सरसफाइ क्षेत्रसँग ;

- पुस्तक र अन्य सामग्रीहरूको खरिद, ढुवानी, वितरण आदि व्यवस्थित गर्न सेवा विभागसँग ।

(समन्वय मापदण्ड १, मार्ग दर्शक टिप्पणी १ र ३-४ पाना २९-३० तथा शिक्षा नीति मापदण्ड २, मार्ग दर्शक टिप्पणी २ पाना ९६ पनि हेर्नुहोस्) ।

७. **शिक्षा र मनोसामाजिक आवश्यकता:** आवश्यकताको लेखाजोखा गर्दा शैक्षिक तथा मनोवैज्ञानिक आवश्यकता तथा स्रोतबारे छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गरिनुपर्दछ । लेखाजोखा टोलीका स्थानीय स्थितिका जानकार लेखाजोखाका यी पक्षहरूमा सहयोग पुऱ्याउन सक्दछन् । यो कार्य सम्पादनका लागि सम्बन्धित निकायले आवश्यक स्रोत, कर्मचारीहरू तथा सङ्गठनात्मक क्षमता उपलब्ध गराउने प्रतिबद्धता देखाउनुपर्दछ ।

८. **लेखाजोखाका नतिजा:** शैक्षिक कार्यकलापका योजना तर्जुमा गर्नमा सहयोग पुगोस् भन्ने उद्देश्यले लेखाजोखाका नतिजाको प्रकाशन तथा प्रसारण यथासम्भव चाँडो गरिनुपर्दछ । सङ्कटपूर्वका तथ्याङ्क र लेखाजोखाले देखाएका शैक्षिक आवश्यकवा अधिकारको हननबारेका तथ्यहरूको शिक्षाका अधिकारी, गैसस, मानवतावादी निकाय तथा स्थानीय समुदायबीच व्यापक आदान प्रदान तथा बहस चलाइनुपर्दछ ।

स्थानीय अथवा राष्ट्रिय तहका शिक्षा अधिकारीहरूले लेखाजोखाका नतिजाबारे गरिने आदान प्रदान र बहसको समन्वय गर्नुपर्दछ । ती अधिकारीहरूमा यस्तो कार्यको समन्वयकारी क्षमताको अभाव देखिएमा शिक्षा क्षेत्र समन्वय समिति (Education Sector Coordination Committee) अथवा शिक्षा समूह (Education Cluster) जस्ता अन्तर्राष्ट्रिय निकायले यस प्रक्रियालाई व्यवस्थित गर्न सक्दछन् ।

लेखाजोखाका नतिजामा उल्लेख गरिएका तथ्याङ्कलाई प्रयोगमा सहजताका दृष्टिले यथासम्भव स्तरीयकरण गरेर मात्र प्रस्तुत गरिनुपर्दछ (समन्वय मापदण्ड १ पाना २८-३० मा पनि हेर्नुहोस्) ।

## विश्लेषण मापदण्ड २:
## प्रतिकार्यका रणनीति

शैक्षिक अधिकार हासिल गर्ने परिवेश तथा बाधा अड्चन र तिनको निराकरणका रणनीतिको स्पष्ट व्याख्यासहितको समावेशी रणनीति

**मुख्य कार्यहरू:** (मार्ग दर्शक टिप्पणीसँगै पढिनुपर्ने)

- प्रतिकार्य रणनीतिमा लेखाजोखाका नतिजा उपयुक्त किसिमले प्रतिविम्बित भएका छन् (मार्गदर्शक टिपोटहरू १-२ हेर्नुहोस्) ।
- शैक्षिक प्रतिकार्य कार्यक्रमले प्रभावित जनसमुदायका समावेशी र गुणस्तरीय शिक्षाका आवश्यकताको प्रतिकार्य गतिशील हिसाबले गर्दछन् (मार्ग दर्शक टिप्पणीहरू १, ५ र ८ हेर्नुहोस्) ।
- शैक्षिक प्रतिकार्यका रणनीतिहरू समुदाय तथा प्रदायकहरूलाई हानि नपुऱ्याउने र आपत्कालीन प्रभावलाई बढावा नदिने गरी निर्माण तथा कार्यान्वयन गरिएका छन् (मार्ग दर्शक टिप्पणीहरू ३ र ७ हेर्नुहोस्) ।
- प्रतिकार्य कार्यक्रमको उपयोगका लागि प्रारम्भिक लेखाजोखा र परिवेश विश्लेषणबाट प्राप्त सूचनालाई निरन्तर अद्यावधिक गराइन्छ (मार्गदर्शक टिपोट ४ लाई हेर्नुहोस्) ।
- प्रतिकार्यका रणनीतिमा लेखाजोखा तथा प्रतिकार्य कायक्रमको सफल कार्यान्वयनका लागि शिक्षाका अधिकारी तथा समुदायमा चाहिने क्षमता अभिवृद्धि गर्ने कार्यक्रम समाविष्ट छन् (मार्ग दर्शक टिप्पणी २ हेर्नुहोस्) ।
- शैक्षिक प्रतिकार्य कार्यक्रमहरू राष्ट्रिय शिक्षा कार्यक्रमहरूका पूरक र तालमेल युक्त छन् (मार्गदर्शक टिपोटहरू ६ र ८ हेर्नुहोस्) ।
- कार्यक्रमको प्रारम्भमा आधार तथ्याङ्कको सङ्कलन व्यवस्थित ढङ्गले गरिन्छन् । (मार्गदर्शक टिपोट ९ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोट:**

१. **प्रतिकार्यका रणनीति:** सम्बोधनका रणनीतिहरू लेखाजोखाले देखाएका मुख्य नतिजा र प्राथमिकतामा आधारित छन् भन्ने कुरालाई सुनिश्चित गर्न शिक्षाका सरोकारवालाहरूले लेखाजोखाका तथ्याङ्गको पूर्ण विश्लेषण र व्याख्या गर्नुपर्दछ । यसो गरिएमा लेखाजोखाका नतिजाले प्रतिकार्य कार्यक्रमका पूर्व निर्मित धारणालाई नै समर्थन गर्ने जोखिम घटेर जान्छ ।

प्रतिकार्यका रणनीतिहरूले शिक्षाका अधिकारीको प्रमुख भूमिका परिभाषित गर्नुका साथै अन्य सरोकारवालाहरूसँग सहकार्यलाई प्रोत्साहन गर्नुपर्दछ । उदाहरणका लागि पछिसम्मका लागि दिगोपनाका हिसाबले शिक्षक पारिश्रमिक र उपकरणमा गरिने खर्चको स्तर अरु सङ्गठनहरूमा सरह राखिनु पर्दछ ।

सम्बोधनका रणनीतिहरू भएसम्म आकस्मिक योजनामा आधारित र समुदायको सक्रिय सहभागितामा विकास गरिएको हुनुपर्दछ । तिनले विभिन्न तह र किसिमका शिक्षा, जोखिम तथा खतरतसम्बन्धी सचेतना, शैक्षिक गतिविधिहरूमा अन्य निकायहरूको संलग्नता आदिलाई पनि स्पष्ट पारेको हुनुपर्दछ । आधार तथ्याङ्कको सङ्कलन र विश्लेषणलगायत शिक्षासम्बन्धी अन्य आवश्यक गतिविधि सञ्चालनका लागि पर्याप्त बजेट छुट्याइएको हुनुपर्दछ (सहभागिता मापदण्ड १, मार्ग दर्शक टिप्पणी १ पाना २१-२२ पनि हेर्नुहोस्) ।

प्रतिकार्यका रणनीतिमा लैङ्गिक लगायत सबै तह र किसिमका शिक्षा तथा शैक्षिक कार्यकलापहरूमा पहुँचका बाधा अवरोधको पहिचान र तिनको निराकरणका लागि गरिने कार्यक्रम सहितका व्यवधानको विश्लेषण गरिएको हुनुपर्दछ । ती रणनीति समावेशी शिक्षा प्रदान गर्नका लागि र शिक्षाको बढ्दो मागहरूलाई प्रतिकार्य गर्न सक्ने गरी लचिलो हुनुपर्दछ ।

२. **तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि क्षमता विकास:** प्रतिकार्य रणनीतिमा शिक्षाका कर्मचारी तथा समुदायका सदस्यहरूको क्षमता विकासका कार्यक्रम समावेश गरिएको हुनुपर्दछ । विशेष गरी समुदायका युवा सदस्यहरू तथ्याङ्क सङ्कलन र विश्लेषण तथा अनुगमन र मूल्याङ्कनमा संलग्न गराइनुपर्दछ । तथ्याङ्क सङ्कलन र विश्लेषणले पूर्णता पाओस् भन्नका लागि त्यस कार्यमा खटिने कर्मचारीबीच लैङ्गिक सन्तुलन कायम गरिनु जरुरी छ (विश्लेषण मापदण्ड ३, मार्ग दर्शक टिप्पण २ पाना ४१ तथा विश्लेषण मापदण्ड ४ मार्ग दर्शक टिप्पणी ३ पाना ४४ मा पनि हेर्नुहोस्) ।

३. **'कुनै नोक्सान नपुऱ्याउ'** : आपत्कालीन शैक्षिक प्रतिकार्यअन्तर्गत तालिम, रोजगारी, वस्तु तथा खाद्य सामग्रीजस्ता स्रोतको वितरण तथा स्थानान्तरणका कार्यहरू पनि पर्दछन् जो शक्ति र सम्पत्तिका प्रतीक पनि हुन् । कतिपय अवस्थामा यी कुरा द्वन्द्व तथा सीमान्तकरणका द्योतक पनि हुन सक्छन् । द्वन्द्वकालमा कुनै एक द्वन्द्वरत पक्षले यी स्रोतहरूमा कब्जा जमाएर अर्का पक्षको शक्ति क्षीण गराउन आफ्ना पक्षमा मात्र उपयोग गर्न सक्छ । यस्तो अवस्थामा शैक्षिक प्रतिकार्य कार्य हानिकारक हुन जान्छ । अतः जोखिम तथा द्वन्द्व विश्लेषणका आधारमा यस्ता समस्याको निराकरणका प्रयास गरिनु पर्दछ (विश्लेषण मापदण्ड १, मार्ग दर्शक टिप्पणी ३ पाना ३२-३३ पनि हेर्नुहोस्) ।

स्रोतहरूको स्थानान्तरण तथा आपत्कालमा दिइने शिक्षाका प्रतिकार्य प्रक्रियाले शान्ति कायम गर्नका लागि स्थानीय क्षमताको प्रवर्द्धन गर्न सक्दछ । प्रतिकार्य गतिविधिले समुदायहरूबीच सुसम्बन्ध कायम गराएर द्वन्द्वका कारणबाट उत्पन्न हुने विभाजन तथा तनावको वातावरणलाई निस्तेज गराउँछ । उदाहरणका लागि शिक्षक तालिम कार्यक्रमले विभिन्न सांस्कृतिक समूहमा विभाजित शिक्षकहरूलाई व्यावसायिक एकताको सूत्रमा आबद्ध गर्न सक्दछ । प्रतिकार्य कार्यक्रममा साबिकमा विपत्को सामना गरिसकेका समुदायको संलग्नताले समुदायमा समन्यायिक सम्बन्धको प्रादुर्भाव गराउँछ ।

४. **प्रतिकार्यका रणनीतिको अद्यावधिकीकरण:** आपत्काल अवधिको सुरुदेखि सुधार र विकासको अवस्थासम्म प्रतिकार्य रणनीतिको निरन्तर पुनरावलोकन तथा अद्यावधिकीकरण भइरहनुपर्दछ । तिनले अद्यावधिक उपलब्धि, आपत्काल र सुरक्षा स्थितिमा देखिएका परिवर्तन तथा रणनीतिमा हालै गरिएका परिवर्तनको उल्लेख गर्नुपर्दछ । सम्बोधित हुन नसकेका आवश्यकता तथा अधिकारहरूको प्रतिकार्यका लागि नयाँ आँकलन गरी तिनको प्रतिकार्यका लागि रणनीतिमा आवश्यक परिमार्जन गरिनुपर्दछ । गुणस्तर, समावशिता, विस्तार, दिगोपना र संयुक्त स्वमित्वको विकासका लागि अग्रगामी प्रयत्नहरू गरिनुपर्दछ ।

५. **दाताद्वारा प्रतिकार्य:** शिक्षाको गुणस्तर तथा पहुँचमा न्यूनतम स्तर कायम भएको छ भन्ने सुनिश्चित गर्नका लागि दाताहरूले आपत्कालमा दिइने शिक्षाका प्रतिकार्य कार्यक्रमहरूको गुणस्तर तथा विस्तारको निरन्तर पुरावलोकन गर्नुपर्छ । सङ्कट प्रभावित स्थानका सीमान्तकृत समूहले शिक्षाका सबै खाले कार्यक्रममा समान अवसर पाएका छन् भन्ने

कुराको निर्क्योलका लागि खास गरी सीमान्तकृत समुदायका बालबालिकाको उपस्थिति र टिकाउ दर जस्ता सूचकमा विशेष ध्यान पु¥याउनुपर्दछ । 'समान अवसर' भन्नाले खास गरी जनजातीय, भाषिक वा अपाङ्गताका कारण सीमान्तकृत वर्गका लगायत पुरुष, महिला, बालबालिका, युवा तथा प्रौढहरूको सबै शैक्षिक कार्यक्रममा प्राप्त हुने अवसरलाई जनाउँछ । शैक्षिक प्रतिकार्यका कोषले प्रभावित जनसमुदायको शैक्षिक प्रावधानको सुनिश्चितताका लागि पानी, भोजन, आवास तथा स्वास्थ्य जस्ता सबै पक्षमा समान प्राथमिकता प्रदान गर्नुपर्दछ । यसअन्तर्गत शरणार्थीलाई आश्रय प्रदान गर्ने समुदाय तथा आन्तरिक विस्थापितहरु पर्छन् । सबैका लागि शिक्षाको अधिकार सुनिश्चित गर्न समुचित आर्थिक कोषको महत्व ठूलो रहन्छ । छोटो अवधिका आर्थिक सहयोगचक्रद्वारा कार्यक्रमलाई सीमित नगराई सुधारका अवस्थासम्म निरन्तरता प्रदान गरिनुपर्दछ । तल मार्गदर्शक टिपोट ७, पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्ग दर्शक टिप्पणीहरू १-२ पाना ४८-४९ , र Inee टूलकिटः www.ineesite.org/tookit df INEE Reference Guide to External Education Financing सन्दर्भ मार्ग निर्देशिका पनि हेर्नुहोस्) ।

६. **राष्ट्रिय कार्यक्रमहरूको संवर्धन :** आपत्कालमा दिइने शिक्षाका प्रतिकार्य कार्यक्रमहरूलाई शिक्षाका राष्ट्रिय कार्यक्रमहरूसँग तालमेल कायम गर्नुका साथै प्रारम्भिक बाल विकास र व्यावसायिक तथा जीवनवृत्ति कार्यक्रम लगायतका राष्ट्रिय शिक्षा कार्यक्रमहरूको संवर्धन गर्नुपर्दछ । यसअन्तर्गत राष्ट्रिय र स्थानीय शिक्षा योजनाको निर्माण, प्रशासन र व्यवस्थापनका साथै भौतिक पूर्वाधार तथा सेवाकालीन शिक्षक तालिम र सहयोग कार्यक्रमहरू पर्दछन् । आपत्कालीन शैक्षिक प्रतिकार्य कायक्रमले शिक्षाका अधिकारीहरूसँगको सहकार्यमा समावेशी शिक्षाको सुदृढीकरण गरेर भविष्यका लागि अझ राम्रो पद्धति बसाउनुपर्दछ, जसले अपाङ्गता भएका तथा अल्पसङ्ख्यक समूहका लागि सहज र समान पहुँच सुनिश्चित गर्दछ । (शिक्षा नीति मापदण्ड १, पाना ९२-९५, शिक्षा नीति मापदण्ड २, मार्ग दर्शक टिप्पणी ४ पाना ९७ मा पनि हेर्नुहोस्) ।

७. **आपत्कालीन प्रतिकार्यको पूर्वतयारी तथा विपत्जन्य जोखिम न्यूनीकरण:** विकाससँग सम्बन्धित संस्थाहरू र दाताहरूले आपत्कालको सुरुदेखि सुधारका अवस्थासम्म निवारक उपायका दृष्टिले विपत्जन्य जोखिम न्यूनीकरण तथा आपत्कालको प्रतिकार्यका पूर्वतयारी कार्यक्रममा सहयोग र संवर्धन गर्नुपर्दछ । योजना तर्जमा तथा समन्वयमा योगदान दिने र शिक्षाका अधिकारी एवं साझेदारका प्रतिकार्यका कारण विपत्जन्य जोखिम न्यूनीकरण र पूर्वतयारीका लगानी मूल्यप्रभावी हुन सक्छ । विपत् जोखिमको न्यूनीकरण र पूर्वतयारीमा गरिएको लगानीले विपत् पर्दा गर्नुपर्ने ठूलो लगानीलाई बचाउन सक्छ ।

८. **सङ्गठनात्मक कार्यादेशका बाधा अड्चनको निराकरण:** बालबालिका, प्राथमिक शिक्षा तथा शरणार्थीहरूका लागि काम गर्ने सीमित कार्यादेश भएका मानवतावादी सङ्गठनहरूले प्रदान गर्ने शैक्षिक प्रतिकार्य शिक्षा अधिकारी तथा अन्य शिक्षा सरोकारवालाहरूका कार्यक्रमको परिपूरक हो भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ । समग्रमा शिक्षाका रणनीतिले देहायका विषय समेट्नुपर्दछ :

- प्रारम्भिक बाल विकास,
- समावेशी प्राथमिक शिक्षा,
- माध्यमिक, उच्च तथा व्यावसायिक शिक्षालगायत युवाहरूका आवश्यकता,
- प्रौढ शिक्षा,
- पूर्व सेवाकालीन र सेवाकालीन शिक्षक तालिम ।

प्रौढ सिकारुलक्षित रणनीतिहरुमा साक्षरता र गणितीय सीपका लागि अनौपचारिक शिक्षा, जीवनोपयोगी सीप विकास तथा सुरक्षाका लागि सचेतनाजस्ता कार्यक्रम पर्दछन्, जस्तै : बारुदी सुरुङ्बारे जनचेतना जगाउने । विद्यालयमा पुनः प्रवेशका लागि आउने क्षेत्रहरूको शैक्षिक विकासमा द्रुत शिक्षण कक्षा तथा व्यावसायिक तालिम कार्यक्रमजस्ता दीर्घकालीन सहयोगको व्यवस्था । (समन्वय मापदण्ड १ पाना २८-३० , र शिक्षण र सिकाइ मापदण्डहरू १-२ पाना ६६-७३ पनि हेर्नुहोस्) ।

९. **आधारभूत तथ्याङ्क सङ्कलनः** आधार तथ्याङ्क भन्नाले लक्षित जनसमुदायबाट शिक्षाका नयाँ कार्यक्रम सुरु हुनुपूर्व सङ्कलन गरिएका सूचना बुझिन्छ । यसले कार्यक्रमका कर्मचारीहरूलाई शिक्षाको अवस्था बुझ्न मद्दत गर्नुका साथै भविष्यमा अनुगमन र मूल्याङ्कनका दौरान सङ्कलन गरिने सूचनासँग तुलना गर्ने आधार प्रदान गर्दछ । आधार तथ्याङ्क जनसङ्ख्या, विद्यालय उपस्थिति दर तथा शिक्षक-विद्यार्थी अनुपात आदिमा प्रवृत्तिगत - लिङ्ग, जातजाति, धर्म सांस्कृतिक समूह आदि) छुट्टाछुट्टै देखिने गरी व्यवस्थित रूपमा सङ्कलन गरिनुपर्दछ । तथ्याङ्कहरू एउटा कार्यकलाप विशेषसँग सम्बन्धित हुन सक्दछन् । उदाहरणका लागि, यदि कुनै कार्यक्रमले बालिकाहरूको विद्यालय हाजिरीमा सुधार ल्याउने लक्ष्य लिएको छ भने त्यसका लागि आधार तथ्याङ्कका रूपमा कार्यक्रम प्रारम्भ हुनुभन्दा पहिलेका बालिकाहरूको हाजिरी दरसम्बन्धी सूचनाको आवश्यकता पर्दछ ।

## विश्लेषण मापदण्ड ३:
## अनुगमन

शैक्षिक प्रतिकार्य कार्यकलाप तथा प्रभावित जनसमुदायको बढ्दो सिकाइ आवश्यकताको नियमित अनुगमन

**मुख्यकार्यहरू** (मार्गदर्शक टिपोटसँगै पढिनुपर्ने)

- आपत्कालीन अवस्थाको प्रररम्भदेखि सुधारका अवस्थासम्म कार्यान्वयनमा रहेका शैक्षिक प्रतिकार्यका कार्यकलापहरूको नियमित अनुगमन गर्ने प्रभावकारी पद्धति छ (मार्गदर्शक टिप्पणी १ हेर्नुहोस्) ।
- सबै सिकारु, शिक्षक तथा कर्मचारीहरूको सुरक्षा स्थिति सुनिश्चित गर्न शैक्षिक प्रतिकार्यका कार्यकलापको अनुगमन गरिन्छ (मार्ग दर्शक टिप्पणी १ हेर्नुहोस्) ।
- पीडित समुदायसँग नियमित परामर्श गरिन्छ र तथ्याङ्क सङ्कलनको तालिम दिइन्छ र अनुगमन कार्यकलापमा संलग्न गराइन्छ (मागदर्शक टिप्पणी २ हेर्नुहोस्) ।
- शैक्षिक तथ्याङ्क सङ्कलन प्रबृत्तिगत हिसाबले छुट्याई नियमित र व्यवस्थित रूपमा सङ्कलन गरिन्छ र शैक्षिक प्रतिकार्य कार्यक्रमको प्रयोगका लागि उपलब्ध गराइन्छ (मार्ग दर्शक टिप्पणीहरू ३-४ हेर्नुहोस्) ।
- शैक्षिक तथ्याङ्कको विश्लेषण गरिन्छ र समय समयमा सबै सम्बन्धित सरोकारवाला, विशेष गरी प्रभावित समुदाय र पीडित समूहसँग आदान प्रदान गरिन्छन् (मार्ग दर्शक टिप्पणीहरू ३-४ हेर्नुहोस्) ।

**मार्ग दर्शक टिप्पणीहरू**

१. **अनुगमन:** कार्यक्रमले प्रभावित जनसमुदायका परिवर्तित शैक्षिक आवश्यकताहरूको प्रतिकार्य कुन हदसम्म गर्न सकेको छ र उदीयमान परिस्थितिलाई त्यसले कसरी प्रतिकार्य गरिरहेको छ भन्ने कुरा सुनिश्चित गर्न कार्यक्रमको अनुगमन गरिन्छ । यसले:
   - प्रयत्नहरू सान्दर्भिक र उपयुक्त छन् भन्ने सुनिश्चितता प्रदान गर्छ ;
   - सुधारका सम्भावना पहिचान गर्दछ ;
   - द्वन्द्वको र विपत्जन्य जोखिम न्यूनीकरणमा योगदान पुऱ्याउँछ ;
   - जवाफदेहिताको प्रवर्द्धन गर्दछ ।

   शिक्षा कार्यक्रमहरूका योजनाबद्ध र अनियोजित असरहरूले अनपेक्षित सीमान्तीकरण, विभेद र द्वन्द्व वा प्राकृतिक खतराहरूको वृद्धि गर्दैनन् भन्ने सुनिश्चित गर्ने उद्देश्यले तिनको अनुगमन हुनुपर्दछ । आकस्मिक अनुगमन भ्रमणले अनुगमनका तथ्याङ्कको वैधतामा वृद्धि गर्छ ।

   अनुगमनको कार्य योजनाले कतिपटक, कुन आवश्यकताको पूर्तिका लागि तथ्याङ्क सङ्कलन गरिन्छ र तिनको सङ्कलन तथा प्रशोधनमा कति स्रोतहरूको आवश्यकता पर्दछ भन्ने कुराको निरूपण गर्दछ । आवश्यकता र समस्याको छिटो जानकारीका लागि विद्यालयहरू र अन्य शैक्षिक कार्यक्रमबाट विभिन्न किसिमका सूचनाहरू सङ्कलन गर्न सकिन्छ । यस किसिमका सूचनाहरूमा:
   - विद्यालय भर्ना र कक्षा छाड्ने बारे छुट्टाछुट्टै तथ्याङ्कहरू,
   - विद्यार्थीहरूले विद्यालय आउनुअघि खाना खाएका छन् छैनन् ?
   - पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्रीको उपलब्धता ।

विद्यालयबाहिर रहेका बालबालिकाहरू तथा युवाहरू र तिनको विद्यालयमा भर्ना नहुने वा अनुपस्थित रहनुका कारणहरूको अनुगमन घरधुरी सर्वेक्षणद्वारा गर्न सकिन्छ । अनुगमनका क्रममा महिला र पीडित समूहका आवाजको प्रत्यक्ष सुनुवाइ हुनु जरुरी छ । यदि जातीय वा अन्य सामाजिक समूहका तथ्याङ्कहरू ज्यादै संवेदनशील छन् र तिनको सङ्कलन कार्य दुरुह छ भने नमुना सर्वेक्षण र समूह विशेषका समस्या उजागर गर्न मद्दत गर्ने अनौपचारिक वार्तालापहरू जस्ता गुणात्मक पृष्ठपोषणको उपयोग गर्न सकिन्छ ।

सिकारु, शिक्षक र अन्य शिक्षा कर्मचारीहरूको सुरक्षा र हितमा खलल पुगेको छ छैन तथा शिक्षा पूर्वाधारको अवस्था कस्तो छ भन्ने सूचना सङ्कलनका लागि अनुगमन र प्रतिवेदन पद्धतिको आवश्यकता पर्दछ । विशेष गरी सशस्त्र आक्रमण, अपहरण, सशस्त्र बल र समूहमा बालबालिका भर्ना, लैङ्गिकतामा आधारित हिंसा वा प्राकृतिक विपत्को जोखिम रहेका अवस्थामा अनुगमनको महत्व अझ बढी रहन्छ । अनुगमनको यस पक्षका लागि शिक्षा सरोकारवालाहरूले सुरक्षा, न्याय, संरक्षण र मानव अधिकारहरूका लागि स्थानीय र राष्ट्रिय अधिकारीहरू अथवा संयुक्त राष्ट्र सङ्घ र गैरसरकारी निकायहरूसँग सम्पर्क स्थापित गर्नुपर्दछ । यस्ता अवस्थामा सूचनाको संवेदनशीलताको महत्वमाथि विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

अनुगमन प्रतिवेदनका आधारमा कार्यान्वयनमा रहेका प्रतिकार्य कार्यक्रममा आवश्यक परिमार्जन गरिनुपर्दछ ।

२. **अनुगमनमा संलग्न टोली:** अनुगमन कार्यमा खटिएका कर्मचारीले प्रभावित समुदायका सबै समूहबाट सूचना सङ्कलन गर्दा सांस्कृतिक संवेदशीलताका साथ गर्नुपर्दछ । अनुगमन टोलीको संरचनामा लैङ्गिक सन्तुलन कायम रहनुपर्दछ । त्यसका सदस्यहरूमा स्थानीय भाषामा पूर्ण ज्ञान हुनुपर्दछ र तथ्याङ्क सङ्कलन विधिबारे तालिम प्राप्त हुनुपर्दछ । स्थानीय मान्यतालाई समेत ध्यानमा राख्दै महिला तथा अल्पसङ्ख्यक समूहसँग तिनले विश्वास गरेका व्यक्तिले मात्र छुट्टाछुट्टै सम्पर्क गरिनुपर्दछ । प्रभावित जनसमुदायका जीवनमा प्रत्यक्ष प्रभाव पार्ने शैक्षिक कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन कार्यमा सम्बन्धित समुदायका युवाहरूलाई प्रारम्भदेखि नै सहभगी गराइनुपर्दछ । खास गरी किशोरी तथा अपाङ्गतायुक्त सिकरुहरूका लागि सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमको अनुगमनमा यस्तो सहभागिताको आवश्यकता पर्न जान्छ (विश्लेषण मापदण्ड २, मार्ग दर्शक टिप्पणी २ पाना ३७ र विश्लेषण मापदण्ड ४, मार्ग दर्शक टिप्पणी ३ पाना ४४ मा पनि हेर्नुहोस्) ।

३. **शैक्षिक व्यवस्थापन सूचना प्रणाली:** शैक्षिक व्यवस्थापन सूचना प्रणाली सामान्यतया राष्ट्रिय अधिकारीहरूद्वारा व्यवस्थित हुन्छ र यसले शैक्षिक तथ्याङ्कको समायोजन र विश्लेषण गर्दछ । सङ्कटकालीन परिस्थितिमा विद्यमान शैक्षिक व्यवस्थापन सूचना प्रणाली छिन्नभिन्न भएको हुन सक्दछ अथवा त्यसको अद्यावधिकीको खाँचो पर्न सक्छ । राष्ट्रिय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पुनःनिर्माणका लागि राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा क्षमता विकासको आवश्यकता पर्न सक्दछ । क्षमता विकासले सम्बद्ध कर्मचारीलाई सूचना सङ्कलन, व्यवस्थापन, व्याख्या, प्रयोग र उपलब्ध सूचनाको आदानप्रदानमा मद्दत पुऱ्याउँछ । सङ्कटकालको अन्त्य वा सुधारका चरणसम्ममा कुनै सरकारी निकायमा शैक्षिक व्यवस्थामन सूचना प्रणाली स्थापित रहोस् भन्ने उद्देश्यका साथ क्षमता विकासका कार्यक्रम जतिसक्दो प्रारम्भिक चरणमै सुरु गरिनुपर्दछ (समन्वय मापदण्ड १, मार्ग दर्शक टिप्पणी

३, पाना २९ शिक्षा नीति मापदण्ड १, मार्ग दर्शक टिप्पणी ५, पाना ९४-९५ शिक्षा नीति मापदण्ड २, मार्ग दर्शक टिप्पणी ४ पाना ९७ पनि हेर्नुहोस् ।

शैक्षिक व्यवस्थापन सूचना प्रणालीका लागि उपयुक्त सफ्टवेयर र हार्डवयेरको आवश्यकता पर्दछ । शिक्षाका राष्ट्रिय तथा स्थानीय कार्यालय तथा राष्ट्रिय तालिम केन्द्रहरू जस्ता उपक्षेत्रमा सूचनाको आदानप्रदानको सहजताका लागि उपयुक्त उपकरणको आवश्यकता पर्दछ । विशेष प्रकारका सफ्टवेर जडित मोबाइल फोनको प्रयोगले पनि तथ्याङ्क सङ्कलनमा सुधार ल्याउन सकिन्छ तर प्रविधिको अभावकै कारण सुविधा विहीन स्थानका तथ्याङ्कको सङ्कलन अवरुद्ध हुनुहुन्न ।

४. **सिकारुहरूको अनुगमन:**सिकाइका दौरान, पढाइ पूरा हुँदा तथा कोर्सको समाप्ति वा छाड्ने बेला जुनसुकै अवस्थामा, जहिले सम्भव हुन्छ, अनुगमन गरिनुपर्दछ । सङ्ख्यात्मक तथा गुणात्मक अनुगमनका लेखाजोखाले देहायका कुराहरू समेट्नुपर्दछ :

- प्रत्येक बालबालिकाको समग्र र सूक्ष्म शारीरिक, संज्ञानात्मक र सामाजिक-संवेगात्मक विकास,
- साक्षरता र गणितीय सीपको स्थायित्व,
- प्रमुख जीवनोपयोगी सीपवारे सचेतना र प्रयोग,
- साक्षरोत्तर पाठ्य सामग्रीहरूमा पहुँच ।

व्यावसायिक शिक्षाको अनुगमन गर्दा सिकारुका रोजगारी अवसरमा पहुँचको स्थिति अभिलेख पहिल्याइनुपर्दछ । कार्यक्रम समाप्तिपश्चात्का अनुगमनले भावी कार्यक्रम तर्जुमा कार्यमा महत्वपूर्ण योगदान दिन सक्छ (शिक्षण र सिकाइ मापदण्ड ४ पाना ७६-७७ र SEEP Network sf Minimum Standards for Economic Recovery after Crisis, रोजगार सिर्जना मापदण्ड र उद्योग विकास मापदण्डहरू पनि हेर्नुहोस्) ।

## विश्लेषण मापदण्ड ४:
## मूल्याङ्कन

पद्धतिगत र निष्पक्ष मूल्याङ्कनले शैक्षिक प्रतिकार्य क्रियाकलाप तथा उत्तरदायित्व वहनमा सुधार ल्याउँछन्

**मुख्य कार्य:** (मार्ग दर्शक टिप्पणीहरू सँगसँगै पढिनुपर्ने)

- शैक्षिक प्रतिकार्य कार्यक्रमको नियमित मूल्याङ्कनहरूले विश्वसनीय र पारदर्शी सूचना उत्पादन गरी भावी शिक्षा कार्यक्रमलाई मार्गदर्शन प्रदान गर्दछ (मार्गदर्शक टिपोटहरू १-२ हेर्नुहोस्) ।
- मूल्याङ्कनका क्रियाकलापमा प्रभावित समुदायका प्रतिनिधि तथा शिक्षाका अधिकारी लगायत सबैखाले सरोकारवालाहरू संलग्न हुन्छन् (मार्गदर्शक टिपोट ३ हेर्नुहोस्) ।
- मूल्याङ्कनबाट सिकिएका पाठ र सफल देखिएका अभ्यासहरूको व्यापक आदान प्रदान गरिन्छ र भावी चेतनाकरण, कार्यक्रम र नीति निर्माणमा पृष्ठपोषणका रूपमा उपयोग गरिन्छ (मार्गदर्शक टिपोट ४ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोट :**

१. **अनुगमन र मूल्याङ्कनबीच फरक :** शिक्षाका लक्ष्य र उद्देश्य प्राप्तिका सन्दर्भमा अनुगमन र मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो । यसले शैक्षिक कार्यक्रमको र उद्देश्य प्राप्तिका सन्दर्भमा हासिल गरिएका प्रगतिको निरन्तर मापन गर्दछ । अनुगमनबाट प्राप्त सूचनाका आधारमा शिक्षा कर्मचारीहरूलाई कार्यक्रममा देखिएका कमी कमजोरी हटाएर सञ्चालन अवधिभित्रै आवश्यक परिमार्जन गरी कार्यक्रमलाई लक्ष्य प्राप्ति उन्मुख गराउन मद्दत मिल्दछ ।

   मूल्याङ्कन निरन्तर रूपमा गरिन्न । अक्सर कार्यक्रम वा परियोजना चक्रको मध्यमा वा अन्तमा बाह्य वा स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइन्छ । यसले प्रतिफलको मापन गर्दछ र अपेक्षित परिणामहरू प्राप्त भए नभएको मूल्याङ्कन गर्दछ । मूल्याङ्कनले कार्यक्रमका क्रियाकलापहरू निर्धारित प्राथमिकता, नीतिहरू र कानुनी प्रावधानसँगको सान्दर्भिकता र कार्यान्वयन कुशलताको पनि निरूपण गर्दछ ।

२. **शैक्षिक प्रतिकार्य क्रियाकलापको मूल्याङ्कन:** शैक्षिक प्रतिकार्यका गतिविधिको मूल्याङ्कन गर्दा उपयुक्त समयभित्रै कार्यक्रमबाट हासिल प्रतिफल र तिनबाट उत्पन्न प्रभावबारे विश्वसनीय साक्ष्य उत्पादन गर्न सक्ने खालका विधि र तरिकाको अवलम्बन गरिनुपर्दछ जसले भावी क्रियाकलापमा मार्गनिर्देश प्रदान गर्न सकोस् । प्रभाव भनेको कार्यक्रमका कारणले लक्षित समुदायका जीवनमा आउने मापनीय परिवर्तन हो । लिङ्ग र उमेरअनुसार छुटचाइएका गुणात्मक तथा सङ्ख्यात्मक दुवै खाले तथ्याङ्कको महत्व हुन्छ । सङ्ख्यात्मक तथ्याङ्क गणनायोग्य चीज वस्तुसँग सम्बन्धित छ । यसअन्तर्गत विद्यार्थीको भर्ना, उपस्थिति, बीचैमा पढाइ छाड्ने तथा उपलब्धि दर जस्ता कार्यक्रमका प्रतिफलको मापन गरिन्छ । गुणात्मक तथ्याङ्क गन्ती गर्न नसकिने कुरासँग सम्बन्धित हुन्छ, जसले प्रक्रिया तथा परिणामको व्याख्या गर्दछ । विद्यालय वा अन्य सिकाइ स्थलहरूमा के हुन्छ, तथा भर्ना, उपस्थिति र विद्यालय छाड्ने प्रवृत्तिका पछाडि कस्ता कारणहरू रहेका छन् भन्ने सूचना गुणात्मक तथ्याङ्कका दृष्टान्त हुन् (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट २ पाना ३१-३२ र समन्वय मापदण्ड १, मार्गदर्शक टिपोट ३ पाना २९ पनि हेर्नुहोस्) ।

३. **मूल्याङ्कनका माध्यमबाट क्षमता विकासः** मूल्याङ्कनको बजेटमा शिक्षाका अधिकारीहरू, समुदायका प्रतिनिधि तथा सिकारुहरूको क्षमता विकासका कार्यशाला सञ्चालनको खर्च पनि समावेश हुनुपर्दछ । यस्ता कार्यशालाले मूल्याङ्कनको परिचय र व्याख्या दिन्छ, पारदर्शी एवं सहभागितामूलक ढङ्गबाट मूल्याङ्कन योजनाको तर्जुमा गर्न र सरोकारवालाहरूलाई मूल्याङ्कनका नतिजाको पुनरावलोकन एवं व्याख्या गर्न सिकाउँछ । तथ्याङ्क सङ्कलनको शुद्धता र यथार्थपरक एवं कार्यान्वयन योग्य सिफारिसको निर्माणका लागि मूल्याङ्कन प्रक्रियामा सिकारु, शिक्षक तथा शिक्षा कर्मचारीहरूलाई संलग्न गराइनुपर्दछ । उदाहरणका लागि, शिक्षक तथा शिक्षा कर्मचारीहरूले प्रस्तावित सिफारिसको कार्यान्वयनका सन्दर्भमा आइपर्ने व्यावहारिक कठिनाइबारे अन्तर्दृष्टि पुऱ्याउन सक्दछन् । (विश्लेषण मापदण्ड २, मार्गदर्शक टिपोट २ पाना ३७ , विश्लेषण मापदण्ड ३, मार्गदर्शक टिपोट २, पाना ४१ , र शिक्षा नीति मापदण्ड २, मार्गदर्शक टिपोट ४ पाना ९७ मा पनि हेर्नुहोस्) ।

४. **मूल्याङ्कनका नतिजा र सिकिएका पाठहरूको आदान प्रदानः** सिफारिस र सिकिएका पाठ जस्ता मूल्याङ्कन प्रतिवेदनका मुख्य नतिजाको बोधगम्य टिपोट तयार पारी समुदायका सदस्य लगायत सबैका बीच आदान प्रदान गरिनुपर्दछ । यस्ता प्रतिवेदनले भाविष्यका कार्यलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । संवेदनशील तथ्याङ्कहरूको व्यवस्थापनमा पर्याप्त सतर्कता अपनाउनु आवश्यक हुन्छ । आपत्काल वा द्वन्द्वलाई बढावा दिने वा सूचना उपलब्ध गराउने व्यक्तिले आक्रमणको जोखिम मोल्नुपर्ने वा जोखिमयुक्त संवेदनशील सूचनाको गोपनीयता कायम राख्नु आवश्यक छ (समन्वय मापदण्ड १, मार्गदर्शक टिपोटहरू ३ र ५ पाना २९-३० र शिषा नीति मापदण्ड २, मार्गदर्शक टिपोट ४, पाना ९७ हेर्नुहोस् ।

**T** **यी मापदण्डहरूको कार्यान्वयनमा सहयोग गर्ने साधनहरुका लागि हेरौँ** INEE **Toolkit: www. ineesite.org/toolkit**

INEE Toolkit
INEE न्यूनतम मापदण्ड
कार्यान्वयन साधनहरू आधार मापदण्डहरू
आधारभूत मापदण्ड

# २ पहुँच तथा सिकाइ वातावरण

**आधारभूत मापदण्डहरू :**
**सामुदायिक सहभागिता, समन्वय, विश्लेषण**

## पहुँच तथा सिकाइ वातावरण

### मापदण्ड १
### समान पहुँच

प्रत्येक व्यक्तिको गुणात्मक तथा सान्दर्भिक शिक्षाका अवसरमा समान पहुँच छ ।

### मापदण्ड २
### संरक्षण र कल्याण

सिकाइ वातावरण सुरक्षित र संरक्षित छन् र तिनले सिकरुहरूका शारीरिक एवम् मनोवैज्ञानिक कल्याणको संरक्षण गर्दछन्

### मापदण्ड ३
### सुविधा र सेवाहरू

शैक्षिक सुविधाहरूले सिकारु तथा शिक्षाकर्मीहरूको स्वास्थ्य, पोषण, सामाजिक-मनोवैज्ञानिक हित तथा संरक्षणको संवर्धन गर्दछन् ।

आपत्कालमा स्रोत र अधिकार दुवै दृष्टिले ठूलो महत्व राख्ने शिक्षाका पहुँच प्रायः सीमित हुन जान्छ। शिक्षाले आपत् प्रभावित समुदायलाई परिस्थितिको सामना गर्दै जीवनलाई सामान्यीकरणका अवस्थातर्फ डोऱ्याउन ठूलो योगदान गर्दछ। यसले बाँच्न चाहिँने ज्ञान र सीप प्रदान गर्नुका साथै समन्यायिकता र गुणात्मक शिक्षाका लागि परिवर्तनको मार्ग प्रशस्त गर्दछ।

आपत्कालमा शैक्षिक क्रियाकलापहरूको व्यवस्थापन कार्य जटिलतापूर्ण हुन्छ। गरिएका शैक्षिक प्रावधानबाट पीडित पक्ष लाभान्वित नहुने र प्रस्तावित प्रतिकार्य कार्यक्रममा लामो समयदेखि जरा गाडेर रहेका बहिस्करण तथा निषेधकारी तत्वहरू अझै विद्यमान रहेका पनि हुन सक्छन्। यस्तो अवस्थामा सबैका लागि सान्दर्भिक, स्तरीय र सुरक्षित सिकाइ वातावरणमा पहुँच सुनिश्चित गर्नु सरकारी निकाय, समुदाय तथा मानवतावादी संस्थाहरूको दायित्व हुन जान्छ। यसो भएमा सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरूको शारीरिक तथा मनोवैज्ञानिक संरक्षण र प्रवर्द्धन हुन सक्छ।

सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरू शिक्षण सिकाइका स्थलहरूमा आवत जावत गर्ने क्रममा वा सिकाइ वातावरणभित्रै पनि शारीरिक तथा मनोवैज्ञानिक जोखिमा पर्न सक्छन्। सङ्कटकालीन शिक्षा कार्यक्रमहरूले निरन्तर रूपले सबैको शारीरिक तथा र मनोवैज्ञानिक संरक्षणमा ध्यान दिनु आवश्यक छ। विद्यालय, सिकाइ स्थल तथा बालमैत्री स्थल जस्ता स्थायी वा अस्थायी शैक्षिक प्रावधानहरूको विकास तथा निर्माण गर्दा खतरामुक्त र लक्षित समुदायको सुगम पहुँचलाई दृष्टिगत गरिनु जरुरी छ।

सुरक्षित सिकाइ सुविधाले शिक्षण-सिकाइका बाधा-व्यवधानको निराकरण गरी निरन्तरताको प्रवर्द्धन गर्दछन्। तिनीहरू सामुदायिक क्रियाकलापका केन्द्रविन्दु बनेर रोग, भोक तथा अशिक्षा न्यूनीकरणका प्रभावकारी संवाहक हुन सक्छन्। आपत्काल आउनुभन्दा पहिल्यैदेखि शिक्षाका असमान अवसर रहेका स्थान सुरक्षित र समन्यायपूर्ण शिक्षाका सुविधाहरूको पुनर्निर्माणले शान्ति स्थापनामा महत्वपूर्ण योगदान पुग्न सक्दछ।

शिक्षा र सिकाइका अवसरको पहुचमा कसैलाई विभेद र निषेधित गरिनु हुँदैन। प्रतिकार्य कार्यक्रमले सबैका शैक्षिक अधिकारको प्रत्याभूतिमा देखापरेका सबैखाले व्यवधान हटाई औपचारिक एवम् अनौपचारिक शिक्षाका सेवाहरू प्रदान गर्नुपर्दछ। यसका लागि सबै शिक्षा प्रदायकले खास गरी लैङ्गिक विभेद तथा बालबालिकाको शैक्षिक पहुँचका सम्भावित जोखिमप्रति सजगता अपनाउनु जरुरी छ। पढाइ शुल्क, भाषा, भौतिक अवरोध आदि विभेदका कारक हुन् र यिनले कुनै समूहविशेषलाई बहिष्कार गर्न सक्छन्।

## पहुँच तथा सिकाइ वातावरण मापदण्ड १:
## समान पहुँच

प्रत्येक व्यक्तिको गुणात्मक तथा सान्दर्भिक शिक्षाका अवसरमा समान पहुँच छ ।

**मुख्य कार्य** (मार्गदर्शक टिपोटहरू सँगै राखेर पढिनुपर्ने)

- विभेदका कारण कुनै पनि व्यक्ति वा सामाजिक समूह शिक्षा र सिकाइका अवसरबाट निषेधित छैन (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- सिकाइका संरचना तथा स्थान सबैको पहुँचभित्र छन् (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- विद्यालय भर्नाका लागि प्रमाणिक कागजात वा अन्य आवश्यकता हटाइएको छ (मार्गदर्शक टिपोट २ र ४ हेर्नुहोस्) ।
- प्रभावित जनसमुदायका शैक्षिक आवश्यकता परिपूर्ति गर्न लचिला खालका औपचारिक एवम् अनौपचारिक शिक्षाका प्रावधान राखिएका छन् (मार्गदर्शक टिपोटहरू ३-५ हेर्नुहोस्) ।
- सबै बालबालिका, युवा तथा प्रौढहरूका लागि गुणस्तरीय र सान्दर्भिक शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने कार्यमा तालिम पाएका स्थानीय समुदायका सदस्यहरू उल्लेख्य रूपले संलग्न छन् (मार्गदर्शक टिपोट ६-७ हेर्नुहोस्) ।
- स्रोतसाधनको कमी छैन र शिक्षाको निरन्तरता, निष्पक्षता र स्तरीयता प्रत्याभूत भएको छ (मार्गदर्शक टिपोट ८ हेर्नुहोस्)
- आपत्कालको समाप्ति हुनासाथ सिकारुहरूलाई औपचारिक शिक्षामा प्रवेश वा पुनः प्रवेशका अवसर खुला छन् (मार्गदर्शक टिपोट ९ हेर्नुहोस्) ।
- शरणार्थीहरूका सन्दर्भका प्रदान गरिएका शैक्षिक कार्यक्रमहरू शिक्षाका स्थानीय निकाय तथा तिनका आफ्ना मुलुकमा मान्यता प्राप्त छन् ।
- विपत् प्रभावित जनसमुदायका लागि शिक्षाका सेवाहरूले आश्रय दिने समुदायलाई कुनै प्रकारले हानि-नोक्सानी गर्दैनन् ।

### मार्गदर्शक टिपोट

१. **विभेदः** सामान्यतया शैक्षिक अवरोधका कारक तत्वमा लिङ्ग, उमेर, अपाङ्गता, एचआईभी सङ्क्रमणका स्थिति, राष्ट्रियता, जाति, वर्ण, धर्म, भाषा, संस्कृति, राजनीतिक आस्था, यौनिकता, सामाजिक-आर्थिक पृष्ठभूमि, भौगोलिक अवस्थिति आदिका भिन्नता पर्दछन् । विभेदीकरण आशययुक्त पनि हुन सक्छ र आशयरहित पनि हुन सक्छ । आशयरहित विभेदका दृष्टान्तमा अपाङ्गमैत्री संरचनाको अभाव, नीतिगत वा परम्पराका कारणले कुनै समूहविशेषका शैक्षिक सहभागितामा वञ्चित जस्ता कुरा आउँदछन् । आशय नहुँदा नहुँदै पनि गर्भवती महिला, एचआईभी सङ्क्रमित तथा परिवारका आर्थिक अवस्थासँग गाँसिएका पक्षहरू, जस्तै : शुल्क, पोसाक, पुस्तक तथा अन्य सामग्री खरिद गर्न नसक्नेहरू प्रायः शैक्षिक सहभागिताबाट वञ्चित हुने गर्दछन् ।

आपत्कालीन अवस्थामा विशेष समूह वा व्यक्तिहरूका लागि शैक्षिक पहुँचमा कठिनाइ हुन सक्छ । कतिपय आपत्काल वा विस्थापनका कारणले बढी कमजोर हुन सक्दछन् । यस्ता समूहमा देहाय अनुसारका पर्दछन् :

- शारीरिक एवं मानसिक अपाङ्गता भएका समूह,
- गम्भीर मानसिक वा सामाजिक-मनोवैज्ञानिक समस्याबाट ग्रस्त समूह,
- बालिकाहरू,
- युवाहरू,

- सशस्त्र बल वा सशस्त्र समूहसँग आबद्ध बालबालिकाहरू,
- तन्नेरी घरमूलीहरू,
- किशोरी आमाहरू
- विशेष सांस्कृतिक वा सामाजिक समूहका मानिसहरू ।

शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने जिम्मेवारी सरकारी निकाय, समुदाय तथा मानवतावादी सङ्गठनहरूको हो । यसको तात्पर्य बहिष्कृत तथा भिन्न शैक्षिक आवश्यकता भएका समूहका प्राथमिकताको पहिचान गरी तिनको प्रतिकार्यका उपयुक्त प्रावधान मिलाउनु हो । सिकाइ अवसरका पहुँचलाई सङ्कुचित तुल्याउने खालका विभेदकारी नीति तथा अभ्यासहरूको पहिचान तथा निराकरण गरिनुपर्दछ । विशेष सांस्कृतिक, भाषिक, भौगोलिक अथवा उमेर समूहलाई शैक्षिक पहुँचका अवरोधले तिनमा तनावको अवस्था सिर्जित हुन गई द्वन्द्व बढ्ने सम्भावना रहन्छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (१९६६) (The International Covenant on Economic, Social and Cultural Rights) ले शिक्षाका अधिकारको देहायअनुसार व्याख्या गरेको छ :

- धारा २ ले जाति, रङ, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा वैचारिक आस्था, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य अवस्थाका भेदभावरहित शिक्षा प्राप्त गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ ;
- धारा १३ ले प्रत्येक व्यक्तिका सम्मानको रक्षा, व्यक्तित्वको पूर्ण विकास, मानव अधिकारप्रति सम्मान एवंम् आधारभूत स्वतन्त्रताको संवर्धनतर्फ उन्मुख शिक्षा पाउने अधिकारको पक्षपोषण गरेको छ । यस धारामा शिक्षाले सबैलाई स्वतन्त्र समाजमा प्रभावकारी ढङ्गले सहभागी हुन, सबै राष्ट्रियता, जाति, संस्कृति वा धार्मिक समूहबीच समझदारी, सहिष्णुता र मित्रताको प्रवर्द्धन गर्न सघाउनुका साथै संयुक्त राष्ट्र सङ्घका शान्ति प्रयासमा बल प्रदान गर्न मद्दत गर्नेछ भन्ने कुरा उल्लेख भएको छ । धारा १३ ले सदस्य राष्ट्रहरूबाट यस अधिकारको पूर्ण प्राप्तिका लागि देहायका प्रतिबद्धता हासिल गरेको छः १) अनिवार्य र निःशुल्क प्राथमिक शिक्षा, २) क्रमिक रूपले निःशुल्क र सामान्यतया सबैका पहुँचयोग्य प्राविधिक र व्यावसायिक लगायत विभिन्न स्वरूपका माध्यमिक शिक्षा ३). प्राथमिक शिक्षा नपाएका वा शिक्षाको चक्र पूरा नगरेका व्यक्तिहरूलाई दृष्टिगत गर्दै आधारभूत शिक्षाको यथासम्भव सुदृढीकरण गरिने (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोटहरू १ र ७ पाना ९२-९३ र ९५ र शिक्षा नीति मापदण्ड २, मार्गदर्शक टिपोट ३, पाना ९६-९७ पनि हेर्नुहोस्) ।

२. **भर्ना र टिकाउ :** विद्यार्थीहरूलाई विद्यालयमा सहज रूपले भर्ना मिलोस् भन्नका लागि कागजी प्रमाणको आवश्यकतामा लचकता अपनाइनु जरुरी हुन्छ । सङ्कटप्रभावित समुदायका कठिनाइलाई दृष्टिगत गर्दै नागरिकता, जन्म वा उमेरको प्रमाणपत्र, परिचयपत्र वा साविक विद्यालयका प्रतिवेदनहरूलाई विद्यालय प्रवेशका अनिवार्य आवश्यकता बनाइनु हुँदैन । सुरक्षा सरोकार तथा सांस्कृतिक मान्यताको ख्याल गरिनुपर्दछ केवल उमेरको हदलाई विद्यालय प्रवेशको बाधक बनाइनु हुन्न । विद्यालय छाडेर गएका विद्यार्थीलाई पुनः भर्ना हुने अवसर प्रदान गर्नुपर्दछ । पीडित व्यक्तिहरूको पहिचान र तिनलाई विद्यालय प्रवेश गराउने विशेष प्रयासको आवश्यकता रहन्छ । सुरक्षा जोखिम रहेका स्थानमा भर्नासम्बन्धी सूचनालाई आवश्यक परे गोप्य राख्न सकिन्छ (तल मार्गदर्शक टिपोट ४, शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १, २ र ७ पाना ९२-९५ र शिक्षा नीति, मापदण्ड २, मार्गदर्शक टिपोट १ पाना ९६ पनि हेर्नुहोस्) ।

३. **गुणस्तरीय शिक्षाका विभिन्न अवसरहरू:** विभिन्न गुणस्तरका शिक्षाका अवसर आवश्यक छन् । ती सबैको उद्देश्य सिकारुहरूका सिकाइ आवश्यकताको प्रतिकार्य प्रत्याभूत गर्नु र मुलुकको आर्थिक, सामाजिक तथा राजनीतिक विकासमा योगदान दिन सक्षम जनस्रोतका उत्पादन गर्नु हो । देहाय अनुसारका अवसरहरू सिकारुहरूका परिवेश सान्दर्भिक हुन सक्छन् ।

- प्रारम्भिक बाल विकास,
- प्राथमिक, माध्यमिक र उच्च शिक्षा,
- साक्षरता र गणितीय सीपका कक्षाहरू,
- जीवनोपयोगी सीप शिक्षा,
- युवा र प्रौढहरूका लागि प्राविधिक र व्यावसायिक शिक्षा

आपत्काल उत्कर्षमा रहेका बेला औपचारिक शिक्षाको स्थापना वा पुनः सञ्चालन गर्दा बालमैत्री तथा सुरक्षित स्थलको चयनले पहिलो प्राथमिकता पाउनुपर्दछ । बालमैत्री स्थलको उद्देश्य बालबालिका तथा युवाहरूका हितको संरक्षण र प्रवर्द्धन गर्नु हो । यीमध्ये केहीले बालबालिका र युवाहरूलाई औपचारिक कक्षामा पुनः प्रवेशका लागि तयार पार्दछन् भने अन्य कतिपयले अनौपचारिक सिकाइका क्रियाकलापमा सहभागी हुन प्रोत्साहन गर्छन् । तिनले बालबालिकादेखि युवासम्म विभिन्न उमेर समूहलाई योजनाबद्ध सिकाइ, अभिनय, खेलकुद, नाटक, कला, सङ्गीत, संरक्षण तथा मनोवैज्ञानिक सहयोग प्रदान गर्दछन् । बालमैत्री स्थलमा समुदायका सदस्यहरू, मानवतावादी तथा सरकारी निकायको सहकार्यमा औपचारिक तथा अनौपचारिक शिक्षाको आवश्यकता एवम् क्षमताको पहिचान गर्न सघाउ पुग्छ ।

४. **लचिलोपन:** सिकाइ अवसरहरू परिवेशसापेक्ष र आवश्यकता अनुसार परिमार्जनका लागि लचिलो हुनुपर्दछ । यसका लागि लागि देहायका कुराहरू आवश्यक छन् :

- सिकारु विशेषका आवश्यकताको प्रतिकार्यका लागि कक्षा सञ्चालन हुने समय तालिका तथा वार्षिक समय तालिका आवश्यकता अनुसार परिमार्जनयोग्य हुनुपर्छ,,
- स्वाध्ययन, दूर शिक्षा, तथा द्रुत सिकाइ जस्ता शिक्षणका वैकल्पिक तरिकाको अवलम्बन गर्न सकिने,
- युवा अभिभावकहरूका लागि शिशु स्याहार सेवाहरूको व्यवस्था,
- विद्यालय भर्नाका लागि जन्म, उमेर आदिका कागजी प्रमाणका आवश्यकता नपर्ने (मार्गदर्शक टिपोट ५ पनि हेर्नुहोस्) ।

अनुकूलनका सन्दर्भमा युवा, महिला तथा वहिष्करणको जोखिममा रहेका लगायत सबैको सहभागिता हुने गरी समुदायका सदस्यहरूबीच व्यापक छलफल गराइनुपर्दछ । प्रस्तावित अनुकूलनको मान्यता सुनिश्चित गर्न सम्बन्धित शिक्षा निकायसँग छलफल गरिनुपर्दछ । सिकारुहरू ठूलो क्षेत्रफल ओगटेर छरिएका अवस्थामा पहुँचको सुगमताका दृष्टिले मूल्यप्रभावी विद्यालय नक्साङ्कन गर्न सकिन्छ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ७ पाना ९५ र शिक्षा नीति मापदण्ड २, मार्गदर्शक टिपोट १ पाना ९६ पनि हेर्नुहोस्) ।

५. **शिक्षाका तत्कालीन प्राथमिकता:** शिक्षाका तत्कालीन प्राथमिकताको निर्धारण मूल्याङ्कनको नतिजामा आधारित हुनुपर्दछ । यसो गर्दा देहायका पक्षहरूमा ध्यान दिइनु जरुरी छ :

- लिङ्ग तथा उमेर अनुसार छुट्याइएको तथ्याङ्क,

- पीडितका स्थिति तथा सुरक्षाका सरोकार,
- जीवन रक्षासम्बन्धी जानकारी प्रदान गर्ने विशिष्ट विषयवस्तु समावेश,
- शिक्षा प्रणालीको पुनर्स्थापनासँग सम्बन्ध,

प्राथमिकतामा कोषको व्यवस्था, सहयोग सामग्री तथा सुरक्षाका समस्या आदिमा पनि विचार पुऱ्याइनुपर्दछ, तर कमजोर समूहको उपेक्षा हुनु हुँदैन (विश्लेषण मापदण्ड १, पाना ३१-३५, शिक्षण र सकाइ मापदण्ड १ पाना ६६-७० र शिक्षा नीति मापदण्डहरू पाना ९२-९७ पनि हेर्नुहोस्) ।

६. **'गुणस्तरीय' र 'सान्दर्भिक शिक्षा'** (शब्दको परिभाषाका लागि पाना १०६ मा हेर्नुहोस्)

७. **सामुदायिक संलग्नता:** शैक्षिक प्रक्रियाहरूमा समुदायको सक्रिय सहभागिताले शैक्षिक पहुँचको सुगमता बढाउँछ । यसबाट देहायका सवालमा मद्दत पुग्दछ :- सञ्चार व्यवस्थाका कमी कमजोरी सुधार्न,
   - थप स्रोतको परिचालन गर्न,
   - सुरक्षा, संरक्षण र मनोवैज्ञानिक सरोकारको प्रतिकार्य गर्न,
   - शिक्षाका वैकल्पिक अवसरका आवश्यकताको पहिचान गर्न,
   - अत्यन्तै दयनीय पक्ष लगायत सबै समूहको सहभागिता प्रोत्साहित गर्न (सहभागिताको परिभाषाका लागि शब्दावली पाना १०४),

   समुदाय सहभागिता मापदण्डहरू १-२, पाना २१-२७ , र शिक्षण सिकाइ मापदण्ड ३, मार्गदर्शक टिपोट २ पाना ७४ पनि हेर्नुहोस् ।

८. **स्रोत:** शिक्षाको प्रत्याभूति प्रदान गर्ने अन्तिम दायित्व राष्ट्रिय निकायको हो । यस कार्यमा प्रशस्त आर्थिक, भौतिक र मानवीय स्रोतहरूको प्रावधान र समन्वयको खाँचो रहन्छ । राष्ट्रिय निकायबाट मात्र आपत्कालको समग्र व्ययभार वहन गर्न सम्भव नहुन सक्छ । यस्तो अवस्थामा अन्तर्राष्ट्रिय समुदाय, संयुक्त राष्ट्र सङ्घीय निकायहरू, अन्तर्राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्था, स्थानीय निकाय, समुदाय, आस्थामा आधारित संस्थाहरू, नागरिक समाज तथा विकास साझेदार आदिलाई परिचालन गरेर थप स्रोत जुटाउन सकिन्छ । शिक्षाको निरन्तरता कायम राख्ने सवालमा दातृसमुदाय लचिलो र समन्वयकारी हुनुपर्दछ (समुदायको सहभागिता, मापदण्ड २, मार्गदर्शक टिपोट १ पाना २६ र विश्लेषण मापदण्ड २, मार्गदर्शक टिपोटहरू १ र ५ पाना ३६-३८ मा पनि हेर्नुहोस्) ।

९. **शैक्षिक संस्थाहरूलाई अस्थायी शिविरका रूपमा प्रयोग गरिने कार्यलाई निरुत्साहित गर्ने:** विस्थापित समुदायको आश्रयका लागि अन्य विकल्प नभए मात्र शैक्षिक संस्थाहरूलाई शिविरका रूपमा प्रयोग गरिनुपर्दछ । आपत्काल उत्पन्न हुनासाथ पूर्वतयारी कालमै आश्रयका वैकल्पिक स्थलहरूको पहिचान गरिनुपर्दछ ।

   विद्यालय लगायत शैक्षिक संस्थाहरूलाई अस्थायी आश्रयस्थलमा प्रयोग हुँदाका सम्भावित दुष्प्रभाव तथा सुरक्षा जोखिमको न्यूनीकरण गर्न आश्रय व्यवस्थापन तथा सुरक्षा निकायसँग आवश्यक परामर्श गरी उचित समयभित्रै शैक्षिक सुविधा फिर्ता हुने समयसीमा किटान गरिनुपर्दछ । यसो भएमा सिकाइमा बाधा कम हुने र आश्रित परिवारले लामो अवधिसम्म शैक्षिक स्थल ओगटेर बसिरहने सम्भावना पनि घट्ने हुन्छ ।

शैक्षिक संस्थाहरूलाई आश्रयस्थलमा प्रयोग गरिँदा फर्निचर, पुस्तक, पुस्तकालय, खेलकुद तथा मनोरञ्जन सामग्री लगायत विद्यालयका सम्पत्तिको सुरक्षामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ र तिनलाई सुविधाको फिर्ता पहिलेकै अवस्थामा हुने कुरा एकिन हुनु पर्दछ। सरसफाइका सुविधा तथा भवनको सुदृढीकरण जस्ता सुधारका अवसरको हरसम्भव उपयोग गर्नुपर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोट ४-६, पाना ६१, र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ३ पाना ९४ पनि हेर्नुहोस्)।

## पहुँच तथा सिकाइ वातावरण मापदण्ड २ : संरक्षण र कल्याण

सिकाइ वातावरण सुरक्षित र संरक्षित छन् र तिनले सिकरुहरूका शारीरिक एवम् मनोवैज्ञानिक कल्याणको संरक्षण गर्दछन्

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटसँगै पढिनुपर्ने)

- सिकाइ वातावरणमा विद्यार्थी, शिक्षक तथा शिक्षाकर्मीहरू खतरा मुक्त छन् (मार्गदर्शक टिपोटहरू १ र ३-४ हेर्नुहोस्) ।
- शिक्षक तथा शिक्षाकर्मीहरू अनुकूल सिकाइवातावरण निर्माण र विद्यार्थीको मानोवैज्ञानिक कल्याणको रक्षा गर्न सक्षम छन् (मार्गदर्शक टिपोट २-३ र ८-९ हेर्नुहोस्) ।
- विद्यालय, अस्थायी सिकाइस्थल तथा बालमैत्री स्थलहरू लक्षित समुदायको बसोबास क्षेत्रबाट नजिक छन् (मार्गदर्शक टिपोट ५-६ हेर्नुहोस्) ।
- सिकाइ स्थलसम्म पुग्ने बाटाहरू सुरक्षित र संरक्षित छन् (मार्गदर्शक टिपोट ५-७ हेर्नुहोस्) ।
- सिकाइ वातावरण सैनिक क्षेत्र वा र आक्रमणका जोखिमबाट मुक्त छन् (मार्गदर्शक टिपोट १, ३ र ६-७ हेर्नुहोस्) ।
- विद्यार्थी, शिक्षक तथा शिक्षाकर्मीको सुरक्षा तथा संरक्षणसम्बन्धी नीति नियम बनाउन तथा विद्यालय एवम् सिकाइ स्थालको अवस्थिति चयन गर्न समुदायको सक्रिय योगदान रहन्छ (मार्गदर्शक टिपोट ११ हेर्नुहोस्) ।
- विपत् न्यूनीकरण शिक्षा तथा व्यवस्थापनका गतिविधिले सिकाइ वातावरणको सुरक्षा कायम गरेको छ (मार्गदर्शक टिपोटहरू १ र १० हेर्नुहोस्) ।

### मार्गदर्शक टिपोट:

१. **सुरक्षा तथा संरक्षण :** सुरक्षित सिकाइ वातावरणले त्रास, खतरा, चोटपटक वा गुम हुने खतराबाट संरक्षण प्रदान गर्दछ । सुरक्षित वातावरण शारीरिक तथा मनोवैज्ञानिक क्षतिका सम्भावनाबाट मुक्त हुनुपर्दछ (पाना १०६ मा शब्दावली पनि हेर्नुहोस्) ।

सुरक्षाको प्रत्याभूति सरकारी निकायको दायित्व हो । यस अन्तर्गत पर्याप्त र कुशल प्रहरी तथा सुरक्षा संयन्त्रको परिचालन जस्ता कुराहरू पर्दछन् । साविक सिकाइस्थल सुरक्षाका दृष्टिले उपयुक्त नदेखिए त्यसको विकल्प खोजिनुपर्छ । विकल्पका रूपमा घरैमा शिक्षा दिने अथवा दूर शिक्षण पद्धति आदिको अनुसरण गर्न सकिन्छ । सुरक्षाका दृष्टिले बालबालिकालाई विद्यालय पठाउन उपयुक्त वातावरण छ छैन भन्नेबारे समुदायले रायसल्लाह दिनुपर्दछ । सुरक्षा बलले शैक्षिक सुविधाहरूलाई अस्थायी आश्रयका रूपमा प्रयोग गर्नु हुँदैन (संरक्षित अवस्थाका लागि तल मार्गदर्शक टिपोटहरू ५-७ ; सुरक्षाका लागि २-४, ८-९ र ११ तथा शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १, पाना ९२-९३ पनि हेर्नुहोस्) ।

२. **संवेगात्मक, शारीरिक तथा सामाजिक कल्याण:** संवेगात्मक, शारीरिक तथा सामाजिक कल्याण देहायका कुरामा भर पर्दछ:

- सुरक्षा, संरक्षण र बचावट,
- स्वास्थ्य,
- विद्यार्थीहरूबीच वा विद्यार्थी एवम् शिक्षा प्रदायकहरूबीच आनन्द एवम् सौहार्द्रपूर्ण सम्बन्ध ।

सानै उमेरदेखि बालबालिकालाई रेखदेख वा हेरचाह गर्ने व्यक्तिहरूसँग हुने ममतामयी एवम् सुरक्षित संवाद वा अन्तरक्रियाले तिनको सिकाइ र विकासमा मलजल गरिहेको हुन्छ । सिकारुका कल्याणसँग गाँसिएका क्रियाकलापको केन्द्रविन्दुमा स्वच्छ विकास, सकारात्मक सामाजिक अन्तरक्रिया तथा सुस्वास्थ्य रहेको हुन्छ । यसो हुँदा सिकारुलाई आफ्ना सरोकारका विषयका छलफलमा सहभागी हुन प्रोत्साहन मिल्दछ । समस्या समाधान, निर्णय प्रक्रिया तथा जोखिम न्यूनीकरण जस्ता विषयमा हुने सहभागिताले बालबालिका तथा युवाहरूमा मनोबल तथा आत्मविश्वासको अभिवृद्धि गराउँछ ।

बाबु आमाले घरमा आफ्ना बालबालिकाको हितको सुरक्षा गर्न नसकेका अवस्थामा अरुले मद्दत गर्नु पर्दछ । यसका लागि उपलब्ध सेवाकेन्द्रहरूमा सम्पर्क गराउने जस्ता कुराहरू पर्दछन् (पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोट ८, पाना ६२ मा पनि हेर्नुहोस्) ।

३. **संरक्षण:** संरक्षणको शाब्दिक अर्थ हो, सबै किसिमका शारीरिक, संवेगात्मक तथा सामाजिक त्रास, दुराचार, शोषण तथा हिंसाबाट मुक्ति । विद्यार्थी, शिक्षक तथा शिक्षाकर्मीहरूलाई सिकाइ वातावरण वरपरका खतराको जानकारी गराइनुपर्दछ र त्यस्ता खतराबाट बचाउनुपर्दछ । खतराअन्तर्गत देहायका कुरा पर्दछन्:

- डरत्रास वा धाकधम्की,
- यौन शोषण,
- प्राकृतिक र वातावरणीय खतराहरू,
- हात-हतियार, बारुदीसुरुङ र नपड्किएका गोलाबारुद,
- सशस्त्र बल, दोहोरो गोलाबारी भएका स्थान तथा अपहरण एवम् बलात् भर्ती लगायत सैनिक त्रास,
- राजनीतिक असुरक्षा ।

जोखिमको लेखाजोखा गर्दा समुदाय, सिकारु, शिक्षक, तथा शिक्षाकर्मीसँग परामर्श गरी सुरक्षाका आवश्यकता र प्राथमिकताको पहिचान गरिनु जरुरी हुन्छ । यस्ता लेखाजोखा नियमित रूपमा गरिनुपर्दछ र राजनीतिक तथा सांस्कृतिक तत्वहरूको पनि विश्लेषण गरिनुपर्दछ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट २-३, पाना ३१-३३ पनि हेर्नुहोस्) । सुरक्षाको उल्लङ्घन भएका घटनाको गोप्य अभिलेख राखी मानव अधिकारको अनुगमनमा तालिम प्राप्त व्यक्तिमार्फत सम्प्रेषित गरिनुपर्दछ ।

त्यस्ता अभिलेखमा पीडितको लिङ्ग, उमेर लगायत पीडित व्यक्तिको चारित्रिक विशेषताका कारण आक्रमणको घेरामा परेको हो होइन आदि प्रमुख सूचनाको उल्लेख गरिनुपर्दछ । यस्ता सूचनाले प्रवृत्तिको पहिचान गर्न र प्रतिकार्यका उपायको तर्जुमा गर्न बल पुग्दछ । सुरक्षा उल्लङ्घनका अवस्थामा पीडितलाई स्वस्थ्य तथा मनोवैज्ञानिक सेवाका परामर्श अदिको समेत अभिलेख राखिनु आवश्यक हुन्छ ।

विद्यार्थी, शिक्षक तथा शिक्षाकर्मीका विरुद्ध शारीरिक तथा मनोवैज्ञानिक हिंसा तथा त्रास भएका वातावरणमा सुरक्षाका प्रबन्धको व्यवस्था गर्दा परिवार तथा समुदायको संलग्नता महत्वपूर्ण हुन जान्छ । यस्ता क्रियाकलापमा देहयका कुरा पर्न सक्छन् :

- बालबच्चामा सकारात्मक अनुशासन तथा चालचलनको विकास लगायत लालनपालनका सकारात्मक विधिका बारेमा बाबुआमा, अभिभावक तथा प्रौढहरूलाई चेतनाकरण गर्ने;
- संरक्षणका मुद्दा तथा सरोकारबारे जनचेतना अभिवृद्धि गर्न प्रहरी अथवा अन्य सुरक्षा निकायको उपयोग गर्ने;
- विद्यार्थी कक्षामा आउँदा जाँदा सुरक्षाको प्रबन्ध मिलाउने जस्ता सवालमा समुदाय तथा सम्बद्ध सुरक्षा निकायसँग सहकार्य गर्ने (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १ पाना ९२-९३ पनि हेर्नुहोस्) ।

४. **लिङ्गमा आधारित हिंसा (परिभाषाका लागि शब्दावली पाना १०१ हेर्नुहोस्) :** यौन हिंसाले मानिसको जीवनमा गम्भीर प्रभाव पर्दछ । यसबाट पुरुषहरू समेत प्रभावित हुने भए पनि खास गरी यौन हिंसा महिला तथा बालिकाप्रति लक्षित हुने गर्दछ । शैक्षिक कार्यक्रमहरूले यौन शोषण तथा यातनाका मुद्दाहरूको अनुगमन तथा प्रतिकार्य गर्नुपर्दछ । आमाबुवा, विद्यार्थी, शिक्षक तथा शिक्षाकर्मी तथा बालबालिका एवम् युवाहरूले सिक्ने सन्दर्भमा आउने जाने गर्दा बाटामा तथा सिकाइ वातावरणभित्रै पनि सामना गर्नुपर्ने सम्भावित यौनजन्य जोखिम कम गराउने उपायबारे छलफल गरी समाधानको खोजी गर्नु जरुरी छ । यस्ता उपायमध्ये देहायका कुराहरू प्रमुख छन्:

- यौन उत्पीडन, शोषण, दुराचार तथा अन्य किसिमका यौनमा आधारित हिंसा विरुद्ध स्पष्ट नियम बनाई सोको व्यापक प्रचार प्रसार गर्ने,
- शिक्षक, शिक्षाकर्मी तथा सरोकार हुने अन्य व्यक्तिका आचार संहितामा यी नियमहरू समावेश गर्ने,
- महिला विद्यार्थीहरूलाई सुरक्षाको अनुभूति होस् भन्नका लागि सिकाइ वातावरणमा प्रौढ महिलाहरूको सङ्ख्या वृद्धि गर्ने । महिला तथा पुरुष शिक्षकहरूको सङ्ख्या सन्तुलित नभएका स्थानमा समुदायका प्रौढ महिला स्वयम्सेवीहरूलाई कक्षा सहायकका रूपमा प्रयोग गर्न सकिन्छ ।

लिङ्गमा आधारित हिंसाका घटनाको सूचना सङ्कलन, उजुरी लगायत प्रतिकार्यका प्रणालीमा गोपनीय र सुरक्षित उपायको अवलम्बन हुनु जरुरी हुन्छ । यस्ता कुरामा राज्यका सम्बन्धित निकाय वा लैङ्गिकतामा आधारित हिंसाबारे जानकार स्वतन्त्र संङ्गठनहरूले सहजीकरण गर्न सक्छन् । यस प्रकारका हिंसाबाट पीडितहरूको सहयोगार्थ उपयुक्त र समन्वित स्वास्थ्य, मनोवैज्ञानिक तथा न्यायिक सल्लाहसेवा प्रणालीको जरुरत पर्दछ (तल मार्गदर्शक टिपोट ९, शिक्षकहरू, अन्य शिक्षाकर्मी मापदण्ड २, मार्गदर्शक टिपोट ३, पाना ८५ र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १ पाना ९२-९३ मा पनि हेर्नुहोस्) ।

५. **सिकारु र सिकाइ स्थलबीचको अधिकतम दूरी:** सिकारु तथा सिकाइ स्थलबीचको दूरी स्थानीय र राष्ट्रिय मापदण्डअनुसार परिभाषित हुनुपर्दछ । सुरक्षा तथा पहुँचको सवालमा विचार गर्दा आसपासमा सैनिक आवास, बारुदी सुरुङ तथा बाक्ला झाडीहरूप्रति सजग र हनुपर्दछ । सिकाइस्थलको अवस्थिति तथा सम्भावित खतराबारे सिकारु, आमाबुवा तथा समुदायका सदस्यहरूसँग परामर्श गरिनुपर्दछ । विद्यालय धेरै टाढा भएर पहुँचमा अवरोध उत्पन्न हुने अवस्थामा सिकारुलाई नजिक पर्ने स्थानमा विस्तारित कक्षा सञ्चालन गरिनुपर्दछ (माथि मार्गदर्शक टिपोट २ र ६, ७ तल पनि हेर्नुहोस्) ।

६. **पहुँचका बाटाहरू :** सिकारु, शिक्षक तथा शिक्षाकर्मी र विभिन्न उमेर समूहका केटा तथा केटीहरू लगायत समुदायका सदस्यहरूको संयुक्त प्रयासबाट सिकाइ स्थलमा आउजाउ गर्ने बाटाका सम्भावित खतराको आँकलन गरी तिनको निरकारणका उपायमा सहमति खोज्नुपर्दछ । उदाहरणका लागि अँध्यारो बाटो भएर विद्यालय आउजाउ गर्नुपर्ने अवस्था भएमा सुरक्षाका हिसाबले वयस्क व्यक्तिले साथ दिएर पुऱ्याउने वा उज्यालाको व्यवस्था मिलाउने (मार्गदर्शक टिपोट ३ र ७, समुदाय सहभागिता, मापदण्ड १, मार्गदर्शक टिपोटहरू २-५, पाना २२-२४ , शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १ पाना ९२-९३ मा पनि हेर्नुहोस्) ।

७. **शिक्षालाई आक्रमणबाट सुरक्षित राख्ने :** कतिपय अवस्थामा विद्यालय आउजाउका क्रममा सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरू शारीरिक वा मनो-सामाजिक जोखिममा फस्न सक्छन् । त्यस्तो अवस्थामा जोखिम हटाउन देहायका कार्यहरू गर्न सकिन्छः

- सुरक्षाका उपाय, सामाजिक-मनोवैज्ञानिक सहयोग, मानव अधिकार, द्वन्द्व समाधान, तथा शान्ति स्थापना एवम् मानवीय कानुनका विषयहरू पाठ्यक्रममै समावेश गर्ने;
- युद्धकालमा नागरिक तथा शिक्षण संस्थाहरू (विद्यार्थी, शिक्षक, आदि) मा आक्रमण निषेध गर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम कानुन तथा जेनेभा महासन्धिका मर्म र भावना बुझाउन प्रयास गर्ने;
- न्यायप्रणाली तथा शिक्षाको सुरक्षासम्बन्धी मानवीय कानुनका आधारभूत सिद्धान्तको प्रयोगबारे सरकार, सैनिक न्याय प्रणाली, सशस्त्र बल, तथा सशस्त्र समूहको क्षमता विकास गराउने;
- विद्यालय भवन तथा परिवेशका पर्खालहरूको सुदृढीकरणका साथै सुरक्षा गार्डको प्रयोग गर्ने;
- शिक्षक आवासको व्यवस्था विद्यालय परिसरमै गर्ने,
- धम्कीमा परेका सिकाइ स्थल, विद्यार्थी, शिक्षक, तथा शिक्षाकर्मीहरूको स्थान परिवर्तन गर्ने;
- घर तथा समुदायमा आधारित विद्यालयहरूको स्थापना ।

परिवेश र सुरक्षाका परिस्थितिलाई दृष्टिगत गरी समुदाय वा सामुदायिक शिक्षा समितिले सुरक्षा गार्डको व्यवस्था तथा पठनपाठनमा सहयोग दिन सक्ने सामुदायिक वा धार्मिक अगुवाको पहिचान गरी तिनको सहयोगबाट विद्यालयको संरक्षण गर्न सक्छन् । नागरिक द्वन्द्वका अवस्थामा समुदायका सदस्यहरूले द्वन्द्वका दुवै पक्षबीच वार्ता गरी आचारसंहिता बनाएर विद्यालय तथा सिकाइ स्थलहरूलाई शान्तिक्षेत्र कायम गर्न सक्छन् । संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को निर्णय १६१२ (२००५) ले सुरक्षा उल्लङ्घनका ६ गम्भीर दृष्टान्तमध्ये विद्यालय तथा अस्पतालमा हुने आक्रमणलाई जघन्य मानेको छ । यस्ता आक्रमण भएका घटनाको सूचना संयुक्त राष्ट्र सङ्घका अनुगमन र रिपोर्टिङ संयन्त्रमार्फत रिपोर्ट गरिनुपर्दछ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १ पाना ९२-९३ र शिक्षा नीति मापदण्ड २, मार्ग दर्शक टिपोट ४, पाना ९७ मा पनि हेर्नुहोस्) ।

८. **सामाजिक–मनोवैज्ञानिक सहयोगसम्बन्धी तालिम :** शिक्षक तथा शिक्षाकर्मीहरूले सिकारुलाई सामाजिक–मनोवैज्ञानिक सहयोग प्रदान गर्न देहाय अनुसारका तालिम लिनुपर्दछः

- योजनाबद्ध सिकाइ,
- बालमैत्री विधिहरूको प्रयोग,

- खेल र मनोरञ्जन,
- जीवनोपयोगी सीपहरूको शिक्षण,
- सल्लाह सेवाका कार्यक्रम

शिक्षक तथा शिक्षाकर्मीहरूका हितको संरक्षण हुनु जरुरी छ । यसबाट सिकारुहरूका औपचारिक एवम् अनौपचारिक शिक्षा सफलताका साथ पूरा गर्नमा योगदान पुग्दछ (शिक्षण र सिकाइ मापदण्ड १, मार्गदर्शक टिप्पण ६ पाना ६९, शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिपोट २ पाना ७१-७२, शिक्षकहरू र अन्य शिक्षा कर्मचारीहरू मापदण्ड ३ पाना ८६-८७ पनि हेर्नुहोस्) ।

९. **हिंसारहित कक्षा व्यवस्थापन :** डकार कार्यढाँचाले शिक्षा प्रदान गर्दा आपसी समझदारी, शान्ति र सहिष्णुता प्रोत्सहित हुने तथा हिंसा र द्वन्द्वको रोकथामामा मद्दत पुऱ्याउने विधिहरूको अवलम्बन गर्नुपर्नेमा जोड दिएको छ । यस उद्देश्यको प्राप्तिका लागि शिक्षकहरूले सकारात्मक कक्षा व्यवस्थापनमा ध्यान दिनुपर्दछ । अर्थात् सिकाइ वातावरणलाई आपसी समझदारी, शान्ति र सद्भावको प्रवर्द्धन तथा द्वन्द्व र हिंसाको निराकरण उन्मुख विधिबाट व्यवस्थापन गरिनुपर्दछ । सकारात्मक भावनाको सुदृढीकरण तथा सकारात्मक अनुशासनका ठोस पद्धतिको महत्वलाई दृष्टिगत गरी शिक्षकहरूले विद्यार्थीलाई शारीरिक दण्ड, गालीगलौज, अपमान र विभेदजस्ता तनाव उत्पन्न गर्ने व्यवहार गर्न हुँदैन । यस्ता कुराहरूलाई शिक्षक आचारसंहिता तथा शिक्षक तालिम कार्यक्रममा पद्धतिगत रूपले समायोजित गरिनुपर्दछ (शिक्षण र सिकाइ मापदण्डहरू २-३, पाना ७१-७७, शिक्षकहरू र अन्य शिक्षा कर्मचारी मापदण्ड २, मार्गदर्शक टिपोट ३ पाना ८५, र शिक्षकहरू र अन्य शिक्षा कर्मचारीहरू मापदण्ड ३, पाना ८६-८७ मा पनि हेर्नुहोस्) ।

१०. **सामुदायिक सहभागिता :** सिकाइ वातावरणको निर्माण, त्यसको दिगोपना र सुरक्षामा समुदायले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । कार्यक्रम तर्जुमा गर्दा सबै प्रभावित समूहको प्रतिनिधित्व गराइनुपर्दछ । यसले समुदायमा कार्यक्रमप्रति स्वामित्वभावको विकास गराउँदछ (समुदायको सहभागिता मापदण्ड १ पाना २१-२५ र पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्ग दर्शक टिपोट ७ पाना ५१ मा पनि हेर्नुहोस्) ।

११. **विपत्‌जन्य जोखिमको न्यूनीकरण र व्यवस्थापन :** सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरूलाई विपत् रोकथाम र व्यवस्थापन कार्यमा तालिम प्रदान गरिनुपर्दछ । त्यस्ता तालिममा देहायका विषयहरू पर्दछन्:

- आपत्कालको पूर्वतयारी योजनाको विकास र प्रयोग;
- नियमित रूपले दोहोरिन सक्ने विपत् न्यूनीकरणका तरिका प्रदर्शन गर्ने अभिनय;
- विद्यालयका संरचनात्मक र गैर-संरचनात्मक सुरक्षा उपायहरू, जस्तै भूकम्पीय क्षेत्रमा तुरुन्त विद्यालय खाली गराउने योजनाहरू ।

समुदाय तथा विद्यालय सुरक्षा समितिहरूलाई विद्यालय विपत् व्यवस्थापन, सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयनमा सहयोगको आवश्यकता पर्न सक्दछ । जोखिमको मूल्याङ्कन एवम् प्राथमिकीकरण, भौतिक तथा वातावरणीय संरक्षणका रणनीतिहरूको कार्यान्वयन तथा प्रतिकार्य कार्यको पूर्वतयारीका सीप र प्रक्रियाको विकास जस्ता कुरामा उनीहरूलाई सहयोगको आवश्यकता पर्न सक्छ ।

तत्काल विद्यालय खाली गराउने योजना बनाउँदा निरक्षर, शारीरिक, बौद्धिक तथा मानसिक अपाङ्गता भएका लगायत व्यापक जनसमुदायसँग परामर्श गर्ने र सोसम्बन्धी निर्णयको सूचना सबैमा पुऱ्याउने जस्ता रणनीतिक कुराहरू पूर्वतयारी योजनाअन्तर्गत पर्दछन् (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट ३, पाना ३२-३३ शिक्षण र सिकाइ मापदण्ड २, मार्ग दर्शक टिपोट ६, पाना ७३ शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोटहरू २ र ६, पाना ९३-९४ पनि हेर्नुहोस्) ।

## पहुँच तथा सिकाइ वातावरण मापदण्ड ३ : सुविधा र सेवाहरू

शैक्षिक सुविधाहरूले सिकारु तथा शिक्षाकर्मीहरूको स्वास्थ्य, पोषण, सामाजिक-मनोवैज्ञानिक हित तथा संरक्षणको संवर्धन गर्दछन् ।

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटसँगै पढिनु पर्ने)

- सिकाइ स्थल तथा तिनका संरचनाहरू सुरक्षित् छन् र सबै सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरूको पहुँचभित्र छन् (मार्गदर्शक टिपोटहरू १-४ हेर्नुहोस्),
- विपत् निरोधका हिसाबले स्थायी तथा अस्थायी सिकाइस्थलहरूको मर्मत सम्भार गरिएका छन् (मार्गदर्शक टिपोटहरू २-४ हेर्नुहोस्),
- सिकाइ स्थलहरूमा सुरक्षा घेरा वा सङ्केतहरू प्रस्ट अङ्कित गरिएका छन्,
- सिकाइ स्थलका भौतिक संरचनाहरू परिस्थिति अनुकूल छन् र तिनमा कक्षा सञ्चालन, प्रशासन, मनोरञ्जन तथा सरसफाइ सुविधाहरूका लागि पर्याप्त स्थान छ (मार्गदर्शक टिपोटहरू २-४ हेर्नुहोस्),
- कक्षाकोठोमा सहभागी तथा सिकारु-केन्द्रित शिक्षण-सिकाइका लागि प्रति विद्यार्थी एवम् प्रति शिक्षक स्थान पर्याप्त छ (मार्गदर्शक टिपोट ४ हेर्नुहोस्),
- सिकाइ वातावरणको विकासमा युवा लगायत समुदायका सदस्यहरूको सक्रिय सहभागिता छ (मार्गदर्शक टिपोटहरू १-३ हेर्नुहोस्),
- लिङ्ग, उमेर तथा शारीरिक अपाङ्गतायुक्त सिकारुहरूलाई समेत दृष्टिगत गरी व्यक्तिगत सरसफाइका लागि शुद्ध पानीको पर्याप्त व्यवस्था छ (मार्गदर्शक टिपोटहरू ३ र ५-६ हेर्नुहोस्),
- सिकाइ वातावरणमा सीपमा आधारित स्वास्थ्य शिक्षाको प्रवर्द्धन गरिएको छ (मार्गदर्शक टिपोट ६ हेर्नुहोस्),
- सिकाइको प्रभावकारितामा आँच पैदा गर्ने भोक र शारीरिक मानसिक विकासमा अवरोध गर्ने तत्वहरूको निराकरणका लागि विद्यालयमा आधारित स्वास्थ्य र पोषण सेवाहरू उपलब्ध गराइएका छन् (मार्गदर्शक टिपोट ७ हेर्नुहोस्),
- विद्यालय तथा सिकाइ स्थलहरू बाल सुरक्षा, स्वास्थ्य, पोषण तथा सामाजिक-मनोवैज्ञानिक सेवाहरूसँग आबद्ध छन् (मार्गदर्शक टिपोट ७ हेर्नुहोस्) ।

### मार्गदर्शक टिपोट

१. **अवस्थिति :** शैक्षिक सुविधाका स्थलहरूको निर्माण तथा पुनर्निर्माणका लागि स्थानको छनौट गर्दा सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरूको शारीरिक सुरक्षा र समन्यायिकताको रक्षा हुन सक्ने स्थानको चयन गरिनुपर्दछ । आपत्कालपूर्वकै स्थानमा शैक्षिक संरचनाको पुनर्निर्माण गर्ने वा नगर्ने सम्बन्धमा विचार गर्दा साविकका विभेदकारी तत्वहरूको निराकरण, सिकारुहरू विपत्को जोखिममा पर्न सक्ने खतराका समाधान गर्ने उपाय आदि कुरामा गम्भीर ध्यनमा पुऱ्याइनुपर्दछ । यस क्रममा सरकारी निकाय, पीडित पक्ष तथा समुदायका सदस्यहरूसँग परामर्श गर्नु बुद्धिमत्तापूर्ण हुनेछ । तिनबाट प्राप्त सुझावहरू महत्वपूण हुनेछन् । शैक्षिक सुविधाहरू सेवा प्रदायक तथा सिकारु दुवै पक्षका निकट छन् भन्ने सुनिश्चित गर्नका लागि शिविरको समन्वय र व्यवस्थापन, आश्रय तथा स्वस्थ्यसँग सम्बन्धित क्षेत्रसँग पनि परामर्श गरिनु श्रेयस्कर हुनेछ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोटहरू १-६ पाना ३१-३५, पहुँच र सिकाइ वातावरण, मापदण्ड २, मार्गदर्शक टिपोट

११ पाना ५७-५८, शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ३, पाना ९४, र समन्वय मापदण्ड १, पाना २८-३० पनि हेर्नुहोस्) ।

२. **संरचना, डिजाइन र निर्माण :** अस्थायी तथा स्थायी शैक्षिक सुविधाहरूको डिजाइन तथा निर्माण गर्दा देहायका पक्षहरूमा ध्यान दिइनु महत्वपूर्ण छ :

- सुरक्षित स्थलको छनोटः भग्न विद्यालय भवनहरूको संरचनागत सुरक्षा स्थितिको जाँच योग्य प्राविधिकबाट गराइनुपर्दछ र प्राप्त नतिजाका आधारमा लागतलाई समेत दृष्टिगत गरी त्यसको पुनः प्रयोग वा मर्मत वा पुनर्निर्माण गर्ने भन्ने सवालमा प्रथमिकता निर्धारण गर्ने ।
- समावेशी र विपत्-प्रतिरोधक डिजाइन र निर्माणः अस्थायी वा स्थायी संरचनाको निर्माण गर्दा भवन निर्माणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र यदि त्यसो गर्दा लागत बढ्ने देखिए स्थानीय मापदण्डको अनुसरण गरिनुपर्दछ । यस क्रममा आगो, आँधीबेहरी भूकम्प तथा पहिरो आदिका जोखिमको प्रतिरोध क्षमतामा समेत विचार पुऱ्याइनुपर्दछ । पुनर्निर्माणको डिजाइन गर्दा विद्यालयमा सिकारु, शिक्षक तथा शिक्षाकर्मीका सुरक्षाको प्रत्याभूति हुनु जरुरी छ । डिजाइनले कक्षा कोठाहरूमा हावाको दोहोरो बहाव हुने, प्रकाशको पर्याप्तता तथा उपयुक्त तापक्रम सुनिश्चित हुने कुरामा विचार पुऱ्याउनुपर्दछ ।
- निर्माणको लागत स्थानीय अधिकारी तथा समुदायको क्षमताभित्र हुनुपर्दछः निर्माणको लागत स्थानीय तहबाट व्यहोर्न सकिने सीमाभित्र हुनुपर्दछ । सम्भव भएसम्म स्थानीय रूपमा उपलब्ध सामग्री र श्रमको उपयोगलाई प्राथमिकता प्रदान गरिनुपर्दछ । संरचनाको टिकाउपन र मितव्ययितामा ध्यान पुऱ्याइनुपर्दछ ।
- बजेटको उपलब्धता, तत्कालीन तथा दीर्घकालीन उपयोगिता तथा समुदाय, शैक्षिक योनजाकार एवम् व्यवस्थापकहरूको संलग्नताः

सिकाइ स्थलका संरचनाहरू अस्थायी, अर्ध-स्थायी, स्थायी, विस्तारित वा घुम्ती प्रकृतिका हुन सक्छन् । विद्यालयको निर्माण तथा मर्मत सम्भारजस्ता कार्यमा आपत्‌बाट विभिन्न किसिमले पीडित समूहका सदस्यहरूको सहभागिताले द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्न जान्छ (पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिपोट ११ पाना ५७-५८, शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ३, पाना ९४, सशिअसंको टूलकिट **www.ineesite.org/toolkit** मा उपलब्ध INEE Guidance Notes on Safer School Construction तथा आवास, पुनर्वास एवम् गैरखाद्य वस्तुहरूबारे स्फेयर मापदण्डहरू पनि हेर्नुहोस्) ।

३. **अपाङ्गतायुक्त व्यक्तिहरू :** शैक्षिक सुविधाहरूको डिजाइन् गर्दा शारीरिक तथा दृष्टि अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकतालाई सावधानीपूर्वक विचार गर्नुपर्दछ । भित्र पस्ने तथा बाहिर निस्कने मार्गहरू आपाङ्गमैत्री हुनु जरुरी छ । कक्षाकोठो, फर्निचर, पानी तथा सरसफाइ सुविधाहरूले अपाङ्ग व्यक्तिहरूको आवश्यकता पूरा गर्न सक्नुपर्दछ । निर्माण स्थलहरूको पहिचान वा शैक्षिक सुविधाहरूको पुनर्निर्माण गर्ने क्रममा अपाङ्गतायुक्त व्यक्ति, तिनका आमाबुवा तथा प्रतिनिधि संस्थाहरूसँग स्थानीय एवम् राष्ट्रिय तहमा समन्वय र सहयोगको आदानप्रदान गरिनु श्रेयस्कर हुनेछ ।

४. **सिकाइस्थलहरूको डिजाइन तथा मर्मत सम्भार :** शैक्षिक सुविधाहरूको डिजाइन गर्दा तिनको लक्षित समूह, प्रयोगका तरिका आदिलाई दृष्टिगत गरिनु जरुरी छ। शिक्षण सुविधाका स्थलहरू प्रयोगकर्ताका लिङ्ग, उमेर, शारीरिक क्षमता तथा सांस्कृतिक मान्यता अनुकूल हुनुपर्दछ। कक्षाको आकार प्रकारबारे स्थानीय तहमा यथार्थपरक मापदण्ड तय गरिनु आवश्यक हुन्छ। नयाँ भर्नादर बढ्न गएमा धेरै सिफ्टको आवश्यकता नपर्ने गरी सबै अटाउन सक्ने पर्याप्त ठाउँको व्यवस्था गरिनुपर्दछ। आपत्कालमा सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरू सुरक्षित रूपले बाहिर निस्कन मिल्ने गरी भित्र जाने र बाहिर निस्कने मार्गहरूको डिजाइन गरिएको हुनुपर्दछ। सरसफाइ सुविधा लगायत भवनका संरचना तथा फर्निचर, सिकाइ सामग्री आदिको नियमित मर्मत-सम्भार हुनुपर्दछ। समुदाय वा समुदाय शिक्षा समितिका सदस्यहरूले श्रम, समय तथा सामग्री प्रदान गरेर सिकाइ स्थलहरूको मर्मत सम्भारमा सहयोग पुऱ्याउन सक्छन् (शिक्षकहरू र अन्य शिक्षा कर्मचारीहरू मापदण्ड ३, मार्गदर्शक टिपोट १ पाना ८६ मा पनि हेर्नुहोस्)।

५. **सरसफाइका सुविधा :** सरसरफाइका सुविधा सिकाइ वातावरणभित्रै वा नजिकै हुनुपर्दछ। यसका लागि पानी तथा सरसफाइसँग सम्बन्धित क्षेत्रसँग समन्वयको खाँचो पर्दछ। सरसफाइअन्तर्गत देहायका कुरा पर्दछन्:

- फोहोर व्यवस्थापन सुविधा;
- ढलनिकासको व्यवस्था;
- व्यक्तिगत तथा शौचालय सरसफाइका लागि पर्याप्त पानी।

सरसफाइ सुविधा अपाङ्गतायुक्त व्यक्तिहरूको पहुँचभित्र, सुरक्षित एवम् गोपनीयता तथा मर्यादा कायम रहने किसिमको हुनु जरुरी छ। शौचालयका ढोकामा भित्रबाट चुकुल लाग्ने हुनुपर्दछ। यौन दुराचारको निरुत्साहनका लागि पुरुष तथा महिलाका लागि छुट्टाछुट्टै शौचालयको आवश्यकता रहन्छ। स्फेयर परियोजनाका मार्ग निर्देशनहरूले प्रत्येक ३० जना बालिकाहरूका लागि एउटा र प्रत्येक ६० जना बालकहरूका लागि एउटा शौचालय आवश्यक रहने बताएको छ। प्रारम्भमा छुट्टाछुट्टै शौचालयको व्यवस्था सम्भव नभएमा एउटैबाट पनि काम चलाउन सकिन्छ तर केटा र केटीहरूका लागि एकैपटक शौचालय प्रयोग गर्नबाट रोक लगाउन सकिन्छ। विद्यालयमा शौचालय नभएका खण्डमा नजिकै व्यवस्था गर्न सकिन्छ तर सुरक्षाका दृष्टिले बालबालिकाहरूका शौचालय प्रयोगको अनुगमन गरिनु वाञ्छनीय हुनेछ।

पठनपाठनमा सहजताका लागि महिला सहभागीहरूलाई सांस्कृतिक हिसाबले उचित लुगा तथा सरसफाइ सामग्री उपलब्ध गराउनु राम्रो हुनेछ।

६. **सुरक्षित पानी तथा स्वास्थ्य प्रवर्द्धन :** सिकाइ वातावरणमा शुद्ध पानी तथा साबुनको व्यवस्था हुनुपर्छ। हातमुख धुनेजस्ता स्वास्थ्यजन्य क्रियाकलापलाई दैनिक आचरणका रूपमा विकसित गराइनुपर्दछ। विद्यालयमा खान तथा हातमुख धुनका लागि आवश्यक न्यूनतम पानीको मात्रा प्रति दिन प्रति विद्यार्थी ३ लिटर हुनुपर्ने कुरा स्फेयरका निर्देशिकामा उल्लेख भएको छ।

७. **विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा :** विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रमले शिक्षालाई स्वास्थ्य, पोषण तथा सरसफाइ क्षेत्रसँग आबद्ध गराउँछ, जसबाट विद्यार्थीको सिकाइमा आइपर्ने अवरोध घटाउन र स्वास्थ्यको प्रवर्द्धन गर्न मद्दत पुग्छ । यस्ता कार्यक्रममा देहायका कुरा पर्दछन्:

- विद्यालय पोषण कार्यक्रम,
- परजीवी नियन्त्रण कर्यक्रम,
- सरुवा रोग नियन्त्रण कार्यक्रम, (दादुरा, झाडोपखाला, एचआईभी र एड्स)
- सूक्ष्म पोषण परिपूरक कार्यक्रम (भिटामिन ए, आइरन, आयोडिन)

विद्यालय पोषण कार्यक्रमका लागि बिश्व खाद्य सङ्गठन जस्ता स्थापित संस्थाका निर्देशनहरूको अनुसरण गर्नुपर्दछ । यसका लागि स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरिनु आवश्यक छ (खाद्य सुरक्षा र पोषणबारे 'स्फेयर' का मापदण्डहरू पनि हेर्नुहोस्) ।

८. **स्थानीय सेवा तथा परामर्शमा पहुँच :** शिक्षक तथा शिक्षाकर्मीहरूले सिकारुका शारीरिक, सामाजिक-मनोवैज्ञानिक तथा संवेगात्मक सहयोगका लागि परामर्श सेवाहरूको मद्दत लिन सक्छन् । यस प्रयोजनका लागि शिक्षक तथा शिक्षाकर्मीहरूलाई सिकारुका शारीरिक तथा मनोवैज्ञानिक तनावका लक्षणहरू पत्ता लगाउन र तिनको निराकरण गर्न उचित प्रशिक्षण प्रदान गरिनुपर्दछ । सिकारु विरुद्ध सुरक्षा चुनौतीका सम्बन्धमा अन्य सम्बद्ध साझेदारहरूसँग पनि परामर्श गर्न सकिन्छ ।

बाह्य सेवासँग औपचारिक सम्बन्ध कायम गरेर उपलब्ध सल्लाह सेवाका प्रभावकारिताको निरूपण गर्न सकिन्छ । यस्ता सेवा अन्तर्गत यौनजन्य हिंसाबाट बच्न तथा उपेक्षाभावको पीडाका अनुभूतिबाट मुक्ति दिन निर्देशन र सल्लाह तथा सामाजिक सेवा उपलब्ध गराउन सकिन्छ । साबिकमा सशस्त्र बल वा सशस्त्र समूहसँग सम्बद्ध बालबालिकालाई तिनका परिवारजनहरूको पत्ता लगाउन र पुनर्मिलनका लागि मद्दतको आवश्यकता पर्न सक्छ (पहुँच र सिकाइ वातावरण मापदण्ड २, (मार्गदर्शक टिपोट २, पाना ५४, र शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिपोट २ पाना ७१-७२ मा पनि हेर्नुहोस्) ।

**T**

**यी मापदण्डहरूलाई कार्यान्वयन गर्न मद्दत पुऱ्याउने औजारहरूका लागि INEE+ Toolkit: www.ineesite.org/tookit मा हेर्नुहोस्**

INEE Toolkit
- INEE न्यूनतम मापदण्ड
  - कार्यान्वयनका साधन
  - पहुँच तथा सिकाइ वातावरण

# ३ शिक्षण तथा सिकाइ


आधारभूत मापदण्डहरू :
सामुदायिक सहभागिता, समन्वय, विश्लेषण
शिक्षण तथा सिकाइ
मापदण्ड १
पाठ्यक्रम
सिकारुका विशिष्ट परिवेश एवम् आवश्यकता अनुकूल औपचारिक एवम् अनौपचारिक शिक्षा प्रदान गर्न सांस्कृतिक, सामाजिक तथा भाषिक रूपले सान्दर्भिक पाठ्यक्रमको प्रयोग
मापदण्ड २
तालिम,व्यावसायिक विकास तथा सहयोग
परिस्थिति तथा आवश्यकताअनुसार शिक्षक तथा शिक्षाकर्मीहरुले आवधिक, सान्दर्भिक र योजनाबद्ध तालिम लिन्छन् ।
मापदण्ड ३
शिक्षण र सिकाइ प्रक्रिया
शिक्षण तथा सिकाइ प्रक्रिया सिकारु केन्द्रित, सहभागितामूलक र समावेशी छन् ।
मापदण्ड ४
उपलब्धिको मूल्याङ्कन
सिकाइ उपलब्धिको मूल्याङ्कन तथा वैधता सुनिश्चित गर्ने उपयुक्त प्रविधिको प्रयोग भएको छ ।

गुणस्तरीय शिक्षण-सिकाइ सुनिश्चित गर्न सके मात्र शैक्षिक कार्यक्रमहरूको उपादेयता कायम र हन्छ । आपत्कालमा दिइने शिक्षाले पाठ्यक्रम, शिक्षक तालिम, व्यावसायिक विकास, शिक्षण - सिकाइ प्रक्रियाको सुधार तथा सिकाइ उपलब्धिको सान्दर्भिकताको परीक्षण गर्ने अवसर प्रदान गर्न सक्छन् । यस क्रममा कस्ता पाठ्यक्रम प्रदान गरिने र तिनले प्रदान गर्ने तत्कालीन तथा भावी जोखिम निवारण एवम् न्यूनीकरणका सीप र ज्ञान कसरी प्रदान गर्छन् भन्ने विषयमा महत्वपूर्ण निर्णयको आवश्यकता पर्दछ । ती पाठ्यक्रमले मानव अधिकार, शान्ति स्थापना तथा प्रजातान्त्रिक नागरिकता विषयमा पनि पर्याप्त जोड दिइनु पर्दछ ।

खास गरी औपचारिक शिक्षा पूरा गर्न नसकेका महिला तथा पुरुषहरूलाई केन्द्रविन्दुमा राखेर साना उद्यम, वित्तीय साक्षरता, व्यावसायिक-प्राविधिक शिक्षा एवम् तालिमजस्ता जीविकोपार्जन एवम् रोजगारीमूलक शिक्षामा जोड दिइनुपर्दछ । यस क्रममा श्रम बजारको विश्लेषण र आर्थिक तथा शीघ्र सुधार कार्यक्रमसम्बन्धी क्षेत्रसँग परामर्श गरी सिके-सिकाइएका सीप र ज्ञानको उपादेयता तथा सान्दर्भिकता निर्धारण गर्न सकिन्छ ।

आपत्कालीन अवस्थाहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा रिक्त शिक्षक-कर्मचारीका पदहरूमा तालिम नपाएका वा अर्ध प्रशिक्षित शिक्षक तथा शिक्षाकर्मीले समेत नियुक्ति पाउन सक्ने भएकाले तिनको समुचित तालिमको व्यवस्था गरिनु आवश्यक छ । यस्ता प्रशिक्षणले खास गरी विपत्को अनुभूति भएका बालबालिकाका मनस्थितिको सहजीकरणका विधिमा बिशेष जोड दिनु आवश्यक हुन्छ । बालबालिकाले हासिल गरेका शिक्षाको महत्व र त्यसको सरकारी मान्यताबारे समुदायलाई आश्वस्त तुल्याउन सरकारी निकाय, शिक्षण संस्था तथा रोजगार दाताहरूले आपत्कालमा प्रदान गरिने शिक्षाका पाठ्यक्रम तथा प्रमाणपत्रलाई मान्यता प्रदान गर्नु जरुरी छ । यसका लागि उपयुक्त समयभित्र उपयुक्त खालका परीक्षा तथा मूल्याङ्कन विधिको अवलम्वन गरी शिक्षण सिकाइ प्रक्रियाको मूल्याङ्कन गरिनु आवश्यक छ । मूल्याङ्कनले देहायका कुरामा सघाउँछ :

- विश्वसनीयता निर्धारण गर्न,
- सिकाइका स्थितिबारे आवश्यक सूचना प्रदान गरेर शिक्षण-सिकाइका अभ्यासमा सुधार गर्न,
- सिकारु तथा पाठ्यक्रमका विद्यमान क्षमता र कमी कमजोरीको पहिचान गर्न
- शिक्षाकर्मी, समुदाय तथा सिकारुहरूलाई प्राप्त उपलब्धि र थप सुधारका आवश्यकतावारे निरन्तर जानकारी दिन ।

## शिक्षण र सिकाइ मापदण्ड १:
## पाठ्यक्रम

सिकारुका विशिष्ट परिवेश एवम् आवश्यकता अनुकूल औपचारिक एवम् अनौपचारिक शिक्षा प्रदान गर्न सांस्कृतिक, सामाजिक तथा भाषिक रूपले सान्दर्भिक पाठ्यक्रमको प्रयोग

**मुख्य कार्य** (मार्गदर्शक टिपोटसँगै पढिनुपर्ने)

- शिक्षाका निकायहरूले सम्बन्धित सबै सरोकारवालासँग सहकार्य गरी औपचारिक शिक्षाका पाठ्यक्रमको विकास, पुरावलोकन तथा कार्यान्वयन गर्दछन् (मार्गदर्शक टिपोटहरू १-३ हेर्नुहोस्) ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू सिकारुको उमेर, विकासका चरण, भाषा, संस्कृति, क्षमताहरू तथा आवश्यकता अनुकूल छन् (मार्गदर्शक टिपोटहरू १-४ हेर्नुहोस्) ।
- शरणार्थी तथा आन्तरिक रूपले विस्थापित समूहका औपचारिक पाठ्यक्रम तथा परीक्षालाई तिनका आफ्ना एवम् आश्रय प्रदान गर्ने मुलुकका सरकारले मान्यता प्रदान गरेका छन् (मार्गदर्शक टिपोट ३ हेर्नुहोस्) ।
- औपचारिक तथा अनौपचारिक पाठ्यक्रमहरूले विपत्का जोखिम न्यूनीकरण, वातावरणीय शिक्षा र द्वन्द्व रोकथामबारे सिकाउँछन् ( (मार्गदर्शक टिपोटहरू ३-४ हेर्नुहोस्) ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूले आधारभूत साक्षरता, गणितीय सीप, प्रारम्भिक सिकाइ, जीवनोपयोगी सीप तथा स्वास्थ्य र सरसफाइ जस्ता मुख्य क्षमताहरूलाई समेट्छन् (मार्गदर्शक टिपोटहरू ४-५ हेर्नुहोस्) ।
- पाठ्यक्रमले सहभागीका मनो-सामाजिक हित र संरक्षणको आवश्यकतालाई प्रतिकार्य गर्दछन् (मार्गदर्शक टिपोट ६ हेर्नुहोस्) ।
- पाठ्य विषय, सामग्रीहरू तथा शिक्षण क्रियाकलाप सिकारुकै भाषामा प्रदान गरिन्छ (मार्गद(र्शक टिपोट ७ हेर्नुहोस्) ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू लैङ्गिक सचेतनामूलक, विविधतालाई आत्मसात गर्ने, विभेद निरोधक र सिकारुको सम्मानको प्रवर्द्धन गर्छन् (मार्गदर्शक टिपोट ८ हेर्नुहोस्) ।
- स्थानीय शिक्षण-सिकाइ सामग्रीहरू समयमै र पर्याप्त मात्रामा उपलब्ध छन् (मार्गदर्शक टिपोट ९ हेर्नुहोस्) ।

### मार्गदर्शक टिपोटः

१. **पाठ्यक्रमः** पठ्यक्रम भनेको सिकारुका ज्ञान तथा सीपको अभिवृद्धिमा मद्दत गर्न तयार पारिएको कार्ययोजना हो । पाठ्यक्रमको प्रयोग औपचारिक तथा अनौपचारिक दुवै खाले शिक्षा प्रणालीमा हुन्छ, जो सबै सिकारुका सिकाइ आवश्यकतासँग सान्दर्भिक र अनुकूल हुनु आवश्यक छ । यसमा सिकाइका उद्देश्य, विषयवस्तु, मूल्याङ्कन विधि, शिक्षण विधि तथा सामग्रीहरू समावेश हुन्छन्:

   - सिकाइ उद्देश्यले शिक्षाका माध्यमबाट शिक्षार्थीका संज्ञानात्मक, सामाजिक, संवेगात्मक तथा शारीरिक विकासका लागि चाहिने ज्ञान, अभिवृत्ति तथा सीपहरूको निर्धारण गर्दछ;
   - सिकाइका विषयवस्तु भन्नाले साक्षरता, गणितीय तथा जीवनोपयोगी सीप जस्ता सिकाइका क्षेत्रहरूलाई जनाउँछ;

- मूल्याङ्कनले सिकाइएका विषयवस्तुबाट सिकेका ज्ञान, अभिवृत्ति र सीपहरूको मापन गर्दछ
- शिक्षण विधि भनेको सबै शिक्षर्थीलाई प्रभावकारी रूपले ज्ञान तथा सीप हासिल गर्न उत्प्रेरणा दिन विषयवस्तु प्रस्तुत गर्ने विधि हो;
- शिक्षण सामग्री अन्तर्गत पुस्तक, नक्सा, चार्ट, सन्दर्भ सामग्री, शिक्षक निर्देशन पुस्तिका, उपकरण, खेलौना र पठन-पाठन सम्बद्ध अन्य सामग्रीहरू पर्छन् ।

२. **परिवेश, उमेर र विकासका चरण सुहाउँदो पाठ्यक्रम :** पाठ्यक्रम सिकारुका उमेर, विकासका चरण तथा तिनका संवेगात्मक, मानसिक, संज्ञानात्मक, मनो-सामाजिक र शारीरिक विकासक्रम अनुरूप हुनुपर्दछ । औपचारिक र अनौपचारिक शिक्षाका कार्यक्रममा सिकारुका उमेर र विकासका चरणमा व्यापक फरक हुनसक्छ । यसका लागि पाठ्यक्रम र शिक्षण विधिहरूमा आवश्यकताअनुसार परिमार्जन गर्नुपर्ने हुन सक्छ । यस क्रममा शिक्षकहरूलाई सिकारुका आवश्यकताअनुरूप शिक्षण विधिमा परिमार्जन गर्न आवश्यक सहयोगको जरुरत पर्दछ (शिक्षण र सिकाइ मापदण्ड २ पाना ७१-७३ मा पनि हेर्नुहोस्) ।

३. **पाठ्यक्रमको पुनरावलोकान तथा विकास :** पठ्यक्रमको पुनरावलोकन तथा विकास निरन्तर चलिरहने लामो र जटिल प्रक्रिया हो । यस प्रक्रियाको कार्यान्वयन तथा अनुमोदन सम्बद्ध शिक्षा निकायबाट हुने गर्दछ । आपत्कालीन वा त्यसपछिका चरणमा औपचारिक शिक्षाको पुनर्स्थापना गर्दा मुलुकले अवलम्बन गरेको प्राथमिक तथा माध्यमिक शिक्षाका पाठ्यक्रमको प्रयोग गरिनुपर्दछ । तर विपत्का कारण पूर्वस्वीकृत सामग्रीहरू नष्ट भएका अवस्थामा भने नयाँ पाठ्यक्रमको निर्माण तथा विकास गरिनुपर्दछ । शरणार्थीलक्षित पाठ्यक्रम या त तिनका घरेलु मुलुक वा आश्रित मुलुकका पाठ्यक्रममा आधारित हुनुपर्दछ । आपत्कालको अनुभव भएका मुलुकका पाठ्यक्रम पनि लागू गर्न सकिन्छ ।

शान्ति स्थापनापछि स्वदेश फिर्ती भएपश्चात्का आवश्यकताका दृष्टिले आपत्कालीन पाठ्यक्रम साविक र शरणार्थी दुवै मुलुकका मान्यतामा आधारित गराउनु आवश्यक छ । यस क्रममा भाषिक क्षमता तथा परीक्षाको मान्यताका लागि ठोस क्षेत्रीय र अन्तरनिकाय समन्वयको खाँचो रहन्छ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ७, पाना ९५ मा पनि हेर्नुहोस्) ।

आपत्कालमा औपचारिक तथा अनौपचारिक शिक्षाका पाठ्यक्रमले सङ्कटकालीन परिस्थिति विषयक सीप र ज्ञान प्रदान गर्नमा जोड दिनुपर्दछ (मार्गदर्शक टिपोट ५ हेर्नुहोस्) । देहायका समूहका लागि विशेष प्रकारका पाठ्यक्रमको आवश्यकता हुन सक्दछः
- जीविकोपार्जनका क्रियाकलापमा संलग्न बालबालिका तथा युवाहरू;
- विगतमा सशस्त्र बल वा सशस्त्र समूहहरूसँग आबद्ध भएका समूह;
- लमो समय विद्यालय बाहिर रहेका वा कक्षाका विद्यार्थीभन्दा बढी उमेर भएका समूह;
- प्रौढ सिकारुहरू ।

पाठ्यक्रम विकास र मूल्याङ्कन तथा पाठ्यपुस्तकको पुनरावलोकन कार्यको नेतृत्व शिक्षाका सम्बन्धित निकायबाट गरिनुपर्दछ । यस कार्यमा सिकारु, शिक्षक र तिनका पेसागत सङ्गठन तथा समुदायको सक्रिय सहभागिता आवश्यक रहन्छ । पाठ्यपुस्तक पुनरावलोकन टोलीमा विभिन्न सांस्कृतिक समूह तथा पीडित पक्षका प्रतिधित्व गराउन सकिएमा समूहबीचका पूर्वाग्रहहरू समाप्त भई शान्ति स्थापना सुगम हुन जान्छ । यस्ता

टोलीले पाठ्यपुस्तकमा विद्यमान विभाजनकारी सन्देशहरू हटाउँदा उत्तेजना वा तनावको सिर्जना नहोस् भन्ने सतर्कता अपनाउनु जरुरी हुन्छ ।

४. **प्रमुख सक्षमता :** सिकाइका विषयवस्तु तथा शिक्षक तालिम सामग्रीहरू विकास गर्नुभन्दा पहिले नै अपेक्षा गरिएका प्रमुख क्षमताहरूको पहिचान गरिसक्नुपर्दछ । आधारभूत शिक्षाका प्रमुख क्षमताहरू देहायअनुसार छन्:

- कार्यमूलक साक्षरता र गणितीय सीप;
- सिकारुका लागि सम्मानजनक जीवनयापन गर्न तथा समुदायका सदस्यका हैसियतले आफ्नो समुदायका गतिविधिमा सक्रिय भूमिका निर्वाहका लागि आवश्यक ज्ञान सीप र अभिवृत्ति;

प्रमुख सक्षमताहरूलाई व्यावहारिक प्रयोगबाट सुदृढ गराइनुपर्दछ । कलिला बालबालिकाका लागि प्रमुख सक्षमता आर्जनको उर्वरभूमि मानिने प्रारम्भिक बाल विकास कार्यक्रमहरू उपलब्ध हुनुपर्दछ ।

५. **जीवनोपयोगी सीपवसिकाइका विषयवस्तु र प्रमुख अवधारणा :** जीवनोपयोगी सीप सिकाइका विषयवस्तु र तिनका अवधारणा सिकारुका उमेर, सिक्ने शैलीगत भिन्नता, अनुभव तथा वातावरण अनुकूल हुनुपर्दछ । यस्ता कुराले सिकारुहरूमा स्वतन्त्र र उत्पादनशील जीवन बाँच्ने क्षमता अभिवृद्धि गराउँछ । विषयवस्तु र अवधारणा परिवेश सापेक्ष हुनुपर्छ । उदाहरणका लागि:

- यौन तथा प्रजनन स्वस्थ्य र एचआईभी एड्स लगायत स्वास्थ्य र शारीरिक प्रवर्द्धनका विषय;
- बाल संरक्षण र मनोवैज्ञानिक सहयोग;
- मानव अधिकार, नागरिकता, शान्ति स्थापना तथा मानवतावादी कानुन;
- बारुदी सुरुङ तथा नपड्केका विस्फोटक सामग्रीसम्बन्धी जानकारी लगायत जोखिम न्यूनीकरण र जीवन रक्षाका सीप;
- संस्कृति, मनोरञ्जन, खेलकुद, कला तथा सङ्गीत, नृत्य, नाटक तथा दृश्य कला;
- जीविकोपार्जनका सीप तथा व्यावसायिक-प्राविधिक सीपको तालिम,
- स्थानीय तथा आदिवासी वातावरणीय ज्ञान,
- बालिका तथा बालकहरूका सम्भावित जोखिम र चुनौतीबाट बचाउने सीपहरू ।

सिकाइ विषयवस्तुले सिकारुलाई जीवनयापनको आधार प्रदान गर्नुपर्दछ । व्यावसायिक तालिमका कार्यक्रमहरू रोजगारीका अवसर अनुरूप निर्धारित हुनुपर्दछ र कार्यस्थलको अनुभवसँग आबद्ध हुनुपर्दछ (सीप सञ्जाल, आपत्कालपछि आर्थिक सुधारका लागि न्यूनतम मापदण्डहरू, रोजगारी सिर्जना मापदण्ड र उद्योग विकास मापदण्डहरू पनि हेर्नुहोस्) ।

द्वन्द्वप्रभावित समुदायका शैक्षिक कार्यक्रमहरूमा द्वन्द्व समाधान र शान्ति स्थापनाजस्ता विषयवस्तु र विधि राखिएमा त्यसबाट मेलमिलाप तथा शान्ति स्थपनाका लागि आवश्यक सीपको विकास भई समूहहरूबीच आपसी सौहार्द्रता बढ्न सक्छ । शान्तिका लागि शिक्षा प्रदान गर्दा समूहहरूलाई निरन्तरको पीडोदायी मुद्दाहरूबाट छुट्कारा पाउनका लागि तयार गराउन सतर्कतापूर्वक कार्य गर्नुपर्छ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १, पाना ९२-९३ मा पनि हेर्नुहोस्) ।

६. **सामाजिक-मनौवैज्ञानिक आवश्यकता, अधिकार र विकास :** सङ्कटकालमा सिकारुका सामाजिक-मनोवैज्ञानिक आवश्यकता, अधिकार र विकासका सवालहरूको प्रतिकार्यका प्रयासहरूलाई निरन्तरता प्रदान गरिनुपर्दछ । सिकारुहरूका पीडोका लक्षणको पहिचानका लागि शिक्षक तथा शिक्षाकर्मीहरूलाई सल्लाह सेवा लगायत प्रतिकार्यका उपायहरूमा राम्ररी प्रशिक्षित गराइनुपर्दछ । तिनलाई कक्षाभित्र तथा बाहिर पनि सामाजिक मनोवैज्ञानिक सहयोग उपलब्ध गराउने कुरामा शिक्षक, शिक्षाकर्मी तथा समुदायका सदस्यहरूलाई स्पष्ट मार्गनिर्देशन उपलब्ध गराइनुपर्दछ । पीडोबोध गरिरहेका सिकारुको एकाग्रताका दृष्टिले छोटो अवधिको कक्षामार्फत सकारात्मक विधिले शिक्षण गरिनुपर्दछ । सबै सिकारुहरूलाई सहयोगात्मक तथा मनोरञ्जक क्रियाकलापमा सरिक गराइनु पर्दछ । उपयुक्त खालका शिक्षण विधि र विषयवस्तुले सिकारुको आत्मबल बढाउँछ तथा भविष्यप्रति आशावादी गराउँछ (पहुँच र सिकाइ वातावण मापदण्ड २, मार्गदर्शक टिपोट ८-९, पाना ५७ , पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोट ८, पाना ६२ , शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट १, पाना ९२-९३ पनि हेर्नुहोस्) ।

शिक्षक तथा कर्मचारीको नियुक्ति विपत् प्रभावित क्षेत्रबाटै भएमा तिनीहरू स्वयम् पनि सिकारुहरुले जस्तै पीडो अनुभूत गर्न सक्छन् । यस्तो अवस्थाको प्रतिकार्यका लागि अनुगमन, तालिम तथा सहयोग सेवाको खाँचो पर्दछ (शिक्षकहरू र अन्य शिक्षा कर्मचारीहरू मापदण्ड ३ मार्गदर्शक टिपोट ६ पाना ८७ र स्वास्थ्य कारबाही अध्यायमा मानसिक स्वास्थ्य र मनोवैज्ञानिक भलाइ विषयमा स्फेयर मापदण्ड पनि हेर्नुहोस्)

७. **भाषा :** बहुभाषी मुलुक तथा समुदायमा शिक्षाको माध्यम भाषाले पनि विभाजनकारी भूमिका खेल्न सक्छ । यस्तो परिस्तितिको सिर्जना हुन नदिन शिक्षा निकाय, समुदाय तथा अन्य सरोकारवालाहरूबीच परामर्श गरी व्यापक सहमतिका आधारमा माध्यम भाषाको चयन गर्नु उपयुक्त हुनेछ । शिक्षकहरूमा सिकारुका भाषामा शिक्षण गर्न तथा तिनका बाबु-आमा एवम् व्यापक समुदायसँग सञ्चार कायम गर्न सक्ने क्षमता हुनु जरुरी छ । अन्धा तथा बहिराहरूको शिक्षण सिकाइ प्रक्रियामा पूर्ण समावेशिताका दृष्टिले उपयुक्त विधिको अवलम्बन गरिनुपर्दछ । प्रारम्भिक बाल विकास कार्यक्रमजस्ता पूरक कक्षाहरूमा पनि सिकारुका भाषालाई माध्यम भाषाका रूपपमा प्रयोग गरिनुपर्दछ ।

शरणार्थीहरूका सम्बन्धमा तिनका हक अधिकारका साथै सङ्कटकाल उप्रान्त स्वदेश फिर्ता भएपछिका अवसरहरूको उपयोगलाई समेत दृष्टिगत गरी तिनका भाषा र घरेलु मुलुकका मापदण्डलाई पनि ध्यानमा राखिनु आवश्यक हुन्छ । लामो अवधिको विस्थापनका अवस्थामा शरणार्थीहरूले शरणदिने समुदायमा सञ्चार सुगमताका लागि स्थानीय भाषा पनि सिक्नु जरुरी छ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ७, पाना ९५ मा पनि हेर्नुहोस्)।

८. **विविधता :** आपत्कालका सबै चरणहरूमा शिक्षाको विकास र कार्यान्वयन गर्दा विविधतालाई ध्यानमा राख्नु आवश्यक हुन्छ । अर्थात् शिक्षण सिकाइ कार्यमा विभिन्न पृष्ठभूमि र परिस्थितिका सिकारु, शिक्षक तथा अन्य शिक्षाकर्मीहरू संलग्न गराइनु र तिनीहरूका बीच सहनशीलता तथा सौहार्द्रताको विकास गराइनुपर्दछ । विविधताका विशिष्ट पक्षहरूमा निम्नलिखित विषयहरू पर्दछन्:

- लिङ्ग,
- मानसिक तथा शारीरिक अपाङ्गता,

- सिक्ने क्षमता,
- विविध आय समूहका सिकारु,
- विभिन्न उमेर समूहका बालबालिकाहरू भएका कक्षा
- संस्कृति र राष्ट्रियता,
- जातीयता र धर्म ।

पाठ्यक्रम, शिक्षण सामग्री र शिक्षण विधिहरूले पूर्वाग्रहलाई मेटाएर समन्यायलाई प्रोत्साहन गर्न सक्नुपर्दछ । कार्यक्रमहरूले धैर्यभन्दा पनि धारणा तथा व्यवहारमा परिवर्तन ल्याउन सक्नुपर्दछ । यसले अरुहरूका अधिकारप्रति सम्मान गर्ने प्रवृत्तितर्फ डोऱ्याउँदछ । औपचारिक तथा अनौपचारिक शिक्षाले उमेर तथा सांस्कृतिक चेतनाका तहअनुरूप मानव अधिकारको प्रवर्द्धन गर्नुपर्दछ । यसका लागि विषयवस्तुलाई जीवनोपयोगी सीपका साथै अन्तर्राष्ट्रिय मानव अधिकार र मानवतावादी कानुनसँग आबद्ध गराउन सकिन्छ । यस क्रममा विद्यमान पाठ्यपुस्तक तथा शिक्षण सामग्रीहरूमा परिमार्जनको आवश्यकता देखिए सो प्रयोजनका लागि शिक्षकहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउन सकिन्छ (शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिपोट २, पाना ७१-७२ र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ७, पाना ९५ पनि हेर्नुहोस्) ।

९. **स्थानीय तहमा उपलब्ध सिकाइ सामग्री :** आपत्कालको प्रारम्भमै सिकारुहरूका लागि स्थानीय तहमा उपलब्ध हुन सक्ने सिकाइ सामग्रीको छानबिन गरिनुपर्दछ । शरणार्थी तथा आन्तरिक रूपले विस्थापितहरूका सम्बन्धमा तिनले आफ्ना मुलुकबाट ल्याएका सामग्री पनि हुन सक्छ । उपलब्ध सामग्रीहरूको आवश्यकता अनुसार अनुकूलन वा नयाँ निर्माण गरी सबैका लागि पर्याप्त मात्रामा उपलब्ध गराइनुपर्दछ । यस्ता सामग्री शारीरिक अपाङ्गता भएका विद्यार्थीका लागि समेत उपयुक्त हुने गरी निर्माण तथा विकास गरिनुपर्दछ । सम्बद्ध सरकारी निकायले सामग्रीहरूको भण्डोरण, वितरण तथा प्रयोगको समुचित अनुगमन गर्नुपर्दछ (शिक्षकहरू र अन्य शिक्षा कर्मचारीहरू मापदण्ड ३, मार्गदर्शक टिपोट १, पाना ८६ मा पनि हेर्नुहोस्) ।

## शिक्षण र सिकाइ मापदण्ड २:
## तालिम, व्यावसायिक विकास तथा सहयोग

परिस्थिति तथा आवश्यकताअनुसार शिक्षक तथा शिक्षाकर्मीहरुले आवधिक, सान्दर्भिक र योजनाबद्ध तालिम लिन्छन् ।

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटसँगै पढिनुपर्ने)

- महिला एवम् पुरुष शिक्षक तथा शिक्षाकर्मीहरूका लागि आवश्यकतानुसारका तालिमका अवसरहरू उपलब्ध छन् (मार्गदर्शक टिपोटहरू १-८ हेर्नुहोस्) ।
- तालिम परिवेशसँग सान्दर्भिक छन् र यिनले विषयवस्तुको उद्देश्य प्रतिविम्बित गर्दछन् (मार्गदर्शक टिपोटहरू १-२ हेर्नुहोस्) ।
- तालिमलाई शिक्षाका सम्बद्ध निकायले अनुमोदन तथा मान्यता प्रदान गरेका छन् (मार्गदर्शक टिपोटहरू ३-४ हेर्नुहोस्) ।
- योग्य प्रशिक्षकहरूले तालिम प्रदान गर्दछन् र यी तालिम सेवाकालीन तालिम, शिक्षक सहयोग सेवा, निर्देशन तथा सल्लाह एवम् अनुगमन र कक्षा निरीक्षण कार्यका पूरक छन् (मार्गदर्शक टिपोटहरू ३-४ हेर्नुहोस्) ।
- तालिम र शिक्षक सहयोग सेवाको निरन्तरताका कारण शिक्षकहरू शिक्षण सामग्रीको प्रयोग गरी सहभागितामूलक विधिको अवलम्बनका प्रभावकारी सहजकर्ता बनेका छन् (मार्गदर्शक टिपोटहरू ३-६ हेर्नुहोस्) ।
- तालिमका पाठ्यक्रममा औपचारिक एवम् अनौपचारिक शिक्षण सिकाइमा आवश्यक पर्ने ज्ञान र सीपका साथै खतराप्रतिको सचेतना, विपत्जन्य जोखिमको न्यूनीकरण तथा द्वन्द्व रोकथामका ज्ञान र सीपहरू समेत समावेश छन् (मार्गदर्शक टिपोट ७ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोट:**

१. **शिक्षक :** शिक्षक भनेको औपचारिक एवम् अनौपचारिक शिक्षा कार्यक्रमका शिक्षणकर्ता, सहजकर्ता वा जीवन्तता प्रदायक हुन् । शिक्षकले विभिन्न प्रकारका अनुभव सँगालेका वा तालिम लिएका हुनसक्छन् । ती वयस्क सिकारु वा समुदायका सदस्य पनि हुन सक्छन् (शिक्षकहरू र शिक्षा कर्मचारीहरू मापदण्डहरू १-३, पाना ६६-६७ मा हेर्नुहोस्) ।

२. **औपचारिक तालिमका पाठ्यक्रम तथा विषयवस्तुको विकास :** तालिमका पाठ्यक्रम तथा विषयवस्तुको विकास गर्ने दायित्व शिक्षाका सम्बन्धित निकायको हो । तालिमका पाठ्यक्रम र तिनका विषयवस्तुहरूले निर्धारित बजेट तथा समय सीमाभित्र रही सम्बद्ध परिवेशका सिकारुका आवश्यकता एवम् अधिकार तथा शिक्षाकर्मीहरूका विशिष्ट आवश्यकता प्रतिविम्बित गर्न सक्नुपर्दछ । तालिमका विषयवस्तुमा देहायका कुराहरू पर्दछन्:
    - साक्षरता, परिवेशअनुसारका गणितीय र जीवनोपयोगी सीप तथा स्वास्थ्य शिक्षा जस्ता प्रमुख विषयको ज्ञान;
    - सकारात्मक अनुशासन तथा कक्षा व्यवस्थापन, सहभागितामूलक तथा समावेशी शिक्षण विधि लगायत शिक्षण प्रक्रिया एवम् विधिहरू,
    - सिकारुका विरुद्ध हुने लैङ्गिक विभेदको विरोध तथा सल्लाह सेवा लगायत शिक्षक तथा शिक्षाकर्मीका आचारसंहिता,
    - विपत्जन्य जोखिम विषयक शिक्षा एवम् द्वन्द्व निरोधक सिद्धान्तहरू,
    - स्थानीय सल्लाह सेवा र तिनका सम्पर्कस्थल लगायत सिकारु तथा शिक्षक दुवैका मनोवैज्ञानिक विकासका आवश्यकता;

- मानव अधिकारका सिद्धान्त, मान्यता तथा मानवतावादी कानुन, तिनका अर्थ र तात्पर्य एवम् सिकारुका आवश्यकतासँग तिनको प्रत्यक्ष-परोक्ष सरोकार लगायत ती कानुन वा सिद्धान्तप्रति सिकारु, शिक्षक, समुदाय तथा शिक्षाकर्मीहरूको दायित्व;
- अन्य परिवेश सान्दर्भिक विषयवस्तु ।

तालिम कार्यक्रमले विविधता र विभेदका सवालहरूको हल खोज्नुपर्दछ । उदाहरणका लागि, लैङ्गिक सचेतनायुक्त शिक्षण विधिका प्रयोगले कक्षाशिक्षणका क्रममा शिक्षक-शिक्षिका दुवै लाई लैङ्गिक समन्यायपूर्ण व्यवहारका लागि प्रोत्साहन प्राप्त हुन्छ । महिला शिक्षाकर्मी तथा समुदायका महिला सदस्यहरूलाई तालिम प्रदान गर्दा तिनले कक्षामा मात्र नभई समग्र समुदायमा सकारात्मक परिवर्तनलाई प्रोत्साहन प्रदान गर्न सक्छन् । शिक्षण र सिकाइ मापण्दड १, पाना ६६-७०, पहुँच र सिकाइ वातवारण मापदण्ड २, मार्गदर्शक टिपोटहरू २-३, पाना ५४-५५ पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोट ८, पाना ६२ र शिक्षकहरू र अन्य शिक्षा कर्मचारीहरू मापदण्ड ३, पाना ८६-८७ पनि हेर्नुहोस्) ।

३. **तालिममा सहयोग र समन्वय :** शिक्षक तालिमका औपचारिक एवम् अनौपचारिक क्रियाकलापहरूको विकास र कार्यान्वयनको नेतृत्व शिक्षाका सम्बन्धित निकायले प्रदान गर्नुपर्दछ । यसका लागि सरकारी निकायमा आवश्यक क्षमताको अभाव रहेमा अन्तरनिकाय समन्वय समितिको सहयोग र निर्देशन उपलब्ध गराउन सकिन्छ । शिक्षक तालिमका योजनाअन्तर्गत सेवाकालीन तालिम दिने संस्था तथा विश्वविद्यालयका शैक्षिक सुविधाहरूको सबलीकरणका कार्यहरू समेत पर्दछन् । शिक्षा क्षेत्रको पुनर्निर्माण तथा दिगोपनामा यी संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् (समन्वय मापदण्ड १, मार्गदर्शक टिपोट १, पाना २८ र शिक्षक तथा अन्य शिक्षा कर्मचारी मापदण्ड ३, मार्गदर्शक टिपोट ३-४, पाना ८६-८७ पनि हेर्नुहोस्) ।

सङ्कटकालका शैक्षिक प्रतिकार्य कार्यक्रमहरूको प्रारम्भदेखि नै सेवाकालीन शिक्षक तालिमका पाठ्यक्रम र तिनको मान्यताबारे शिक्षाका राष्ट्रिय निकाय तथा सम्बद्ध सरोकारवालाहरूले छलफलको प्रारम्भ गर्नुपर्दछ । सेवाकालीन तालिमको तर्जुमा गर्दा यथासम्भव मुलुकका लागि चाहिने तालिम प्राप्त शिक्षकहरूको स्थितिलाई दृष्टिगत गरिनुपर्दछ । तालिम योजनाले सामाजिक मनोवैज्ञानिक सहयोग प्रणाली जस्ता आपत्कालजन्य अन्य तत्वहरूमा पनि बिचार पुऱ्याउनुपर्दछ । शरणार्थी र स्थानीय समुदायका लागि भिन्नाभिन्नै व्यवस्था रहेका अवस्थामा शरणार्थीका वा आश्रय दिने मुलुकका तालिम प्राप्त शिक्षकका आवश्यकता पूर्तिमा ध्यान दिइनुपर्दछ ।

शिक्षक तालिमको विकास तथा कार्यान्वयनका लागि स्थानीय प्रशिक्षक उपयुक्त हुन्छन् । त्यस्ता प्रशिक्षकको सहजीकरण क्षमता तथा तालिमका सीपको अभिवृद्धि गराउन सकिन्छ । तालिमका कार्यक्रममा प्रशिक्षक तथा प्रशिक्षार्थीका समूहमा लैङ्गिक सन्तुलन कायम राख्नु आवश्यक हुन्छ । प्रशिक्षकहरूको सीमितता रहेका अवस्थामा वा तिनको प्रशिक्षण क्षमता कमजोर रहेका अवस्थामा सेवाकालीन तथा पूर्वसेवाकालीन शिक्षक तालिम केन्द्रहरूको सुदृढीकरणमा ध्यान दिइनुपर्दछ । यस प्रयोजनका लागि संयुक्त राष्ट्र सङ्घीय निकाय तथा गैरसरकारी संस्थाजस्ता राष्ट्रिय एवम् क्षेत्रीय संस्थाहरूले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ । यस अन्तर्गत देहायका विषयहरू पर्न सक्छन्:

- शिक्षक तालिमका पाठ्यक्रम र पाठ्यसामग्रीको पुनरावलोकन;
- आपत्काल सम्बद्ध विषयवस्तुको अद्यावधिकीकरण र समावेशीकरण;

- शिक्षक सहयोगी जस्ता प्रयोगात्मक शिक्षण अभ्यासको प्रावधान ।

४. **तालिमको मान्यता तथा समकक्षता :** गुणस्तरीयताका लागि सम्बन्धित शिक्षा निकायबाट आपत्कालीन शिक्षक तालिमलाई मान्यता तथा समकक्षता प्रमाणित गरिनु आवश्यक छ । शरणार्थी शिक्षकहरूका हकमा त्यस्ता तालिमको उपादेयता वा उपयुक्तता निर्धारण गर्ने कार्य आश्रय प्रदान गर्ने वा आश्रितका आफ्ना मुलुकका सम्बन्धित निकायबाट हुनुपर्दछ (शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट ७, पाना ९५ मा पनि हेर्नुछ ।

५. **शिक्षण सिकाइ सामग्री :** तालिमले शिक्षकहरूलाई पाठ्यक्रमले अपेक्षा गरेअनुसारका विशिष्ट शिक्षण सामग्रीको पहिचान गर्ने क्षमता प्रदान गर्नुपर्दछ । शिक्षकहरू स्थानीय सामग्रीहरूको प्रयोगबाट प्रभावकारी र उपयुक्त शिक्षण सामग्री तयार पार्न सक्षम हुनुपर्दछ (शिक्षण र सिकाइ मापदण्ड १, मार्गदर्शक टिपोट ९, पाना ७० र शिक्षक र शिक्षाकर्मी मापदण्ड ३, मार्गदर्शक टिपोट १, पाना ८६ पनि हेर्नुहोस्) ।

६. **खतराका चेतना, जोखिम न्यूनीकरण, र प्रतिकार्यको पूर्वतयारी :** तालिमले शिक्षकहरूमा सिकारु तथा समुदायलाई भावी विपत्को न्यूनीकरण वा रोकथाम गर्न सहयोग गर्ने आवश्यक सीप तथा ज्ञानको विकास गराउनुका साथै जोखिम न्यूनीकरण तथा द्वन्द्व रोकथामका सीपलाई शिक्षण-सिकाइ प्रक्रियामा समायोजन गर्न सक्षम गराउनुपर्दछ । यसअन्तर्गत समुदायका सम्भावित खतरा तथा विपत्को पहिचान, रोकथाम र प्रतिकार्यका लागि आवश्यक सूचना तथा सीपहरू पर्दछन् (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिपोट ३, पाना ३२-३३ पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिपोट ११, पाना ५७-५८, पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोट १-२ पाना ५९-६०, र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिपोट २ र ६, पाना ९३-९५, पनि हेर्नुहोस्) ।

## शिक्षण र सिकाइ मापदण्ड ३:
## शिक्षण र सिकाइ प्रक्रिया

शिक्षण तथा सिकाइ प्रक्रिया सिकारु केन्द्रित, सहभागितामूलक र समावेशी छन्

**मुख्य कार्यः** (मार्गदर्शक टिपोटसँगै पढ्नुपर्ने)
- शिक्षण विधि सिकारुका उमेर, विकासका चरण, भाषा, संस्कृति, क्षमता र आवश्यकताअनुरूप छन् (मार्गदर्शक टिपोट १-५ हेर्नुहोस्) ।
- सिकारुहरूसँग गरिने अन्तरक्रियामा शिक्षकहरूका विषयवस्तुमाथिको दक्षता र शिक्षण सीपको झलक प्रस्ट देखिन्छ (मार्गदर्शक टिपोट १-३ हेर्नुहोस्) ।
- शिक्षण र सिकाइ प्रक्रियाले अपाङ्गतायुक्त लगायत सबै सिकारुका सिकाइ आवश्यकताको समावेशी प्रतिकार्यका साथै बाधा अड्चनको निराकरण गर्दछन् (मार्गदर्शक टिपोट २ हेर्नुहोस्) ।
- अभिभावक तथा सामुदायिक अगुवाहरूका लागि सिकाइका विषयवस्तु बोधगम्य र स्वीकार्य छन् (मार्गदर्शक टिपोट ३ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोटः**

१. **सक्रिय संलग्नता :** सिकारुको सक्रिय संलग्नता प्रत्येक उमेर तथा विकासका चरणमा महत्वपूर्ण हुन्छ । अन्तरक्रियात्मक तथा सहभागितात्मक शिक्षण विधिले सबै सिकारुको सक्रिय संलग्नता सुनिश्चित गर्छ । यसमा समूह कार्य, परियोजना, साथीसङ्गीबाट सिक्ने, अभिनय, कथा वाचन वा घटना विवरण, खेलजस्ता विकासका चरणअनुरूप शिक्षण-सिकाइ विधिको प्रयोग हुन्छ । यस्ता विधिहरू शिक्षक तालिम, तथा विद्यालयका पाठ्यपुस्तकहरूमा पनि समावेश गरिनुपर्दछ । विद्यमान पाठ्यक्रमलाई सक्रिय सिकाइको प्रवर्द्धनका दृष्टिले परिमार्जनको आवश्यकता पर्न सक्छ ।

साना बालबालिकाहरू खेलका माध्यमबाट सहज रूपले सिक्ने भएकाले तिनको सिकाइ प्रक्रियालाई खेल तथा अन्तरक्रियामा आधारित गराइनुपर्दछ । निर्देशित खेलले बालबालिकालाई शिक्षक तथा साथीसङ्गीहरूसँग सम्बन्ध बढाउन सहयोग पु-याउँदछ । बालबालिकाका अभिभावक तथा स्याहारकर्ताहरूलाई देहायका कुरा बुझाउन र प्रयोग गर्न लगाउनु आवश्यक छ :
- बालबालिकाहरूका आवश्यकताप्रति संवेदनशील र दायित्वबोध हुनुको महत्व;
- साना बालबालिकाहरूको रेखदेखका तरिका;
- बालबालिकालाई सिकाइ प्रक्रियाहरूमा सक्रियताका साथ संलग्न गराउने र तिनको विकासक्रमको प्रवर्द्धनमा सहयोगी हुने खेलका विधिहरू ।

२. **सिकाइका व्यवधान :** शिक्षकहरूलाई सङ्कटकालीन परिस्थितिमा औपचारिक तथा अनौपचारिक शिक्षाका गतिविधिको महत्वबारे अभिभावक, समुदाय, शिक्षाकर्मी तथा सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया गर्न उचित सहयोग उपलब्ध गराइनुपर्दछ । यस्ता छलफलका केन्द्रविन्दुमा अधिकारका मुद्दा, विविधता र समवेशीता तथा शैक्षिक क्रियाकलापभन्दा बाहिरका बालबालिका तथा युवाहरूको शैक्षिक सहभागिता बढाउने जस्ता विषयहरूले स्थान पाउनुपर्दछ । यस्ता छलफलबाट समावेशिताको महत्वबारे अवगत हुने भएकाले विद्यालयका लागि आवश्यक स्रोत सामग्री तथा सुविधाहरूको व्यवस्थामा योगदान

पुऱ्याउन प्रेरित हुन्छन् । शिक्षक-अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन तथा सामुदायिक शिक्षा समितिहरूलाई सिकाइका व्यवधानहरूको पहिचान गर्न र समुदाय स्तरबाटै तिनको निराकरणका योजना तर्जुमा गर्ने जस्ता गतिविधिमा परिचालन गर्न सकिन्छ (पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्गदर्शक टिपोट ७, पाना ५१ पनि हेर्नुहोस्) ।

३. **उपयुक्त शिक्षण विधि :** आपत्कालीन शैक्षिक प्रावधानले औपचारिक शिक्षाका शिक्षकहरूमा सकारात्मक परिवर्तनका अवसर प्रदान गर्नुपर्दछ । सिकारुहरूका अधिकार, आवश्यकता, उमेर, अपाङ्गता तथा क्षमताको प्रतिकार्यका लागि शिक्षण विधिमा परिवेश अनुकूल परिमार्जन गरिनुपर्दछ र सहभागितामूलक एवम् सिकारुमैत्री शिक्षण विधिमा जोड दिनुपर्दछ । खास गरी आपत्कालका प्रारम्भिक चरणमा अनुभवी शिक्षकहरूका लागि समेत नयाँ शिक्षण विधिको प्रयोग कठिन हुन सक्छ । यसले सिकारु, अभिभावक तथा समुदायका सदस्यहरूलाई समेत प्रभावित पार्न सक्छ **-www. ineesite.org/tookit** मा उपलब्ध शिक्षण सिकाइबारे INEE का मार्गदर्शक टिपोट पनि हेर्नुहोस्) ।

सम्बद्ध शिक्षा निकायको सहमति र समन्वयमा मात्र शिक्षण-सिकाइको विधिमा परिवर्तन गरिनुपर्दछ । विद्यालय तथा समुदायका लागि यस्ता परिवर्तन बुझ्न र आत्मसात गर्न समय लाग्न सक्दछ । परिवर्तनले अभिभावक तथा सामुदायिक सदस्यहरूका अपेक्षालाई प्रतिकार्य गर्ने कुराको प्रत्याभूति गर्नुपर्दछ । नयाँ विषयवस्तु र अपेक्षित व्यावहारिक परिवर्तनप्रति शिक्षकहरू परिचित हुनु जरुरी छ ।

अनौपचारिक शिक्षाका सन्दर्भमा तालिम तथा स्वयंसेवी, सहजकर्ता एवम् स्याहारकर्ताहरूको निरन्तर सहयोगका माध्यमबाट सिकारु केन्द्रित विधिको कार्यान्वयन गर्न सकिन्छ । प्रयुक्त विधिहरू साक्षरता, गणितीय सीप, सङ्कटकाल सापेक्ष जीवनोपयोगी सीप लगायत पाठ्यक्रमले चाहेअनुरूप र आधारभूत शिक्षाका अपेक्षित क्षमता विकास अनुकूल हुनुपर्दछ (सिकाइ मापदण्ड १, मार्गदर्शक टिपोट ४, पाना ६८ मा हेर्नुहोस्) ।

## शिक्षण र सिकाइ मापदण्ड ४: सिकाइ उपलब्धिको मूल्याङ्कन

सिकाइ उपलब्धिको मूल्याङ्कन तथा वैधता सुनिश्चित गर्ने उपयुक्त प्रविधिको प्रयोग भएको छ ।

**मुख्य कार्य:** मार्गदर्शक टिपोटसँगै पढिनुपर्ने)

- सिकारुका सिकाइ उपलब्धिको निरन्तर परीक्षण तथा मूल्याङ्कन गरी उद्देश्य प्राप्तिको स्थिति पत्ता लगाइन्छ र प्राप्त सूचनाको प्रयोगबाट शिक्षण विधिको सुधारको प्रयास गरिन्छ (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- सिकारुले हासिल गरेका उपलब्धिलाई मान्यता र प्रमाणीकरण गरिन्छ (मार्गदर्शक टिपोट २ हेर्नुहोस्) ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा पूरा गर्ने सिकारुका सिकाइ प्रभावकारिता र सान्दर्भिकताको परीक्षण गरिन्छ (मार्गदर्शक टिपोट २ हेर्नुहोस्) ।
- परीक्षण र मूल्याङ्कन विधिहरू स्वच्छ, विश्वसनीय र भयमुक्त छन्,
- परीक्षण सिकारुका भावी शैक्षिक तथा आर्थिक आवश्यकता सापेक्ष छन् (मार्गदर्शक टिपोट ४ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपोट:**

१. **मूल्याङ्कन तथा परीक्षणका तरिका र उपाय :** मूल्याङ्कन तथा परीक्षणलाई प्रभावकारी बनाउन देहायका उपाय अवलम्बन गर्न सकिन्छ:
   - सान्दर्भिकता: परीक्षा सिकारुको उमेर तथा सिकाइको परिप्रेक्ष्यसँग सान्दर्भिक छन् (मार्गदर्शक टिपोट ४ हेर्नुहोस्) ।
   - एकरूपता: मूल्याङ्कन तथा परीक्षालाई सबै स्थानमा सबै शिक्षकले एउटै अर्थमा बुझ्छन् र एकै प्रकारले प्रयोग गर्दछन् ।
   - मौका: परिस्थितिवश उपस्थित हुन नसकेका र परीक्षा छुटेका परीक्षार्थीलाई पुन: परीक्षा दिने मौका प्रदान गरिन्छ ।
   - समयसीमा: परीक्षा शिक्षणका साथसाथै र अन्तमा गरिन्छ ।
   - पटक: परीक्षा कतिपटक लिने भन्ने निर्णय सङ्कटकालबाट प्रभावित हुन सक्छ ।
   - सुरक्षित र उपयुक्त वातावरण: औपचारिक परीक्षा सम्बद्ध शिक्षा निकायले सुरक्षित स्थानमा सञ्चालन गर्दछन् ।
   - पारदर्शिता: परीक्षाको नतिजामा हकमा सम्बन्धित विद्यार्थीसँग र साना बालबालिकाका हकमा तिनका अभिभावकसँग छलफल गरिन्छ । परीक्षाका निर्धारित चरणहरूमा बाह्य परीक्षक उपलब्ध हुन्छन् ।
   - अपाङ्गतायुक्त सिकारुको परीक्षा: अपाङ्गतायुक्त सिकारुका लागि तुलनात्मक रूपले लामो समय प्रदान गरिन्छ र वैकल्पिक विधिद्वारा तिनले हासिल गरेका सीप र बोधको परीक्षण गरिन्छ **-www.ineesite.org/toolkit** मा INEE का मार्गदर्शन पनि हेर्नुहोस्) ।

२. **परीक्षणका नतिजा:** औपचारिक शिक्षामा सिकारुले हासिल गरेको सिकाइ उपलब्धि र परीक्षाका नतिजालाई सम्बद्ध शैक्षिक निकायबाट मान्यता प्राप्त होस् भन्नका लागि परीक्षा सञ्चालन गरिन्छ । शरणार्थीका समबन्धमा सिकारुले हासिल गरेका सिकाइ

उपलब्धिको मान्यता तिनका घरेलु मुलुकका शैक्षिक निकायबाट प्राप्त गर्ने प्रयास गर्नुपर्दछ । व्यावसायिक तथा प्राविधिक शिक्षाका हकमा सेवा प्रदायक संस्थाले राष्ट्रिय प्रमाणीकरणका मापदण्डअनुरूप रहेको तथ्यलाई प्रत्याभूत गर्नुपर्दछ ।

३. **परीक्षाको आचारसंहिता :** परीक्षण तथा मूल्याङ्कन आचारको परिधिभित्र रहेर विकसित एवम् कार्यान्वित गर्नुपर्दछ । परीक्षा स्वच्छ र विश्वसनीय हुनुपर्छ र यसको सञ्चालन भयरहित वातावरणमा हुनुपर्दछ । राम्रो अङ्क ल्याई उत्तीर्ण हुनका लागि विद्यार्थीलाई दबावमा राख्न हुँदैन । यस्ता विषय को सुनिश्चितताका लागि समुदाय तथा निरीक्षकहरूबाट अनुगमन गराउनुपर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिपोट ४ र ९, पाना ५५ र ५७ पनि हेर्नुहोस्) ।

४. **सान्दर्भिकता :** पठनपाठन गराइने विषयवस्तु र प्रयुक्त विधिबीच सोझो सम्बन्ध हुनुपर्दछ । सिकाइको उद्देश्य र मापकहरू पाठ्यक्रममा आधारित हुनुपर्दछ । परीक्षाले पाठ्यक्रमको स्तरीयताभन्दा पढाइएका सामग्री र शिक्षण विधिभन्दा हासिल गरेका सीपको परीक्षण गर्नुपर्दछ । यसका लागि आवश्यक परेका खण्डमा परीक्षा प्रणालीमा परिमार्जन गर्नुपर्दछ ।

शिक्षक तथा शिक्षाकर्मीले उपयुक्त र सजिलै प्रयोग गर्न सकिने साधन र विधिको प्रयोग गर्नुपर्दछ । प्रयोगकर्तालाई परीक्षणका साधनको प्रयोगबारे उचित निर्देशन र तालिम प्रदान गरिनाले मूल्याङ्कनको प्रभावकारिता बढ्न जान्छ । सिकाइको प्रगति तथा शिक्षणको प्रभावकारिताको परीक्षणमा समुदायले सहयोग पुऱ्याउन सक्छन् । यस्ता सहयोग खास गरी सिकारुहरूलाई व्यक्तिगत सहयोगको आवश्यकता रहने ठूला कक्षा वा बहु-कक्षा शिक्षणमा लाभदायक हुन सक्दछ ।

**T** **यी मापदण्डहरूलाई कार्यान्वयन गर्न मद्दत पुऱ्याउने साधनका लागि INEE Toolkit: www.ineesite.org/tookit मा हेर्नुहोस्**

INEE त्ययपिष्त
INEE न्यूनतम मापदण्ड
कार्यान्वयनका साधन
पहुँच र सिकाइ वातावरण

# ४ शिक्षक तथा अन्य शिक्षाकर्मी

**आधारभूत मापदण्डहरू :**
**सामुदायिक सहभागिता, समन्वय, विश्लेषण**

## शिक्षक तथा अन्य शिक्षाकर्मी

### मापदण्ड १
### छनोट र नियुक्ति

पारदर्शी तथा सहभागितामूलक छनोट प्रक्रियाबाट विविधता तथा समन्याय झल्कने गरी आवश्यक सङ्ख्यामा योग्यता प्राप्त शिक्षक तथा कर्मचारीहरूको नियुक्ति गरिन्छ ।

### मापदण्ड २
### कार्य वातावरण

शिक्षक र शिक्षाकर्मीहरुको कार्य वातावरण स्पष्ट रूपले परिभाषित छन् र तिनका लागि उपयुक्त पारिश्रमिक सुनिश्चित गरिएको छ ।

### मापदण्ड ३
### सहयोग र सुपरिवेक्षण

शिक्षक तथा कर्मचारी सहयोग संयन्त्रले प्रभावकारी रूपमा काम गर्दछन् ।

आपत्कालको प्रारम्भदेखि नै बालबालिका तथा युवाहरूका शैक्षिक आवश्यकता परिपूर्तिमा शिक्षक तथा शिक्षाकर्मीहरू समर्पित हुन्छन् । यस्ता शिक्षक-शिक्षाकर्मीबीच व्यावसायिक क्षमताका दृष्टिले व्यापक भिन्नता रहन्छ । तिनमा विश्वविद्यालयका उपाधिप्राप्त सरकारी पदाधिकारीदेखि स्वयम्से वी वा समुदायमा आधारित शिक्षा प्रदायकहरूसम्म पर्न सक्छन् । शिक्षक तथा शिक्षाकर्मीहरूमा देहायका व्यक्ति समेत पर्दछन्:

- कक्षा शिक्षक तथा कक्षा सहायकहरू,
- प्रारम्भिक बाल विकास वा पूर्व प्राथमिक शिक्षकहरू,
- अपाङ्गतायुक्त सिकारुलाई पढाउने व्यक्तिहरू,
- विषय विशेषज्ञहरू तथा व्यावसायिक प्रशिक्षक,
- बाल-मैत्री स्थलका सहजकर्ताहरू,
- समुदायका स्वयंसेवी धार्मिक गुरुहरू तथा जीवनोपयोगी सीप सिकाउने प्रशिक्षकहरू,
- प्रधानाध्यापक, प्राचार्य, विद्यालय निरीक्षक तथा शिक्षाका अन्य कर्मचारीहरू ।

शिक्षक तथा अन्य शिक्षाकर्मीहरूको काम, कर्तव्य र अधिकार कार्यक्रमको प्रकृति (औपचारिक अथवा अनौपचारिक) र सिकाइको वातावरणमा भर पर्दछ । आपत्कालीन शिक्षाका परियोजनाहरूको तर्जुमा गर्दा कार्यक्रमको निर्णय प्रक्रिया तथा शिक्षक-कर्मचारीका व्यावसायिक विकासका विषयमा समबन्धित शिक्षक तथा शिक्षाकर्मीहरूलाई पनि सहभागी गराउनु आवश्यक छ ।

शिक्षक तथा शिक्षाकर्मीहरूको छनोट तथा नियुक्ति प्रक्रिया पारदर्शी, निष्पक्ष एवम् सहभागितामूलक र लैङ्गिक हिसाबले सन्तुलित हुनु जरुरी छ । तिनमा आवश्यकता अनुरूपका सीप र योग्यता हुनुपर्दछ र पाउने पारिश्रमिकको स्पष्ट किटान हुनुपर्दछ । तिनलाई सम्बद्ध व्यावसायिक सङ्गठनहरूमा आबद्ध हुने वा सङ्गठन निर्माण गर्ने स्वतन्त्रता प्रत्याभूत गरिनुपर्दछ । तिनले पालना गर्नुपर्ने आचारसंहिता, काम कर्तव्य र अधिकार, सुपरिवेक्षण प्रक्रिया, पारिश्रमिक र पदीय उपाधिहरू तयार पार्दा प्रभावित समुदायको परामर्श लिनु श्रेयस्कर हुनेछ ।

आपत्कालीन परिस्थितिमा शिक्षक तथा कर्मचारीलाई सोको सामना गर्न र पीडोमुक्त हुन उपयुक्त सल्लाह सेवाको आवश्यकता पर्न सक्छ । यस्तो परिस्थितिमा बालबालिका, युवा तथा समुदायलाई प्रारम्भदेखि अन्त्यसम्म नै जीवन रक्षासम्बन्धी जानकारी, सिकाइका अवसर तथा सकारात्मक भविष्यको निर्माणमा सहयोग गरेर सङ्कटको सफल सामना र मुक्ति प्राप्त गर्ने क्षमताको विकास गराउनु आवश्यक रहन्छ । शिक्षक तथा शिक्षाकर्मीहरू आपत्कालीन शिक्षाका अपरिहार्य सहयोगी हुन् । तिनमा आत्मनिर्देशन र सहयोगको अधिकार निहित रहन्छ ।

## शिक्षक तथा शिक्षाकर्मीसम्बन्धी मापदण्ड १: छनोट र नियुक्ति

पारदर्शी तथा सहभागितामूलक छनोट प्रक्रियाबाट विविधता तथा समन्याय झल्कने गरी आवश्यक सङ्ख्यामा योग्यता प्राप्त शिक्षक तथा कर्मचारीहरूको नियुक्ति गरिन्छ ।

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटसँगै पढिनुपर्ने)

- नियुक्ति प्रक्रिया सुरु गर्नुभन्दा पहिल्यै स्पष्ट, उपयुक्त र निष्पक्ष कार्यविवरण र निर्देशिकाको विकास गरिएका छन् (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- विविधता, लैङ्गिकता तथा सामुदायिक स्वीकार्यलाई समेत दृष्टिगत गरी प्रतिनिधिमूलक छनोट समितिद्वारा क्षमताको मूल्याङ्कन गरी पारदर्शी ढङ्गले शिक्षक तथा कर्मचारीको छनोट गरिन्छ (मार्गदर्शक टिपोट २-४ हेर्नुहोस्) ।
- प्रति कक्षा प्रति विद्यार्थीका हिसाबले उपयुक्त सङ्ख्यामा शिक्षक तथा कर्मचारीको नियुक्ति गरिन्छ (मार्गदर्शक टिपोट ५ हेर्नुहोस्) ।

### मार्गदर्शक टिपोट:

१. **कार्य विवरण :** कार्य विवरणले लिङ्ग, संस्कृति, धर्म, अपाङ्गता तथा विविधताका अन्य पक्षका आधारमा विभेद गर्दैन । यसमा न्यूनतम देहायका कुराहरू पर्दछन्:
   - काम, कर्तव्य र अधिकार,
   - कहाँ प्रतिवेदन गर्ने भन्ने स्पष्टता
   - आचारसंहिता ।

   (शिक्षक र शिक्षाकर्मी मापदण्ड २, (मार्गदर्शक टिपोट १, पाना ८२ मा पनि हेर्नुहोस्) ।

२. **अनुभव र योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट योग्यता प्राप्त व्यक्तिलाई शिक्षकका रूपमा नियुक्ति गर्नुपर्छ । त्यस्ता व्यक्तिमा सिकारुलाई मनोवैज्ञानिक सहयोग प्रदान गर्ने र अपाङ्गतायुक्त सिकारुलाई पढाउने सीप र क्षमता हुनु आवश्यक छ । योग्यता प्राप्त शिक्षकहरूसँग आपत्कालीन परिस्थितिका कारणले प्रमाणपत्र वा अन्य आवश्यक कागजातहरू नभए पनि शिक्षण सीपका परीक्षणको अवसर प्रदान गर्नुपर्छ । पर्याप्त सङ्ख्यामा योग्यता प्राप्त शिक्षकहरू उपलब्ध नभएमा शिक्षण अनुभव कम वा हुँदै नभएका व्यक्तिलाई पनि स्थान दिई तिनका शैक्षिकस्तर र शिक्षण अनुभवका आधारमा तालिम प्रदान गर्नुपर्दछ ।

   पाएसम्म सिकारुका मातृभाषा बोल्ने शिक्षकहरूलाई प्राथमिकतामा राखेर भर्ना गर्नुपर्दछ । सम्भाव्यता र आवश्यकतालाई ध्यानमा राखेर शिक्षकहरूलाई राष्ट्रिय वा आतिथ्य प्रदान गर्ने मुलुकका भाषामा सघन तालिम प्रदान गर्नु वाञ्छनीय हुनेछ (शिक्षण र सिकाइ मापदण्ड १, (मार्गदर्शक टिपोट ७, पाना ६९ हेर्नुहोस्) ।

   शिक्षक तथा कर्मचारीहरूको भर्ना गर्दा लैङ्गिक सन्तुलनमा पनि ध्यान दिनुपर्छ । यसका लागि छनोट समितिसँग परामर्श गरी छनोटका आधारहरूमा हेरफेर गर्नुपर्ने पनि हुन सक्छ । विद्यमान अन्तर्राष्ट्रिय श्रम तथा मानव अधिकारका साधन, कानुन र नियमअनुसार शिक्षक तथा कर्मचारीहरूको न्यूनतम उमेर, १८ वर्ष हुनपर्दछ । कहिलेकाहीँ सहजकर्ता, सहायक, अथवा निजी शिक्षकका रूपमा सेवा गर्नका लागि कम उमेरका व्यक्तिहरूलाई पनि भर्ना गर्न आवश्यक हुन सक्दछ ।

३. **शिक्षक छनोटका आधार :** देहायअनुसारका व्यावसायिक योग्यताहरू शिक्षक छनोटका आधार हुन सक्छन् :

- शैक्षिक योग्यता
- अपाङ्गतायुक्त सिकारुलाई शिक्षण गरेका लगायत शिक्षण अनुभव;
- बालबालिका तथा युवाहरूका मनोवैज्ञानिक आवश्यकताप्रति सचेत;
- अन्य उद्यम वा प्राविधिक सीप र अनुभव
- ब्रेल तथा स्थानीय साङ्केतिक भाषा लगायत सम्बद्ध भाषिक क्षमता, व्यक्तिगत योग्यता:
- लैङ्गिक सन्तुलनका हिसाबले लिङ्ग र उमेर,
- सहनशीलता,
- सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि
- समुदायका विविधताको प्रतिविम्ब । सामाजिक तनाव र लामो समयदेखि थाती रहेका असमानताका स्थितिले पनि नियुक्ति प्रक्रियामा फरक पार्न सक्छ (शिक्षण र सिकाइ मापदण्ड १, (मार्गदर्शक टिपोट ८, पाना ६९-७० पनि हेर्नुहोस्) ।

**अन्य योग्यता:**

शिक्षक तथा कर्मचारी समुदायमा स्वीकार्य हुनुपर्दछ र तिनले समुदायसँग काम गर्नुपर्दछ । प्रभावित समुदायले स्थानीय सामाजिक आर्थिक तथा राजनीतिक मुद्दाहरू राम्ररी बुझेका हुने भएकाले शिक्षक-कर्मचारीको छनोट गर्दा यथासम्भव प्रभावित समुदायबाटै लिनु राम्रो हुन्छ । प्रभावित समुदायभन्दा बाहिरबाट छनोट गर्नुपरेमा तिनका बसोवास र यातायातका सुविधामा पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । कार्यक्रम शरणार्थी वा आन्तरिक रूपले विस्थापित समुदायलाई लक्षित गरेर तयार परिएका अवस्थामा शिक्षक वा कर्मचारीको चयन आतिथ्य प्रदान गर्ने समूहबाट गरिएमा उनीहरूबीच आपसी सम्बन्ध सुदृढ हुने सम्भावना रहन्छ **-www.Ineesite.org/toolkit** मा शिक्षक क्षतिपूर्तिबारेका INEE मार्गदर्शक टिपोट पनि हेर्नुहोस् ।)

४. **पहिचान :** बालबालिका कुनै जोखिममा नपरुन् भन्ने सुनिश्चितताका लागि यथासम्भव सबै शिक्षक तथा कर्मचारीहरूका पहिचानको राम्रो छानबिन गर्नुपर्छ ।

५. **कक्षाको साइज :** कक्षाका आकार तथा बनावट आपाङ्गतायुक्त लगायत सवै बालबालिका तथा युवाहरू अटाउने स्थानीय तहमा परिभाषित र यथार्थ परक मापदण्ड अनुरूप हुनुपर्दछ । उपयुक्त शिक्षक-विद्यार्थी अनुपात कायम गर्न पर्याप्त सङ्ख्यामा शिक्षकहरू भर्ना गर्नुपर्दछ । शिक्षक-विद्यार्थी अनुपात कायम गर्दा राष्ट्रिय र स्थानीय मापदण्ड र सिकाइका आवश्यकतालाई समेत ध्यान दिनुपर्छ । शिक्षक-विद्यार्थी अनुपातका सम्बन्धमा मानवतावादी तथा विकाससम्बन्धी सांस्थनहरूका आ-आफ्नै खालका अवधारणा हुन सक्छन् । कतिपय अवस्थामा १:४० को अनुपात अवलम्बन गरिएका दृष्टान्त छन् । तथापि, स्थानीय परिवेश र यथार्थलाई दृष्टिगत गरी निर्णयको जिम्मेवारी सरोकारवालाहरूलाई दिनु उपयुक्त हुन सक्छ (न्यूनतम मापदण्ड सन्दर्भ अनुसार मिलान गर्ने, उदाहरणका लागि परिचय, पाना १३ र शिक्षण र सिकाइ मापदण्डहरू, पाना ६३-७८ मा पनि हेर्नुहोस्) ।

## शिक्षक तथा शिक्षाकर्मी विषयक मापदण्ड २: कार्य वातावरण

शिक्षक र शिक्षाकर्मीहरुको कार्य वातावरण स्पष्ट रूपले परिभाषित छन् र तिनका लागि उपयुक्त पारिश्रमिक सुनिश्चित गरिएको छ ।

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटसँगै पढ्नुपर्ने)

- पारिश्रमिक तथा कार्य विवरण निर्धारण गर्दा सम्बन्धित सबै सरोकारवालासँग समन्वय कायम गरिएको छ (मार्गदर्शक टिपोट १-२ हेर्नुहोस्) ।
- पारिश्रमिक तथा कार्यविवरण करारनामामा उल्लेख गरिएका छन् र शिक्षक कर्मचारीले नियमित रूपमा पारिश्रमिक पाउँछन् (मार्गदर्शक टिपोट २ हेर्नुहोस्) ।
- सेवा सर्त निर्धारणका क्रममा शिक्षक तथा कर्मचारीलाई सङ्गठित भई सम्झौता वार्ता गर्ने अवसर प्रदान गरिन्छ ।
- कार्यान्वयनको स्पष्ट मार्ग निर्देश संलग्न गरिएको आचारसंहिता निर्माण गरिएको छ र यसको परिपालना सबैले गर्दछन् (मार्गदर्शक टिपोट ३ हेर्नुहोस्) ।

**मार्गदर्शक टिपाट:**

१. **कार्यविवरण :** करारनामामा कार्य विवरण, कामको अवस्था तथा आचारसंहिता समावेश गरिएको हुनुपर्दछ । यसो गर्नाले सिकाइ वातावरण तथा समुदायमा शिक्षकहरूको भूमिकाको व्यवसायीकरण गर्न मद्दत पुग्छ । यसबाट समुदाय, शिक्षा निकाय तथा अन्य सरोकारवालाहरूले शिक्षकबाट गरिएका अपेक्षा परिभाषित हुन्छन् र शिक्षकको व्यवहारका कार्यढाँचा पनि प्राप्त हुन्छ ।

करारनामामा निम्नलिखित कुराहरू स्पष्ट पार्नुपर्दछ:

- काम र उत्तरदायित्व किटान,
- पारिश्रमिक,
- उपस्थितिका सर्तहरू,
- काम गर्नुपर्ने समयावधि र दिनहरू,
- करारनामाको अवधि,
- आचारसंहिता,
- सहयोग, सुपरिवेक्षण र विवाद समाधानको संयन्त्र ।

(शिक्षक र कर्मचारी मापदण्ड १, मार्गदर्शक टिपोट १, पाना ... पनि हेर्नुहोस्) ।

२. **पारिश्रमिक :** शिक्षक तथा कर्मचारीहरू तोकिएका व्यावसायिक काममा दत्तचित्त भएर लागून् र अतिरिक्त आयका लागि अन्य स्रोतको खोजीमा नलागून् भन्नका लागि तिनका आधारभूत आवश्यकता पूरा गर्न पुग्ने पारिश्रमिक उपलब्ध गराउनुपर्दछ । शिक्षक तथा कर्मचारीलाई पारिश्रमिक प्रदान गर्ने उपयुक्त पद्धतिको विकास गर्नुपर्दछ । भुक्तानी पद्धतिको विकास गर्दा त्यसबाट उत्पन्न दायित्व सम्बन्धित सरकारी निकायले स्वीकार्ने कुरा सुनिश्चित हुनुपर्दछ । यसका लागि शिक्षाका सम्बन्धित अधिकारी, सरोकारवाला, व्यावसायिक सङ्गठन लगायत सयुंक्त राष्ट्र सङ्घीय निकाय तथा गैरसरकारी संस्थाहरूसँग समेत समन्वय कायम गरी दिगो पारिश्रमिक नीति र अभ्यास कायम गर्नुपर्दछ ।

पारिश्रमिक मौद्रिक वा वस्तुमा प्रदान गर्न सकिन्छ तर पद्धति समन्यायिक र दिगो हुनुपर्दछ । एकपटक कार्यान्वयन गरिएपछि पारिश्रमिक नीतिको नजिर स्थापित हुन्छ र

त्यसलाई सम्बन्धित पक्षले कायम राख्न चाहन्छ। विस्थापनका परिस्थितिमा योग्यता प्राप्त शिक्षक तथा कर्मचारीहरू बढी पारिश्रमिक पाइने स्थानमा जाने सम्भावना रहन्छ। पारिश्रमिक निर्धारण गर्दा बजारको प्रवृत्तिलाई पनि ध्यानमा राख्नु आवश्यक छ, जस्तैः

- जीविका धान्न लाग्ने खर्च,
- शिक्षक तथा अन्य व्यावसायिकहरूका माग,
- समान योग्यता चाहिने व्यवसायका पारिश्रमिक दर,
- योग्यताप्राप्त शिक्षक तथा कर्मचारीहरूको उपलब्धता।

(सीप संञ्जाल, सङ्कटकालपछि आर्थिक सुधारका लागि न्यूनतम मापदण्डहरू रोजगार सिर्जना मापदण्ड पनि हेर्नुहोस्)।

पारिश्रमिकको राशी कार्यविवरण एवम् आचारसंहिताको पालनाको स्तरमा भर पर्दछ। शिक्षकहरूले निजी ट्युसनका लागि विद्यार्थीहरूबाट अतिरिक्त शुल्क लिने लगायत निहित स्वार्थलाई प्रोत्साहन प्रदान गर्नु हुन्न (समन्वय मापदण्ड १, मार्गदर्शक टिपोट २, पाना २९ र **www.Ineesite.org/toolkit** मा उपलब्ध INEE का शिक्षक पारिश्रमिकसम्बन्धी मार्गदर्शक टिपोट पनि हेर्नुहोस्)।

३. **आचारसंहिता :** आचारसंहिताले शिक्षक तथा शिक्षाकर्मीहरूबाट अपेक्षित व्यवहारको मापदण्ड तोक्छ। यी मापदण्डहरू सिकाइको वातावरणमा तथा शिक्षण क्रियाकलाप सञ्चालित रहेका अवधिमा लागू हुन्छन्। आचारसंहिताको पालना अनिवार्य सर्त हो। यसको अवहेलनाका परिणामहरू स्पष्ट रूपले तोकिनुपर्दछ। आचारसंहितामा शिक्षक तथा कर्मचारीका प्रतिबद्धताहरू पर्दछन्, जस्तैः

- सिकारुहरूका शैक्षिक अधिकारको सम्मान, संरक्षण र क्षमताले भ्याएसम्म तिनको परिपूर्ति गर्ने अठोट;
- उच्चस्तरको आचार र नैतिक व्यवहारको प्रदर्शन;
- सिकारुहरूबीच भेदभावरहित वातावरण सुनिश्चित गर्न तथा सिकाइका व्यवधानहरूको समाधानमा सक्रियताको प्रदर्शन;
- यौनजन्य यातना, श्रमको शोषण, अथवा लैङ्गिक बिभेद, डरधाक, दुराचार, हिंसा र विभेदबाट मुक्त संरक्षित, स्वस्थकर र समावेशी वातावरण कायम गर्ने प्रतिबद्धता;
- मानव अधिकार र विभेदविरोधी सिद्धान्तहरूसँग मेल नखाने व्यवहार सिक्न वा सिकाउन निषेध गर्ने प्रतिबद्धता;
- नियमित हाजिरी तथा समय पालनाप्रति प्रतिबद्धता।

**www.ineesite.org/toolkit** मा उल्लिखित नमुना आचारसंहिता, पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिपोट ४ र ९, पाना ५५-५७ र शिक्षक र शिक्षाकर्मी मापदण्ड ३, मार्गदर्शक टिपोट ४, पाना ८७ पनि हेर्नुहोस्)।

## शिक्षक तथा शिक्षाकर्मीसम्बन्धी मापदण्ड ३: सहयोग र सुपरिवेक्षण

शिक्षक तथा कर्मचारी सहयोग संयन्त्रले प्रभावकारी रूपमा काम गर्दछन् ।

**मुख्य कार्य:** (मार्गदर्शक टिपोटसँगै पढ्नुपर्ने)

- विद्यालयमा उपयुक्त शिक्षण-सिकाइ सामग्री र पर्याप्त स्थान उपलब्ध छन् (मार्गदर्शक टिपोट १ हेर्नुहोस्) ।
- शिक्षक तथा कर्मचारी उत्प्रेरणा र व्यावसायिक विकाससँग सम्बन्धित क्रियाकलापमा सहभागी हुन्छन् (मार्गदर्शक टिपोट २-३ हेर्नुहोस्) ।
- नियमित अनुगमन तथा मूल्याङ्कनमार्फत शिक्षक तथा कर्मचारीलाई व्यावसायिक सहयोग प्रदान गर्ने पारदर्शी एवम् जवाफदेही सुपरिवेक्षण पद्धति कायम छ (मार्गदर्शक टिपोट २-३ हेर्नुहोस्) ।
- शिक्षक तथा कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन नियमित रूपमा गरिन्छ, अभिलेख राखिन्छ र त्यसमा छलफल गरिन्छ (मार्गदर्शक टिपोट ४ हेर्नुहोस्) ।
- विद्यार्थीहरूलाई शिक्षक तथा कर्मचारीको कार्यसम्पादनमा नियमित पृष्ठपोषण प्रदान गर्ने अवसर प्रदान गरिन्छ (मार्गदर्शक टिपोट ५ हेर्नुहोस्) ।
- शिक्षक तथा कर्मचारीका लागि उपयुक्त, पहुँचयोग्य र व्यावहारिक मनोवैज्ञानिक सहयोग संयन्त्र उपलब्ध छ (मार्गदर्शक टिपोट ६ हेर्नुहोस्)

### मार्गदर्शक टिपोट:

१. **शिक्षक, सिकाइ सामग्री र स्थान :** शिक्षण सिकाइ कार्य प्रभावकारी ढङ्गले सञ्चालन गर्न शिक्षक तथा कर्मचारीहरूलाई शिक्षण सिकाइ सामग्री तथा स्थान पर्याप्त मात्रामा उपलब्ध हुनुपर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड ३, पाना ५९-६२, शिक्षण र सिकाइ वातावरण १, मार्गदर्शक टिपोट ९ पाना ७० र शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिपोट ५, पाना ७३ पनि हेर्नुहोस्) ।

२. **सहयोग तथा सुपरिवेक्षण व्यवस्था :** शिक्षकको उत्प्रेरणा र गुणस्तर कायम राख्न प्रभावकारी व्यवस्थापन, सुपरिवेक्षण र जवाफदेहिता अपरिहार्य तत्व हुन् । यसका लागि सम्बन्धित अधिकारीहरूको नेतृत्वमा शिक्षकका सङ्घ संस्था, समुदाय, संयुक्त राष्ट्र सङ्घीय निकाय तथा गैरसरकारी संस्थाहरूको सहभागितामा आवश्यक पद्धतिहरूको विकास गर्नु जरुरी हुन्छ । अनुगमन प्रतिवेदन एवम् सहकर्मीहरूका सल्लाहले शिक्षक तथा कर्मचारीलाई तिनको कार्यसम्पादनको स्तरमा सुधार ल्याउन उत्प्रेरण प्रदान गर्दछ (समुदाय सहभागिता मापदण्ड १, मार्गदर्शक टिपोटहरू १-५, पाना २१-२४, शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिपोट ३, पाना ७२, र शिक्षकबारे युनेस्को/आइएलओ का सिफारिस (१९६६, पनि हेर्नुहोस्)।

३. **तालिम र क्षमता तथा व्यावसायिक विकास :** शिक्षक तथा शिक्षाकर्मीसँग परामर्श गरेर क्षमता वृद्धिको आवश्यकता पहिचान गरिएमा तिनको व्यावसायिक विकासका लागि पूर्व सेवाकालीन एवम् सेवाकालीन तालिम कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नमा मद्दत मिल्नेछ । क्षमता विकासका कार्यक्रम, तालिम तथा व्यावसायिक विकासका अवसर प्रदान गरिँदा कुनै आधारमा विभेद गरिनु हुन्न (शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिपोट ३, पाना ७२ पनि हेर्नुहोस्) ।

४. **कार्य सम्पादन मूल्याङ्कन :** कार्यसम्पादन मूल्याङ्कनले शिक्षक तथा कर्मचारीको कार्यसम्पादनको स्तर बढाउन मद्दत पुग्छ । शिक्षक तथा कर्मचारीको कार्य कुशलता र प्रभावकारिताको मूल्याङ्कन गर्दा प्रत्येक व्यक्तिसँग समस्या र समाधानका उपायबारे खुलस्त छलफल गर्नुपर्छ ।

कार्यसम्पादन मूल्याङ्कनमा देहायका विषयहरू पर्न सक्छन् :

- कक्षा अवलोकन र मूल्याङ्कनका आधारको विकास;
- पृष्ठपोषण प्रदान गर्ने;
- प्रगति मापनका लागि लक्ष्य तथा उद्देश्य निर्धारण ।

(मार्गदर्शक टिपोट छ, र शिक्षक र शिक्षाकर्मी मापदण्ड २, मार्गदर्शक टिपोट ३, पाना ८५ मा पनि हेर्नुहोस्) ।


५. **सिकारुहरूको सहभागिता :** मूल्याङ्कन प्रक्रियाहरूमा सिकारुहरूको संलग्नता महत्वपूर्ण हुने गर्दछ । यसले सिकाइ वातावरणका सबै पक्ष बुझ्न र गुणस्तर निर्धारण गर्नमा मद्दत मिल्दछ । सिकारुले तटस्थ मूल्याङ्कन समूहलाई आवधिक रूपमा पृष्ठपोषण दिएर शिक्षक कर्मचारीका कार्यसम्पादन मूल्याङ्कनको प्रभावकारिता बढाउन योगदान दिन सक्छन् । यसभित्र शिक्षणको स्तर, व्यवहार, शिक्षण वातावरणका सरोकार तथा संरक्षणका मुद्दाहरू पर्न सक्दछन् ।

६. **मनोवैज्ञानिक सहयोग र कल्याण :** कतिपय अवस्थामा तालिम प्राप्त तथा अनुभवी शिक्षक एवम् कर्मचारीहरू समेत नयाँ नयाँ चुनौती र दायित्व बोधको पिरलोबाट समस्या ग्रस्त हुन सक्छन् । यस्तो परिस्थितिमा सिकारुलाई तिनले गर्ने सहयोग त्यहाँ उपलब्ध मनोवैज्ञानिक सहयोगको प्रभावकारितामा निर्भर गर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिपोट ८-९, पाना ५७, पहुँच सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिपोट ८ पाना ६२ र शिक्षण र सिकाइ मापदण्ड १, मार्गदर्शक टिपोट ६ पाना ६९ मा पनि हेर्नुहोस्) ।

**यी मापदण्डहरूलाई कार्यान्वयन गर्न मद्दत पुऱ्याउने साधनहरूका लागि Inee टुलकिट : www.Ineesite.org/tookit मा हेर्नुहोस्**

INEE टुलकिट
- INEE न्यूनतम मापदण्ड
  - कार्यान्वयनका साधन
    - शिक्षक तथा अन्य शिक्षाकर्मी

# ५ शिक्षा नीति


आधारभूत मापदण्डहरू :
सामुदायिक सहभागिता, समन्वय, विश्लेषण
शिक्षा नीति
मापदण्ड १
कानुन तथा नीति निर्माण
शिक्षाका निकायले निःशुल्क एवम् समावेशी शैक्षिक पहुँच लगायत शिक्षाको निरन्तरता तथा गुणस्तरीय सुधारलाई प्रथमिकतामा राख्छन् ।
मापदण्ड २
योजना निर्माण र कार्यान्वयन
शैक्षिक क्रियाकलापको निर्धारण गर्दा शिक्षाका अन्तराष्ट्रिय तथा राष्ट्रिय शैक्षिक नीति, कानुन, मापदण्ड, योजना तथा प्रभावित जनताका सिकाइ आवश्यकतालाई दृष्टिगत गर्छन् ।

अन्तर्राष्ट्रिय कानुनी दस्तावेज तथा घोषणाहरूमा सबैले शिक्षा पाउने अधिकार रहेको कुरा उल्लिखित छन् । यी अधिकारको सम्मान, संरक्षण र प्रत्याभूत गर्ने दायित्व राज्य तथा अन्तर्राष्ट्रिय समुदायको हो । अभिव्यक्ति स्वतन्त्रता, भेदभाव विरुद्धको स्वतन्त्रता, निर्णय प्रक्रियामा सरिक भएर सामाजिक, राजनीतिक तथा शिक्षाजस्ता विषयमा आवाज उठाउन पाउने अधिकार आदि सबै वस्तुतः शैक्षिक अधिकारकै अभिन्न अङ्ग हुन् ।

आपत्कालमा यी अधिकारहरूको संरक्षण हुनु जरुरी छ । यसका लागि सम्बद्ध शिक्षा निकाय तथा अन्य प्रमुख सरोकावालाहरूले आपत्कालमा दिइने शिक्षा योजनाको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ । यस योजनाभित्र देहायका कामहरू पर्दछन् :

- शिक्षाका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापदण्ड तथा नीतिहरूको सम्मान;
- शैक्षिक अधिकारको प्रत्याभूति गर्ने प्रतिबद्धता,
- विपत्तिमा परेकाहरूको सिकाइ आवश्यकता र अधिकारप्रति दायित्वबोधको प्रदर्शन;
- प्रत्येक व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्ने,
- आपत्कालको पूर्वतयारी, आपत्कालमा गरिने शैक्षिक प्रतिकार्य तथा दीर्घकालीन विकासबीच सम्बन्ध प्रस्ट रूपले प्रदर्शित गराउने ।

सम्बन्धित कार्यक्रमको योजना तथा नीति निर्माणमा समुदायको कति सक्रिय सहभागिता छ, त्यसमा आपत्कालको पूर्वतयारी तथा प्रतिकार्यका कार्यक्रमको सफलता निर्भर गर्दछ । लैङ्गिक समानता र विविधताको प्रवर्द्धनका दृष्टिले आपत्कालमा प्रदान गरिने शिक्षा योजना, नीति तथा कार्यक्रमहरूमा बाल अधिकारसम्बन्धी विश्वसन्धिका प्रावधान, सबैका लागि शिक्षा एवम् सहस्राब्दी विकासका लक्ष्यहरू पूर्ण रूपले प्रतिविम्बित गरिनु आवश्यक छ । यी साधनहरूले शिक्षा प्राप्तिका सन्दर्भमा हुने लैङ्गिक, धार्मिक, सांस्कृतिक, भाषिक तथा अपाङ्गतामा आधारित सबै खालका विभेदको अन्त्य गर्ने नीति तथा कानुनहरूको समर्थन र प्रवर्द्धन गर्दछन् ।

## शिक्षा नीति मापदण्ड १:
## कानुन तथा नीति निर्माण

शिक्षाका निकायले निःशुल्क एवम् समावेशी शैक्षिक पहुँच लगायत शिक्षाको निरन्तरता तथा गुणस्तरीय सुधारलाई प्रथमिकतामा राख्छन् ।

**मुख्य कार्य:** (मार्गदर्शक टिप्पणीसँगै पढिनुपर्ने)

- मुलुकका शिक्षासम्बन्धी नियम-कानुन तथा नीतिहरूले अन्तर्राष्ट्रिय मानवतावादी तथा सिकारु, शिक्षक तथा शिक्षाकर्मीको शैक्षिक सुविधासम्बन्धी मानव अधिकार विषयक कानुनले निर्धारण गरेका मापदण्डहरूको पूर्ण सम्मान गर्दछन् । (मार्गदर्शक टिप्पणी १ हेर्नुहोस्) ।
- मुलुकका शिक्षासम्बन्धी कानुन, नियम तथा नीतिहरूले सबैको शिक्षा हासिल गर्न पाउने अधिकारको सम्मान, संरक्षण र परिपूर्ति एवम् निरन्तरताको प्रत्याभूति गर्दछन् (मार्गदर्शक टिप्पणी १-२ हेर्नुहोस्) ।
- विद्यमान नियम कानुन तथा नीतिहरूले शैक्षिक सुविधाहरूको निर्माण तथा पुनर्निर्माणमा सुरक्षाको प्रत्याभूति प्रदान गर्दछन् (मार्गदर्शक टिप्पणी २-३ हेर्नुहोस्) ।
- नियम कानुन तथा नीतिहरू सहभागितामूलक एवम् समावेशी परिवेशको विश्लेषणबाट प्राप्त तथ्यमा आधारित छन् (मार्गदर्शक टिप्पणी ४ हेर्नुहोस्) ।
- शिक्षाका राष्ट्रिय नीतिहरूलाई आपत्कालीन परिस्थितिको शीघ्र प्रतिकार्यका लागि बनेका कार्ययोजना, कानुन तथा बजेटले पृष्ठपोषण गरेका छन् (मार्गदर्शक टिप्पणीहरू ५-६ हेर्नुहोस्) ।
- विद्यमान कानुन तथा नीति-नियमले शरणार्थीहरूका लागि बनेका विद्यालयहरूमा तिनकै देशको पाठ्यक्रम तथा भाषाको प्रयोग गर्ने अनुमति प्रदान गर्दछन् (मार्गदर्शक टिप्पणी ७ हेर्नुहोस्) ।
- कानुन, नियम तथा नीतिहरूले राष्ट्र सङ्घीय निकाय तथा राज्यभन्दा बाहिरका गैरसरकारी सङ्घ-संस्थाहरूलाई आपत्कालीन अवस्थामा शैक्षिक सुविधाहरूको स्थापना गर्ने अनुमति प्रदान गर्दछन् (मार्गदर्शक टिप्पणी ८ हेर्नुहोस्) ।

### मार्गदर्शक टिप्पणी:

१. **शिक्षाका राष्ट्रिय निकायहरूको कर्तव्य :** मनव अधिकारका संयन्त्रले निर्धारण गरेका शैक्षिक अधिकारको सम्मान, सरक्षण र प्रत्याभूति गर्नु शिक्षाका राष्ट्रिय निकायहरूको कर्तव्य हुन आउँछ (पाना १ परिचय हेर्नुहोस्) ।

मानव अधिकारका यी संयन्त्रभित्र बालबालिका तथा युवाहरूलाई केन्द्रविन्दुमा राख्दै सम्पूर्ण जनसंमुदायको रेखदेखसम्बन्धी अन्तर्राष्ट्रिय नियमहरू समाविष्ट छन् । यिनले पोषण, मनोरञ्जन, संस्कृति, दुराचारको रोकथाम तथा ६ वर्षभन्दा कम उमेरका बालबालिकाहरूका लागि प्रारम्भिक बाल विकास तथा शिक्षाजस्ता सेवाक्षेत्रलाई समेट्छन् । आफूलाई प्रभावित पार्ने विषयमा निर्णय लिँदा परामर्श गरिनुपर्ने, सम्मानजनक व्यवहार पाउनुपर्ने तथा आफ्ना अधिकारहरूबारे जानकारी राख्न पाउने जस्ता बालबालिकाका शिक्षा र शैक्षिक प्रक्रियाभित्रका अधिकार समेटिएका हुनाले यसमा बाल अधिकारसम्बन्धी विश्वसन्धिको विशेष महत्व छ (समुदाय सहभागिता मापदण्ड १, मार्गदर्शक टिप्पणी ५, पाना २४, पहुँच र सिकाइ मापदण्ड १, मार्गदर्शक टिप्पणी १-२, पाना ४८-४९, र शिक्षण र सिकाइ मापदण्ड १, मार्गदर्शक टिप्पणी ५-६, पाना ६८-६९, पनि हेर्नुहोस्) ।

शिक्षालयका भवनहरूको स्थिति पनि सिकारु, शिक्षक तथा शिक्षाकर्मीका जस्तै सर्वसाधारण नागरिक सरहको हुन्छ । जेनेभा सन्धिका अनुसार तिनका विरुद्ध सशस्त्र आक्रमण गर्न पाइन्न । यस सन्धिलाई प्रत्येक सदस्य राष्ट्रहरूले मान्यता प्रदान गरेका छन् र अन्तर्राष्ट्रिय मानवतावादी कानुनको अभिन्न अङ्गका रूपमा मानिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूले यसलाई राष्ट्रिय कानुन तथा व्यवहारमा उतार्ने प्रयास गर्नुका साथै शिक्षण संस्थाहरूलाई सैनिक प्रयोजनका लागि प्रयोग गर्न दिनुहुन्न ।

बालबालिकाको शैक्षिक निरन्तरता तथा सुरक्षामा हिंसाका चुनौती खडो भएका अवस्थामा मानव अधिकार तथा शिक्षासम्बन्धी मानवीय कानुनहरूले प्राथमिकता पाउनुपर्दछ । यस्तो परिस्थितिमा सिकारु, शिक्षाकर्मी तथा शैक्षिक सुबिधाहरूमा आक्रमण वा कब्जा भएका घटनाहरूको अनुगमन गरी प्राप्त सूचनाको प्रसारण गर्नु नितान्त जरुरी हुन्छ । यसबाट पीडितहरूको स्वाभिमानको रक्षा हुनुका साथै प्रतिकार्य कार्यहरूको समन्वय, अनुसन्धान तथा कानुनी कारबाहीमा मद्दत पुग्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिप्पणी १, ३-४ र ६-७, पाना ५३-५६ पनि हेर्नुहोस्) ।

२. **राज्यका शिक्षासम्बन्धी कानुन तथा नीतिहरूको दायित्व :** राज्यका शिक्षासम्बन्धी कानुन तथा नीतिहरूले सबैका लागि शिक्षाको निरन्तरताको प्रत्याभूति गर्नुपर्दछ । शिक्षाका राष्ट्रिय र स्थानीय तयारी योजनाहरूमा शिक्षाको निरन्तरतामा नकारात्मक प्रभाव पर्ने बाढीपहिरो जस्ता ज्ञात-अज्ञात खतराका साथै त्यस्ता परिस्थितिमा पीडीत बालबालिका तथा युवाहरूका विशेष आवश्यकता समेत समेटिएको हुनुपर्दछ । शिक्षाका आपत्कालीन प्रतिकार्यसम्बन्धी कानुन नभएका मुलुकहरूका लागि यसले त्यस्ता ऐन कानुन तथा नीति नियमको तर्जुमा गर्ने अवसर पनि प्रदान गर्दछ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिप्पणी ३, पाना ३२-३३, पहुँच र सिकाइ वातावरण, मापदण्ड २, मार्गदर्शक टिप्पणी ११, पाना ५७-५८ र शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिप्पणी ६, पाना ७३ पनि हेर्नुहोस्) ।

शिक्षा नीति र कार्यक्रमहरूमा विद्यालय जाने उमेर नपुगेका बालबालिका तथा तिनका आमाबुवा वा अभिभावकहरूका लागि देहाय अनुसार प्रारम्भिक बाल विकासका सेवाहरू पनि समावेश गरिनुपर्दछः

- प्रारम्भिक स्याहार सेवा समूह
- खेल समूह,
- बालबालिकाहरूलाई सुरक्षित स्थलमा क्रियाकलापमा सरिक गराउने,
- स्वास्थ्य, पोषण तथा अन्य सेवा प्रदायक संस्थाहरूसँग सम्बन्ध स्थापना ।

राष्ट्रिय युवा नीति भएका मुलुकहरूमा संङ्कटकालले युवाकेन्द्रित शिक्षासम्बन्धी अन्तर क्षेत्रीय गतिविधिको प्रवर्द्धनको अवसर प्रदान गर्दछ । यस्ता मुलुकमा सरोकारवालाहरूले युवाहरूको सरोकारका विषयमा ध्यान केन्द्रित गर्न सम्पर्क व्यक्ति तोक्नुपर्दछ । युवा सरोकारका विषयमा अन्तर क्षेत्र कार्यनीतिको तर्जुमा, कार्यक्रमका योजना निर्माण र कार्यान्वयनबारे व्यापक सहकार्यको आवश्यकता पर्दछ । राष्ट्रिय युवा नीतिको विकास युवाहरूका समूह उप-समूहका विविध रुचि, प्रभाव तथा सहभागिताका अवसर र जोखिमको व्यापक विश्लेषणको नतिजामा आधारित हुनुपर्दछ । राष्ट्रिय युवा नीतिले देहायका विषयको राष्ट्रिय ढाँचामा परिपूरकको काम गर्छ :

- शिक्षा
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम,

- आपत्कालीन पूर्वतयारी ।

(पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्गदर्शक टिप्पणी २, पाना ४९, र सीप सञ्जाल आपत्काल पछि आर्थिक सुधारका लागि न्यूनतम मापदण्डहरू, रोजगार सिर्जना मापदण्ड, पनि हेर्नुहोस्) ।

३. **नयाँ तथा पुनर्निर्मित विद्यालयहरूको सुरक्षा :** विद्यालयहरूको निर्माण ज्ञात खतरा तथा जोखिमहरूबाट सुरक्षित स्थानमा गरिनु पर्दछ । आपत्कालमा विद्यालयलाई अस्थायी आश्रय स्थलका रूपमा प्रयोग गर्नुपरे पनि पढाइमा बाधा नपुगोस् भन्ने आशयले नयाँ निर्माणका क्रममा सम्भावित जोखिम प्रतिरोधी क्षमताका साथै यथेष्ट स्थानको प्रावधान गर्नुपर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्गदर्शक टिप्पणी ९, पाना ५१, पहुँच र सिकाइ वातावरण मापदण्ड ३, मार्गदर्शक टिप्पणी १-२, पाना ५९-६० र INEE Toolkit: **www.ineesite.org/tookkit** मा उपलव्ध छ । सुरक्षित विद्यालय निर्माणबारे सशिअसं मार्गदर्शक टिप्पणीहरू ।

४. **परिस्थितिको विश्लेषण :** शैक्षिक नियम-कानुनले आपत्कालीन परिस्थितिका सामाजिक, आर्थिक, सुरक्षात्मक, वातावरणीय तथा राजनीतिक स्थितिलाई प्रतिविम्बित गरेको हुनुपर्दछ । यसो भएमा शिक्षाका योजना तथा कार्यक्रमले एकातिर सिकारु एवम् बृहत्तर समाजका आवश्यकता तथा हक-अधिकारको प्रत्याभूति गर्दछन् भने अर्कातिर सामाजिक विभाजन तथा द्वन्द्वलाई उत्कर्षमा जानबाट रोक्छन् ।

परिस्थितिको विश्लेषणअन्र्तगत द्वन्द्व तथा मानव अधिकारहरूको लेखाजोखा एवम् विपत्को पूर्वतयारीको छनबिन आदि पर्दछन् । शैक्षिक मुद्दाहरूको पुनरावलोकनका दृष्टिले सम्बद्ध शिक्षा निकाय तथा अन्य सरोकारवालाहरूले परिस्थितिको विश्लेषणमा सहयोग गर्नुपर्दछ । यस क्रममा समुदायमा व्यापक परामर्शको आवश्यकता पर्दछ । शिक्षाका निकाय तथा सरोकारवालाहरूले यस कार्यलाई शिक्षाको नियमित पुनरावलोकन तथा सुधार प्रक्रियाका रूपमा लिन पक्षपोषण गर्नुपर्दछ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिप्पणी ३-६, पाना ३२-३४ पनि हेर्नुहोस्) ।

जोखिमको विश्लेषण गर्दा राजनीतिक, प्रशासनिक तथा मानवीय भ्रष्टाचारका जोखिमहरूको पनि लेखाजोखा गर्नुपर्दछ । आपत्कालका शैक्षिक प्रतिकार्य योजना र कार्यान्वयनका क्रममा भ्रष्टाचारका बारेमा खुला छलफललाई प्रोत्साहित गर्नुपर्दछ । खुला छलफल भ्रष्टाचारका विरुद्ध प्रभावकारी नीति निर्माणको सबैभन्दा उत्तम उपाय हो । भ्रष्टाचारका मुद्दाहरूमा खुला छलफलको तात्पर्य भ्रष्टाचारलाई माफ गर्नु वा कुनै व्यक्ति वा सङ्घ-संस्थाको अवहेलना गर्नु कदापि होइन (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिप्पणी ३, पाना ३७ पनि हेर्नुहोस्) ।

५. **सूचनाको आदान-प्रदान तथा सूचना प्रणाली :** शैक्षिक नीति निर्माण तथा कार्यान्वयनमा संलग्न व्यक्तिहरूले विद्यमान नीति तथा रणनीतिक प्रतिकार्यका सूचनाहरूको आदान प्रदान गर्नुपर्दछ । यसबाट द्वन्द्व र विपत्को न्यूनीकरणमा महत्वपूर्ण सहयोग मिल्दछ । सूचना सबैका लागि बोधगम्य र पहुँचभित्र हुनुपर्दछ (समन्वय मापदण्ड १, मार्गदर्शक टिप्पणी ३, पाना ३२-३३ पनि हेर्नुहोस्) ।

ऐन-कानुन तथा नीति-नियमहरू विश्वसनीय सूचनाका आधारमा निर्माण गर्नुपर्दछ । शैक्षिक व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्क विशेष प्रकारका विपत्को जोखिममा पर्ने सम्भावना भएका जनसमुदायका बसोबास क्षेत्रका सूचनासँग आबद्ध हुनुर्छ । यस प्रकारका पूर्वतयारीले राष्ट्रिय तथा स्थानीय शिक्षा योजनाको निर्माणमा मद्दत मिल्दछ । समुदायद्वारा सङ्कलन गरिएका शैक्षिक तथ्याङ्कलाई यथासम्भव राष्ट्रिय शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सामेल गराइनुपर्दछ (विश्लेषण मापदण्ड ३, मार्गदर्शक टिप्पणी ३, पाना ४१-४२ मा पनि हेर्नुहोस्) ।

६. **विपत्को पूर्वतयारी ढाँचा :** शिक्षालाई मुलुकको विपत् निवारणका पूर्वतयारीका ढाँचाको अभिन्न अङ्ग बनाइनुपर्दछ । प्रभावकारी तथा समयोचित प्रतिकार्य कार्यका लागि आवश्यक स्रोतको प्रावधान गर्नुपर्दछ । राष्ट्रिय वा स्थानीय शिक्षा कार्यक्रममा सघाइरहेका अन्तर्राष्ट्रिय सरोकारवालाहरूले आपत्कालीन शैक्षिक प्रतिकार्यका कार्यहरूको पूर्वतयारीलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा प्रवर्द्धन गर्नुपर्दछ । पूर्वतयारी ढाँचाले समुदायस्तरका प्रतिकार्य प्रयासमा बालबालिका तथा युवाहरूका सहभागिताको प्रस्ट प्रावधान राख्नुपर्दछ (समुदाय सहभागिता मापदण्ड १, मार्गदर्शक टिप्पणी ४-५, पाना २३-२४, समुदाय सहभागिता मापदण्ड २, मार्गदर्शक टिप्पणी ५, पाना २७, पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिप्पणी ११, पाना ५७-५८, शिक्षण र सिकाइ मापदण्ड २, मार्गदर्शक टिप्पणी ६, पाना ७३ पनि हेर्नुहोस्) ।

७. **विभेदरहित अवस्था :** शिक्षा निकायले सबै समूहमा शिक्षाको समान पहुँच छ भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ । अन्तर्राष्ट्रिय कानुनअनुसार प्रारम्भिक तहमा शरणार्थीहरूले पनि आफ्ना देशवासीले पाएकै सरहको शिक्षा पाउनुपर्दछ । तिनले आतिथ्य प्रदान गर्ने मुलुकका विद्यार्थीले पाएसरह मान्यता प्राप्त प्रमाणपत्र, डिप्लोमा तथा डिग्रीका माथिल्ला स्तरका शिक्षामा शुल्क छुट एवम् छात्रवृत्ति जस्ता प्रावधानमा पनि समान पहुँच पाउनु पर्दछ । यी प्रावधान आन्तरिक रूपमा विस्थापित सिकारुहरूका हकमा पनि समान रूपले लागू हुन्छन् । आन्तरिक विस्थापनका निर्देशक सिद्धान्त तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा यी प्रावधानहरू समेटिएका छन् (पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्गदर्शक टिप्पणी ३ र ७-८, पाना ६७-७० र शिक्षण सिकाइ मापदण्ड २, मार्गदर्शक टिप्पणी ५, पाना ७३ पनि हेर्नुहोस्) ।

८. **गैर सरकारी तथा संयुक्त राष्ट्रसङ्घीय निकाय :** सबै सिकारुका शैक्षिक आवश्यकता एवम् अधिकारहरूको प्रत्याभूति राष्ट्रिय प्रयासमा गैरसरकारी तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरूले परिपूरकको भुमिका निर्वाह गर्नुपर्दछ । आपत्कालको शीघ्र र सुरक्षित प्रतिकार्यका लागि कार्यक्रम तथा सुविधाहरूको व्यवस्थामा तिनलाई राष्ट्रिय निकायले सहयोग गर्नुपर्दछ । यस्ता सहयोग अन्तर्गत सिकाइ तथा उद्धार सामग्रीका आयातमा भन्सारका विशेष नियम तथा गैरसरकारी एवम् संयुक्त राष्ट्रसङ्घीय निकायका सदस्यहरूको आगमन भिसामा शीघ्रताजस्ता कार्यहरू पर्दछन् ।

## शिक्षा नीति मापदण्ड २:
## योजना निर्माण र कार्यान्वयन

शैक्षिक क्रियाकलापको निर्धारण गर्दा शिक्षाका अन्तराष्ट्रिय तथा राष्ट्रिय शैक्षिक नीति, कानुन, मापदण्ड, योजना तथा प्रभावित जनताका सिकाइ आवश्यकतालाई दृष्टिगत गर्छन् ।

**मुख्य कार्य:** (मार्गदर्शक टिप्पणीसँगै पढिनुपर्ने)

- औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी ढाँचा एवम् नीतिहरू प्रतिविम्बित गर्दछन् (मार्ग दर्शक टिप्पणी १ हेर्नुहोस्) ।
- शैक्षिक योजना तथा क्रियाकलापहरू अन्य क्षेत्रका आपत्कालीन प्रतिकार्यका कार्यक्रमसँग एकीकृत छन् (मार्ग दर्शक टिप्पणी २ हेर्नुहोस्) ।
- सङ्कटकालीन शिक्षाका कार्यक्रमहरू शिक्षाका राष्ट्रिय योजना तथा रणनीतिसँग आबद्ध र शिक्षा क्षेत्रका दीर्घकालीन विकाससँग एकीकृत छन् ।
- शिक्षाका निकायहरूले वर्तमान तथा भावी सङ्कटको प्रतिकार्यको तयारीका लागि राष्ट्रिय तथा स्थानीय शिक्षा योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्दछन् (मार्ग दर्शक टिप्पणी ३ हेर्नुहोस्) ।
- प्रभावकारी र पारदर्शी शिक्षा नीति तथा कार्यक्रमहरूको योजना एवम् कार्यान्वयनका लागि पर्याप्त आर्थिक, प्राविधिक, भौतिक र मानवीय स्रोतहरू उपलब्ध छन् (मार्ग दर्शक टिप्पणीहरू ४-५ हेर्नुहोस्)।

**मार्गदर्शक टिप्पणी:**

१. **शैक्षिक अधिकार तथा लक्ष्यहरूको प्राप्ति :** औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूले शैक्षिक अधिकार तथा उद्देश्य प्राप्तिमा सघाउ पुग्ने खालका समावेशी क्रियाकलापका प्रावधान गर्नुपर्दछ । त्यस्ता प्रावधान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी ढाँचा अनुकूल हुनुपर्दछ (पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्गदर्शक टिप्पणी १-२ र ४, पाना ४८-५० र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिप्पणी १ र ७, पाना ९२-९३ र ९५ हेर्नुहोस्) ।

२. **अन्तर क्षेत्रीय सम्बन्ध :** प्रारम्भिक बाल विकास तथा युवालक्षित क्रियाकलाप लगायत आपत्कालको प्रतिकार्यका कार्यहरू अन्य क्षेत्र, जस्तै : खाने पानी वितरण, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन, पोषण, खाद्य सुरक्षा र खाद्य सहायता, आवास, स्वास्थ्य सेवाहरू एवम् आर्थिक सुधार आदिका कार्यक्रमसँग पनि आबद्ध गराइनुपर्दछ (विश्लेषण मापदण्ड १, मार्गदर्शक टिप्पणी ६, पाना ३४-३५, पहुँच र सिकाइ वातावरण मापदण्ड १, मार्गदर्शक टिप्पणी ९, पाना ५१-५२, पहुँच र सिकाइ वातावरण, मापदण्ड ३, पाना ५९-६२, स्फेयर' पुस्तिका र सीप सञ्जाल आपत्काल पछि आर्थिक सुधारका न्यूनतम मापदण्डहरू, रोजगार सिर्जना मापदण्ड र उद्योग विकास मापदण्डहरू ।

३. **राष्ट्रिय तथा स्थानीय शिक्षा योजना :** राष्ट्रिय तथा स्थानीय शिक्षा योजनाले वर्तमान तथा भविष्यका सम्भावित सङ्कटावस्थामा गरिनुपर्ने कार्यहरूतर्फ पनि इङ्गित गर्नुपर्दछ । तिनले अन्तर क्षेत्रीय समन्वयका लागि आवश्यक पर्ने निर्णय, समन्वय, सुरक्षा तथा संरक्षण विधिहरू स्पष्ट पार्नुपर्दछ । योजना तर्जुमा परिवेशको पूर्ण जानकारीमा आधारित हुनुपर्दछ र तिनमा द्वन्द्व वा विपत्स्थितिको मापनका सूचक र सोको प्रारम्भिक चेतावनी दिने संयन्त्रहरू समेत समाष्टि हुनुपर्दछ । राष्ट्रिय तथा स्थानीय शिक्षा योजनालाई शिक्षाका

उपयुक्त नीति र कार्यढाँचाले सघाउ पुऱ्याउनुपर्दछ । यस्ता योजनाको नियमित पुनरावलोकन एवम् परिमार्जन हुने प्रणाली स्थापित हुनुपर्दछ (समुदाय सहभागिता मापदण्ड १, मार्गदर्शक टिप्पणी ४, पाना २३, समुदाय सहभागिता मापदण्ड २, पाना २६-२७ समन्वय मापदण्ड १, मार्गदर्शक टिप्पणी १, पाना २९, विश्लेषण मापदण्ड १, मार्गदर्शक टिप्पणी ३, पाना ३२-३३, र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिप्पणी ४, पाना ९४ पनि हेर्नुहोस्)।

४. **स्रोत :** आपत्कालीन शैक्षिक प्रावधानका लागि राष्ट्रिय निकाय, मानवतावादी संस्था, दातृ निकाय, गैर सरकारी संस्था, समुदायहरू तथा अन्य सरोकारवाला सबैको सहकार्यमा आवश्यक आर्थिक स्रोतको सुनिश्चितता गरिनुपर्दछ । स्रोत समन्वयको तेतृत्व राज्यले लिनुपर्दछ र यसलाई विद्यमान समन्वय संरचनामा समाहित गरिनुपर्दछ । सान्दर्भिक भएका अवस्थामा स्रोतको विनियोजन देहाय अनुसार सन्तुलित गरिनु पर्दछ :
- भौतिक पक्ष, जस्तै : थप कक्षा कोठा, पाठ्यपुस्तक र शिक्षण सिकाइ सामग्री,
- गुणस्तरका पक्ष, जस्तै : शिक्षक तथा सुपरिवेक्षणका तालिम, शिक्षण र सिकाइ सामग्रीहरू ।

शिक्षा क्षेत्रमा हुने आक्रमणका सूचनाको केन्द्रीकृत एवम् योजनाबद्ध प्रतिवेदनको व्यवस्था मिलाई तथ्याङ्क सङ्कलन, विश्लेषण र आदान प्रदान गर्नका लागि आवश्यक स्रोत छुट्याउनुपर्दछ (समुदाय सहभागिता मापदण्ड २, मार्गदर्शक टिप्पणी १, पाना २६, समन्वय मापदण्ड १, मार्गदर्शक टिप्पणीहरू १-२, पाना २८-२९ विश्लेषण मापदण्ड १, पाना ३१-३५ विश्लेषण मापदण्ड २, मार्गदर्शक टिप्पणी २, पाना ३७, विश्लेषण मापदण्ड ३, मार्गदर्शक टिप्पणी ३, पाना ४१-४२, विश्लेषण मापदण्ड ४, मार्गदर्शक टिप्पणीहरू ३-४, पाना ४४, र पहुँच र सिकाइ वातावरण मापदण्ड २, मार्गदर्शक टिप्पणीहरू ४ र ७, पाना ५५-५६ मा पनि हेर्नुहोस्) ।

५. **पारदर्शिता र जवाफदेहिता :** भ्रष्टाचार (आर्थिक एवम् गैर आर्थिक) नियन्त्रणका उपाय लगायत नीतिगत योजना र कार्यान्वयनसम्बन्धी सान्दर्भिक सूचना केन्द्रीय तथा स्थानीय अधिकारी, समुदाय तथा र अन्य मानवतावादी सरोकारवालाहरूबीच आदान प्रदान गर्नुपर्दछ । प्रभावकारी अनुगमन तथा जवाफदेहिताका लागि पारदर्शिता महन्वपूर्ण हुन्छ । भ्रष्टाचारका गुनासाहरूको व्यवस्थापन गर्दा मानिसहरूलाई भ्रष्टाचार सम्बन्धी सूचना उपलब्ध गराउन उत्प्रेरित गर्ने तर सूचनादाताको नाम गोप्य राखिने जास्ता गोपनीयता एवम् सांस्कृतिक दृष्टिले उपयुक्त प्रणालीको अवलम्बन गरिनु जरुरी छ । (समन्वय मापदण्ड १, मार्गदर्शक टिप्पणी ५, पाना ३०, विश्लेषण मापदण्ड १, मार्गदर्शक टिप्पणी ३, पाना ३२-३३, र शिक्षा नीति मापदण्ड १, मार्गदर्शक टिप्पणी ४, पाना ९४-९५ पनि हेर्नुहोस्) ।

**T**

**यी मापदण्डहरूलाई कार्यान्वयन गर्न मद्दत पुऱ्याउने साधनहरूका लागि Inee टुलकिट : www.Ineesite.org/tookit मा हेर्नुहोस्**

INEE टुलकिट
INEE न्यूनतम मापदण्ड
कार्यान्वयनका साधन
शिक्षा नीति

## परिशिष्ट १: शब्दावली

**पहुँच:** औपचारिक तथा अनौपचारिक शैक्षिक कार्यक्रममा भर्ना हुने, पठनपाठनमा सहभागी हुने र त्यस कार्यक्रमलाई पूरा गर्ने अवसरलाई पहुँच भनिन्छ । पहुँचमा रोकावट नहुनु भनेको व्यावहारिक, आर्थिक, भौतिक, सुरक्षा-सम्बन्धी, संरचनागत, संस्थागत वा सामाजिक-सांस्कृतिक आदि कुनै कारणले आफू सहभागी भएको शैक्षिक कार्यक्रम पूरा गर्न रोकटोक छैन भन्नु हो ।

**जवाफदेहिता:** प्रभावित समूहको आवश्यकता, सरोकार, क्षमता तथा परिस्थितिजन्य कारणको प्रतिकार्यका लागि के काम गरियो र के निर्णय गरियो, सोको बयान नै जवावदहिता हो । जवावदेहिता आर्थिक स्रोतको उपयोग लगायत व्यवस्थापनको पारदर्शितासँग सम्बन्धित छ । यसको सम्बन्ध सरोकारवालाका आवाजले सुनुवाइ पाउनुपर्ने अधिकार र त्यस्ता आवाजको प्रतिकार्य गरिनुपर्ने कर्तव्यसँग गाँसिएको छ । शिक्षा क्षेत्रमा जवाफदेहिता भन्नाले शिक्षा प्रदायकलाई तिनले प्रदान गर्ने सेवाको गुणस्तर अर्थात् विद्यार्थीले हासिल गरेका ज्ञान, सीप तथा अभिवृत्ति; शिक्षकको व्यवहार; विद्यालय वा पद्धतिको कार्यकुशलताका लागि जिम्मेवार ठहऱ्याउनु हो ।

**मूल्याङ्कन:** १) आपत्कालमा शैक्षिक क्रियाकलापका योजना तर्जुमा गर्नुभन्दा पहिले गरिने प्रस्तावित प्रतिकार्य कार्यको आवश्यकता, तिनका सबल एवम् कमजोर पक्ष र उपलब्ध स्रोतको छानबिन वा लेखाजोखा नै मूल्याङ्कन हो । २) सिकारुको प्रगति तथा उपलब्धिको जाँच मूल्याङ्कन हो । सिकाइ उपलब्धिको परीक्षण भनेको शैक्षिक कार्यक्रमद्वारा निर्धारण गरिएको परीक्षण पद्धतिको एउटा रूप हो । INEE Toolkit: **www.ineesite.org/tookkit** मा विभिन्न किसिमका मूल्याङ्कन साधनहरू पाउन सकिन्छ । परीक्षणका साधन कस्तो हुनुपर्छ भन्ने कुरा परिवेश विशेषबाट हासिल गर्न खोजिएका सूचनाको किसिमले निर्धारण गर्छ ।

**क्षमता:** व्यक्तिहरूको वा समुदाय, समाज वा संस्थामा उपलब्ध शक्ति, गुण तथा स्रोत-साधनको एकीकृत स्वरूप नै क्षमता हो । यसको प्रयोग निर्धारित उद्देश्य प्राप्तिका लागि गरिन्छ ।

**क्षमता विकास:** व्यक्ति वा संस्थाका निर्धारित उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तिनमा भएको ज्ञान, योग्यता, सीप तथा व्यवहारको सबलीकरण गर्ने कार्यलाई क्षमता विकास भनिन्छ ।

**बालमैत्री स्थल र विद्यालयहरू:** समुदायले निर्माण गरेका सुनियोजित खेलकुद तथा मनोरञ्जनका कार्यक्रम वा सिकाइका क्रियाकलापमा बालबालिकाको निर्वाध एवम् स्वतन्त्र पहुँच भएको स्थान वा विद्यालय बाल मैत्री स्थल एवम् विद्यालय हुन् । बालमैत्री स्थलमा बालबालिकाका लागि स्वास्थ्य, पोषण तथा सहजता एवम् निरन्तरताको अनुभूति दिलाउने मनोवैज्ञानिक सेवा उपलब्ध हुन सक्छन् । यस्ता स्थलहरूको योजना तथा सञ्चालन सहभागितामूलक विधिबाट गरिन्छ र तिनले विशेष उमेर समूह वा विभिन्न उमेरका बालबालिकालाई सेवा पुऱ्याउन सक्दछन् । आपत्कालमा बालमैत्री स्थल तथा विद्यालयहरूको महत्व अझ बढी हुन्छ ।

**बाल सुरक्षा:** बाल सुरक्षा अन्तर्गत शोषण, उपेक्षा, यौनशोषण, साथीहरूबाट हुने हिंसा, शिक्षक तथा कर्मचारीहरूबाट हुने हिंसा, प्राकृतिक खतरा, हात हतियार, गोलीगट्ठो, बारुदीसुरङ तथा नपड्किएका विष्फोटक सामग्री, सशस्त्र व्यक्ति, दोहोरो सशस्त्र भिडन्त, राजनीतिक तथा सैनिकबाट हुने त्रास तथा सशस्त्र समूहमा भर्ती हुने जस्ता जोखिमबाट बचाउने सबै कार्यहरू पर्दछन् ।

**बालबालिका:** ० देखि १८ वर्ष उमेरका सबै मानिस बालबालिका हुन् । यस समूहमा अधिकांश किशोर वयका युवा (१०-१९ वर्ष) पर्दछन् । यो समूह युवाहरूको वर्गसँग (१५-२४ वर्ष) पनि मिसिन जान्छ । (तल युवाको परिभाषा पनि हेर्नुहोस्) ।

**सशस्त्र बल तथा समूहसँग सम्बद्ध बालबालिका:** सशस्त्र बल तथा समूहसँग सम्बद्ध बालबालिका अपहरणमा परेका वा लडाकु दस्तामा बलात् वा स्वैच्छिक रूपले भर्ना भएका हुन सक्छन् । तिनले सधैँ बन्दुक समात्नुपर्छ भन्ने छैन । तिनलाई भरिया, जासुस, भान्छे वा गम्भीर यौन हिंसाका सिकार पनि बनाइन सक्छ । यस्ता बालबालिका शिक्षाका अवसरहरूबाट वञ्चित हुन्छन् । सैन्य समायोजन कालमा यस्ता बालबालिकाका औपचारिक, अनौपचारिक तथा शीघ्र सिकाइ, जीवनोपयोगी सीप तथा व्यावसायिक शिक्षाजस्ता शैक्षिक आवश्यकताको परिपूर्तिमा विशेष ध्यान पुऱ्याइनुपर्दछ । योजनाकालमा यस्ता बालबालिका अक्सर उपेक्षामा पर्ने भएकाले यिनमा विशेष ध्यान पुऱ्याउनु आवश्यक रहन्छ ।

**संज्ञान:** विचार, कल्पना, दृष्टिकोण, स्मरण, निर्णय, तर्क तथा समस्या-समाधानजस्ता मानसिक प्रक्रियाहरू संज्ञान अन्तर्गत पर्दछन् ।

**सामुदायिक शिक्षा समिति:** समुदायका शैक्षिक आवश्यकताको पहिचान र प्रतिकार्यका लागि समुदायले गठन गरेको समितिलाई सामुदायिक शिक्षा समिति भनिन्छ । यसका सदस्यहरूमा अभिभावक, स्याहारकर्ता, शिक्षक, सिकारु, सामुदायिक सङ्गठन, स्थानीय अगुवा, सीमान्तकृत समूह, नागरिक समाज, युवा तथा स्वास्थ्यकर्मीका प्रतिनिधिहरू समावेश हुन्छन् ।

**द्वन्द्व न्यूनीकरण:** द्वन्द्व न्यूनीकरणमा १) द्वन्द्वप्रति संवेदनशील एवम् तनाव वा हिंसाको स्रोत बढ्न नदिने, २) द्वन्द्वका कारणहरूको प्रतिकार्य गर्ने र द्वन्द्व निम्त्याउने सम्भावनायुक्त गतिविधि परिवर्तन गर्ने आदि क्रियाकलाप तथा प्रक्रियाहरू पर्दछन् । द्वन्द्व फैलिएका स्थानमा दीर्घकालीन र स्थायी शान्ति कायम गर्न सकारात्मक प्रभाव दिने खालका मानवीय, सुधारात्मक तथा विकासका क्रियाकलाप गरिन्छ । द्वन्द्वको रोकथाम तथा द्वन्द्वकाल र द्वन्द्वपश्चात्को अवस्थामा सुधारात्मक कार्यहरू गर्न द्वन्द्व न्यूनीकरण गर्ने प्रयास गरिन्छ ।

**अपाङ्गता:** समाजमा अरुसरह पूर्ण र सक्रिय सहभागिता जनाउन बाधा उत्पन्न गर्ने शारीरिक, मानसिक, बौद्धिक अथवा संवेगात्मक दुर्बलता भएका व्यक्तिलाई अपाङ्गतायुक्त व्यक्ति भनिन्छ ।

**छुट्याइएका तथ्याङ्कहरू:** विभिन्न पक्षमा वर्गीकरण गरिएका साङ्ख्यिकी सूचनालाई छुट्याइएका तथ्याङ्क भनिन्छ । उदाहरणका लागि कुनै अनुसन्धानका लागि सङ्कलित तथ्याङ्क लिङ्ग, उमेर, तथा भौगोलिक आधारमा छुट्याएर तिनको प्रवृत्ति अध्ययन गर्न सकिन्छ ।

**विपत्:** व्यापक मानवीय, सामग्री, धनसम्पत्ति वा वातावरणको विनास हुन गई समुदाय वा समाजका क्रियाकलापमा खलल पुग्ने अवस्थाले विपत् जन्माउँछ । विपत्को प्रभावलाई रोकथाम गर्न समुदायको आफ्नै सामर्थ्य र स्रोत साधनले मात्र भ्याउँदैन ।

**विपत्का जोखिमको न्यूनीकरण:** विपत्का कारणको विश्लेषण तथा व्यवस्थापनको योजनाबद्ध प्रयासबाट विपत्को जोखिमको न्यूनीकरण गरिन्छ । विपत्जन्य जोखिमको न्यूनीकरणका सन्दर्भमा खतरा, मानसिक दुर्बलता, निरीहता, गरिबी आदिलाई क्रमिक रूपले कम गराउँदै लैजाने तथा जमिन एवम् वातावरणको बुद्धिमत्तापूर्ण व्यवस्थापन गरी अनिच्छित घटनाको रोकथामको

पूर्वतयारी आदि महत्वपूर्ण हुन्छन् ।

**भेदभाव:** लिङ्ग, धर्म, यौनिकता, उमेर, संस्कृति, एचआईभीको सङ्क्रमण आदिका आधारमा सुविधा, सेवा, अवसर, अधिकार वा सहभागिताबाट वञ्चित वा निषेधित गरिने व्यवहारलाई भेदभाव वा विभेद भनिन्छ ।

**पीडा:** पीडा भनेको मानसिक तनाव, चिन्ता वा अस्थिर अवस्था हो । गरिबी, भिडभाड, धम्की, आदि लगायत कठिन जीवनयापनको अवस्थाले मानिसमा पीडो बोध गराउँछ ।

**'कसैलाई पनि हानि नगर':** 'कसैलाई पनि हानि नगर' भन्ने यो यस्तो नीति हो, जसले द्वन्द्वकाल वा सोको जोखिमयुक्त परिस्थितिमा गरिने मानवीय वा विकासात्मक कार्यको पहिले पहिचान हुन नसकेका नकारात्मक वा सकारात्मक प्रभावलाई उजागर गराउँछ । यस नीतिको प्रयोग योजना तर्जुमाकालदेखि अनुगमन तथा मूल्याङ्कनको चरणसम्म निरन्तर रूपमा गरिनुपर्दछ, जसले द्वन्द्वलाई बढावा नदिएर बरु कम गराउँछ भन्ने कुरा सुनिश्चित हुन्छ । 'कसैलाई पनि हानि नगर' भन्ने नीति द्वन्द्वको परिस्थितिमा काम गर्ने संस्थाहरूका लागि अपरिहार्य हुन्छ ।

**प्रारम्भिक बाल विकास:** प्रारम्भिक बाल विकास भनेको ० देखि ८ वर्षसम्मका बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक एवम् सामाजिक विकास तथा सिकाइको तयारीका लागि अपनाइने प्रक्रिया हो । यस्तो प्रक्रियालाई स्वास्थ्य, पोषण, खाने पानी, सरसफाइ, शिक्षा तथा बाल रक्षाका क्रियाकलापसँग एकीकृत गर्नुपर्दछ र सामाजिक एवम् आर्थिक नीतिद्वारा समर्थित र सम्वर्धित हुनुपर्दछ । यस्तो कार्यक्रमबाट सबै परिवारका सबै बालबालिका लाभान्वित हुन सक्छन् र अपाङ्गतायुक्त बालबालिका अझ बढी लाभान्वित हुन्छन् ।

**शिक्षा निकाय:** शिक्षाको अधिकार सुनिश्चित गर्ने मन्त्रालय, विभाग, निकाय, संस्था आदि शिक्षा निकायभित्र पर्दछन् । यिनले आफूमा निहित अधिकारको प्रयोग गरी राष्ट्रिय, जिल्ला तथा स्थानीय तहमा शिक्षाको प्रबन्ध मिलाउँछन् । सरकारी निकायमा अप्ठेरो अवस्था विद्यमान रहेको सन्दर्भ रहेछ भने गैर राज्य, जस्तै : गैसस र राष्ट्रसङ्घीय निकायहरूले पनि कहिलेकाहीँ यस उत्तर दायित्वको वहन गर्दछन् ।

**शिक्षा समूह:** शिक्षा समूह भनेको आन्तरिक विस्थापनको अवस्थामा शिक्षा क्षेत्रमा मानवीय प्रतिकार्यका विशेषज्ञ तथा आधिकारिक निकाय वा सङ्गठनहरूबीच समन्वय संयन्त्रका रूपमा काम गर्ने अन्तरनिकाय समन्वय समिति हो । यसको स्थापना २००७ मा भएको हो । शिक्षा समूहको नेतृत्व विश्वस्तरमा युनिसेफ र सेभ द चिल्ड्रेनले गर्दछ । राज्य स्तरमा अन्य निकायहरूले नेतृत्व लिन सक्दछन् । यसमा शिक्षा मन्त्रालय सक्रिय रूपमा संलग्न रहन्छ । शरणार्थीहरूको सन्दर्भमा शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घको उच्चायोग यसको नेतृत्वदायी निकाय हो । आपत्कालको प्रतिकार्य कार्यको पूर्वतयारीको सुदृढीकरणका लागि शिक्षा समूहले प्राविधिक सहयोग पुर्‍याउने जिम्मेवारी निर्वाह गर्दछ । मानवीय प्रतिकार्यका क्रममा यसले शिक्षा क्षेत्रप्रति प्रस्ट नेतृत्व र जवावदेहिता वहन गर्नुपर्दछ ।

**आपत्कालमा शिक्षा:** आपत्कालीन अवस्थामा प्रारम्भिक बाल विकास, प्राथमिक, माध्यमिक, अनौपचारिक, प्राविधिक, व्यावसायिक, उच्च तथा प्रौढ शिक्षा जस्ता कार्यक्रममा सबै उमेरका लागि स्तरीय सिकाइ अवसर सुनिश्चित गर्नुपर्दछ । आपत्कालमा प्रदान गरिने शिक्षाले जीवन धान्न र बचाउन शारीरिक, मनोवैज्ञानिक तथा संज्ञानात्मक सुरक्षा प्रदान गर्दछ ।

**शैक्षिक प्रतिकार्य:** आपत्कालको अवधिदेखि सुधारको अवस्थासम्म मानिसहरूको आवश्यकता तथा शैक्षिक अधिकारको प्रावधान नै शैक्षिक प्रतिकार्य हो ।

**आपत्काल:** समुदाय छिन्न भिन्न भएको र स्थायित्वतर्फ फर्कन अझै नसकिरहेको अवस्था आपत्काल हो ।

**औपचारिक शिक्षा:** विद्यालय, कलेज, विश्वविद्यालय तथा अन्य शिक्षण संस्थाहरूबाट निर्धारित प्रक्रिया अन्तर्गत प्रदान गरिने सिकाइका अवसरहरूलाई औपचारिक शिक्षा भनिन्छ । औपचारिक शिक्षा सामान्यतया ५/७ वर्षदेखि २०/२५ वर्षसम्मका बालबालिका तथा युवाहरूलाई प्रदान गरिने पूर्णकालीन शिक्षाको प्रावधान हो । यसको विकास सामान्यतया राज्यको शिक्षा मन्त्रालयहरूद्वारा गरिएको हुन्छ । तर आपत्कालीन अवस्थामा अन्य सरोकारवालाहरूद्वारा पनि यसमा सहयोग पुऱ्याइन्छ ।

**लैङ्गिकता:** महिला एवम् पुरुषहरूको भूमिका र उत्तरदायित्वका साथै समाजमा तिनको मूल्य मान्यताको पहिचान नै लैङ्गिकता हो । यस्ता कुराहरू संस्कृतिसापेक्ष हुनुका साथै समयानुसार परिवर्तन भइरहन्छन् । लैङ्गिक पहिचानका आधारमा समाजमा महिला तथा पुरुषसम्बन्धी सोच र व्यवहारका अपेक्षा परिभाषित भएका हुन्छन् । यस्ता व्यवहारहरू परिवार, विद्यालय, धार्मिक शिक्षा तथा सञ्चार माध्यममार्फत सिकिन्छन् । समाजबाट सिकिने कुरा भएकाले लैङ्गिक भूमिका, उत्तरदायित्व तथा पहिचानहरू सामाजिक परिवर्तनसँगै परिवर्तित भइरहन्छन् ।

**लैङ्गिक सन्तुलन:** समाजमा पुरुष र महिला तथा केटा र केटीहरूको सङ्ख्या करिब करिब बराबर रहेको हुन्छ । यसले सामाजिक क्रियाकलाप तथा निर्णय प्रक्रियामा समान सहभागिता र दुवैको सरोकारको समान प्रतिकार्य हुनुपर्ने तथ्यका साथ तिनको शिक्षाका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय निकायमा नियुक्तिका क्रममा सङ्ख्यात्मक समानताको अपेक्षातर्फ समेत सङ्केत गर्दछ । खास गरी शिक्षक नियुक्तिका सन्दर्भमा यसको महत्व रहन्छ । सबै तहमा महिला र पुरुषको सन्तुलित सहभागिता भएमा अख्तियार गरिएका नीति तथा कार्यक्रमहरूले महिला र पुरुष तथा बालक र बालिकामा पर्न सक्ने प्रभावबारे बहसको दायरालाई अझ फराकिलो पारिदिन्छ ।

**लैङ्गिकतामा आधारित हिंसा:** लैङ्गिक भिन्नताका आधारमा हुने कुनै पनि क्षतिजन्य कामलाई लैङ्गिकतामा आधारित हिंसा भनिन्छ । महिलाहरूको सामाजिक स्तर न्यून रहेको परिस्थितिमा लैङ्गिकतामा आधारित हिंसाको जोखिम बढ्ने सम्भावना रहन्छ । यौनजन्य हिंसामा महिला मात्र नभई पुरुष तथा बालक पनि पर्न सक्छन् । लैङ्गिक हिंसाको प्रकृति र दायरा देश, काल र परिस्थिति अनुसार फरक फरक हुन सक्दछ । लैङ्गिकतामा आधारित हिंसाका उदाहरण देहायअनुसार हुन सक्छन् :

- यौन शोषण र दुरुपयोग, जबर्जस्ती वेश्यावृत्तीकरण, जबर्जस्ती विवाह तथा बाल विवाह;
- शारीरिक, संवेगात्मक र मनोवैज्ञानिक दुर्व्यवहार जस्ता घरेलु र पारिवारिक हिंसा;
- सामान्यतया विधवा महिलाका घर परिवारका पुरुष सदस्यहरूद्वारा गरिने महिलाहरूको योन्छिेदन, सतीप्रथा, विधवा जीवनका एकलोपनाका बाध्यात्मक अवस्था जस्ता गलत सांस्कृतिक वा पारम्परिक अभ्यासहरू ।

**खतरा:** खतरा एउटा हानिकारक भौतिक घटनाको सम्भावना हो, जो मानवीय प्रवृत्ति वा कार्यबाट उत्पन्न हुन्छ । यसले गर्दा मानिसको ज्यानै जाने वा चोटपटक लाग्ने, सम्पत्ति नाश हुने, सामाजिक र आर्थिक विध्वंश हुने अथवा वातावरण विनाश हुने त्रास रहन्छ । खतराहरू प्राकृतिक, मानव सिर्जित अथवा दुवैको मिश्रणबाट उत्पन्न हुन सक्छ । खतराजन्य जोखिमको मात्रा त्यसको पटक, स्थान, समय र वेगमा भर पर्दछ । उदाहरणका लागि, मरुभूमिमा एक सय वर्षमा एक पटक आउने हल्का भुइँचालोको जोखिम त्यति बढी हुँदैन । तर प्रत्येक ५-१० वर्षमा ४८ घण्टामा ३ मिटरसम्मको उचाइमा आउने सहरी बाढीको जोखिम अत्यन्त ठूलो हुन सक्छ, जसको न्यूनीकरणका उपायहरूको खोजी आवश्यक हुन्छ ।

**एचआईभी रोकथाम, उपचार, हेरचाह र सहयोग:** एचआईभी र एड्सका सङ्क्रमित तथा प्रभावितको सङ्ख्या घटाउन व्यवहारगत, कानुनी, संरचनागत तथा चिकित्सा प्रणालीको संयुक्त प्रयासहरूको आवश्यकता पर्दछ । उपचार, हेरचाह तथा सहयोगका उपायहरू, महामारीको ज्ञान, सङ्क्रमणको जोखिममा परेका व्यक्ति र सङ्क्रमण फैलाउने व्यवहारको पहिचानमा एचआईभीको रोकथाम निर्भर गर्दछ । पुरुषहरूबीच हुने समलैङ्गिक यौन व्यवहार, सुईद्वारा लागू औषधीको सेवन गर्ने, पैसा अथवा अन्य वस्तुका लागि यौनसम्बन्ध राख्ने, धेरैजनासँग यौन सम्बन्ध स्थापित गर्ने तथा उमेर नमिल्दो यौन सम्बन्ध आदि बढी जोखिमपूर्ण व्यवहार मानिन्छ । एचआईभी सङ्क्रमणको रोकथाममा सामाजिक-आर्थिक गतिविधिले पनि प्रभाव पर्दछ ।

**मानव अधिकार:** मानव अधिकार सम्मानजनक जीवनयापनको साधन हो । मानव अधिकार सार्वभौमिक, सार्वकालिक र सम्झौता रहित हुन्छ । यो दिइने र लिइने कुरा होइन । आपत्कालमा विभेद गर्न नहुने, संरक्षण र बाँच्न पाउने जस्ता मानव अधिकारले प्राथमिकता पाउँछन् भने अन्य अधिकारको प्रचलन स्रोत साधनको उपलब्धतामा भर पर्दछ । भेदभाव, विभेद, संरक्षण तथा बाँच्न पाउने जस्ता मानव अधिकारको सुरक्षाका लागि शिक्षाले प्रमुख भूमिका खेल्ने भएकाले यसलाई प्रमुख मानव अधिकारका रूपमा लिनुपर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकारका कानुन भनेको विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूको सँगालो भएकाले आपत्काल लगायत सदासर्वदा यसको संरक्षण, सम्मान र प्रत्याभूत गर्ने दायित्व सबै सदस्य राष्ट्रहरूको हुन जान्छ । द्वन्द्वकालमा अन्तर्राष्ट्रिय मानवीय र फौजदारी दुवै कानुन लागू हुन्छन् । यी सन्धि तथा मापदण्डले सर्वसाधारणको रक्षा गर्छन् र धम्की, निष्काशन जस्ता कार्यबाट संरक्षण दिन राज्यका निकायहरूलाई जिम्मेवार बनाउँछन् । शरणार्थीसम्बन्धी कानुनले झुट्टा मुद्दाको वा सशस्त्र द्वन्द्वका डरले अन्तर्राष्ट्रिय सीमापारि विस्थापित हुन पुगेका मानिसहरूप्रति सरकारको दायित्व निर्धारण गर्दछ ।

**समावेशी शिक्षा:** समावेशी शिक्षाले सिकाइ अवसरहरूमा सबैको उपस्थिति, सहभागिता र उपलब्धिको सुनिश्चितता प्रदान दिन्छ । अख्तियार गरिएका शैक्षिक नीति, अभ्यास तथा सुविधाहरूले प्रत्येक व्यक्तिको विविधताको प्रतिकार्यलाई यसले सुनिश्चित गर्दछ । विभेदका कारण शिक्षामा वहिष्करणको अवस्था सिर्जना हुन्छ, सिकाइका बाधा हटाउन चाहिने सहयोगको अभाव हुन जान्छ तथा भाषाको प्रयोग, विषयवस्तु वा शिक्षण विधि सबैका लागि उपयुक्त नहुन सक्छन् । खास गरी शारीरिक, संवेगात्मक, मानसिक तथा बौद्धिक अपाङ्गता भएका मानिसहरू वहिष्करणमा पर्ने गर्दछन् । वहिष्करणमा आपत्कालको प्रभाव पर्दछ । पहिले शिक्षामा पहुँच भएका व्यक्ति पनि आपत्कालमा सामाजिक, सांस्कृतिक, भौतिक अथवा संरचनात्मक परिस्थितिका कारण वहिष्कृत हुने जोखिममा पर्दछन् । समवेशी शिक्षाको तात्पर्य सहभागिता र सिकाइका बाधा-व्यवधानको निराकरण तथा शिक्षण विधि र पाठ्यक्रम अपाङ्गतामैत्री हुने

कुराको सुनिश्चितता हो । समावेशी शिक्षामा सबै विविधतालाई स्वागत गरिन्छ, तिनको उन्नति र प्रगतिमा सहयोग गरिन्छ र व्यक्तिगत आवश्यकताको प्रतिकार्य सुनिश्चित हुन्छ ।

**सूचना व्यवस्थापन:** सूचना व्यवस्थापनभित्र आवश्यकता, क्षमता एवम् विस्तारको लेखाजोखा र यी पक्षहरूसँग सम्बद्ध अनुगमन, मूल्याङ्कन, तथ्याङ्क भण्डोरण, विश्लेषण र सूचनाहरूको आदानप्रदान पर्दछन् । सूचना व्यवस्थापनका साधन र प्रणालीले सरोकारावालाहरूलाई कुन सूचनाको सङ्कलन, विश्लेषण र आदानप्रदान कससँग, कहिले, कुन उद्देश्यका लागि र कसरी गर्ने भन्ने कुरा निर्धारण गर्न सघाउँछ ।

**शिक्षण र सिकाइ प्रक्रियाहरू:** शिक्षण तथा सिकाइ प्रक्रियामा सिकारु र शिक्षकबीच हुने अन्तर क्रियाहरू पर्दछन् । परीक्षणबाट पहिचान गरिएका सिकारुका सिकाइ आवश्यकतालाई दृष्टिगत गरी पाठ्यक्रमका आधारमा शिक्षण योजना तयार पारिन्छ र शिक्षक तालिमका मद्दतले यसको कार्यान्वयन गरिन्छ । शिक्षण प्रक्रियामा व्यापक समुदायको संलग्नता रहन्छ र यसमा सिकारु केन्द्रित एवम् सहभागितामूलक पद्धतिको अवलम्बन गरिन्छ ।

**अन्तरनिकाय स्थायी समिति:** अन्तरनिकाय स्थायी समिति मानवीय सहयोगका नीति निर्माण तथा निर्णय प्रक्रियाको समन्वयका लागि बनेको अन्तरनिकाय मञ्च हो । यसको गठन संयुक्त राष्ट्र सङ्घको साधारण सभाको निर्णय अनुसार सन् १९९२ को जुनमा भएको हो । यसमा संयुक्त राष्ट्र सङ्घीय निकाय र त्यस बाहिरका प्रमुख साझेदारहरू सहभागी छन् ।

**आन्तरिक रूपमा विस्थापित मानिसहरू:** खतराका कारण आफ्ना थातथलो छोडेर मुलुकभित्रैका अन्य सुरक्षित स्थानमा सर्न बाध्य पारिएका मानिसहरू आन्तरिक रूपमा विस्थापित हुन् । शरणार्थी र आन्तरिक विस्थापनमा परेका दुवै समुदायका आफ्ना मुलुक एवम् थातथलो छोड्नुपर्ने कारण एकै खालका हुन्छन् –सशस्त्र द्वन्द्व, आम हिंसा तथा मानव अधिकारको व्यापक उल्लङ्घन । तथापि यस्ता मानिसलाई सरकारले संरक्षण प्रदान गर्नुपर्दछ चाहे त्यो सरकार स्वयम् नै त्यस द्वन्द्वको कारक किन नहोस् । मानव अधिकार तथा अन्तर्राष्ट्रिय कानुन दुवै अनुसार आन्तरिक विस्थापनमा परेका तथा शरणार्थीका नागरिक अधिकार यथावत कायम रहन्छन् ।

**सिकारु:** शैक्षिक कार्यक्रममा सहभागी हुने बालबालिका, युवा तथा प्रौढ सबै सिकारु हुन् । औपचारिक शिक्षाका विद्यार्थी, व्यावसायिक-प्राविधिक शिक्षा वा तालिम कार्यक्रमका तालिमे तथा साक्षरता र गणितीय सीपका कक्षा, समुदायबाट सञ्चालित वा दौँतरीबाट जीवनोपयोगी सीप सिक्ने मानिसहरू सबै सिकारुका कोटिमा पर्दछन् ।

**सिकाइ उपलब्धि:** शैक्षिक कार्यक्रममा सहभागी भएर सिकारुहरूले सिक्ने ज्ञान, सीप, अभिवृत्ति, तथा योग्यता सबै सिकाइ उपलब्धि हुन् । शिक्षण सिकाइको कार्यक्रमबाट जे सिक्न वा गर्न सक्छन् भन्ने अपेक्षा राखिन्छ, त्यसै आधारमा सिकाइ उपलब्धिलाई परिभाषित गरिन्छ ।

**सिकाइ स्थल:** सिकाइ कार्यक्रम सञ्चालन हुने ठाउँलाई सिकाइ स्थल भनिन्छ ।

**सिकाइ स्थान:** शिक्षण सिकाइ हुने निजी घर, बाल स्याहार केन्द्र, पूर्व प्राथमिक विद्यालय, अस्थायी टहरा तथा विद्यालयहरू सबै सिकाइ स्थान हुन् ।

**जीवनोपयोगी सीप:** मानिसको दैनिक जीवनका समस्या तथा चुनौतीहरूको सामना गर्ने क्षमता सकारात्मक व्यवहारबाट प्राप्त हुन्छ । त्यस्ता सकारात्मक व्यवहारको विकासका सीप तथा क्षमता नै जीवनोपयोगी सीप हुन् । संज्ञानात्मक, व्यक्तिगत वा संवेगात्मक र अन्तरव्यक्ति वा सामाजिक गरी जीवनोपयोगी सीपलाई तीन समूहमा विभाजित गर्न सकिन्छ । सूचनाको विश्लेषण र प्रयोग, सञ्चार तथा अरुबाट सिक्ने क्षमता आदि आम प्रकारका जीवनोपयोगी सीप हुन् । यस्ता सीपहरू विषय विशेषसँग सम्बन्धित पनि हुन्छन्, जस्तै : जोखिम घटाउने, वातावरणको बचावट, स्वास्थ्य प्रवर्द्धन, एचआईभी सङ्क्रमणबाट बचावट, हिंसाको रोकथाम वा शान्ति स्थापना आदि । खास गरी आपत्कालमा जीवनोपयोगी सीपको महत्व बढेर जान्छ । यस्ता सीपहरू आपत्कालको प्रयोगका लागि सान्दर्भिक हुन्छन् ।

**जीविकोपार्जन:** जीवन यापनसँग सम्बन्धित क्षमता, पुँजी, अवसर तथा क्रियाकलाप सबै जीविको पार्जनका साधन हुन् । पुँजी अन्तर्गत आर्थिक, प्राकृतिक, भौतिक, सामाजिक र मानवीय स्रोतहरू पर्दछन् । उदाहरणका लागि भण्डोर, जमिन र बजारसम्मको पहुँच वा यातायात व्यवस्था आदि । तनाव र विपदाको सामना गर्ने तथा मुक्त रहने क्षमता; भएका क्षमता वा सम्पत्तिलाई जोगाउने वा बढाउने तथा भावी पुस्ताको जीवन यापनका सुगम अवसर प्रदान गर्ने क्षमताले जीवनयापनमा दिगोपनाको प्रदुर्भाव हुन जान्छ ।

**अनौपचारिक शिक्षा:** औपचारिक शिक्षाको परिभाषाभित्र नपर्ने सबै शिक्षण सिकाइका क्रियाकलाप अनौपचारिक शिक्षाभित्र पर्दछन् । अनौपचारिक शिक्षा शैक्षिक संस्थाभित्रै वा बाहिर सञ्चालित हुन सक्छन् र यसले सबै उमेरका मानिसलाई सेवा प्रदान गर्दछ । यो सधैं प्रमाणपत्र उन्मुख हुँदैन । अनौपचारिक शिक्षा कार्यक्रमका विशेषता तिनका विविधता, लचकता तथा बालबालिका एवम् प्रौढहरूका गतिशील शैक्षिक आवश्यकतालाई छिट्टै प्रतिकार्य गर्न सक्नु आदि हुन् । यो कार्यक्रम अक्सर बढी उमेर पुगेका, औपचारिक शिक्षामा भर्ना नहुने तथा प्रौढहरू जस्ता विशेष समूहका सिकारुहरूका लागि विकसित गरिन्छ । यसका पाठ्यक्रम औपचारिक शिक्षामा वा द्रुत शिक्षण सिकाइ, विद्यालय पश्चात्का सिकाइ कार्यक्रम, साक्षरता एवम् गणितीय कक्षा जस्ता नयाँ अवधारणामा पनि आधारित हुन सक्छन् । अनौपचारिक शिक्षा ढिलै भए पनि औपचारिक शिक्षामा प्रवेश गराउन उद्यत हुन्छ । कहिलेकाहीँ यसलाई 'दोस्रो अवसरको शिक्षा' पनि भन्ने गरिन्छ ।

**सहभागिता:** कुनै क्रियाकलाप, छलफल आदिमा सरिक भएर अरुलाई प्रभावित पार्ने प्रक्रियालाई सहभागिता भनिन्छ । सहभागिताको अधिकार सबैमा हुन्छ । यो प्रक्रिया सामुदायिक तथा विकासे कार्यक्रमसँग काम गर्ने आधार हो । सहभागिताको मात्रा क्षमता अनुसार फरक पर्दछ । प्रौढ, बालबालिका, युवा, अपाङ्ग, सङ्कट प्रभावित समूहका सदस्य आदि सबै प्रारम्भिक उमेरदेखि नै विभिन्न किसिमले सहभागी हुन सक्दछन् । कुनै पनि समूहको सहभागितालाई पहुँचको दुर्गम्यता वा सँगै काम गर्न गाह्रो जस्ता निहुँमा निषेधित गर्न हुन्न । सहभागिता स्वैच्छिक हुन्छ । मानिसहरूलाई सहभागिताका लागि आमन्त्रण तथा प्रोत्साहित गरिन्छ । जबर्जस्ती सहभागिता हुन सक्दैन । सहभागितामा विभिन्न किसिमका क्रियाकलापहरू पर्दछन् । उपलब्ध सेवाको उपयोग मात्र गर्ने, भौतिक सामग्रीको सहयोग गर्ने, अरुले गरेका निर्णयहरू यथावत शिरोधार्य गर्ने तथा कमै सोधपुछ गरिने आदि निष्क्रिय सहभागिताका दृष्टान्त हुन् । सक्रिय सहभागिताका उदाहरणहरूमा पूरा समय दिने, निर्णय प्रक्रिया तथा शैक्षिक कार्यक्रमहरूको योजना निर्माण एवम् कार्यान्वयनमा प्रत्यक्ष संलग्न हुने कुराहरू पर्दछन् ।

**सहभागितामूलक सिकाइ:** सहभागितामूलक सिकाइ सिकारु केन्द्रित शिक्षण सिकाइको एउटा विधि हो । यस विधिमा काम गरेर सिक्न प्रेरित गरिन्छ, सिकारुहरूलाई साना समूहमा विभाजित गरिन्छ, ठोस सामग्रीको प्रयोग गरिन्छ, खुला प्रश्न राखिन्छ र साथीसँगीबाट शिक्षण गराइन्छ । उदाहरणका लागि, गणितीय अवधारणाहरू बुझ्न सिकारुले प्रयोगात्मक क्रियाकलाप गर्दछन्; समस्या समाधानका लागि साथीहरू सँगै मिलेर काम गर्दछन् अथवा प्रश्नोत्तरका माध्यमबाट सिक्ने प्रयास गर्दछन् । सहभागितामूलक सिकाइ शिक्षक केन्द्रित विधिभन्दा ठीक उल्टो हुन्छ । शिक्षक केन्द्रित विधिमा सिकारु चुपचाप बेन्चमा बस्छन्, सोधेका बन्द प्रश्नको उत्तर दिन्छन् र कालोपाटीमा लेखिएका कुरा सार्छन् । सहभागितामूलक सिकाइ शिक्षक तथा शिक्षाका अधिकारीहरूका आवश्यकताको विश्लेषण गर्न, समस्याका समाधान पत्ता लगाउन तथा कार्ययोजना निर्माण एवम् कार्यान्वयनमा मद्दतका लागि पनि प्रयोग गर्न सकिन्छ । यस्ता परिप्रेक्ष्यहरूमा समुदायको सहभागिता, समन्वय तथा विश्लेषण आदि पनि समावेश गर्न सकिन्छ ।

**पूर्वतयारी:** पूर्वतयारी अन्तर्गत सम्भावित, आसन्न वा विद्यमान घटनाका खतरा वा सोको प्रभावको पूर्वानुमान गर्न वा सोबाट मुक्त हुन वा सोको प्रतिकार्यका लागि सरकार, व्यावसायिक निकाय, समुदाय वा व्यक्तिले हासिल गरेका ज्ञान तथा क्षमता पर्दछन् ।

**रोकथाम:** विपत्का नकारात्मक प्रभाव हटाउनका लागि गरिने कार्यहरू रोकथामका उपाय हुन् ।
संरक्षणः सबै किसिमका दुराचार, शोषण, हिंसा तथा अपहेलनाबाट स्वतन्त्र राख्नु भनेको संरक्षण गर्नु हो ।

**मनोवैज्ञानिक सहयोग:** मानिसलाई सामाजिक जीवनमा विक्षिप्त मनस्थितिबाट मुक्त गराउन गरिने कार्य तथा प्रक्रियाहरू मनोवैज्ञानिक सहयोग हुन् । यसमा परिवारबाट र साथीभाइबाट प्रदान गरिने सहयोग पनि पर्दछ । परिवार वा समुदायबाट गरिने यस्ता सहयोगका दृष्टान्तका रूपमा परिवारबाट छुट्टिएका बालबालिकालाई तिनका परिवारसँग पुनर्मिलन गराउने तथा आपत्कालमा तिनका लागि शिक्षाको व्यवस्था गर्ने प्रयासहरूलाई लिन सकिन्छ ।

**गुणस्तरीय शिक्षा:** आर्थिक रूपले धान्न सकिने, पहुँचयोग्य, लैङ्गिक रूपले संवेदनशील र विविधताको सम्मान गर्ने शिक्षा गुणस्तरीय शिक्षा हो । यसमा १) सुरक्षित, समावेशी एवम् सिकारुमैत्री वातावरण २) विषयवस्तु तथा शिक्षणविधिमा निपुण, योग्य, सक्षम तथा राम्रा तालिम प्राप्त शिक्षकहरू, ३) सिकारुका लागि बोधगम्य तथा सांस्कृतिक, भाषिक तथा सामायिक रूपले उपयुक्त एवम् परिवेशसँग सान्दर्भिक पाठ्यक्रम ४) शिक्षण सिकाइका लागि उपयुक्त र सान्दर्भिक शिक्षणसिकाइ सामग्री ५) शिक्षण तथा सिकाइ प्रक्रियामा सिकारुका स्वाभिमानको सम्मान गर्ने सहभागितामूलक विधिको प्रयोग ६) कक्षाकोठोमा पर्याप्त स्थान र उपयुक्त शिक्षक-विद्यार्थी अनुपात तथा ७) साक्षरता, गणितीय सीप र जीवनोपयोगी सीपका अतिरिक्त मनोरञ्जन, खेलकुद, तथा सिर्जनात्मक क्रियाकलापमा जोड आदि पर्दछन् ।

**सुधार:** विपत्जन्य खतरा कम गर्ने प्रयास लगायत विपत् प्रभावित समुदायका सुविधा, जीवन वृत्ति, जीवनस्तर अथवा मनोवैज्ञानिक कल्याणको पुनर्स्थापना र सुधारका कार्य ।

**शरणार्थी:** सन् १९५१ को शरणार्थी सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिअनुसार वर्ण, धर्म, जाति, राष्ट्रियता आदि कारणले अथवा कुनै विशेष सामाजिक समूहको सदस्य वा राजनीतिक आस्थाका कारण सजाय पाउने विश्वासिलो आधारका डरले आफ्नो मुलुकबाट भागेर अन्य मुलुकमा आश्रय लिन

पुगेका र माथिका कारणले आफ्नो देशभित्र असुरक्षा महसुस गरिरहेका तथा सोही डरका कारण आफ्नो मुलुकमा फिर्ता हुन अनिच्छुक व्यक्ति शरणार्थी हुन् ।

**सान्दर्भिक शिक्षा:** सिकारुका आवश्यकता अनुकूलका सिकाइ अवसरलाई सान्दर्भिक शिक्षा भनिन्छ । सान्दर्भिक शिक्षाले स्थानीय परम्परा, संस्था, सकारात्मक सांस्कृतिक अभ्यासहरू, विश्वास तथा समुदायका आवश्यकतालाई आत्मसात गर्दछ । यसले बालबालिकालाई राष्ट्रिय अन्तर्राष्ट्रिय तथा सामजिक परिप्रेक्ष्यमा सकारात्मक भविष्यका लागि तयार पार्दछ । सान्दर्भिक शिक्षा शिक्षाको गुणस्तरको एउटा पाटो हो । यसले सिकारुले के कसरी र कत्तिको प्रभावकारी रूपले सिकेको छ भन्ने सवालहरूको जबाफ खोज्दछ ।

**प्रतिरोधी क्षमता:** प्रणाली, समुदाय अथवा व्यक्तिको खतरालाई धान्न सक्ने क्षमता प्रतिरोधी क्षमता हो । अर्थात् प्रतिकूलताको प्रतिरोध गर्नु अथवा परिस्थितिलाई मोडेर स्वीकार्य अवस्थाको सिर्जना गर्नु हो । समस्या समाधान तथा सहयोग जुटाउन सक्ने क्षमता, उत्प्रेरणा, सकारात्मक सोच, विश्वास, सहनशीलता जस्ता जीवनोपयोगी सीपमा यो निर्भर गर्दछ । संरक्षणात्मक तत्व जोखिमका तत्वभन्दा बलवान भएका अवस्थामा प्रतिरोधी क्षमता बढ्छ ।

**जोखिम:** प्राकृतिक विपदाहरू, एचआईभीको विपत्, लैङ्गिकतामा आधारित हिंसा, सशस्त्र आक्रमण तथा अपहरण लगायत गरिबी, शारीरिक अथवा मानसिक अपाङ्गता आदिका सम्भावना जस्ता बाह्य त्रासहरूको उपज हो जोखिम ।

**जोखिम मूल्याङ्कन:** जोखिम मूल्याङ्कन खतराको मात्रा तथा प्रकृति छानबिन गर्ने विधि हो । मानिसका जनधन, जीविका तथा परिस्थितिमा पर्न सक्ने सम्भावित खतराको विश्लेषण तथा विद्यमान परिस्थितिका कमीकमजोरीको निरुपण गरेर जोखिमको मात्रा र प्रकृतिको आँकलन गरिन्छ ।

**रक्षा:** शारीरिक अथवा मनौवैज्ञानिक हानिबाट मुक्ति ।

**सुरक्षा:** त्रास, खतरा, चोटपटक अथवा क्षतिबाट रक्षा ।

**सरोकारवाला:** कार्यक्रम तथा परियोजनामा आफ्ना हित गाँसिएका व्यक्ति, समूह अथवा संस्था ।
सङ्कटग्रस्त अवस्था: व्यक्ति वा समूहको प्रवृत्ति तथा परिस्थिति, जसले तिनलाई आक्रान्त हुने, हानि नोक्सानी व्यहोर्नुपर्ने अथवा चिन्तामा पार्ने जोखिम उत्पन्न गराउँछन् । उदाहरणका लागि एक्लै परेका बालबालिका, अपाङ्गता भएका मानिसहरू, घरपरिवारका एक्ला मूली तथा पहिले सशस्त्र दल अथवा सशस्त्र समूहसँग आबद्ध बालबालिकाहरू सङ्कट ग्रस्त समूहका दृष्टान्त हुन् ।
कल्याण : समग्र लाभको अवस्था र यसलाई प्राप्त गर्ने प्रक्रिया । यसले मानिसका शारीरिक, संवेगात्मक, सामाजिक तथा संज्ञानात्मक स्वास्थ्यलाई जनाउँछ । कल्याण अन्तर्गत मानिसको हितका कारक तत्व, जस्तै : अर्थपूर्ण सामाजिक भूमिका, प्रसन्न र आशावादी मनस्थिति, स्थानीय मान्यता अनुसार जीवनयापनको राम्रो स्तर, सकारात्मक सामाजिक सम्बन्धहरू, सहयोगात्मक वातावरण, सकारात्मक जीवनोपयोगी सीपहरूको प्रयोगबाट चुनौतीहरूको सफल सामना, गुणस्तरीय सेवा, सुरक्षा तथा संरक्षणमा पहुँच आदि पर्दछन् ।

**युवा र किशोर किशोरीहरू:** १५ देखि २४ वर्ष उमेरका व्यक्ति युवा हुन् र १० देखि १९ वर्षका व्यक्ति किशोर किशोरी हुन् । यी दुईको मेलबाट १० देखि २४ वर्ष उमेरका जवानहरूको सबै भन्दा ठूलो समूह बन्दछ । किशोरावस्थाको अन्त्य र प्रौढावस्थाको प्रारम्भविन्दु व्यक्तिपिच्छे फरक पर्न सक्छ । कुनै व्यक्तिले निश्चित सामाजिक जिम्मेवारी सफलताका साथ पूरा गर्न पर्याप्त वयस्कता हासिल गरेको छ छैन भन्ने कुरा देश वा संस्कृतिपिच्छे फरक हुन सक्छ । आपत्कालीन परिस्थितिमा किशोरहरूका आवश्यकता बालबालिका तथा वयस्कहरूका भन्दा भिन्न हुन्छन् । युवा अवस्था स्वतन्त्र जिम्मेवारी वहन गर्न उत्साहित हुने अवस्था हो । युवावस्थाको परिभाषा देश काल परिस्थिति अनुसार फरक फरक हुनसक्छ ।

मुख्य शव्दावलीहरूको विस्तृत सूची आएनईई टुलकिट **www.ineesite.org/toolkit** मा पाउन सकिन्छ ।

## परिशिष्ट २ : पृष्ठपोषण फाराम

| | |
|---|---|
| **मिति:** | **नाम:** |
| **सङ्गठन र पद:** | |
| **ठेगाना:** | |
| **फोन नं.** | |
| **इमेल:** | |

१. तपाइँ र तपाइँको सङ्गठनले न्यूनतम मापदण्डहरूलाई कसरी प्रयोग गर्नुभएको छ, कृपया सोको सूची बनाउनुहोस् । तपाईले हाते पुस्तिकामा भएका प्रमुख कामहरूलाई आफ्नो सन्दर्भ र आफ्नो परियोजना/सङ्गठन/समन्वय संरचनाअनुसार कसरी अनुकूल बनाउनुभयो, सो कुरालाई यथासम्भव स्पष्ट रूपमा समावेश गर्नुहोस् ।

२. यस हाते पुस्तिकाको प्रयोग गर्दा कुन कुन किसिमका चुनौतीहरू भोग्नुभयो र तिनीहरूबाट कसरी पार पाउनुभयो अथवा कसरी काम गर्नुभयो ?

३. यस पुस्तिकाको प्रयोग गर्दा तपाईले सिकेका पाठहरू र अनुभव गरेका राम्रा अभ्यासहरूका उदाहरणहरू प्रस्तुत गर्न सक्नुहुन्छ ? तपाईको काममा यी मापदण्डहरूको प्रयोगको के प्रभाव परेको छ ?

४. तपाइँको अनुभवका आधारमा कुन किसिमका थप जानकारी र/अथवा साधनहरूले यस हाते पुस्तिकालाई बढी प्रभावकारी र सान्दर्भिक बनाउला ?

५.   कृपया यस हाते पुस्तिकाबारे अन्य कुनै थप प्रतिक्रिया अथवा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

शिक्षाका लागि न्यूनतम मापदण्ड : पूर्वतयारी, प्रतिकार्य कार्य र सुधारका सम्बन्धमा अनुभवहरूको आदान प्रदानका लागि धन्यवाद । यस पृष्ठपोषणले न्यूनतम मापदण्डको परिमार्जन तथा परिष्कार गर्न सघाउ पुग्नेछ । कृपया यो प्रश्नावली भर्नुहोस् र **minimumstandards@ineesite.org** मा इमेल गर्नुहोस् अथवा INEE Coordination for Minimum Standards, Unicef-Education Section, 3 United Nations Plaza, New York NY 10017 मा हुलाकबाट पठाउनुहोस् । यो पृष्ठपोषण फारम **www.ineesite.org/feedback** अनलाइन बाट पनि भर्न सकिन्छ ।

# अनुवादकको भनाइ

आपत्कालमा दिइने शिक्षाको अन्तरनिकाय सञ्जाल (INEE) न्यूनतम मापदण्ड संयोजक, युनिसेफ - शिक्षा शाखा, न्युयोर्कबाट प्रकाशित "शिक्षाका लागि न्यूनतम मापदण्ड : पूर्वतयारी, प्रतिकार्य, सुधार" अङ्ग्रेजी भाषामा प्रकाशित भएकामा नेपाली पाठकहरूको सजिलोका लागि युनेस्को, काठमाडौँको अनुरोधमा यस पुस्तकको नेपाली भाषामा भावानुवाद गरिएको हो। भावानुवाद गर्दा प्रस्तुत अभिव्यक्तिको यथार्थ अनुवाद होस् भन्ने यथासम्भव प्रयास गरिएको छ।

"शिक्षाका लागि न्यूनतम मापदण्ड : पूर्वतयारी, प्रतिकार्य, सुधार" को नेपाली भाषामा रूपान्तरण गर्ने अवसर प्रदान गरेकामा हामी युनेस्को, काठमाडौँका प्रमुख श्री एक्सेल प्लाथे तथा शिक्षा शाखा प्रमुख श्री तपराज पन्तप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौँ।

भवदीय :

टेकेन्द्रबहादुर कार्की

दिवाकर ढुङ्गेल

## आधारभुत मापदण्डहरु

**सामुदायिक सहभागिता मापदण्डहरु :** सहभागिता तथा स्रोतहरु - **समन्वय मापदण्ड :** समन्वय - **विश्लेषण मापदण्डहरु :** सर्वेक्षण, प्रतिक्रिया रणनीति, अनुगमन तथा मूल्याङ्कन

### पहुँच तथा सिकाइ वातावरण

- **मापदण्ड १: समान पहुँच-** प्रत्येक व्यक्तिको गुणात्मक तथा सान्दर्भिक शिक्षाका अवसरमा समान पहुँच छ ।
- **मापदण्ड २ :** सिकाइ वातावरण सुरक्षित र संरक्षित छन् र तिनले सिकारु, शिक्षक तथा अन्य शिक्षाकर्मीहरूको शारीरिक एवम् मनोसामाजिक कल्याणको संरक्षण गर्दछन्
- **मापदण्ड ३ : सुविधा र सेवाहरू -** शैक्षिक सुविधाहरूले सिकारु, शिक्षक तथा शिक्षाकर्मीहरूको स्वास्थ्य, पोषण, सामाजिक-मनोवैज्ञानिक हित तथा संरक्षणको संवर्धन गर्दछन् ।

### शिक्षण तथा सिकाइ

- **मापदण्ड १ : पाठ्यक्रम -** औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्न सांस्कृतिक, सामाजिक एवम् भाषिकका साथै सिकारुका आवश्यकता र तिनको परिवेशसँग सान्दर्भिक पाठ्यक्रमको प्रयोग गरिन्छ ।
- **मापदण्ड २: तालिम, व्यावसायिक विकास तथा सहयोग -** शिक्षक तथा शिक्षाकर्मीहरूको आवश्यकता तथा परिस्थिति अनुकूल योजनाबद्ध रूपले आवधिक सान्दर्भिक तालिम प्रदान गरिन्छ ।
- **मापदण्ड ३ : शिक्षण र सिकाइ प्रक्रियाहरू -** शिक्षण-सिकाइ प्रक्रिया सहभागी केन्द्रित, सहभागितामूलक र समावेशी छन् ।
- **मापदण्ड ४ : सिकाइ उपलब्धिको मूल्याङ्कन -** सिकाइ उपलब्धिको प्रमाणीकरण र मूल्याङ्कनका लागि उपयुक्त विधिहरूको प्रयोग गरिन्छ ।

### शिक्षक तथा अन्य शिक्षाकर्मी

- **मापदण्ड १ : भर्ना र छनोट -** विविधताको सम्मान गर्ने निष्पक्ष मापदण्डका आधार मा पर्याप्त सङ्ख्यामा उपयुक्त योग्यता भएका शिक्षक तथा शिक्षाकर्मीको छनोट र नियुक्ति गरिन्छ ।
- **मापदण्ड २ : काम गर्ने सर्तहरू -** शिक्षक र शिक्षाकर्मीका काम, कर्तव्य र अधिकारहरू स्पष्ट परिभाषित छन् र तिनीहरूलाई समुचित पारिश्रमिक प्रदान गरिन्छ ।
- **मापदण्ड ३ : सहयोग र सुपरिवेक्षण -** शिक्षक र शिक्षाकर्मीहरूका लागि सहयोग र सुपरिवेक्षण पद्धतिको प्रभावकारी व्यवस्था गरिएका छन् ।

### शिक्षा नीति

- **मापदण्ड १ : कानुन तथा नीति निर्माण -** शिक्षाका सम्बन्धित अधिकारीहरूले विद्यालयमा निःशुल्क तथा समावेशी शिक्षाको पहुँच लगायत गुणस्तरीय शिक्षाको निरन्तरता र सुधारका प्राथमिकता निर्धारण गर्दछन् ।
- **मापदण्ड २ : योजना तथा कार्यान्वयन -** शैक्षिक क्रियाकलापको निर्धारण गर्दा शिक्षाका अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय नीति, कानुन मानकलाई दृष्टिगत गरी प्रभावित जनसमुदायका सिकाइ आवश्यकतालाई प्रतिकार्य गर्ने योजनाको तर्जुमा गर्दछन् ।

**INEE** | Inter Agency Network for Education in Emergencies


'शिक्षाका लागि न्यूनतम मापदण्ड : तयारी, प्रतिकार्य तथा सुधार' यो प्रतिबद्धता व्यक्त गर्दछ कि प्रत्येक व्यक्ति-बालबालिका, युवा तथा वयस्क-सबैलाई शिक्षाको अधिकार हुन्छ । यस मापदण्डले आपत्कालदेखि सुधार सम्म न्यूनतम तहको शैक्षिक गुणस्तर तथा पहुँचलाई व्याख्या गर्दछ । मानवीय सहयोगका क्षेत्रमा कार्यरत निकायहरू, सरकारी तथा स्थानीय समुदायको सामर्थ्य अभिवृद्धि गर्न तथा तालिमका लागि प्रभावकारी औजारका रुपमा यस मापदण्डलाई प्रयोग गर्न सकिन्छ भने शैक्षिक सहायताको प्रभावकारिता तथा गुणस्तरअभिवृद्धिका लागि यसलाई प्रयोग गर्न सकिन्छ । साथै यस मापदण्डले मानवीय सहयोगका क्षेत्रमा कार्यरत निकायहरू बीच उत्तरदायित्व तथा पूर्वानुमान अभिवृद्धि गर्न तथा शैक्षिक अधिकारी तथा अन्य साझेदारहरू बीच समन्वय सुधार गर्न पनि सहयोग गर्दछ ।













फोटो साभार: www.facebook.com/pages/Inter-Agency-Network-for-Education-in-Emergencies

INEE ले सन् २००३-२००४ मा न्यूनतम मापदण्ड तयार गर्न तथा सन् २००९-२०१० मा अद्यावधिक गर्न बृहत् छलफल प्रक्रियालाई सहजीकरण गरेको थियो । तिनीहरू Convention on the Rights of the Child, the Dakar 2000 Education for All goals and the Sphere Project's Humanitarian Charter मा आधारित छन् ।

ISBN 993784466-6

9 789937 844666